# अर्थचित्र

नेपाल आर्थिक पत्रकार संघ (नाफिज)को वार्षिक प्रकाशन-२०७९

## आत्मनिर्भर अर्थतन्त्र



Ncell

# एनसेल नेपालको
# सबैभन्दा फास्ट मोबाइल नेटवर्क
# पुरस्कारबाट सम्मानित ।




Fastest Mobile Network को अनुभव गर्नुहोस् !

OOKLA

SPEEDTEST


Based on analysis by Ookla of Speedtest Intelligence data for Q1-Q2 2022.
Ookla trademarks used under license and reprinted with permission.

# ADBL

## ONLINE REAL TIME FIXED DEPOSIT

# अब मोबाईलबाटै मुद्धती खाता

- ► Easy
- ► Online
- ► RealTime
- ► Paperless
- ► Hassle Free



### Features :

- » Higher Interest Rate
- » Monthly Interest Payment
- » Flexi - Time Period
- » Bank at your Palm
- » Instant New Fixed Deposit
- » Renew Fixed Deposit

Smart बनौं

घरमा बसी बसी मोबाईल बैंकिङ्बाट मुद्धती खाता खोलौं ।

* शर्तहरु लागू हुनेछन् ।

## Agricultural Development Bank Ltd.

## कृषि विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक SWIFT: ADBLNPKA

**बीमा समिति**
**BEEMA SAMITI**
**Insurance Regulatory Authority of Nepal**
(नेपालको बीमा नियमनकारी निकाय)

# बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरु

- प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरू स्पष्टसँग खुलाई भर्ने ।
- बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधाबारे जानकारी लिएर मात्र बीमा गर्ने ।
- बीमितले आफ्नो आवश्यकता पेशा, व्यवसाय एवं आम्दानीको स्रोत समेतलाई मध्यनजर गरी बीमा गरौं अन्यथा समयावधि पूरा नहुँदै वीमालेखलाई निरन्तरता दिन नसकिने हुन सक्दछ ।
- बीमालेख बीमा शुल्क बुझाउने, बीमालेख नवीकरण गर्ने समय, इच्छाएका व्यक्तिको नाम, बीमालेख बमोजीम दाबी रकम पाउनेरनपाउने जस्ता विषयमा बीमालेख खरिद गर्नु अगाडि नै बुझ्नुपर्दछ ।
- बीमितले बीमा शूल्क बुझाएपछि यसको आधिकारिक भर्पाइ वा रसिद लिनुपर्दछ ।
- बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वंमले भर्नुपर्नेछ । बीमित निरक्षर वा प्रस्ताव फाराम भर्न नसक्ने भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फाराम भर्नुपर्नेछ ।
- बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीको बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नुपर्दछ ।
- बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमै विमालेख नवीकरण गर्नुपर्नेछ ।
- बीमा सम्बन्धी नीति नियमहरू बारे जानकारी राख्नुपर्दछ ।
- आफुले खरिद गरेको वीमालेखसँग सम्बन्धित सम्पूर्ण कागजातहरू सुरक्षित राख्नुपर्दछ ।
- प्रविधिको विकाससँग विभिन्न बैंक तथा एसएमएस मार्फत घरमै वसी बीमा शुल्क बुझाउन सकिने भएको हुँदा सो सम्बन्धी यथेष्ट जानकारी लिएर मात्र बीमा गर्नुपर्दछ ।
- बीमा गरिसकेपछि आफूले बीमा गरेको बारेमा परिवारका सदस्य तथा इच्छाइएको व्यक्तिलाई जानकारी गराउनुपर्दछ ।

बीमा सम्बन्धी थप जानकारीको लागि
**बीमा समिति**
कुपण्डोल, ललितपुर
फोन : ०१-५५३८७४३, ५५२१०७९,
फ्याक्स : ०१-५५२०११९
Email : info@nib.gov.np
website : www.nib.gov.np
टोल फ्रि नं : १६६०-०१-५६७८९










**नोट :** बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि विमितलाई मर्का पर्ने गरि दायित्व निर्धारण गरेमा बीमीतले त्यसको कारण समेत खोलि बीमा समितिमा उजुरी गर्न सकिन्छ ।

नेपाल आर्थिक पत्रकार संघ
(नाफिज)द्वारा प्रकाशित

नाफिज जर्नल-२०७९
अर्थचित्र

सम्पादक
राजेन्द्र पराजुली

संयोजन
भुवन प्रसाद आचार्य
नारायण पौडेल
रोविन पौडेल

सहायक निर्देशक
सन्तोषी शिवाकोटी

कभर/लेआउट
डिबी गुरुङ
९८४१३७१९३२

मुद्रण
प्राप्ति छापाखाना
नागार्जुन-६, काठमाडौं

कार्यालय
बुद्धनगर, काठमाडौं
फोन नं. : ०१-५९०९३७२

# नेपालले आत्मनिर्भर अर्थतन्त्रको बाटो पहिल्याउनु पर्छ

नेपालले विकासको प्रयास अघि बढाएको धेरै वर्ष भएको छ । नेपालले गरेको यो प्रयासले मूर्तरूप ग्रहण गर्न अझै लामो यात्रा तय गर्न बाँकी नै छ । लामो र निरन्तरको राजनीतिक यात्रा तथा स्रोत-साधनको अभावमा नेपालले तय गरेको विकास तथा आत्मनिर्भरताको बाटो आफैमा कठिन बन्न पुगेको छ । नेपालका समकक्षी देशहरूले लामो यात्रा तय गरिसकेको भए पनि नेपाल भने यात्राको लामो उकालो चढ्ने फेदीमै अल्मलिएको देखिएको छ ।

नेपालले विकास, समृद्धि र आत्मनिर्भरताको मार्गमा अघि बढ्ने प्रयास गरे पनि यात्राको स्पष्ट योजना र लक्ष्य निर्धारण र निर्धारित लक्ष्यअनुसार अघि बढ्ने ठोस कार्यक्रम बनाउन नसक्दा हाम्रो यात्रा अन्योलमा परेको हो । तर अवस्था यस्तो रहेको बुझेपछि अब विगतका कमीकमजोरीहरूलाई सच्याउँदै नेपाल अघि बढ्नुबाहेकको अर्को विकल्प छैन ।

त्यसैले मुलुकको अपेक्षा, आमजनताको चाहनाअनुरूपको समृद्ध र आत्मनिर्भर नेपालको लक्ष्यप्राप्तिका लागि आफ्ना प्रयासहरूलाई अझै ठोस र केन्द्रीकृत गरी अघि बढ्ने प्रयास गर्नु आवश्यक देखिएको छ । स्वाभिमानी स्वभावका हामी नेपाली हिजोआज काममा भन्दा बढी गफमा अल्मलिएको र राष्ट्रिय भन्दा व्यक्तिगत, पार्टीगत तथा समुहगत स्वार्थमा लिप्त भएकोले हाम्रो लक्ष्य विचलित हुन पुगेको हो । त्यसैले नेपालको संविधानको भावनाअनुसार मुलुकको अर्थतन्त्रको विकास र समृद्धिका लागि एकीकृत पहल तथा प्रयास अघि बढाउनु आवश्यक छ । दलहरूबीचमा राजनीतिक अजेन्डाहरू फरकफरक भए पनि विकास र समद्धिको सर्न्दभमा भने सहमति र एकताको वातावरण निर्माणका लागि इमानदार प्रयास हुनु आवश्यक छ । तबमात्र नेपालले विकास र समृद्धिको अल्मलिएको बाटो पहिल्याउन सक्छ ।

नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन हामीसँग रहेका साधनस्रोतको समुचित प्रयोग गर्न र सुशासन कायम गर्न सरकार अग्रसर हुनुपर्छ । स्वदेशमै रोजगारी सिर्जनका निम्ति विभिन्न क्षेत्रमा 'स्टार्टअप'लाई प्रोत्साहन गर्नुपर्छ । साथै, समय सुहाउँदा प्रविधि भित्राउँदै हरेक क्षेत्रलाई प्रविधिमैत्री बनाउँदै लैजाने कार्यमा पनि अब विलम्ब हुनुहुँदैन ।

कतिपय अवस्थामा निजी क्षेत्रलाई सघाउने सवालमा सरकार मात्रै होइन, सर्वसाधारण पनि तयार देखिँदैनन् । निजी क्षेत्रसँगको सहकार्यबिना सरकार एक्लै देशको आर्थिक समुन्नतिको बाटोमा हिँड्न कठिन हुन्छ । कतिपय ठूला परियोजना निर्माण गर्न स्वदेशी पुँजीमात्र पर्याप्त हुँदैन, वैदेशिक लगानी आवश्यक पर्छ । अहिले विश्वका अधिकांश देश आफू एक्लै हिँडेर होइन, अन्य मुलुकसँग सहकार्य गर्दै विकासको गति पक्रिरहेका छन् । हामीले पनि देशको समुन्नतिको लागि स्वदेशी उद्योगीलाई सम्मान र प्रोत्साहन दिने अनि वैदेशिक लगानीमैत्री वातावरण अविलम्ब तयार पार्नुपर्छ ।



। मोदनाथ ढकाल
अध्यक्ष, नेपाल आर्थिक पत्रकार संघ (नाफिज)

# अर्थतन्त्रमा सकारात्मकताको खोजी

कोरोना महामारीका कारण सन् २०२० को सुरूदेखि संकटोन्मुख नेपाली अर्थतन्त्र सोही वर्ष नकारात्मक दिशामा ओरालो लाग्यो । करिब ३७ वर्षपछि मुलुकले १.९९ प्रतिशतको नकारात्मक आर्थिकवृद्धि देख्नुपर्‍यो । कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा सबैभन्दा ठूलो योगदान दिने सेवा क्षेत्र पर्यटनको वृद्धि करिब १७ प्रतिशतले संकुचन हुँदा त्यो क्षेत्र झण्डै तहसनहस हुने अवस्थामा पुग्यो ।

हजारौं मानिसले व्यवसाय अल्पकालीन वा दीर्घकालका लागि बन्द गर्नुपर्‍यो भने लाखौं मानिसले रोजगारी गुमाउनुपर्‍यो । त्यसको असर उनीहरूको जीवनशैली मात्र होइन, बालबालिकाको शिक्षादिक्षा तथा परिवारको स्वास्थ्यमा समेत पर्न गयो ।

लगभग दुई वर्षसम्मको अनिश्चितता र अन्योलको चरणबाट गुज्रिएपछि नेपालमा उद्योग–व्यवसायले बिस्तारै लय पक्रन थाल्यो । यसैबीच, भूकम्पबाट प्रभावित माथिल्लो तामाकोसीलगायतका जलविद्युत् आयोजनाहरू सम्पन्न भई बिजुली उत्पादन थाल्दा उद्योगहरूलाई सस्तो र सुलभ ऊर्जा उपलब्ध हुन गयो । साथै, कोरोना महामारीका बेला सरकारले घोषणा गरेको पुनर्कर्जा तथा अन्य राहत प्याकेज र राष्ट्र बैंकको ब्याज छुट आदि कार्यक्रमले उद्यमीहरूलाई राहत दियो । त्यसको फलस्वरूप अवस्था सामान्य हुनासाथ भौतिक पूर्वाधारका साथै उद्योग–व्यवसायको विकासले पनि गति लियो भने बजारमा मागको उच्च वृद्धि भयो ।

तर ठीक त्यसैबेला अन्तरराष्ट्रिय बजारहरूमा कतिपय कच्चा पदार्थ तथा खाद्यान्न आपूर्तिमा संकुचन आउन थाल्यो । युक्रेनमाथि रूसको आक्रमणका कारण युरोपेली अर्थतन्त्रहरू बिस्तारै मन्दीमा जान थाले भने स्टिल, पेट्रोलियम पदार्थलगायत सामग्रीको मूल्यमा उच्च वृद्धि भयो । बढ्दो माग र मूल्यवृद्धिका कारण नेपालको आयात गत आर्थिक वर्षमा १९ खर्ब रूपैयाँभन्दा माथि पुग्यो । महामारीमा खुम्चिएको पर्यटन तथा वैदेशिक रोजगारीका कारण कम भएको विदेशी मुद्राको सञ्चितिमा त्यसले उच्च दबाब दियो ।

एकातर्फ आन्तरिक वित्तीय प्रणालीमा तरलताको अभाव हुनु अनि अर्कोतर्फ बढ्दो आयातले विदेशी मुद्रा सञ्चितिको अवस्था नाजुक हुनु एकैपटक भयो । त्यसपछि सरकार र केन्द्रीय बैंकले आयात निरूत्साहन गर्ने नीति लिए । ठीक त्यसैबेला खासगरी स्थानीय थोक तथा खुद्रा व्यापारीको वित्तीय सारथी मानिएको सहकारी क्षेत्रमा चरम संकट आयो । सहकारीमा जोखिम बढेको संकेत देखिनासाथ त्यहाँको पैसा बिस्तारै बाहिरिन थाल्यो भने उनीहरूलाई आफूले प्रवाह गरेको ऋण उठाउन हम्मेहम्मे पर्न थाल्यो ।

नेपाली अर्थतन्त्रका हालसम्मको चित्र यस्तै हो । तर के हामीलाई यसमा दुःखमनाऊ गरेर बस्ने वा गुनासो गरिरहने छुट छ ? छैन । किनकि, महामारीले नेपाली अर्थतन्त्रलाई वृद्धिको एक मह वपूर्ण मोडमा ल्याएको छ । ऊर्जाको आपूर्ति, बिस्तार हुँदै गरेको सडक, उड्डयन, प्रसारण लाइन, सूचनाप्रविधि तथा रेलवे पूर्वाधार, विदेशी लगानी आकर्षित गर्नका लागि गरिएका नीतिगत सुधार र सस्तो श्रमशक्तिको उपलब्धताले नेपाललाई लगानीको गन्तव्यका रूपमा स्थापित गर्ने सम्भावना बढेर गएको छ ।

महामारीकै बीचमा नेपालले ऊर्जामा मात्र आत्मनिर्भरताको विकास गरेको होइन, संकटकै बेलामा पनि दर्जनौं होटल र एडभेन्चर स्पोर्टस्का परियोजनाहरूले मूर्त रूप लिएका छन् । निरन्तर घट्दै गएको रेमिट्यान्स र भुक्तानी सन्तुलनमा पनि सुधार आउन थालेको छ । युवाहरूमा स्वरोजगार तथा स्टार्टअपमा आकर्षण बढ्दै गएको छ भने कम्प्युटर इन्जिनियर र चिकित्सकहरूको माग विश्वव्यापी रूपमा बढेको छ । यसैबीच, संघीयताका कारण साधनस्रोतको वितरणमा सुधार आउँदा तथा स्थानीय सरकारको सक्रियता बढ्दा स्थानीय विकासका साथै सचेतनामा पनि क्रमशः सुधार हुँदैछ ।

त्यसैले यसपालिको नेपाल आर्थिक पत्रकार संघ (नाफिजको) वार्षिक जर्नल अर्थचित्रमा हामीले नेपाली अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने विषयलाई समेटेका छौं । सम्भावना भएका विभिन्न क्षेत्रका विज्ञ तथा व्यवसायी र उच्च अधिकारीका विचार अनि लेखहरू समेटिएको यो अंक हाम्रा पाठक तथा शुभचिन्तकहरूका लागि दरिलो खुराक बन्ने अपेक्षा हामीले गरेका छौं । विभिन्न प्रकारका प्रकाशन, अनुसन्धान, लेखन, अन्तर्क्रिया तथा छलफलमार्फत् अर्थतन्त्र र आर्थिक विकासमा निरन्तर हस्तक्षेप गर्ने हाम्रो अभियान जारी रहने छ । सबै सरोकारवालाहरूको इमानदार प्रयास रह्यो भने अबको डेढ दशकमा नेपाल एसियाकै उदीयमान अर्थतन्त्रको तहमा पुग्ने हामी अपेक्षा गर्न सक्छौं ।

हाम्रो यस अभियानमा साथ दिने सम्पूर्ण सरकारी, गैरसरकारी तथा निजी क्षेत्र, विज्ञहरू, अर्थचित्रको यो अंकमा लेखरचना उपलब्ध गराउने विज्ञहरू, लेखनमा सहयोग गर्ने नाफिज सदस्य साथीहरू, सम्पादक तथा व्यवस्थान टिम सम्पूर्णमा हामी हार्दिक आभार व्यक्त गर्दछौं । यहाँहरू सम्पूर्णमा विजयादशमी, तिहार र छठ– २०७९ को शुभकामना ।

# विषयसूची


| | |
|---|---|
| आत्मनिर्भर अर्थतन्त्रका लागि औद्योगिक वातावरण | ६ |
| आत्मनिर्भर बन्ने बाटोमा हामी कहाँनेर चुक्यौं ? | १० |
| भत्केको कृषि व्यवस्थालाई नयाँ बनाउनुपर्छ | १४ |
| आत्मनिर्भर अर्थतन्त्र र ठूला परियोजना | १८ |
| आत्मनिर्भर अर्थतन्त्रका नेतृत्व निजी क्षेत्रले गर्नुपर्छ | २२ |
| नेपाल-भारत व्यापार, आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार | २४ |
| समृद्धिको आधार विशेष आर्थिक क्षेत्र | २८ |
| आत्मनिर्भर अर्थतन्त्रका लागि लघु घरेलु तथा साना उद्योग | ३२ |
| आत्मनिर्भर अर्थतन्त्रको एकमात्रै आधार, जलविद्युत्को विकास | ३६ |
| नेपालमा कृषि प्रविधि प्रयोगको सम्भावना | ४० |
| दिगो सडक पूर्वाधार, आत्मनिर्भर अर्थतन्त्रको आधार | ४२ |
| आत्मनिर्भर अर्थतन्त्रका लागि होटल क्षेत्र | ४६ |
| कृषिमा प्रविधि भित्राउन विदेशी लगानी अपरिहार्य | ४८ |
| स्टार्टअप व्यवसायबाट आत्मनिर्भर अर्थतन्त्र | ५२ |
| नेपालको पर्यटन र हवाई यातायात | ५६ |
| आत्मनिर्भरताको बाटोमा जुत्ता-चप्पल उद्योग | ६० |
| विकासको शर्त आईटी पूर्वाधारमा लगानी | ६४ |
| वैकल्पिक लगानीको आवश्यकता | ६८ |
| आत्मनिर्भर अर्थतन्त्रको औजार मेडिकल टुरिजम | ७२ |
| मासुजन्य उत्पादनमा आत्मनिर्भरता | ७६ |
| आत्मनिर्भर अर्थतन्त्र निर्माणमा दुग्ध उत्पादन क्षेत्र | ८० |
| आत्मनिर्भर अर्थतन्त्रको औजार पर्यटन | ८२ |
| औषधिमा आत्मनिर्भरता : नीतिगत सुधारको खाँचो | ८६ |
| सरकारको अस्पष्ट नीतिले स्यानिटरी प्याड उद्योग मर्कामा | ९० |
| चलायमान अर्थतन्त्रका लागि बीमा | ९४ |
| 'रामायण सर्किट'मा नेपालको भूमिका | ९८ |
| आत्मनिर्भर अर्थतन्त्र निर्माणमा एयर कार्गो व्यवसायको भूमिका | १०२ |
| आईसीटी आर्थिक रुपान्तरणको औजार | १०६ |
| सिमेन्ट उद्योगमा विदेशी लगानी रोक्नुपर्छ | ११० |







। दिलेन्द्रप्रसाद बडू


# आत्मनिर्भर अर्थतन्त्रका लागि औद्योगिक वातावरण

**नेपालकै पहिलो उद्योगका रूपमा १९९३ सालमा विराटनगर जुट मिल स्थापना भएको हो । त्यो उद्योग स्थापना भएसँगै मोरङ–सुनसरी औद्योगिक करिडोरमा मात्रै होइन मुलुकका अन्य क्षेत्रमा समेत उद्योग स्थापनाको लहर चलेको थियो ।**

नेपालमा उद्योग सञ्चालन र यस सम्बन्धी गतिविधिको इतिहास धेरै पुरानो छैन । औपचारिक रूपमा १९९२ सालमा तत्कालीन सरकारबाट उद्योग परिषद्को गठन भएर कम्पनी ऐन बनेपछि मुख्यतः भारतीय लगानीमा नेपालमा राइस मिल, कुटन मिल, चिनी मिल स्थापना भएका थिए । जुद्ध शमशेरको शासनकालमा नेपालमा २१ वटा उद्योग खुलेका थिए ।

२०१६ सालमा उद्योग विकास निगम स्थापना भयो । यसलाई कार्यान्वयन गर्न २०१८ सालमा औद्योगिक व्यवसाय ऐन बनाइयो । यसरी विभिन्न कालखण्डमा उद्योगसम्बन्धी नीति, कार्यनीति तथा ऐन बन्दै गए । औद्योगिक क्षेत्रहरू पनि स्थापना हुँदै गए । नेपालकै पहिलो उद्योगका रुपमा १९९३ सालमा विराटनगर जुट मिल स्थापना भएको हो । त्यो उद्योग स्थापना भएसँगै मोरङ-सुनसरी औद्योगिक करिडोरमा मात्रै होइन मुलुकका अन्य क्षेत्रमा समेत उद्योग स्थापनाको लहर चलेको थियो ।

२०७९ सालमा मुलुकले आठौं उद्योग दिवस मनाउने तयारी गरिरहँदा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान भने उल्लेख्य मात्रामा बढ्न




सकेको छैन। देशमा औद्योगिक उत्पादन गर्नुभन्दा सामानको आयात गरी बिक्री गर्दा धेरै नाफा हुने भएपछि व्यापारमा आधारित अर्थतन्त्रले प्रश्रय पाएको छ, जुन चिन्ताजनक विषय हो ।

देशमा उद्योगको वर्तमान स्थिति हेर्दा आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्ममा ठूला, मझौला र साना गरी कुल ८७ हजार ६४ उद्योग दर्ता भएका छन् । यी उद्योगबाट कुल २६ खर्ब २७ अर्ब लगानी प्रतिबद्धता भएको छ । यस्तै, ६ लाख ५७ हजार ५ सय ७ रोजगारी सृजना हुने अनुमान गरिएको छ ।

तर प्रतिबद्धता जनाए अनुरुप उद्योगहरू भने खुल्ने गरेका छैनन् । उद्योग विभागको तथ्यांक अनुसार ३० देखि ४० प्रतिशतमात्रै प्रतिबद्धता गरिएको लगानी उद्योग क्षेत्रमा हुने गरेको छ । गत आर्थिक वर्ष २०७८/७९ मा ३ सय ९ उद्योग दर्ता भएका छन् । त्यसमा २८ हजार ५ सय २७ रोजगारी प्रस्तावित भएको छ । यो रोजगारी वार्षिक श्रम बजारमा आउने संख्याको तुलनामा निकै कम हो । आव २०७८/७९ को अन्त्यसम्ममा ५५ सय ३३ वटा वैदेशिक लगानीका प्रस्ताव स्वीकृत भएका छन् । ती उद्योगमा ४ खर्ब १९ लगानी गर्ने प्रस्ताव रहेको छ । यदि यो लगानी सबै आएमा देशभित्रै २ लाख ९२ हजार १ सय २० रोजगारी सृजना हुने लगानीकर्ताहरूको भनाइ रहेको छ । ७७ जिल्लामा हालसम्म झण्डै ६ लाख लघु, घरेलु तथा साना उद्योगहरू दर्ता भई ३२ लाखजति रोजगारी सिर्जना भएको छ ।

नेपालमा औषधि उद्योगको अवस्था हेर्दा १ सय ३ औषधि उद्योग दर्ता भएका छन् । जसमध्ये ६६ वटा उद्योगमात्र पूर्ण सञ्चालनमा रहेका छन । नेपालमा उद्योग दर्ता हुने तर पछि सञ्चालन नहुने अवस्था देखिँदै आएको छ । यसले गर्दा नेपालमा हाल कति उद्योग सञ्चालनमा छन्, कति बन्द छन् भन्ने विवरण संकलन गर्न पनि कठिन छ । उद्योगहरूले उत्पादन र बिक्री दुवैका लागि लाइसेन्स पाएका हुन्छन् । हाल ३३ उद्योग उत्पादन उद्देश्यका लागि लाइसेन्स प्राप्त गर्ने प्रक्रियामा छन् र दुवै लाइसेन्स पाएका ४ उद्योग प्राविधिक कारणले सञ्चालनमा छैनन् ।

**हाल नेपालमा मुख्य उत्पादन सिमेन्ट उद्योगको रहेको देखिन्छ । यो उद्योगमा पछिल्लो समय सरकारले आवश्यक वातावरण निर्माण गरिदिएकोले स्वदेशी तथा विदेशी लगानी निकै विस्तार भएको छ । यस क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी पर्याप्त मात्रामा भएको छ ।**

सञ्चालमा रहेका ६६ उद्योगमध्ये ४ वटा उद्योग प्रदेश १ मा, १४ वटा २ मा, वाग्मती प्रदेशमा ३७ वटा रहेका छन् । गण्डकी प्रदेशमा २ र लुम्बिनी प्रदेशमा ९ उद्योग रहेका छन् ।

पछिल्लो समय नेपालमा औषधिजन्य उद्योगहरू स्थापनाको क्रम बढेको छ । त्यस्ता उद्योगहरूले ट्याब्लेट, क्याप्सुल, तरल (सिरप/सस्पेन्सन, आँखा/कान, मुटु उपचारको लागि आवश्यक औषधि उत्पादन गरिरहेका छन् । हाल नेपाली औषधि उद्योगको क्षमताको प्रयोग ५५ प्रतिशत क्याप्सुल, ४५ प्रतिशत झोल ५० प्रतिशत मलम रहेको छ । यस्तै, पाउडर ४० प्रतिशत, नाक-कानको औषधि उत्पादन गर्ने उद्योगहरूले कुल क्षमताको ३० प्रतिशत क्षमता मात्रै उपयोग गरेका छन् । पछिल्लो समय नेपालमा यस्ता उद्योग स्थापना गर्ने क्रम उत्साहजनक रुपमा भैरहेको छ। त्यसले बिस्तारै औषधिजन्य आयात प्रतिस्थापनका लागि प्रयास भइरहेको बुझाउँछ ।

नेपालमा स्थापना भएका र राम्रो कारोबार गरेका उद्योगहरूमा पेन्ट (रङ) उद्योग पनि एक हो । नेपालमा त्यस्ता उद्योगहरूको क्षमता २ लाख मेट्रिक टन रहेको छ । आव २०७६/७७ मा पेन्टको उत्पादन १ लाख १८ हजार टन रहेको थियो । जसअनुसार औसत उद्योगको क्षमता प्रयोग ५९ प्रतिशत रहेको देखिन्छ ।

२०७५/७७ मा पेन्टको वार्षिक माग १ लाख ३० हजार मेट्रिक टन थियो । नेपाली पेन्ट उद्योगको वर्तमान बजार करिब २० अर्ब रुपैयाँबराबरको रहेको छ । नेपाली उत्पादनले ९० प्रतिशत भन्दा बढी बजार हिस्सा ओगटेको छ । खपतको बाँकी पेन्ट भारतलगायतका मुलुकबाट आयात हुने गरेको छ। देशभर ३१ वटा चिनी मिल दर्ता रहे पनि हाल १० वटा मात्र सञ्चालनमा छन् । ती उद्योगको वार्षिक उत्पादन क्षमता ४ लाख ५० हजार मेट्रिक टन छ। तर वार्षिक करिब १ लाख ४० हजार मेट्रिक टन उत्पादन भइरहेको छ । कच्चा पदार्थको अभावमा उद्योगहरू पूर्ण क्षमतामा चल्न सकेका छैनन् । नेपालमा चिनीको वार्षिक माग करिब २ लाख ५० हजार मेट्रिक टन रहेको छ । अहिले पनि भारतबाट अधिक चिनी आयात हुने गरेको देखिएको छ ।

### आत्मनिर्भरता बढाउँदै उद्योगहरू

हाल नेपालमा मुख्य उत्पादन सिमेन्ट उद्योगको रहेको देखिन्छ । यो उद्योगमा पछिल्लो समय सरकारले आवश्यक वातावरण निर्माण गरिदिएकोले स्वदेशी तथा विदेशी लगानी निकै विस्तार भएको छ । यस क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी पर्याप्त मात्रामा भएको छ । देशभर १ सय ३० सिमेन्ट उद्योग दर्ता भएकामा ६७ वटा सञ्चालनमा छन् । आव २०७५/७६ मा नेपालमा स्थापना भएका सिमेन्ट उद्योगहरूको अध्ययन गर्दा ओपीसी, पीपीसी र पीएससी सिमेन्टको उत्पादन लगभग ९० लाख मेट्रिक टन भैरहेको छ । सिमेन्ट




उत्पादनमा थप लगानीको पनि पर्याप्त सम्भावना छ । स्वदेशी मागबमोजिम सिमेन्ट उत्पादन हुन थालेकोले उद्योगी-व्यवसायीले छिमेकी मुलुक भारतमा निर्यातको प्रयास अघि बढाएका छन् । सरकारले पनि आवश्यक सहजीकरण गर्ने तयारी थालेको छ ।

त्यसैगरी नेपालमा आइरन रड उद्योगको अवस्था पनि राम्रो देखिन्छ । देशभित्रको कुल खपत १३ देखि १४ लाख मेट्रिक टन रहेको छ । स्थापित उद्योगको उत्पादन क्षमता ३५-३६ लाख मेट्रिक टन रहेकोले रडमा पूर्ण रूपमा आत्मनिर्भर देखिएको छ । यसको लागि आवश्यक पर्ने अधिकांश कच्चा पदार्थ करिब ९०-९५ प्रतिशत भारतलगायत तेस्रो मुलुकबाट आयात हुने गरेको छ । पछिल्लो पटक श्री स्टिल्सले भारतमा आइरन रड निर्यातको अनुमति लिई थोरै परिमाणमा निर्यात गरेको छ ।

देशको हालको उद्योगको अवस्था हेर्दा ती पूर्ण क्षमतामा चल्न सकेका छैनन् । अहिले देशमा १० वटा औद्योगिक क्षेत्र सञ्चालनमा रहेका छन् भने ८४ वटा औद्योगिक ग्राम घोषणा गरी निर्माणको प्रक्रियामा छन् । भैरहवास्थित विशेष आर्थिक क्षेत्रमा उद्योगहरू सञ्चालनमा आएर उत्पादन तथा निर्यात सुरु भैसकेको छ भने अन्य ३ वटा विशेष आर्थिक क्षेत्र निर्माणको प्रक्रिया अघि बढेको छ ।

सरकारले औद्योगिक क्षेत्रको पूर्वाधारमा लगानीका लागि जोड दिएको छ । यो मोडेलमा उद्योग चलाउँदा प्रमुख उद्देश्य भनेको लगानीकर्ता औद्योगिक क्षेत्रमा आइदिउन् भन्ने हो । सबै प्टलहरूमा उद्योग भरिभराउ लागिदिउन् भन्ने हो । तर अहिले कतिपय औद्योगिक क्षेत्रहरू पूर्ण क्षमतामा सञ्चालित छैनन् । उद्योगीहरूले पछिल्लो समय भाडा बढी भयो भन्ने गुनासो गरिरहेका छन् । उद्योगहरूले बढी भाडा तिर्दा उनीहरूलाई फाइदा कम हुने भएकाले यसलाई पनि सरकारले रिभ्यु गर्ने तयारी गरेको छ । यसका लागि एउटा सर्वमान्य सिद्धान्त बनाउने तयारी सरकारको छ । भाडा कति तोक्दा रिजनेबल हुन्छ, त्यसपछि हरेक वर्षमा या २/२ वा ५/५ वर्षमा कति बढाउने हो यकिन गरी त्यसको व्यवस्थापन गर्ने तयारीमा सरकार जुटेको छ । यसका लागि एक समिति बनाएर अध्ययनको काम अघि बढेको छ ।

अहिले राष्ट्रको आवश्यकताअनुसारका उद्योग तथा कलकारखाना निजी क्षेत्रले चलाओस् भन्ने सरकारको मान्यता छ । सरकारले पूर्वाधार तयार गरिदिन्छ । यो सबै औद्योगिक क्षेत्रभित्रको कुरा भयो । औद्योगिक क्षेत्रबाहिर उद्योग चलाउनेले ११ बिघाको हदबन्दी कम भयो त्यसको सीमाको बारेमा पुनरवलोकन गर्न माग गरिराखेको अवस्था छ । व्यावहारिक र उपयोगी मागका सम्बन्धमा सरकार सकारात्मक छ । व्यवसायीले हदबन्दी भन्दा बढी जमिन पनि बैंकमा धितोको रुपमा राख्न पाउनुपर्ने कुरा गरेको त ठीकै हो, तर उनीहरूले उद्योग डुब्यो भने जमिन पनि बेच्न पाउनुपर्छ भन्न थालेका छन् ! यसमा भने सरकार सहमत छैन । यदि उद्योग चलाउन सकिएन भने अर्को सक्षम उद्योगीलाई चलाउन दिने व्यवस्था सरकारले गर्न सक्छ । उद्योगको जमिनमा उद्योग नै चल्नुपर्‍यो, अन्य प्रयोजनका लागि सरकारले जमिन नै बेच्न दिँदैन ।

**उद्योग चलाउन सकिएन भने अर्को सक्षम उद्योगीलाई चलाउन दिने व्यवस्था सरकारले गर्न सक्छ । उद्योगको जमिनमा उद्योग नै चल्नुपर्‍यो, अन्य प्रयोजनका लागि सरकारले जमिन नै बेच्न दिँदैन ।**

औद्योगिकीरणका लागि जमिनको हदबन्दी र लिजमा लिने समय सरकारले बढाएको छ । यसको उद्देश्य लामो समयका लागि उद्योग चलाइदिउन्, फाइदा लिउन र राज्यलाई कर तिरुन् भन्ने नै हो । यसरी एकातिर राज्यलाई राजस्व आउँछ भने अर्कोतिर रोजगारी बढ्ेर जान्छ । यसका लागि तीनवटा मोडेल बनाएका छौं । एउटा, सरकारले विगतमा चलाएर जिर्णोद्धार गरेको उद्योगलाई पुनः सञ्चालन गर्ने । दोस्रो मोडेल भनेको, सरकार र निजी क्षेत्रको लागनी हुने सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडेलमा काम गर्न सकिन्छ । लिजमा दिएर पनि चलाउन सकिन्छ ।

सरकारले औद्योगिक पूर्वाधारमा समेत निजी क्षेत्रलाई स्वागत गरिसकेको छ । सरकारले जमिन उपलब्ध गराउँछ । लगानी निजी क्षेत्रले गर्छ । लामो समयको लागि उसैले चलाउँछ । तर यसरी काम गर्ने कम्पनीले आम्दानी सुरु गरेपछि सरकारलाई सिमित रकम बुझाउनुपर्छ ।

अहिले यो मोडेलमा दमकमा एक औद्योगिक क्षेत्र सञ्चालन भएको छ । अन्य स्थानमा पनि यो मोडेलमा लगानी गर्न बाटो खुला गरेका छौं । सरकारले अब आयात प्रतिस्थापनको बाटोमा गएन भने मुलुकको अवस्था जर्जर हुन सक्छ । त्यसकारण आयातलाई प्रतिस्थापन गरौं । हाम्रो उत्पादनको उपभोगलाई पनि सँगसँगै लैजानुपर्छ । त्यसो भएमा मात्रै आयात रोक्नलाई मद्दत हुन सक्छ ।

त्यसका लागि अहिले सरकारले प्रधानमन्त्री नेपाली उत्पादन अभिवृद्धि तथा उपभोग कार्यक्रम सुरु गरेको छ । त्यसलाई १० वर्षभित्र विशेष कार्यक्रम बनाएर कार्यान्वन गर्ने सरकारको योजना रहेको छ। यस क्षेत्रमा विदेशी पुँजीसमेत आओस् भनेर विदेशी लगानीको सीमामा पुनर्विचार गरेका छौं । यसरी आउने विदेशी लगानीलाई बढाउन विद्युत्मा छुट दिएका छौं । दोहोरो कर मुक्त गर्न ११ देशसँग सम्झौता गरिसकेका छौं ।

निकासीकर्तालाई विशेष किसिमको सुविधा दिने सरकारको नीति छ । अहिलेको सरकारको मुख्य लक्ष्य भनेको उत्पादन बढाएर आयात प्रतिस्थापन गर्नु नै हो। कृषिको उत्पादन बढाउन जरुरी छ । कृषिजन्य उत्पादन नै बाहिरबाट आइरहेको छ । यो देशका लागि निकै नराम्रो पक्ष हो । औद्योगीकरणको लागि प्रत्यक्ष वैदेशिक लगानी आवश्यक छ । साना तथा आधारभूत उद्योगहरू नेपालीले नै सञ्चालन गर्नुपर्छ ।

ठूला उद्योगका लागि वैदेशिक लगानी आवश्यक छ। विदेशी लगानीले नेपाली समाजलाई असर गर्नु हुँदैन । राजस्वको लागि सरकारले नियमन गरिरहेको हुन्छ । जीर्ण उद्योग किन चल्दैनन् ? यो प्रश्न सरकारसामु खडा भएको छ। निजी क्षेत्रका उद्योग चलिरहेका छन् । मुनाफा कमाइरहेका छन । त्यसको सीधा कारण के हो भने सरकारी लगानी र त्यसको प्रतिफललाई जोडेर हेर्न सकिएन । लगानी लगाइहाल्यौं, तर उद्योगको नाफा-घाटासँग मतलब नै राखेनौं । कर्मचारी थपेर बोझ बढाउने काममात्रै गऱ्यौं । यसकारण सरकारी उद्योग चल्न सकेनन् । आर्थिक अनुशासनमा बसेर उद्योग चलाउन सकेको भए सरकारले सजिलै उद्योग चलाउन सक्थ्यो । तर आजको दिनमा सरकार उद्योग चलाउन पूर्ण रुपमा असफल भैसकेको छ । उद्योगले लगानी अनुसारको प्रतिफलको अपेक्षा गर्नैपर्छ । पछिल्लो समय नेपाली कांग्रेसलाई एउटा आरोप लाग्ने गरेको छ । उद्योग बेचेर खायो भन्ने, यो किन भयो भन्दा तत्कालीन कांग्रेस सरकारले जमिन समेत नै बिक्री गरिदियो । अब त्यसो हुँदैन । अब जमिन बिक्री गर्न दिँदैनौं ।

रुग्ण उद्योगलाई व्यावस्थापन गर्ने दिशामा पटकपटक कुरा भए पनि राजनितिक निर्णय हुन नसकेको अवस्था छ । तर अब भने राजनितिक निर्णय हुन्छ । निजीकरण गर्ने विषयमा उद्योग मन्त्रालय प्रक्रियामा प्रवेश गरिसकेको छ ।

नेपालमा उद्योग स्थापनाका लागि निकै संघर्ष गर्नुपर्ने कुरा पनि उठेको छ । तर यसलाई सरकारले अहिले एकल बिन्दु सेवा केन्द्रको रुपमा कार्य अघि बढाएको छ । यसको उद्देश्य लगानीकर्ताले धेरै स्थानमा घुम्न नपरोस् भन्ने नै हो । अहिले नै केही सकारात्मक नतिजा देखिन थालिसकेको छ । निर्यातमा अनुदान दिने भनेका छौं । सरकारको सुविधाकै कारण निर्यात सुरु भइसकेको छ । उद्योगका लागि बिजुली, सडक दिने भनेका छौं । सिमेन्टमा हामी आत्मनिर्भर भैसक्यौं ।

राजनीतिक अस्थिरताले पनि लगानीमा असर गरिरहेको हुन्छ । राजनितिमा अस्थिरता आए पनि औद्योगिक नीतिमा अस्थिरता नआओस् । त्यसकै लागि कानुन चाहियो भनेका हौं । लामो समयका लागि जग्गा भाडामा लगाउने व्यवस्था गरेका छौं । १० वर्षे नीतिमा टेकेर हामीले कानुन बनाइरेहका छौं । यसले सरकार १ वर्षको लागि मात्रै भए पनि कानुन १० वर्षसम्म टिक्ने अवस्था बन्नेछ । अर्को कुरा हामीले नीति बनाउँदा प्रधानमन्त्रीसँग त्यसलाई जोडेका छौं । जो प्रधानमन्त्रीमा आए पनि अपनत्व हुने गरी काम अघि बढाएका छौं ।

अहिले प्रतिस्पर्धाको संसार छ । स्वदेशी मात्रै भनेर हुँदैन, क्वालिटी पनि हुनुपर्‍यो । सरकारले दिने सुविधाले प्रतिस्पर्धी गुणस्तरको सामग्री उत्पादन बढाउन सहयोग गर्दछ । हेटौंडा कपडा उद्योग चलाउने भनेका छौं । यसको गुणस्तरमा सम्झौता हुँदैन । विदेशी सामग्री भन्दा १५ प्रतिशत बढी मूल्य परे पनि नेपाली उत्पादन नै खरिद गरी प्रोत्साहन दिन आवश्यक छ । अहिले निजामती कर्मचारी, सेना, प्रहरी, सशस्त्र प्रहरीलगायतका लागि कपडा विदेशबाट आयात हुने गरेको छ । यसरी विदेशबाट खरिद गर्दा कमिसनको खेल खुबै हुने गरेको छ । यसलाई रोक्ने प्रयास हाम्रो हुनेछ ।

देशमा अहिले काठ जंगलमै कुहिएर गैरहेको छ । तर नेपालको लागि आवश्यक पर्ने काठ विदेशबाट किनेर ल्याउनु परिरहेको छ ! वनको वैज्ञानिक व्यवस्थापन गर्नु अत्यावश्यक छ । जंगल बढाउने पनि पर्छ । काठका समग्र वस्तु यही स्तरीय ढंगमा बनाउन सकिन्छ । अहिले कतिपय फर्निचर विदेशबाट आयात भइरहेको छ, अब त्यसो हुन दिनु हुँदैन । यो कुरामा हामीले हिम्मत गर्नुपर्छ ।

*बढू उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री हुन् ।*


## यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि)मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरूमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यवस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
- दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
- आफूसंग भएको धितोपत्र (कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीक रण गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाँउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रमा सहभागी हुनुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्ने । धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

**धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (नि:शुल्क) वा हटलाइन नं ५५४४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।**

**नेपाल धितोपत्र बोर्ड**

**पो.व. नं. ९०३१, खुमलटार, ललितपुर**

**फोन:** ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११

**फ्याक्स:** ०१-५५४१०५८ **टोल फ्रि.नं.** १६६०-०१-४४४३३

**वेबसाइट:** www.sebon.gov.np **ईमेल ठेगाना:** support@sebon.gov.np





। हरिभक्त शर्मा

# आत्मनिर्भर बन्ने बाटोमा हामी कहाँनेर चुक्यौं ?

**अतिदक्ष प्राविधिक वा वैज्ञानिक नेपालमा बस्नै चाहँदैन, किनकि उसले यहाँभन्दा राम्रो सुविधा अरू देशमा पाउँछ । नेपालमा उच्चकोटीका रिसर्च सेन्टरहरू छैनन् ।**

नेपालको अहिले मुद्दा आत्मनिर्भर बन्ने नभएर परनिर्भरतालाई कसरी घटाउने भन्ने हो । नेपाललाई अहिले कम्तीमा पनि आयात र निर्यातबीचको सन्तुलन चाहिएको हो ।

बितेको एक-डेढ सय वर्षमा जसरी व्यवसायको व्यवस्थापन गरियो, त्यसलाई केलाउँदा एउटा निष्कर्ष के निकाल्न सकिन्छ भने- आत्मनिर्भरताको कुरा गरेरमात्र त्यो प्राप्त गर्न सकिँदैन । बजार खुला गरिसक्दा हामी प्रविधिमा निकै पछि परिसक्यौं । यो क्षेत्रमा विश्वले जुन फड्को मार्‍यो, प्रतिस्पर्धा गर्न सक्ने दौडमा हामी छँदै छैनौं । हाइटेक उद्योग सञ्चालन गर्न कुनै व्यवसायी नेपाल आए, उसलाई यहाँको व्यावसायिक इकोसिस्टमले सहयोग गर्दैन ! उद्योगलाई चाहिने जनशक्ति र प्रविधिगत सुविधा नेपालमा छैन । अतिदक्ष प्राविधिक वा वैज्ञानिक नेपालमा बस्नै चाहँदैन, किनकि उसले यहाँभन्दा राम्रो सुविधा अरु देशमा पाउँछ । नेपालमा उच्चकोटीका रिसर्च सेन्टरहरू छैनन् । निजी क्षेत्रका विश्व-विद्यालय पनि राजनीति र

सरकारकै नियन्त्रणमा छन्, प्रधानमन्त्री स्वयम् कुलपति हुन्छन् ।

हामी निकै पछि परेकाले उत्पादन बढाउँदै लैजाने र ठूलो परिमाणमा मूल्य अभिवृद्धि गर्न सक्ने सेवा क्षेत्रको प्रवर्द्धन गरी अर्थतन्त्रको क्षमता विस्तार गर्नुको विकल्प छैन । पर्यटन र कृषिले मात्र नपुग्ने अवस्था छ ।

उद्योगका कारणले होहल्ला भयो, ध्वनि प्रदूषण र दुर्गन्ध फैलियो भन्दै उद्योगी-व्यवसायीलाई दुःख दिइन्छ । सर्वसाधारण र स्थानीय नेताहरूमा अझै पनि चन्दा माग्ने मानसिकता छ । डेडिकेटेड गतिला औद्योगिक क्षेत्र छँदै छैनन् । नयाँ ठाउँमा उद्योग खुलिहाले पनि दुईचार पैसा आम्दानी हुने आशमा छेउछाउमा बस्ती विकास हुन्छ । पछि तिनै स्थानीय उद्योगका कारण विविध समस्या उत्पन्न भएको भन्ने गुनासो लिएर सरकारसमक्ष पुग्छन् ।

सरकार आफैले औद्योगिक क्षेत्र नबनाएकाले उद्योग चलाएर कमाउन चाहने लगानीकर्ताहरूको प्राथमिकतामा नेपाल पर्दैन । त्यसैले उद्योग खोल्नु नै महाभारत छ, चलाउनु त झनै असम्भव ।

नेपाल उद्योग परिसंघको पूर्वअध्यक्ष रहेको र २०-३० वर्ष उद्योग चलाएको मेरो अनुभवले के भन्छ भने, नेपालमा हुनु नपर्ने कामहरू मात्र हुन्छन् । उद्योग चलाउन जस्तो वातावरण चाहिन्छ, मन्त्री र नेताले भाषणमा ठ्याक्कै त्यस्तै कुरा गर्छन्, तर व्यवहार र सरकारको गतिविधि ठीक उल्टो हुने गरेको छ । नीतिनियम र कानुन उनीहरूले भने भन्दा ठ्याक्कै विपरीत रहेका छन् ।

सरकारले व्यवसायीको विश्वास जित्न सकेको छैन । निजी क्षेत्रले पनि त्यो विश्वास आर्जन गर्न नसेकाले उत्पादन बढाउनेतर्फ लाग्न सकेन । नेपालमा उद्योग नफस्टाउनुका कारण नीतिगत व्यवस्थासँगै सम्बन्धित छन् । उद्योगलाई औद्योगिक व्यवसाय ऐन, श्रम ऐन, भूमिसम्बन्धी ऐन, सामाजिक सुरक्षा ऐनलगायत पाँचवटा कानुनले बाँधेर राखेका छन् । हरेक कानुनले व्यवसाय प्रवर्द्धन गर्नुको सट्टा नियन्त्रण गर्न खोज्छन् ।

### भूमिसम्बन्धी कानुनको उदाहरण

नेपाल किन बढी विदेशमा निर्भर भयो ? किन हरेक वस्तु आयात गर्छौं ? यो प्रश्नलाई कसैले वैज्ञानिक ढंगले सोचेकै छैन । कारण हो, सरकार र निजी क्षेत्रबीचको ग्याप । यो ग्यापलाई म भूमिव्यवस्थासँग जोड्न चाहन्छु । २०५१ सालमा नेपाल सरकारले भूमिसम्बन्धी कानुनमा संशोधन गऱ्यो । पहिले एक व्यक्तिले २० बिघा जग्गा राख्न पाउने व्यवस्थालाई १० बिघामा खुम्च्याइयो ।

५० वर्षअघिसम्म खाद्यान्न निर्यात गर्ने देश आज परनिर्भर बन्नुमा भूमिसम्बन्धी कानुनको ठूलो भूमिका छ । सरकारले ठूलो परिमाणको जग्गा राखेर गर्न सकिने व्यावसायिक कृषिबारे कहिल्यै सोचेन । लिजमा लिएर काम गर्ने व्यवस्था परिकल्पना गऱ्यो । सानो परिमाणको जग्गा भएका व्यक्तिगत जग्गाधनीसँग लिजमा लिने हो । तीतो यथार्थ के हो भने, केही वर्षमा बेचेर दोब्बर मोल पाउने देशमा २० वर्ष लिजमा दिन कोही चाहँदैन ।

जग्गा खण्डीकृत भएकाले नेपालमा जग्गाको मूल्य चीनसमेत पूरै दक्षिणपूर्वी एसियामै उच्च भइसक्यो । मूल्य बढेकाले अझै टुक्राटुक्रा पारेर जग्गाको स्वामित्व धेरै व्यक्तिलाई ट्रान्सफर हुँदा कृषि वा उद्योग गर्न एकैठाउँमा ठूलो क्षेत्रफल भएको जग्गा पाउन मुस्किल छ । धान वा गहुँ खेतबाट नाफा निकाल्न सक्ने तथा उद्योग गरेर उत्पादकत्व बढाउने सम्भाव्यता महँगीका कारण गुमेको छ ।

आफ्नै सानो जग्गामा काम गर्नेले थोरै परिमाणमा भए पनि सफलता हासिल गरेका छन् । तर व्यावसायिक खेती गर्न जग्गा नै पाइँदैन । तराईमा प्रतिकट्ठा १० लाख रुपैयाँसम्म पनि जग्गा पाइँदैन । पहाडमा भाउ प्रतिरोपनी २० लाखबाट सुरु हुन्छ । यस्तो जग्गामा खेती गर्नुभन्दा बैंकमा पैसामात्र राख्यो भने १० प्रतिशत ब्याज पाइन्छ । सुतीसुती पैसा आउने ठाउँमा मिहिनेत किन गर्नु ? जबकि, मिहिनेत गर्नेले सो अनुसारको लाभ पाउँदैनन् । कृषिलाई कम प्रतिस्पर्धी बनाउने काम भूमिसम्बन्धी कानुनकै हो ।

उद्योग गर्न चाहनेले जग्गा किन्नै सक्दैन । उद्योगीले बढी जग्गा राख्नै नपाउने व्यवस्था छ । उद्योगीले धेरै जग्गा किन्न सक्दैन, सरकारले दिँदैन । थोरै किन्नुस्, चारैतिर घर बन्छ, उद्योगी थिचोमिचोमा परिहाल्छ । उद्योगले गर्दा होहल्ला मच्चियो, दुर्गन्ध फैलियो भन्दै प्रशासन र नेता गुहार्नेहरू उद्योग खुलेपछि वरिपरि बस्ती बसाउनेहरू नै हुन् । जग्गाको मूल्य र उपलब्धता तथा उद्योगप्रति समाजको धारणाका कारण ठूलो स्केलका उद्योग खोल्नेहरू निरुत्साहित हुन्छन् ।

**उद्योगले गर्दा होहल्ला मच्चियो, दुर्गन्ध फैलियो भन्दै प्रशासन र नेता गुहार्ने 'हरू उद्योग खुलेपछि वरि परि बस्ती बसाउनेहरू नै हुन् । जग्गाको मूल्य र उपलब्धता तथा उद्योगप्रति समाजको धारणाका कारण ठूलो स्केलका उद्योग खोल्ने हरू निरूत्साहित हुन्छन् ।**

### उद्योगीप्रतिको दृष्टिकोण

उद्योग र मानवबस्ती सँगै हुनाले यी दुई पक्षबीच द्वन्द्व बढेको छ । त्यस्तो द्वन्द्व कम गर्न बस्तीभन्दा केही टाढा औद्योगिक क्षेत्र स्थापना गर्नुपर्छ । उत्पादनमूलक उद्योग बस्तीभन्दा केही पर स्थापना भए एकप्रकारको पर्यावरण स्थापना हुन्छ ।

उद्योग चलाउन कच्चा पदार्थ, प्याकेजिङ सामग्रीलगायत औद्योगिक सामग्री, विज्ञान प्रविधि, रिसर्च र तालिम चाहिन्छ । महत्वपूर्ण कुरा त उद्योग चलाउन मानिस चाहिन्छ । तर उद्योगको १०-१५ किलोमिटरसम्म मानव बस्ती पनि हुनुहुँदैन ।

स्थानीय तहमा पाँच रोपनी जग्गामा औद्योगिक ग्राम स्थापना गर्ने हाँसोलाग्दो सोच सच्याउनु आवश्यक छ । उद्योग र बस्तीबीच वैज्ञानिक दूरी आवश्यक छ । गाउँपालिका तथा नगरपालिकामा सरकारले पाँच सयदेखि एक हजार रोपनी खुला स्थानको परिकल्पना गर्नुपर्छ । ती स्थानमा खुल्ने उद्योगमा आफ्नै घरबाट गएर काम गर्न सक्ने वातावरणको ग्यारेन्टी गर्नुपर्छ ।

उद्योगले स्थानीय स्रोतसाधन परिचालन गर्छ, विकासको ढोका खोल्छ र स्थानीय अर्थतन्त्रमा मूल्य अभिवृद्धि गर्छ । तर उद्योगले गरेको यो कामलाई कसैले प्रशंसा गरेन । उद्योगी-व्यवसायी बदमास हुन् भन्ने नजरले समाजले हेरेको पाइन्छ । यहाँ मिहिनेत नगरी जग्गा किनबेच गरेर अर्बौं कमाउनेको इज्जत छ । उद्योगधन्दा खोलेर २-५ सय देखि एकहजार जनालाई रोजगारी दिने, अर्थतन्त्रमा मूल्य अभिवृद्धि गर्ने, कर तिर्ने र आयात प्रतिस्थापन गर्नेले सम्मान पाउँदैन !

बितेको ३० वर्षमा सरकारले एउटा पनि औद्योगिक क्षेत्रमा लगानी गरेको छैन । अहिले जति पनि औद्योगिक क्षेत्र चलेका छन्, ती पञ्चायतकालमा बनेका हुन् । ती औद्योगिक क्षेत्रभित्र पनि उद्योग नै छैनन् । काठमाडौं औद्योगिक क्षेत्रमै सर्भिस सेन्टरलगायत सेवामूलक काम बढी हुने गरेका छन् । हाम्रो दुर्भाग्य यो हो कि, देश ५० वर्षअघिको सोचअनुसार चलेको छ ।

भूमिसम्बन्धी अवैज्ञानिक कानुनका कारण स्थिति थप खराब हुन नदिन डेडिकेटेड क्षेत्रमा औद्योगिक क्षेत्र सञ्चालन गर्नुपर्छ । नेपाल उद्योग परिसंघले चितवनको शक्तिखोरलाई औद्योगिक क्षेत्र बनाउने प्रस्ताव गरेको थियो । इच्छाशक्ति भए दुई वर्षमै औद्योगिक क्षेत्र सञ्चालनमा आउनुपर्नेमा सरकारले नीतिमात्र बनायो । इतिहासका कुनै पनि सरकारले औद्योगिक क्षेत्र बनाउनै चाहेनन् । भइरहेकालाई दुहेर खानेमात्र काम भयो । युनियन खोल्ने, उद्यमीलाई गाली गरेर राजनीतिक माइलेज लिने काम भयो । उद्योग चलाउनेलाई नांगेझार बनाउने गतिविधिले उद्यमीको मनोबल घटेको छ ।



### आत्मनिर्भरतामा हाम्रो ध्यान कति ?

आत्मनिर्भर बनेका अन्य अर्थतन्त्र कसरी आजको दिनमा आइपुगे ? भन्ने जान्न टाढा जानै पर्दैन । चीन, भारत र बंगलादेश कसरी आजको दिनमा आइपुगे ? भुटानले कसरी तयारी गर्दैछ ? भन्नेमात्र हेरे पुग्छ ।

बंगलादेशको जनसंख्या नेपालको भन्दा पाँचगुणा बढी छ, भूमि नेपालभन्दा सानो छ । त्यो देशमा २-३ हजार बिघा जग्गा राख्न पनि कसैको अनुमति चाहिँदैन । भारतमै एउटा उद्योगले औद्योगिक प्रयोजनको जग्गा जति पनि राख्न पाउँछ । अनुमति लिएर स्वामित्व आफूले राख्न पाउँछ, किनबेच गर्न पाउँछ ।

छिमेकी मुलुक चीनले कृषि गर्ने व्यक्तिलाई २० औं हजार एकड जमिन दिन्छ । त्यसको भाडा पनि निश्चित छ । अमेरिकामा जति पनि ठूलो कृषिको काम गर्न पाइन्छ । भारतकै हरियाणामा ठूलाठूला आँखैले हेरेर नभ्याउने खुला जमिन छ । भारतका कृषकबीच ट्र्याक्टरको संख्या कसको बढी छ भन्ने प्रतिस्पर्धा हुन्छ । आज नेपालमा एउटै किसानसँग २० वटा ट्र्याक्टर कसैको छैन, सरकारको पनि छैन । भन्नुको अर्थ, पञ्जाब र हरियानणसँग पनि प्रतिस्पर्धा गर्न सक्ने अवस्था हाम्रो छैन । भारतीयहरू प्रतिस्पर्धी मूल्यमा कृषि उपज उत्पादन गर्छन्, त्यो मूल्य नेपाली उत्पादनभन्दा निकै कम छ । भारतको कृषि प्रणाली प्रविधिमा आधारित भइसकेको छ, सरकारले सहुलियत पनि दिन्छ । तर नेपालमा १० बिघाभन्दा बढी जग्गा राखे जफत हुने कानुन छ । यस्तो व्यवस्थामाभ्र दिल खोलेर ठूलो उद्योग कसैले खोल्दैन ।

नेपालमा ३ करोड जनसंख्यालाई पुग्ने प्रशस्त जग्गा भए पनि भूमिसम्बन्धी कानुन यति खराब छ र त्यसले मानिसहरूको प्रवृत्ति यति खराब बनाउँछ कि, जो पनि सुकुम्बासी मात्र हुन चाहन्छ । आफ्नो जग्गा अर्काको नाममा राखेर सरकारी जग्गा अतिक्रमण गर्न चाहन्छ ।

विकास गरेको, औद्योगिकीकरणमा टेवा दिएको, आर्थिक उन्नतिको बाटोमा देशलाई अघि बढाएका कारण नेता बनेका कोही पनि छैनन् । विद्रोह गरेर, विकासलाई अवरोध गरेर नेता बन्न पाइने देशमा विकास गर्न कसैले चाहेन । र, युवाले पनि त्यस्तै सिके, किनकि जनता त्यस्तै कामलाई वाहवाह गर्छन् ।

### खराब भूउपयोग कानुन

कृषि र उद्योगमैत्री भनेर भूउपयोग नीति ल्याए पनि त्यो नीति प्रभावहीन हुन जान्छ, किनिक जमिनलाई भूउपयोग नीतिले मात्र नियमन गर्दैन, भूमिसम्बन्धी कानुन पनि हेर्नुपर्छ । भूमिसम्बन्धी कानुनमा १० बिघाभन्दा बढी जग्गा राख्न नपाउने, राखेको पाइएमा जफत वा राष्ट्रियकरण हुने व्यवस्था भएकाले जस्तोसुकै नीति आए पनि अर्थ राख्दैन । कानुनलाई व्यवस्थित गर्न नीति आउनुपर्ने हो, तर दुई कानुनी दस्तावेजमा फरक कुरा लेखिएको हुन्छ ।

निर्वाहमुखी कृषिले आत्मनिर्भरताको बाटो खोल्दैन । कृषि उपज निर्यात गर्न नसक्नुको कारण हामी प्रतिस्पर्धी बन्न नसक्नु नै हो, किनकी हामी ५० वर्षअघिको जस्तै व्यवस्थामा बाँचिरहेका छौं ।

उद्योगले धेरै जग्गा राख्न नपाए पनि सरकारले बनाइदिएको क्षेत्रमा निजी क्षेत्र जान चाहँदैन, किनकि उद्योग नै धितो राखेर बैंकले ऋण दिँदैन, जग्गा चाहिन्छ । सरकारको जग्गा धितोमा राख्न पाइँदैन । जलविद्युत्को भ्रैं परियोजना धितोमा राखेर कर्जा पाउने सुविधा उद्योगीलाई छैन ।

### अस्थायी नीति र कानुन

नेपालमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्न विदेशीहरू उत्सुक छैनन् । विदेशीले केही इच्छा देखाएको क्षेत्र जलविद्युत् र पर्यटन भए पनि पर्यटनमा ठूलो लगानी ल्याउन चाहिरहेका छैनन् । दुईहजार बिघामा फैलिएको अम्युजमेन्ट पार्क बनाउन कोही चाहँदैन, किनकि विदेशी लगानीकर्तालाई थाहा छ- नेपाली प्रणालीले यो परियोजना सफल बन्न दिँदैन । सरकार फेरिनासाथ जति फूलबुट्टा भरेर आकर्षक बनाउन खोजे पनि नेपालमा लगानी गर्न इच्छा भएकालाई थाहा छ कि- यो क्षणिक हो, कुनै पनि बेला व्यवस्था फेरिन सक्छ ।

नेपालको संविधानमै एउटा व्यवस्था नगरी लगानीको वातावरण बन्दैन र त्यो हो- बजेट भाषणमार्फत् कानुन संशोधन गर्न पाउने र करको दर फेर्न पाउने प्रावधान । आजको भोलि फेरिने व्यवस्था खारेज गरेर प्रेडिक्टेबल (अनुमान गर्न सकिने) नबनेसम्म कानुनी स्थायित्व हुँदैन ।

कृषिको जमिन बेच्न नपाउने कानुन बनाउनुपर्नेमा जमिन नै राख्न नपाउने कानुन छ । बिक्री पनि गर्न पाउने, तर जुन प्रयोजनका लागि स्वामित्व लिइएको हो त्यही (कृषि वा उद्योग) प्रयोजनका लागि हुनुपर्छ । खण्डीकरण वा टुक्राटुक्रा गरेर बेच्न नपाउने कानुन बनाउनुपर्छ ।

नेपालमा राजा महेन्द्रले २०१९ सालमा ल्याएको भूमिसुधार ऐनमा टेकेर यस विषयमा काम चलाइराखिएको छ । बीपी कोइरालाले ल्याएको कानुनमा केही तल-माथि गरेर लोकप्रिय बन्न खोजिन्छ । उतिबेलाको लागि सो विधि ठीक थियो होला, तर पुरातनकालदेखि कृषिजन्य वस्तु निर्यात गरेको देश नेपाल अहिले खुद आयातकर्ता बनेको छ । अदुवा निर्यात गर्ने हाम्रो देश चीनबाट अदुवा आयात गर्नुपर्ने अवस्थामा पुगिसक्यो । धान, गहुँ, मकै, दलहनको त कुरै नगरौं ।

हामी आज नै कठिन परिस्थितिमा छौं । गणतन्त्र आएको १५ वर्ष भइसक्यो । हामी जहिल्यै सिकारु अवस्थामा रहेका छौं । अब त बाटो निर्माण नगर्ने छुट हामीलाई नहुनु पर्ने हो । जहिल्यै 'सिक्दै छौं' मात्र भन्न पाइँदैन । संविधान बनेको ७ वर्षमै आर्थिक मन्दी आएको छ । कुल जनसंख्याको २० प्रतिशत अर्थात् ६० लाख मान्छे

जागिर खान विदेश जानुपर्ने बाध्यात्मक अवस्था छ । तीमध्ये अधिकांश आधुनिक दास बनिरहेका छन् । नेपाल विश्वसामु चिनिनुको कारण भूबनोट हो, हामीले बनाएका संरचनाले हैन । प्रकृतिले दिएको देनका कारण संसारका मान्छे नेपाल हेर्न आउँछन् । तर प्राकृतिक सम्पदाको हामीले धेरै दोहन गरिसक्यौं । देश बनाउँछु भनेर पाइला अघि सारेकाहरूले यसको जिम्मेवारी लिनुपर्दैन ?

**नियन्त्रणमुखी ऐन**

नेपालको कानुनलाई केलाएर हेर्दा ती नियन्त्रणमुखी रहेको पाउँछौं । ती कानुन व्यवसाय प्रवर्द्धनमुखी बिलकुलै छैनन् । सरकार हरचिजमा नियन्त्रण चाहन्छ । सरकार सकेसम्म उद्योगी र लगानीकर्तालाई अपराधी बनाउन चाहन्छ । व्यवसायीलाई थुन्ने, अपराधी घोषणा गर्ने नीति सरकारले अवलम्बन गरेका कारण धेरै लगानी गरेर उद्योग खोल्नेहरू नेपाल आउन डराइरहेका छन् । हामी आत्मनिर्भरतातर्फ उन्मुख नभएर थप परनिर्भर हुने बाटोमा हुनुको अर्को कारण हो, नागरिक सम्मानको अभाव । हामी हरेक क्षण परनिर्भर भइरहेका छौं । पासपोर्ट उत्तर कोरियाको भन्दा कमजोर बन्नुले राष्ट्रिय स्वाभिमान उदांगिएको छ ।

कानुनले व्यवसायीलाई मात्र होइन, हरेक नागरिकलाई बदमास मान्छ । नागरिक बेइमान, भ्रष्ट र बदमास हुन्छन् भन्ने मान्यता राख्ने कानुन बनाएकाले यहाँ सम्मान हराएको हो । नेपालले आफूलाई सम्मान दिन्छ भन्ने महसुस नागरिकले गर्न पाएको भए उच्च पदमा बस्नेहरू डीभी चिट्ठा भरेर, पीआर लिएर विदेश भासिँदैन थिए । जो नेता, कर्मचारी, उद्यमी, समाजसेवीका छोराछोरी विदेशमा बस्छन्, नागरिक सम्मान स्वदेशमै पाइने भए उनीहरू पनि फिर्ता आउँथे । नागरिकको सम्मान नपाएको र नागरिकले सपना देख्न नसक्ने ठाउँ बन्दै गएकाले उनीहरूले छाडेर गएका हुन् । हाम्रो देशमा अधिक नियमन र अधिक नियन्त्रण हाबी भयो । कुनै पनि कानुनमा नागरिकको सम्मान देखिँदैन । नागरिकको सम्मान नहुने कानुन भएकाले नेतादेखि कर्मचारीको पनि सम्मान छैन । व्यवसायीको त छँदै छैन ।

कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को तुलनामा सरकारले उठाउने कर निकै उच्च छ । जीडीपीको तुलनामा उठ्ने कर राजस्व संसारकै सर्वाधिकमध्ये पर्छ । यति धेरै कर उठाएर सेवा नै नदिने देश कुनै छैन । पासपोर्ट, नागरिकता बनाउन तातोघाममा लाइन बस्नुपर्छ । सरकारी अड्डाका मान्छे सुख्खा ठाउँमा बस्छन्, सेवाग्राही पानीमा रुझ्दै सेवा लिनुपर्छ । करदाताको सम्मान छैन, तिनै करताताले तिरेको करबाट जीवन गुजार्नेहरू करदाताकै सम्मान गर्न जान्दैनन् ।

मन्त्रालयदेखि हरेक सरकारी निकायका कर्मचारी सारा नेपालीले तिरेका कर मेरै हो जस्तो गर्छन् । सित्तैंमा पाएको पैसा आफूखुसी खर्च गर्न खोज्छन् । काठमाडौं महानगरपालिकाकै मेयर करबाट उठेको रकम खोला उकास्न खर्च गर्छु भन्छन्, उद्योगलाई टेवा पुग्ने काम कतै गरेको सुनिंदैन ।

**फ्रिबिजको अन्त्य र 'लेस गभर्मेन्ट, मोर गभर्नेन्स'**

नेपाली समाज डिरेगुलेटेड हुनु आजको आवश्यकता हो । नेपाल कम नियमनमा चल्ने देश बन्नुपर्छ । 'कम सरकार, बढी सुशासन' (अंग्रेजीमाः लेस गभर्मेन्ट, मोर गभर्नेन्स) चाहिएको छ । सरकार चुस्त हुनुपर्छ र नागरिकाले गरिखाँदा सुरक्षाको प्रत्याभूति हुनुपर्छ । म सम्मानित छु, मेरो पेशा सम्मानित छ, श्रम गरेर खाँदा म सम्मानित हुन्छु भन्ने महसुस जनताले गर्न पाउनुपर्छ ।

डिरेगुलेटेड हुन सक्यो भने उद्योगधन्दा बढ्छ, औद्योगिक क्षेत्रमा लगानी बढ्छ । औद्योगिक व्यवसाय ऐन, श्रम ऐन पनि संशोधन गरेर उत्पादकत्व बढाउने किसिमको बनाउनुपर्ने अवस्था आइसकेको छ ।

अंग्रेजीमा एउटा शब्द छ, फ्रिबिज । यसको अर्थ हुन्छ, सित्तैंमा प्रदान गरिनु । हरेक नेपाली अहिले त्यही फ्रिबिज खोजिरहेका छन् । जति धेरै फ्रिबिज बाँड्यो, समाज उत्ति नै परनिर्भर हुन्छ । समाजिक सुरक्षाका नाममा हामीले पैसा बाँड्यौं, जुन दायित्व भविष्यको पिँढीको काँधमा थपिएको छ ।

**भारतको कृषि प्रणाली प्रविधिमा आधारित भइसकेको छ, सरकारले सहुलियत पनि दिन्छ । तर नेपालमा १० बिघाभन्दा बढी जग्गा राखे जफत हुने कानुन छ । यस्तो व्यवस्थामाभ दिल खोलेर ठूलो उद्योग कसैले खोल्दैन ।**

यही कारण नेपालीहरू देश छाडेर भागिरहेका छन् । फ्रिबिजमा बाँडिएको पैसा बचत मात्र गरेको भए भविष्यका लागि राम्रो आधार बन्थ्यो ।

**आत्मनिर्भरताको सम्भावना**

नेपालको कानुनी व्यवस्था उदार अर्थनीति विपरीत छ । केही कानुनलाई समयसापेक्ष सुधारको आवश्यकता छ । नेपालले छिमेकी देश भारत, बंगलादेश र चीनबाट सिक्नुपर्छ । भ्रष्टाचारका कारण डुबेको श्रीलंकाबाट पाठ सिक्नुपर्छ ।

बंगलादेश निकै दरिलो स्थितिमा पुगेको छ । बंगलादेशको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक क्षेत्रको योगदान ३३ प्रतिशत छ, जबकि नेपालको ५.५ प्रतिशतमात्र छ । नेपालभन्दा पाँचगुणा धेरै जनसंख्या भएको देशको प्रतिव्यक्ति आय नेपालको भन्दा तीनगुणा बढी छ ।

बंगलादेशको जस्तो बनाउन नसकिएला, तर अहिलेको भन्दा राम्रो नीति आउनुपर्छ । नीतिमात्र बनाएर हुँदैन, कार्यान्वयन गरिनुपर्छ । राज्यले हरेक नागरिकको सम्मान गर्नुपर्छ र नियन्त्रणको मानसिकताबाट सरकार माथि उठ्नुपर्छ ।

सेवाग्राही पुग्ने ठाउँमा हेपाहा मानसिकता हुने देशका विभाग र मन्त्रालयमा वा प्रधानमन्त्रीको कार्यालयमा कस्तो मानसिकता होला ? कानुन बनाएर देश बन्ने भएको भए, नेपाल धेरै विकसित देश हुने थियो । नेपालमा जति कडाइ चीनमा पनि छैन । नेपालको नीति दुईहजार वर्षपहिले रोमनहरूले बनाएको भन्दा खराब छ ।


अर्कातर्फ नेपाल अथाह अवसर भएको देश हो । सुख, दुःख जे भए पनि नेपालीहरूले संसारभर चहारेर काम सिकेका छन् । उनीहरूले सिकेको काम र क्षमता काम गर्न दिने वातावरण बनाएर सदुपयोग गर्नुपर्छ ।

नेपालको सबैभन्दा ठूलो सम्भावना मानव संशाधन नै हो । त्यता सरकारको ध्यान पुगेकै छैन । नेपालमा जेजति टप ब्रेन र क्यापेबल मसल छन्, उनीहरू विदेश जान उद्यत् छन्, सरकार उनीहरूलाई विदेश पठाउन चाहन्छ । यसैगरी कानुनहरूलाई समयसापेक्ष बनाउनुपर्छ, पुरानालाई खारेज गर्नुपर्छ । बाबुको पालामा बनेको आयात-निर्यात नियन्त्रण ऐनलाई हटाएर व्यापार प्रवर्द्धन ऐन ल्याइनुपर्छ । कम नियन्त्रण, बढी सहजीकरणको मान्यता अपनाउनुपर्छ ।

सबैले कृषि नै गर्नुपर्छ भन्ने छैन । कृषिलाई आधुनिकीकरण र प्राविधिकीकरण गर्न सकियो भने २० प्रतिशत जनसंख्या कृषिमा लाग्ने छन्, त्यसबाट सबैलाई खान मात्र होइन निर्यात गर्न पनि पुग्छ । उच्चकोटीका दक्ष मानव संशाधन उत्पादनका लागि राज्यले लगानी गर्न उत्तिकै आवश्यक छ । विश्व-विद्यालयले प्राविधिक विषय पढाउनुपर्छ । खोज र अनुसन्धानलाई व्यापक बनाउनुपर्छ । प्रदेश वा स्थानीय तहलाई पनि विश्व-विद्यालय सञ्चालन गर्ने अधिकार दिनुपर्छ । विश्व-विद्यालयका हरेक उत्पादन नागरिकका नयाँ आवश्यकता पूरा गर्न सक्ने हुनुपर्छ, न कि अहिलेजस्तो अधिक योग्यता, न्यून सीप भएको होस् ।

कसैले भाषणमा आत्मनिर्भर बनाउँछु भन्दा औसत मान्छेलाई मीठो कुरा लाग्ला, प्रणालीले सम्भव हुन दिँदैन । आजसम्म आत्मनिर्भर सम्भव हुन नदिएको यो प्रणालीले आउने ५० वर्षमा पनि हुन दिँदैन । नहुने कुरा गरेर नेपाली जनतालाई भ्रमित गराइरहेको तथ्य सिस्टममा बसेकालाई राम्रोसँग थाहा छ । त्यसैले, बहसको विषय अतिपरनिर्भरतालाई कसरी कम गर्ने ? देशलाई गरिखानेमात्र कसरी बनाउने ? भन्ने मात्र हो ।

*शर्मा वरिष्ठ उद्योगी तथा नेपाल उद्योग परिसंघका पूर्वअध्यक्ष हुन*





। घनश्याम भुसाल

# भत्केको कृषि व्यवस्थालाई नयाँ बनाउनुपर्छ

**प्रांगरिक मलको उत्पादन र प्रयोग सारै सानो तहमा मात्रै छ । अझ यसलाई प्रयोगाशाला परीक्षणमा मात्रै सीमित र सफल छ भन्न सकिने अवस्था छ । तसर्थ, रासायनिक मलको तत्काल विकल्प नै छैन ।**

---

विभिन्न अध्ययनहरूले बालीबिरुवाले रासायनिक मल पायो भने २५ प्रतिशत उत्पादन बढ्छ भन्ने देखाएको छ । अर्कोतर्फ, रासायनिक मलले माटो बिगार्छ भन्ने पनि छ। तर विज्ञहरू राम्रोसँग मात्रा मिलाएर मलको प्रयोग गर्दा यसबाट हुने हानिभन्दा फाइदा धेरै नै हुने बताउँछन् ।

रासयानिक मलको सट्टामा प्रांगारिक मलको प्रयोगका विषय पनि जोडकातोडले उठेको छ। तर प्रांगरिक मलको उत्पादन र प्रयोग सारै सानो तहमा मात्रै छ । अझ यसलाई प्रयोगाशाला परीक्षणमा मात्रै सीमित र सफल छ भन्न सकिने अवस्था छ । तसर्थ, रासायनिक मलको तत्काल विकल्प नै छैन ।

अहिलेसम्मको हिसाबले हेर्दा कृषि क्षेत्रमा, कृषि प्रशासन र मन्त्रालयले गर्ने काम तत्काल ठूलो देखिँदैन । त्यसलाई लामो समय लिएर दीर्घकालीन ढंगमा अघि बढाउनुपर्छ । त्यसो भनेको हामीले पहिले आफ्नो कृषि व्यवस्था बनाउनु छ। किनभने हाम्रो कृषि व्यवस्था भत्केको छ ।



पञ्चायतकालमा हाम्रो कृषि विदेशीबाट अनुदानित थियो । त्यसमा राज्य सहभागी थियो, तर धेरैजसो काममा प्राविधिक, लगानी र सहभागिताका हिसाबले विदेशीहरू नै सहभागी थिए । प्रजातन्त्र आएपछि हाम्रो कृषि व्यवस्था बजारको व्यवस्था भयो । भन्दा राम्रो नसुनिन पनि सक्छ, तर बजारलाई कृषिको व्यवस्थाको जिम्मा लगाउनु मूर्खता नै थियो ।

संसारमा राम्रो कृषि व्यवस्था भएको देशमा सरकार र सार्वजनिक संस्थाले संरक्षण गरेरै त्यो सफल भएको देखिन्छ । कृषिलाई उत्पादनका हिसाबले रणनैतिक उपज भन्न पनि मिल्छ । यसले खाद्य सुरक्षा, सामाजिक सुरक्षा र अर्थतन्त्रमा प्रभाव पार्छ, यसकारण पनि कृषिलाई संरक्षण चाहिन्छ । जहाँ संरक्षण छ त्यहाँ कृषि व्यवस्था राम्रो छ, जहाँ संरक्षण छैन- त्यहाँ कृषि व्यवस्था बिग्रिएको छ ।

अहिले बजारले केही गर्दैन भन्ने निष्कर्ष निकालिएको, तर नयाँ व्यवस्था नबनेको अवस्थामा कृषिलाई परिभाषित गर्नुपर्ने देखिन्छ । यसर्थ, कृषि क्षेत्रको नयाँ बनाउने व्यवस्थामा मल कसरी भन्ने अहिलेको प्रधान प्रश्न हो ।

माटोको गुण र बालीअनुसार मलको प्रयोग गर्न सक्नुपर्छ । वर्तमान प्रविधिको युगमा त्यो सम्भव पनि छ । हामीले मन्त्रालयमा हुँदा कृषि गणना भन्ने नयाँ अवधारणा बनाएका थियौं । कुन क्षेत्रका कृषकले के खेती लगाएका छन् ? त्यसमा कति मल हाल्ने, कहिले हाल्ने ? त्यो बाली कहिले काट्ने ? कहिले पानी पर्छ ? जस्ता कृषिका सबै प्रश्नको जवाफ दिन सक्ने प्रशासन र कृषि व्यवस्थाका लागि तथ्यांक तयार पार्ने हाम्रो उद्देश्य थियो । यो भनेको नयाँ कृषि व्यवस्था बनाउने भनेको हो । तर यो सबै कुरासहितको व्यवस्था हुन नसक्दा मलको उपलब्धता, प्रयोगमा राम्रोसँग ध्यान दिन पाएका छैनौं ।

सामान्यतया हरेक वर्ष मलको हाहाकार छ । यसका केही कारण छन् । पहिलो, अन्तर्राष्ट्रिय बजारमा मलको अभाव र मूल्यमा उतारचढाव छ । दोस्रो, हामी सारै थोरै मात्रामा मल किन्ने गर्छौं । मलका लागि अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्ने मुलुकहरूको माग निकै ठूलो भएका कारण हामीजस्ता साना क्रेतालाई मल पाउन कठिन छ । अर्को समस्या भनेको हामीले जहाँबाट मल प्राप्त गर्ने बन्दरगाह छ, भारतको कोलकाता, त्यो निकै सानो छ । यसले हाम्रो आपूर्ति व्यवस्थामै असर पारेको छ । सबै छुट्टी कटाएर वर्षभरि एउटा रेल कोलकाताबाट नेपाल आउँदा पनि नेपाललाई मल पुग्दैन । नेपालका लागि आउने सबै सामान र रेल एउटै बन्दरगाहबाट ल्याउँदा निकै सास्तीपूर्ण हुन पुगेको छ ।

**संसारमा राम्रो कृषि व्यवस्था भएको देशमा सरकार र सार्वजनिक संस्थाले संरक्षण गरेरै त्यो सफल भएको देखिन्छ । कृषिलाई उत्पादनका हिसाबले रणनैतिक उपज भन्न पनि मिल्छ ।**





अर्को कुरा, भारतले हामीलाई रेल उपलब्ध गराउने जुन तरिका छ, त्यो अस्थायी छ । उसको मनखुसीले रेल उपलब्ध गराउने भएपछि यसले हाम्रो आपूर्ति प्रणालीमा असर परेकै छ । एकपटक हामीलाई सारै आपत परेर ३२ हजार मेट्रिक टन मल आयो, त्यो मल ल्याउन म २४ घण्टा नै लागेँ, कोलकाताको हाम्रो महावाणिज्यदूताबास पनि लाग्यो । तर एउटा रेलको र्‍याकले २५ सय मेट्रिक टन हाराहारी मात्रै मल बोक्ने रहेछ । त्यति मल ल्याउन हामीलाई एक महिना संघर्ष गर्नुपर्‍यो । पोर्टमा समस्या, अन्तर्राष्ट्रिय बजारमा सानो क्रेता भएका कारण समस्या र मल ल्याउन जिम्मेवारी पाएको हाम्रो निकायको प्रशासनिक समस्याका कारण मलको आपूर्ति, वितरण र उपलब्धतामा समस्या छ ।

हाम्रो कृषि सामग्री कम्पनीले मलको आपूर्ति गर्न जुन ठेक्का अघि बढाउँछ, त्यसको आवेदन र मल किन्ने ठेक्का पाउँदासम्म मलको मूल्यमा अन्तर्राष्ट्रिय बजारमा धेरै उतारचढाव आइसकेको हुन्छ । यस्तो अवस्थामा जुन ठेकदारले मल ल्याउने ठेक्का पाउँछ, उसलाई मल ल्याउन भन्दा धरौटी नै जफत होस् भन्ने अवस्था आउँछ, अनि मल आउँदैन । यो प्रकारको प्रशासनिक समस्या पनि हामीले देखेकै छौं । जहाँसम्म मल ल्याउन जिम्मा पाएको कृषि सामग्री कम्पनी भन्ने हाम्रो संस्था छ, यो संस्था बलियो छैन । यो संस्था सधैं मन्त्रालय, त्यहाँका राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वको छाया, त्रास र दबाबमा रहन्छ ।

मल खरिदका लागि धेरै पैसा हुने भएकाले त्यसको कमिसनलगायतका सन्त्रासमा कम्पनी रहन्छ । त्यो संस्था बलियो बनाउनै नदिने गरी अधिक निगरानी गरिन्छ । सुनेसम्म मन्त्रालयबाट कम्पनीमा व्यक्तिगत लाभका लागि समेत दबाब दिइन्छ । यसरी मल ल्याउने संस्थालाई कमजोर बनाएर राखेका छौं । जहाँसम्म साल्ट ट्रेडिङ भन्ने अर्को कम्पनी छ, उसले १० दिनमै मल ल्याउने गरी ठेक्का र टेण्डर गर्न सक्छ । सरकारी लगानीको संस्था कमजोर हुनु र मन्त्रालयले अर्को संस्थासँग डिल गर्न थाल्नुले हाम्रो राज्यको लगानी भएको संस्था कमजोर हुन्छ । हाम्रो लगानीको संस्थाले अन्य निकायलाई चलाउनुपर्नेमा मन्त्रालयले नै हात अगाडि बढाएपछि थप समस्या सृजना भएको छ ।

मल अभाव सारै चर्किएपछि हामीले बंगलादेशसँग ५० हजार मेट्रिक टनको सहमति गरेका थियौं । तर त्यो मल कृषि सामग्रीबाट ल्याउन नदिन हुनेनहुने सबै कार्य गरियो !

मल ल्याउन र बाँड्नका लागि भनेर वार्षिक ६५ देखि ७० करोड तलबमै खर्च हुन्छ । तर त्यो कम्पनीलाई मल ल्याउन नदिन र साल्ट ट्रेडिङलाई दिनुपर्ने भन्दै मन्त्रिपरिषद्मा डेढ घण्टा विवाद भयो । कसले के भन्छ ? के सुनाउँछ ? अनि आपूर्ति चेन नै बिगार्न यतैबाट पहल हुन्छ ।

**भारतबाहेकका मुलुकबाट मलका लागि नेपालले ' गभर्मेन्ट टू गभर्मेन्ट' सम्झौताका लागि काम गर्नुपर्छ । तेस्रो मुलुकबाट भारतको बिशाखापटनम् बन्दरगाहसम्म मल ल्याउन सकिने अवस्था रहे अहिलेकै ठेक्का प्रणालीबाट पनि मल ल्याउन सकिन्छ ।**

जहाँसम्म मल वितरणको प्रणाली छ, यसलाई पनि सुधार गरिनुपर्छ भनेर पालिकाबाट मल वितरण गर्ने भन्ने नयाँ निर्देशिका बनाइएको छ । कुन ठाउँमा कृषकलाई कति मल चाहिन्छ भनेर प्रदेशले माग पठाउने, मल पालिकामा पठाइने र त्यहाँबाट वितरण गर्ने भन्ने प्रणाली छ । अभाव हुनेबित्तिक्कै मलको कारोबार गर्ने निकाय नै कालोबजारीमा लागेको समेत सुनिएपछि यस्तो व्यवस्था गरिएको थियो ।

मल आपूर्तिलाई बलियो र दिगो गर्न कृषि सामग्री कम्पनीलाई बलियो बनाउनुको विकल्प छैन । तर हुन सक्नेसम्मको अन्तर्राष्ट्रिय सम्भावना पनि खुल्लै राख्नुपर्छ । छिमेकी र जोडिएको हिसाबले भारतसँग मल आपूर्तिको समन्वयन हुनु र सहकार्य हुनुपर्ने हो । भारत कहिल्यै सकारात्मक भएन । त्यो म हुँदा पनि थियो, त्यसअघिका मन्त्रीहरूले पनि यो कुरा बताउनुहुन्थ्यो र त्यो अहिले पनि छ । खुलेर हुन्न नभन्ने, तर काम पनि नगर्ने भारतको प्रवृत्ति देखिन्छ । यस्तो प्रवृत्तिले नेपालले भारतबाट मलको आपूर्ति सुनिश्चितता गर्न सक्दैन ।

भारतबाट लिन सकिने भनेको हामीलाई मल ल्याउनका लागि अर्को बन्दरगाह उपलब्ध गराइदिनुपर्छ भन्ने मात्रै हो । भारतबाहेकका मुलुकबाट मलका लागि नेपालले 'गभर्मेन्ट टू गभर्मेन्ट' सम्झौताका लागि काम गर्नुपर्छ । तेस्रो मुलुकबाट भारतको बिशाखापटनम् बन्दरगाहसम्म मल ल्याउन सकिने अवस्था रहे अहिलेकै ठेक्का प्रणालीबाट पनि मल ल्याउन सकिन्छ ।

तर पारदर्शी हिसाबबाट तेस्रो मुलुकसग जीटूजीमै जानु उपयुक्त हुन्छ । त्यो भनेको मल उत्पादक मुलुक जुनसुकै पनि हुनसक्छ । तर जीटूजी पनि विवादरहित भने छैन । बंगलादेशकै मलमा पनि जीटूजी गरियो, तर त्यहाँको कर्मचारी प्रशासन मलको पैसा निजी क्षेत्रलाई दिनुपर्छ भन्ने अवैधानिक लबिङ गर्दथे । यस्ता घटनाबाट अछुतो रहने गरी पारदर्शी जीटूजी गर्नुको विकल्प छैन । सरकारले मल स्थानीय तहमा पुर्‍याउने र पालिकाको निरीक्षणमा सहकारीमार्फत् चाहिने मात्रामा कृषकलाई मल उपलब्ध गराउने र यसका लागि कृषक गणनालाई टुंगोमा पुर्‍याए अहिलेकै अवस्थामा पनि मल उपलब्ध गराउन सम्भव छ ।

जहाँसम्म मल कारखानाको कुरा छ, त्यसका लागि अध्ययन पनि भयो । तर यो सजिलो कुरा रहेनछ । युरिया मल उत्पादन गर्ने कारखानाका लागि एक खर्ब लगानी हुने र त्यसको उत्पादन लागत अहिलेको बजारमूल्य भन्दा खासै फरक नपर्ने देखियो । भारतबाट प्राकृतिक ग्यास ल्याएर बनाउने विधि हाम्रा लागि लागतको हिसाबले ठीक थिएन । अन्य विकसित विद्युतीय विधिहरूको बारेमा पनि केही रिपोर्ट आएका थिए । त्यो प्रयोगशालाको ल्याबमा सानो आकारमा उत्पादन गर्न सकिने भए पनि व्यावसायिक रुपमा जान कठिन रहेको पाइयो । त्यसमा विश्वस्त हुनै सकिएन । तसर्थ, नेपालमा रासायनिक मलको तत्कालको समस्या समाधान गर्न पारदर्शी जीटूजी, छिमेकी मुलुकसँग राम्ररी कुरा गरेर आपूर्तिको बाटो सुनिश्चितता र आन्तरिक वितरण प्रणाली चुस्तदुरुस्त बनाउनुको विकल्प छैन । यसो भन्नु नयाँ कृषि व्यवस्था बनाएर त्यहाँ मलको व्यवस्था बनाउनु हो ।

*भुसाल पूर्वकृषि मन्त्री तथा राजनीतिक विश्लेषक हुन् ।*

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

# नेपाल आयल निगम लि. को

# अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

## दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :





१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

## ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :





१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।

२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।

३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

## नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१





। सुशील भट्ट

# आत्मनिर्भर अर्थतन्त्र र ठूला परियोजना

**सार्वजनिक लगानी, वैदेशिक सहायता परिचालन गरेर मात्र समावेशी विकासका सम्पूर्ण लक्ष्य हासिल हुँदैन । त्यसका लागि निजी क्षेत्रको लगानी समाहित गर्नुपर्छ । लगानी भन्नाले पुँजीमात्र नभई प्रविधि, ज्ञान, सीप, कौशल पनि हो ।**

समृद्ध नेपाल निर्माण हाम्रो लामो समयदेखिको अभियान हो । आर्थिक उन्नति भए मात्र समृद्धि हासिल हुन्छ । आर्थिक-सामाजिक उन्नतिका लागि पूर्वाधार विकास अपरिहार्य छ । यसका लागि सरकारी लगानीका अतिरिक्त निजी क्षेत्रको परिचालन अपरिहार्य छ ।

सार्वजनिक लगानी, वैदेशिक सहायता परिचालन गरेर मात्र समावेशी विकासका सम्पूर्ण लक्ष्य हासिल हुँदैन । त्यसका लागि निजी क्षेत्रको लगानी समाहित गर्नुपर्छ । लगानी भन्नाले पुँजीमात्र नभई प्रविधि, ज्ञान, सीप, कौशल पनि हो । तसर्थ अहिलेका नीति त्यसतर्फ केन्द्रित छन् ।

लगानी बोर्ड लगानी प्रवर्द्धन गर्ने एक निकाय र सार्वजनिक-निजी साझेदारी (पीपीपी)को मोडल एजेन्सी हो । बोर्डले  लगानी सहजीकरण, परियोजना विकास र व्यवस्थापन, लगानी प्रवर्द्धन, संस्थागत विकासका साथै पीपीपी परियोजनाको तयारी तथा कानुनी सुधारका लागि



वकालत गर्नुपर्छ भन्ने मान्यतामा हामी दृढ छौं । सार्वजनिक-निजी साझेदारी ऐन, २०७५ र सार्वजनिक-निजी साझेदारी नियमावली, २०७७ द्वारा निर्दिष्ट व्यवस्था बोर्डले कार्यान्वयन गर्ने हो । पीपीपी परियोजना बैंकको अवधारणा र लगानी बोर्डको प्रयास प्रदेश तथा स्थानीय सरकारका लागि पनि उदाहरण हुन सक्छ, निश्चित मापदण्ड अनुसरण गरी अध्ययन भएका पीपीपी परियोजना बैंकमा सिफारिस हुन सक्छन् ।

सार्वजनिक खर्चमा प्रतिफल र दक्षता हासिल गर्न राष्ट्रिय योजना आयोगले आयोजनाको पूर्वतयारीका परियोजनाको पाइपलाइन तयार गर्न प्रोजेक्ट बैंक बनाएको छ । सार्वजनिक खर्चको पाटोमा जस्तै सार्वजनिक निजी साझेदारीको मोडलमा निर्माण हुने आयोजनाको प्रोजेक्ट बैंक बनाउन हामी गृहकार्य गरिरहेका छौं ।

पूर्वाधारमा अधिकांश लगानी विकाससँग सम्बन्धित मन्त्रालयहरूमार्फत् हुँदै आएको छ । लगानी बोर्डले पहिला १० अर्ब रुपैयाँ माथिका परियोजनामा मात्र हेर्दै आएकोमा अहिले ६ अर्ब रुपैयाँ माथिका सबै परियोजना हेर्छ । ऊर्जा क्षेत्रमा बोर्डले २०० मेगावाटभन्दा माथिका परियोजनाहरूको प्रवर्द्धनमा मात्र सहयोग गर्दै आएको छ । लगानी बोर्डमा आउने अधिकांश परियोजना स्वदेशी र विदेशी लगानी मिश्रित हुन सक्छन् । पूर्ण वैदेशिक लगानीमा पनि हुन सक्छ वा निजी क्षेत्रको पूर्ण स्वदेशी लगानीमा पनि हुन सक्छ । परियोजना निर्माणकार्य अघि बढ्दा स्वपुँजी (इक्विटी) मात्रै भित्रिँदैन, त्यसमा ऋण लगानी पनि आवश्यक हुन्छ । त्यसैले वैदेशिक लगानीका अधिकांश परियोजनामा ऋणदाता जोडिएका हुन्छन् ।

लगानी बोर्डले सार्वजनिक-निजी साझेदारी र निजी लगानीलाई प्रवर्द्धन गर्दै आएको छ । हामीले लगानी आकर्षण, सहजीकरण र व्यवस्थापन गर्ने परियोजना राष्ट्रिय विकास प्राथमिकताका आधारमा तय हुन्छन् । दीर्घकालीन र यस्तो सोचसँग तादात्म्य राख्ने परियोजनालाई बोर्डले प्राथमिकतामा राखेको छ । सन् २०३० सम्म नेपालले दिगो विकासको लक्ष्य पूरा गर्न वार्षिक २० खर्ब २५ अर्ब रुपैयाँ लगानी गर्नुपर्छ । निजी क्षेत्रलाई प्रत्यक्ष लगानी गर्न सक्ने र सार्वजनिक निजी साझेदारीलाई विकसित तथा व्यवस्थित गर्दै जानुपर्छ । लगानी आकर्षण गर्नका लागि लगानीयोग्य (ब्यांकेबल) परियोजना साथमा हुनुपर्छ । परियोजनाको पूर्वतयारी सम्पन्न भएपछि प्रतिस्पर्धात्मक विधिबाट लगानी भित्राउन सहज हुन्छ । यस अर्थमा संघ, प्रदेश र स्थानीय तहले परियोजना प्राथमिकीकरण गर्दा त्यसको अध्ययन गरी कुन सार्वजनिक लगानीमा बनाउने, कुन-कुन परियोजनामा निजी लगानी भित्राउने र कुन-कुन परियोजना सार्वजनिक-निजी साझेदारीमा अघि बढाउने भन्ने तय गर्नुपर्छ । सार्वजनिक-निजी साझेदारीका परियोजनाले गति लिन सरकारको सहयोग र समर्थन चाहिन्छ । तसर्थ, परियोजना निर्माणमा जानुलाई मात्र होइन परियोजनको पूर्वतयारी (परियोजना अवधारणा, पूर्वसम्भाव्यता, सम्भाव्यता अध्ययन, विस्तृत र बहुआयमिक अध्ययन) पनि परियोजना विकासको सर्न्दभमा त्यत्तिकै महत्वपूर्ण पाटो हो ।

**सन् २०३० सम्म नेपालले दिगो विकासको लक्ष्य पूरा गर्न वार्षिक २० खर्ब २५ अर्ब रूपैयाँ लगानी गर्नुपर्छ । निजी क्षेत्रलाई प्रत्यक्ष लगानी गर्न सक्ने र सार्वजनिक निजी साझेदारीलाई विकसित तथा व्यवस्थित गर्दै जानुपर्छ ।**

### वैदेशिक लगानी र परियोजनाको अवस्था

हाल नेपालमा सञ्चित वैदेशिक लगानीको अवस्था हेर्दा १ खर्ब ९८ अर्ब रुपैयाँ देखिन्छ । लगानी बोर्डको सहजीकरणमा हाल निर्माणाधीन र सम्पन्न भैसकेका परियोजनाको लागत ३ खर्ब रुपैयाँ छ । १० खर्ब रुपैयाँका परियोजनाहरूका लागि लगानी स्वीकृत भएको छ । यसमा ऊर्जा क्षेत्रका परियोजनाहरूको बाहुल्य रहेको छ । ३३ वटा परियोजनामध्ये २० जलविद्युत् परियोजना छन् । यसबाट नेपालमा जलविद्युत्को प्रचुर सम्भावनाका साथै तुलनात्मक र प्रतिस्पर्धी लाभ रहेछ भन्ने बुझिन्छ । परियोजना ब्यांकेबल हुनका लागि बजारको सुनिश्चितता अर्थात् राम्रो प्रतिफल त्यत्तिकै जरुरी छ ।

२०४७ को राजनीतिक परिवर्तनपछि नेपालमा उदार आर्थिक प्रणालीको विकास भयो । निजी क्षेत्रले पनि जलविद्युत्लगायतका आयोजनामा लगानी गर्न पाउने व्यवस्था भयो । नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद निश्चित गरिदिएकाले नेपाली बैंक तथा वित्तीय संस्थाले ऋण लगानी गर्न थाले र स्वतन्त्र ऊर्जा उत्पादक (विकासकर्ता) धेरै आए ।

नेपाल लगानीका लागि आकर्षक गन्तव्य हो किनकि, यहाँ यस पहिल्यै लगानी गरिरहेका विदेशी कम्पनीले लगानी थपिरहेका छन् । राजनीतिक अस्थिरताका कारण विगतमा केही समय समस्या भयो होला, तर नेपालमा लगानी गरेर प्रतिफलका लागि चिन्तित हुनुपर्ने अवस्था छैन । नेपालमा लगानी गरेर आम्दानी गरेपछि नाफा बाहिर लैजान पाइन्छ । हामीले बाहिर लैजाने रकम यहीं लगानी गर भन्दै आएका छौं । पुनर्लगानीका लागि सरकारले थप सुविधाहरू दिएको छ । अरुण तेस्रोको विकासकर्ताबाट तल्लो अरुणमा आएको लगानी हेरौं वा डाबर नेपालले गर्न लागेको थप लगानी, दुवै घटनाले यही पुष्टि गर्छ । डाबरको थप ९ अर्ब ६८ करोड रुपैयाँ लगानी गर्ने प्रस्ताव लगानी बोर्डबाट स्वीकृत भैसकेको छ ।

यसले पनि वास्तविक लगानीकर्ताहरूमा नेपालप्रतिको विश्वास छ भन्ने प्रस्ट पार्दछ । नेपाल वैदेशिक लगानीको लागि उपयुक्त गन्तव्य हो भन्ने हाल नेपालमा वैदेशिक लगानीका कम्पनीहरूले नै स्थापित गराएका छन् ।

### जलविद्युत् र सिमेन्टमा ठूलो फड्को

पछिल्लो समय खासगरी सिमेन्टमा नेपालमा नयाँ प्रविधि भित्रिएको छ, यसको मूल्य घटेको छ । आकर्षक प्याकेजिङ र निर्धारित गुणस्तर कायम भएको छ । ठूला लगानी भित्रिएकाले नै सिमेन्टमा नेपाल करिब आत्मनिर्भर भै निर्याततर्फ लाग्ने अवस्था बनेको छ । क्लिंकरमा आत्मनिर्भर भइसकेका छौं । हामीले उद्योगमा 'वेस्ट टु इनर्जी कम्पोनेन्ट' पनि राखेका छौं, उनीहरूले फोहोरबाटै विद्युत् उत्पादन गरिरहेका छन् । १४ अर्ब रुपैयाँको लगानी स्वीकृत गर्दा हामीले ७२ करोड रुपैयाँको विद्युत् उत्पादन उपकरण जडान गर्न आग्रह गऱ्यौं । 'वेस्ट टु इनर्जी' प्रणालीमार्फत् दुई सिमेन्ट उद्योगमध्ये एउटाले ११ मेगावाट र



**सहरी क्षेत्रमा सडक र पहाडी तथा हिमाली क्षेत्रमा केबलकारलाई व्यावसायिक यातायात परियोजनाको रूपमा अघि बढाउन सकिन्छ । केबलकारलाई पर्यटकीय प्रयोजनमात्र नभएर व्यावसायिक यातायातको रूपमा प्रयोग गर्न सकिन्छ ।**

अर्कोले ७ मेगावाट विद्युत् उत्पादनको प्लान्ट राखेका छन् ।

भोटेकोसी, खिम्ती जलविद्युत् परियोजनामा आन्तरिक खपतको लागि विदेशी लगानी भित्रिएको छ । ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारणलाइनजस्ता पूर्वाधारलगायत सबै कारणले नेपालमा लोडसेडिङ अन्त्य भएको हो । अहिले विद्युत् प्राधिकरणले गरेको पीपीएलाई बैंकहरूले पत्याइदिएकाले ऊर्जा क्षेत्रमा निजी क्षेत्रको बाहुल्य देखिएको हो । अबको वैदेशिक लगानी नेपालको आन्तरिक खपतका लागि नभई निर्यातको लागि केन्द्रित हुनु आवश्यक छ । पीपीपी मोडलमा निर्माण गरिएका यी परियोजनाबाट हामीलाई सुरुआती चरणमा निःशुल्क ऊर्जाको लाभ त छँदैछ, ३० वर्षपछि ती परियोजना हाम्रै मातहत आउने छन् । हामीले दृष्टिगत गर्नुपर्ने एउटा महत्वपूर्ण पक्ष के हो भने, निर्यातको सुनिश्चिततापछि मात्रै ठूला आयोजनामा लगानी भित्रिन्छ ।

हाम्रो बजार भारत, बंगलादेशजस्ता छिमेकी नै हुन् । अरुण ३, तल्लो अरुण, माथिल्लो त्रिशूली १, पश्चिम सेती, माथिल्लो कर्णाली सफल हुनासाथ नेपालले ठूलै फड्को मार्ने निश्चित छ । विद्युत्मा आन्तरिक प्रवर्द्धनसँगै निर्यातका लागि प्रसारणलाइन आवश्यक हुन्छ । अन्तर्देशीय (क्रसबोर्डर) प्रसारणलाइन ढल्केबर-मुजफ्फरपुर, बुटवल-गोरखपुर मात्रै भएर पुग्दैन, लम्की-बरेली पनि आवश्यक छ । राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले प्राथमिकताका साथ सेती नदी करिडोरको विद्युत्लाई लक्षित गर्दै प्रसारणलाइन निर्माण कार्य अघि बढाउन लागेको छ ।

**अबका प्राथमिकता**

जलविद्युत्मा सार्वजनिक-निजी साझेदारीमा लगानी भइरहेको छ । यसको यसको अर्थ जलविद्युत्मा विदेशी लगानीका अतिरिक्त स्वदेशी लगानी पनि विस्तार भइरहेको छ । लगानी बोर्डले रूपान्तरणकारी परियोजनाहरूमा गरिने लगानीलाई मुख्य प्राथमिकतामा राखेको छ । उत्पादन र सेवा क्षेत्रका परियोजनालाई पनि हामीले त्यत्तिकै ध्यान दिएका छौं । त्यसमा स्वच्छ यातायात (क्लिन ट्रान्सपोर्ट) पनि पर्छ । सहरी क्षेत्रमा सडक र पहाडी तथा हिमाली क्षेत्रमा केबलकारलाई व्यावसायिक यातायात परियोजनाको रूपमा अघि बढाउन सकिन्छ । केबलकारलाई पर्यटकीय प्रयोजनमात्र नभएर व्यावसायिक यातायातको रुपमा प्रयोग गर्न सकिन्छ । विकास निर्माणसँगै वातावरण संरक्षण आवश्यक हुन्छ । सबै डाँडामा बाटो मात्रै खनेर विकास हुँदैन । यातायात क्षेत्रको व्यवस्थापनको लागि केबलकार जस्ता विकल्पमा जानुपर्छ ।

सहरी परिवहनलाई व्यवस्थित गर्न ईबीआरटी (इलेक्ट्रिक बस र्‍यापिड ट्रान्जिट) सञ्चालन गर्न सकिन्छ । त्यसमा एउटा आयोजनाको सम्भाव्यता अध्ययन र अर्को आयोजनाको पूर्वसम्भाव्यता अध्ययनको काम भइसकेको छ । सहरी परिवहनलाई सहज र सुलभ बनाउन नेपालले अब मेट्रोरेलका सम्बन्धमा पनि घोत्लिनुपर्ने बेला आएको छ । सडक र यातायातमा ठूलो लगानी भित्रिन सकिरहेको छैन । त्यसलाई लगानीयोग्य बनाउन सहुलियत ऋण, न्यून परिपूर्ति कोष (भीजीएफ) लगायतका

विकल्पलाई निजी लगानीसँग आवद्ध गर्नुपर्छ । सडक तथा यातायात पूर्वाधारमा पहिला २ वटा टेन्डर आह्वान भएको थियो । बुट मोडलमा निर्माण गर्नेगरी काठमाडौं-निजगढ द्रुतमार्ग बनाउने तयारी गरेका थियौं । थुप्रै गृहकार्य गरिए पनि अन्तिममा त्यो कुरा टुंगिएन । त्यसमा तथ्यसंगत कारण छ । विकासकर्ता आइसकेपछि उसले निश्चित प्रतिफल खोज्छ नै । दोस्रो, जोखिम व्यवस्थापन ग्यारेन्टी खोजिन्छ । अनुमानित प्रतिफलका लागि यात्रु आवागमन, कार्गो आवतजावतको सम्बन्धमा हाम्रो एकीकृत र व्यवस्थित तथ्यांक नै छैन । उचित तथ्यांकको अभावमा यस्ता परियोजना धेरै 'रोलआउट' गर्न सकिँदैन । नेपाललाई अत्यावश्यक, दीर्घकालसम्म सहयोग पुग्ने परियोजना हो र बनाउन सहुलियत ऋण वा न्यूनपरिपूर्ति कोषमार्फत् विकासकर्तालाई निश्चित प्रतिफल सुनिश्चितता गरिदिएर पीपीपी मोडलमा बनाउन सकिन्छ ।

दोस्रोमा 'इन्टिग्रेटेड अप्रोच'को रुपमा पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिँदा हामीले बढी आर्जन गर्न सक्छौं । पोखरा घुम्ने पर्यटक औसतमा २ दिन बस्छ भने त्यसलाई लम्ब्याएर ५ दिन पुऱ्याउन के-के गर्न सकिन्छ, कस्ता पर्यटकीय पूर्वाधार चाहिन्छ ? पोखरा घुम्न जाँदा बीचमा रमाउने अरु क्षेत्र विकास गर्न सकिन्छ होला ? समन्वयात्मक र परिपूरक हुने गरी हामीले सोच्नुपर्छ । नेपालमा आरोहणसम्बन्धी, धार्मिक र पर्यावरणीय पर्यटक भित्रिने गरेका छन् । तीमध्ये केही ध्यान गररै १ महिना बस्न चाहन्छन् होला । त्यसकारण सबैको लागि उपयुक्त क्षेत्र हुनुपर्छ । जनकपुर सीताको जन्मभूमि भएकाले त्यसलाई 'वेडिङ डेस्टिनेसन'को रुपमा विकास गर्न बोर्डले जानकी हेरिटेज होटल एन्ड कल्चरल भिलेजको अवधारणासहित सम्भाव्यता अध्ययन गरेको छ । त्यस्तै, बुद्धको जन्मभूमि लुम्बिनी नजिकै बुद्ध प्रसूति अस्पताल बनाउने सोचसहित परियोजनाको सम्भाव्यता अध्ययन अघि बढाएका छौं । सातै प्रदेशमा पर्यटनको लाभ हासिल हुने गरी समानुपातिक विकासको अवधारणालाई त्यत्तिकै महत्व दिएका छौं ।

त्यसबाहेक कुल गार्हस्थ्य उत्पादनमा २५.८ प्रतिशत योगदान गरेको कृषि क्षेत्रमा ध्यान दिनुपर्छ । कृषि प्रशोधन, प्याकेजिङ र ब्रान्डिङमा ध्यान दिनुपर्छ । साथै, सूचना र प्रविधिको क्षेत्रमा लगानी बढाउनुपर्छ । ९० प्रतिशत इन्टरनेट पहुँच भैसकेकोमा बिजनेस प्रोसेस आउटसोर्सिङ, सफ्टवेयर विकास, डिजिटल भुक्तानी पूर्वाधार, डाटा सेन्टर, आर्टिफिसियल इन्टेलिजेन्स, रोबोटिक्स र एनिमेसन अवसरका क्षेत्र हुन् ।

### आत्मनिर्भर अर्थतन्त्रको लागि गर्नुपर्ने काम

आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने भनिरहँदा कुन-कुन क्षेत्र बढी लाभदायक छ भन्ने स्पष्ट हुनुपर्छ । ३ करोड जनसंख्या भनेको आफैमा सानो बजार होइन । नेपालको आयात १९ खर्ब २० अर्ब रहँदा निर्यात २ खर्बमात्रै छ । वैदेशिक व्यापारघाटा वार्षिक १७ खर्ब २० अर्ब रुपैयाँ पुगेको छ ।

उदाहरणका लागि, डाबर नेपालले थप लगानी गर्दा ६२ प्रतिशत निर्यात गर्ने प्रस्ताव गरेको छ । ३८ प्रतिशत नेपाली बजारमै खपत हुँदा विदेशबाट आयात अवश्य कम हुन्छ । हाम्रा छिमेकी भारत र चीनको बजारमा निर्यात गर्न सकिने गरी उद्योगमा लगानी बढाउनुपर्छ ।

**आधारभूत पूर्वाधारमा राज्यले मापदण्ड बनाउनुपर्छ । यसले नेपालमा लगानी गर्ने कम्पनीलाई सहज हुन्छ । सरकारको सहयोगविना पीपीपीका परियोजना अघि बढ्न सक्दैनन् ।**

विश्वको उत्पादन मोडल हेर्दा एकै ठाउँमा सम्पूर्ण वस्तु बन्दैन । भारतमा भएका उद्योगलाई सहयोग पुग्ने कच्चा पदार्थ वा पार्ट्सको रुपमा कुनै वस्तु उत्पादन गर्न सकिन्छ, यसरी हामी बाह्य मुलुकका उद्योगका मूल्य शृंखलामा समाहित हुन सक्छौं । नेपालले बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सम्झौतामार्फत् सुनिश्चित गरेका बजारका सम्भावना उपयोग गर्ने गरी औद्योगिक क्षेत्रमा लगानी भित्राउन सकिने सम्भावना छ ।

सबै किसिमका परियोजनामा विदेशी लगानी नभित्रिनुमा प्रतिफलको सुनिश्चितता नहुनु हो । प्रतिफल सुनिश्चित नभएका परियोजनामा न्यून परिपूर्ति कोष (भायबिलिटी ग्याप) को व्यवस्था कसरी गर्ने भन्नेमा ध्यान दिनु जरुरी छ । नेपालको आत्मनिर्भर अर्थतन्त्रको लागि आयात प्रतिस्थापन र निर्यात अभिवृद्धि अत्यावश्यक कदम हो । नेपालमा उद्योग स्थापना भएर चीन, भारतलगायतका देशमा निर्यात गर्न सके व्यापारघाटा न्यूनीकरण गर्न सकिन्छ ।

### पूर्वतयारी अझै कमजोर

परियोजना निर्माणपूर्व हुने तयारीको काम अझै प्रभावकारी हुन सकेको छैन । प्रत्यक्ष लगानी गर्नेले आयोजना र मोडलसहित प्रस्ताव गरेका हुन्छन् । बोर्डले स्क्रिनिङ गरेर स्वीकृत गर्छ । सार्वजनिक निजी साझेदारीको लागि परियोजनाका आधारमा लगानीकर्तासमक्ष लगानी आह्वान गर्न सकिन्छ । परियोजना सोकेस र सूचीकृत गर्दा आर्थिक पाटो मात्रै नभई वित्तीय विश्लेषण पनि भइसकेको हुनुपर्छ । अनुमानित जोखिम कति छ, त्यसलाई न्यूनीकरण कसरी गर्न सकिन्छ, ग्यारेन्टी संयन्त्र के हुन्छ, जोखिम वहन व्यवस्थापन के हुन्छ, नाफा कति हुन्छ, परियोजना आकर्षक छैन भने त्यसलाई के सहुलियत दिएर आकर्षित गर्न सकिन्छ भन्ने जस्ता कुरा नसोची प्रस्ताव माग गर्न सकिँदैन ।

आधारभूत पूर्वाधारमा राज्यले मापदण्ड बनाउनुपर्छ । यसले नेपालमा लगानी गर्ने कम्पनीलाई सहज हुन्छ। सरकारको सहयोगविना पीपीपीका परियोजना अघि बढ्न सक्दैनन् । हामी सहजीकरण गरिदिन्छौं, प्लान्ट बन्नुपूर्व नै विद्युत् वा सडक बनिसक्छ भन्ने अनुभूति दिलाउनुपर्छ । राज्यले एकीकृत जाँचचौकी, औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, औद्यौगिक पार्क निर्माण गरिरहेको छ । लगानी सम्बन्धी नीति, त्यसको सञ्चालन ढाँचामा प्रष्ट हुनुपर्छ । कुन क्षेत्रमा कस्ताखालका उद्योग आएर बस्ने हुन् ? साना उद्योग कहाँ बस्ने, मझौला कहाँ बस्ने र ठूला कहाँ भन्ने नै स्पष्ट छैन । यी सबै पक्षलाई परियोजनाको ढाँचा बनाएर औद्योगिक विकास गर्नुपर्छ । आर्थिक प्रोत्साहन र सुविधामा स्पष्टता आवश्यक छ ।

### क्षेत्रगत विकासमा स्पष्टता

के नेपालका लागि सार्वजनिक निजी साझेदारी उपयुक्त हो ? कुनमा निजी लगानी अर्थात् प्रत्यक्ष लगानी ठीक हुन्छ ? स्वदेशी र विदेशी साझेदारीका लगानी कस्ता क्षेत्रमा ठीक हुन्छ भन्नेमा हामी स्पष्ट हुनुपर्छ । त्यसका लागि नतिजामा आधारित फ्रेमवर्क आवश्यक छ । लगानी बोर्डले परिणाममा आधारित ढाँचा लागु गरेको छ । अन्यत्र पनि यस्तौ संयन्त्र आवश्यक छ ।

लक्ष्यउन्मुख हुन हामी कार्यविधि र पूर्वतयारीमा एकदमै कमजोर छौं । ठूला आयोजना कसरी बनाउने भन्नेमा स्पष्ट छैनौं । लगानीकर्ता कसरी भित्राउने, वित्तीय व्यवस्था कसरी गर्ने ? सम्झौता गरेर निर्माण सुरु गर्न ४ देखि ५ वर्ष लाग्छ । लगानीकर्तामा अनिश्चितता र अविश्वसनीयता रहन्जेल लगानी गर्न कोही पनि आउँदैनन् । प्रक्रियागत झन्झट रहनुहुँदैन र कुन प्रक्रिया कति दिनमा सकिन्छ स्पष्ट भन्न सक्नुपर्छ । लगानी बोर्डले लगानीकर्तालाई यी सम्पूर्ण व्यावसायिक चक्रमा सहजता प्रदान गरिरहेको छ ।

*भट्ट लगानी बोर्ड नेपाल प्रमुख कार्यकारी अधिकृत हुन् ।*





| शेखर गोल्छा

# आत्मनिर्भर अर्थतन्त्रको नेतृत्व निजी क्षेत्रले गर्नुपर्छ

**नेपालमा पनि खुला अर्थनीतिको अवलम्बन गरिएको ३० वर्ष नाघेको छ । २०४८ को उदारीकरणपछि २०५१ मा आर्थिक वृद्धिदर ७.६ प्रतिशत पुग्यो । जुन त्यतिबेलासम्मको सबैभन्दा उच्च वृद्धि थियो ।**

नेपालमा आत्मनिर्भर अर्थतन्त्रको बहस बेलाबेलामा हुने गरेको छ । पछिल्लो समय भूकम्प, नाकाबन्दी र कोभिड-१९ को महामारीका बेला यसको चर्चा बढी भयो । आत्मनिर्भताको बहस समस्या पर्दा गर्न थालिन्छ र समाधान हुँदै जादा बिलाउँदै जान्छ ।

वर्तमान विश्वमा पूर्ण आत्मनिर्भरता सम्भव छैन । सबै मागको सम्पूर्ण उत्पादन एकै देशमा सम्भव छैन । त्यसैले खुला व्यापारको आवश्यकता तीनसय वर्षदेखि चर्चामा आएको र त्यसलाई धेरै मुलुकले अवलम्बन गर्दै आइरहेका छन् । नेपालमा पनि खुला अर्थनीतिको अवलम्बन गरिएको ३० वर्ष नाघेको छ । २०४८ को उदारीकरणपछि २०५१ मा आर्थिक वृद्धिदर ७.६ प्रतिशत पुग्यो । जुन त्यतिबेलासम्मको सबैभन्दा उच्च वृद्धि थियो । यो रेकर्ड २०७२ मा नया संविधान जारी भएपछि मात्रै टुटेको हो ।

तर आमबुझाइमा उदारीकरण वस्तु आयातका लागि मात्रै भएको भन्ने छ । सन् २००४ मा विश्व व्यापार संगठनको

सदस्यता लिएयता व्यापार घाटा करिब १८ गुणा बढ्नुले पनि यसलाई पुष्टि गरेको छ। यी १८ वर्षको तथ्यांक हेर्ने हो भने, आयात तीव्र गतिमा उकालो लागेको छ भने निर्यातको रेखा सीधा छ।

त्यसैले अब हामी फरक ढंगबाट सोच्नुपर्ने अवस्था आएको छ। संरचनागत सुधार नै गुर्नपर्ने आवश्यकता देखिएको छ। किनभने, अहिलेसम्मका हाम्रा प्रयासले अपेक्षाकृत प्रतिफल दिन सकेन। त्यसैले नेपाल उद्योग वाणिज्य महासंघले गत वर्ष राष्ट्रिय आर्थिक रुपान्तरण (नेट २०३०) सार्वजनिक गरेको छ। जुन महासंघको भिजन पेपर पनि हो। यो कठिन अवस्थामा सार्वजनिक भएको मुलुकको अर्थतन्त्रको रुपान्तरण गर्न सकिने दरिलो दस्तावेज हो। पछिल्ला साढे दुईवर्ष हाम्रा लागि कष्टकर रहे। यी वर्षमा हामी कहिल्यै नभोगेको महामारीको चपेटामा पर्‍यौं। महामारी नियन्त्रणका लागि गरिएको लकडाउन (बन्दाबन्दी)ले महासंघको वार्षिक साधारणसभा समेत आठमहिना पर सर्‍यो।

कोभिडको दोस्रो लहर हाम्रा लागि निकै सकसपूर्ण रह्यो। हामीले कतिपय मित्र र आफन्त गुमाउनुपर्‍यो। अस्पतालमा शचया, अक्सिजन अभावलगायतले हामी आक्रान्त बन्यौं। महामारीका बेला सामानको नियमित आपूर्ति भयो। आयातमा अवरोध भएर अत्यधिक मूल्यवृद्धि हुने अवस्था बनेन। श्रमिकहरूलाई हामीले बोझ हुन दिएनौं। संयुक्त राष्ट्र संघ र सरकारले गरेको एक अध्ययनले निजी क्षेत्र अत्यन्त जिम्मेवार रहेको प्रतिवेदन नै सार्वजनिक गरेको छ।

कोभिडको दोस्रो लहर सुरु हुनै लाग्दा गत वर्षको महासंघको साधारणसभामा हामीले मुलुकले १० वर्षमा अवलम्बन गर्नुपर्ने आर्थिक नीति तयार पार्‍यौं। १० वर्षमा गर्न सकिने काम र त्यसबाट हासिल हुन सक्ने उपलब्धिसहितको राष्ट्रिय आर्थिक रूपान्तरण (नेट २०३०) हामीले तयार पारेका हौं। गत वर्ष ३५ अर्ब डलर हाराहारी रहेको अर्थतन्त्रलाई १० वर्षमा एक सय अर्ब डलरको पुर्‍याउने कार्ययोजना यो दस्तावेजमा छ। कुल गार्हस्थ्य उत्पादन र व्यापार घाटाबीचको अनुपात आधा घटाउन सक्ने सम्भावना यहाँ पहिल्याइएको छ। औपचारिक निजी क्षेत्रमा सजिलै थप २२ लाख जनशक्तिलाई रोजगारी दिन सक्ने आधार छन्। यसका लागि १० प्राथमिकता प्राप्त क्षेत्र र एक सय योजना पहिचान गरिसकिएको छ।

धेरैको मनमा थियो– यस्ता दस्तावेज त बन्छन्, थन्किन्छन्। हामीलाई पनि चिन्ता लागेको थियो– कोभिड महामारीको बीचमा हामीले आँट त गर्‍यौं। तर यसलाई कार्यान्वयन गर्न सकिएला कि नसकिएला ? तर हामी यो एक वर्ष सुस्ताएनौं। कोभिडको दोस्रो लहरकैबीच आएको चालु आर्थिक वर्षको बजेटमा हामीले भिजन पेपरकै अधीनमा रही सुझाव दियौं। हाम्रा करिब ६० प्रतिशत सुझाव समावेश भए पनि।

जस्तो कि, स्टार्टअप कोष। हामीले '५० लगानीकर्ता, ५० स्टार्टअप' कार्यक्रमअन्तर्गत सरकारसँग नीतिको स्पष्टता र सरकारी अग्रसरता मागेका थियौं। नीति बन्दै छ, जसमा हाम्रो सहकार्य छ। हामीले साना तथा मझौला उद्यमीलाई परियोजना धितो कर्जाका लागि पैरवी गर्‍यौं। अहिले परियोजना धितोमै २५ लाख रुपैयाँसम्म कर्जा दिने व्यवस्था यसमा समावेश छ।

यो रकमले नपुग्ने हुँदा बैंक वित्तीय संस्थाले थप रकम पनि कर्जा दिन सकिने सम्भावनासहितको प्रतिवेदन तयार पारी हामीले राष्ट्र बैंकमा बुझाएका छौं। हाम्रो पहलमा भएको व्यवस्था, एक करोड रुपैयाँसम्मको कर्जामा दुई प्रतिशत मात्रै प्रिमियम लिन पाउने कुरालाई हामीले सकारात्मक रूपमा लिएका छौं।

महासंघभित्र '५० लगानीकर्ता, ५० स्टार्टअपअन्तर्गत करिब १५ जना युवा उद्यमी छानिइसकेका छन्। यसमा सम्झौता हुन थालेको छ। यस वर्ष लघु घरेलु तथा साना उद्योगको सहजीकरणमा हामी विशेष केन्द्रित भयौं। साना तथा मझौला उद्यमीलाई वित्तीय सेवा सहजताका लागि बैंकर्स संघ र विकास बैंक संघसँग सम्झौता भएको छ। सोही आधारमा साना लघु घरेलु उद्यमीले कर्जा वा अन्य बैंकिङ सेवा लिँदा पुर्‍याउनुपर्ने प्रक्रिया समेटिएको व्यवसाय सञ्चालन सहयोगी पुस्तिका सार्वजनिक भएको छ। यसबाट व्यवसाय सुरु गरेदेखि अन्त्यसम्म अवलम्बन गर्नुपर्ने प्रक्रिया र आवश्यक कागजातबारे जानकारी प्राप्त हुनेछ। यसको परिमार्जित पुस्तक पनि प्रकाशित भैसकेको छ।

अब बैंकहरूबाट ऋण लिँदा आवश्यक कागजात यहाँहरूकै मोबाइल वा कम्प्युटरमा अपलोड गरी सेवा लिन सक्ने गरी सफ्टवेयर तयार हुँदै छ। यसले वित्तीय पहुँच बढाउन सहयोग पुग्ने विश्वास छ। नेपाल अति कम विकसित मुलुकबाट सन् २०२६ मा स्तरोन्नति हुने भएको छ। तर यसले अन्तर्राष्ट्रिय व्यापार विशेषगरी युरोप, अमेरिका र क्यानडा जस्ता मुलुकमा हुने निर्यात प्रभावित हुनेछ। साना तथा मझौला उद्यमी यसबाट पनि प्रभावित हुनेछन्। यसबाट निजी क्षेत्रलाई पर्ने प्रभावसम्बन्धी अध्ययन सार्वजनिक गरेका छौं। यो निजी क्षेत्रबाट तयार पारिएको पहिलो दस्तावेज हो। मलाई खुसी लागेको छ, सरकारले तयार पारिरहेको रणनीतिमा यो महत्वपूर्ण सन्दर्भ भएको छ।

हामी चाहन्छौं– स्तरोन्नतिबाट सबैभन्दा बढी निजी क्षेत्र प्रभावित हुने भएकाले सरकारको सहकार्य र हाम्रो नेतृत्वमा नीति बनोस्। मुख्य कर्ता रणनीतिको साक्षी मात्रै बस्दा विगतमा उपलब्धि हासिल हुन सकेन। हामीले व्यावसायिक विस्तारमा अवरोध भएका प्रावधानसहित १४ वटा कानुनको तीनमहल बनाएका छौं। ९ वटा कानुनमा सबै छलफल गरी हामी सम्बन्धित निकायमा बुझाउन तयार छौं।

विदेशी लगानीलाई सहजीकरण गर्न महासंघमा 'एफएनसीसीआई एफडीआई हेल्प डेस्क' स्थापना भएको छ। वर्षको जम्मा २० अर्ब रुपैयाँमात्रै विदेशी लगानी आइरहेको सन्दर्भमा निजी क्षेत्रले लगानी डोर्‍याउन पहल गरिएको हो। अब विदेशी लगानीलाई निर्यातसँग पनि जोडनु आवश्यक छ। दुईदशकमा अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको हिस्सा १२ बाट ५ प्रतिशतमा झरेको छ। यसैगरी हामीले उत्पादनमूलक उद्योग विस्तारको अवरोधका रूपमा देखेका समस्या र समाधानसहितको प्रतिवेदन तयार भएको छ। महासंघको भिजन पेपर र सरकारले हरेक वर्ष बजेटमा समावेश गर्ने कार्यक्रमको संयुक्त कार्यान्वयनका लागि साउन २६ गते सरकारसँग समझदारीपत्रमा हस्ताक्षर भएको छ। यो ऐतिहासिक काम हो।

यसै अन्तर्गत हाम्रो सहयोगमा सरकारले स्टार्टअप नीतिको मस्यौदा तयार पारेको छ। यसलाई सरकारले छिट्टै पारित गर्ने विश्वास छ। यससँगै प्रदेश तहमा इन्कुभेसन सेन्टर स्थापना गरेर युवा उद्यमीहरूलाई सहयोग गरिनुपर्छ। सानोसानो प्रयासबाट ठूलो हुने हो। साना उद्यमीले नै ठूलो अर्थतन्त्र बनाउने हुन्। हाम्रो अर्थतन्त्र नै सानो छ। हामीले सम्पत्ति निर्माणमा कहिल्यै जोड दिएनौं। वितरणलाई राजनीतिक उपलब्धिको मानक मान्यौं। राजस्व उठ्तीलाई सफलता मान्यौं।

निजी क्षेत्रलाई राजस्वको स्रोतका रूपमा मात्र हेरियो। विकासको साझेदार मान्न सकिएन। निजी क्षेत्रलाई सम्पत्ति निर्माण गर्ने बलियो खम्बाका रूपमा लिन सकेनौं। सरकारी दस्तावेजमै भनिएको छ– पुँजी निर्माणमा निजी क्षेत्रको योगदान ७५ प्रतिशत छ। सरकारी दस्तावेजले नै भन्छ,– ७५ प्रतिशत रोजगारी निजी क्षेत्रले दिइरहेको छ। त्यसैले हामी सबै सरोकारवालासँग सार्थक सहकार्य खोजिरहेका छौं। हामीलाई थाहा छ, हामी संकटोन्मुख छौं। तर संकटग्रस्त भइसकेका छैनौं। मलाई विश्वास छ, अहिलेको संकट केही महिनामा टर्छ। विगतमा भूकम्प र अहिले कोभिडपछिको उत्थानबाट हामीले देखिसकेका छौं– हामी सक्छौं। मैले पोहोर पनि भनेको थिएँ– 'हामी उठ्न सक्छौं, हिँड्न सक्छौं। तर दौडिन सक्दैनौं।' नेपालको निजी क्षेत्र यस पटक दौडिन खोजेको थियो। तर हाम्रो अर्थतन्त्रले थेग्न सकेन।

६ प्रतिशत हाराहारी वृद्धि हुनेबित्तिकै हामीकहाँ तरलता अभाव भइहाल्छ। किनभने हाम्रो आम्दानीको स्रोत रेमिट्यान्स मात्रै भयो। निर्यात ९० प्रतिशत हाराहारी बढे पनि यसको आधार नै निकै सानो छ। वैदेशिक लगानी औसतमा वार्षिक २० अर्ब रुपैयाँमात्रै आउँछ। वैदेशिक सहायताको ग्राफ भूकम्पपछिको पुनर्निर्माणका बेलाबाहेक सीधा छ। कोभिडपछि पर्यटन आय ८० प्रतिशत घटेको छ। रेमिट्यान्स आप्रवाह र वस्तु व्यापार घाटाबीचको फरक ७०० अर्ब रुपैयाँ पुगिसकेको छ। यसको अर्थ अब रेमिट्यान्सले घाटा थेग्न सक्दैन भन्ने हो।

त्यसैले अब निजी क्षेत्र अर्थतन्त्रलाई डोर्‍याउन तयार भएर बसेको छ। हामी नेतृत्व लिन तयार छौं। म यहाँ पनि महासंघको पछिल्लो साधारणसभामा भनेको कुरा दोहोर्‍याउन चाहन्छु। हामी लगानी गर्छौं, प्रक्रिया सहज बनाइदिनुहोस्। हामी उत्पादन गर्छौं, अवरोध नगरिदिनुहोस्। हामी रोजगारी दिन्छौं, सहजीकरण गरिदिनुहोस्। हामी निर्यात गर्छौं, प्रोत्साहन गरिदिनुहोस्। हामी पर्यटक ल्याउँछौं, स्वागत गरिदिनुहोस्। हामी राजस्व बुझाउँछौं, अपमान नगरिदिनुहोस्।

*गोल्छा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन्।*




। चन्द्र घिमिरे

# नेपाल–भारत व्यापार, आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार

**दुवै कोणबाट हेर्दा विश्वअर्थतन्त्रको एक महाशक्ति बन्ने दौडमा रहेको भारतीय अर्थतन्त्रबाट नेपाली अर्थतन्त्रमाथि पर्ने प्रभावको एक रोमाञ्चकारी नीतिगत अध्ययन हुन सक्छ । भारत नेपालको सबैभन्दा पुरानो व्यापार साझेदार मुलुक हो ।**

ठूलो अर्थतन्त्र छेउ सानो अर्थतन्त्र बस्दा दुवै खाले प्रभाव पर्छ । पहिलो, ठूलो रुखमुनि साना बोटबिरुवालाई लागे जस्तै सेप लाग्ने । दोश्रो, ठूलो अर्थतन्त्रले फड्को मार्दा सानो अर्थतन्त्रमा पनि सोको आर्थिक वृद्धिको बाछिट्टा पर्ने । यी दुवै कोणबाट हेर्दा विश्व अर्थतन्त्रको एक महाशक्ति बन्ने दौडमा लागेको भारतीय अर्थतन्त्रबाट नेपाली अर्थतन्त्रमाथि पर्ने प्रभाव एक रोमान्चकारी नीतिगत अध्ययन हुन सक्छ ।

भारत नेपालको सबैभन्दा पुरानो व्यापार साझेदार मुलुक हो । अंग्रेजको आगमन अघि परापूर्व कालदेखि दुई देशबिच व्यापार चल्दै थियो । भनिन्छ, त्यो समय खासगरी मल्लकालमा एकातिर भारत र दक्षिण एशिया र अर्कोतिर चीन, तिब्बत र मंगोलियाबिच नेपाल ट्रान्जिट मुलुक रह्यो । सिल्कमार्गका रुपमा चिनिने ऊ बेलाको भूमण्डलीकरणमा नेपाल बलियोसँग आवद्ध थियो । यो सक्रियताले गर्दा नेपालको अर्थतन्त्र त्यो बेला बलियो

रहेको तथ्य राज्यले मठमन्दिर, दरबार, मूर्तिकला, कला संस्कृतिको विकासमा गरेको उदार लगानीबाट पुष्टि हुन्छ ।

ईष्ट ईण्डिया कम्पनीको रुपमा भारतमा अंग्रेज आगमन भएपश्चात नेपालको व्यापारमा संकुचन आउन थाल्यो । सन् १९४७ मा भारत ब्रिटिश उपनिवेशबाट मुक्त भएपछि पहिलो पल्ट औपचारिक रुपमा नेपाल-भारतबिच वाणिज्य तथा पारवहन सन्धी सन् १९५० मा गरियो । तत्पश्चात बेलाबेलामा कि नयाँ वाणिज्य तथा पारवहन सन्धी कि त तिनैको नविकरण हुँदै आएको छ । पछिल्लो समयमा सन् २००९ मा भारतसँग गरिएको व्यापार र पारवहन सन्धीहरू प्रयोगमा छन् ।

अन्तरनिर्भरताको अहिलेको युगमा टिक्नका लागि पनि हरेक मुलुकले चालु खाता र शोधनान्तर स्थिती सन्तुलित राख्नै पर्छ । देशमा उत्पादन नहुने वस्तु, सेवा तथा बौद्धीक सम्पती बाह्य जगतबाट आयात गर्न राष्ट्रिय वालेटमा पर्याप्त विदेशी मुद्रा हुनै पर्छ । नेपाल राष्ट्र बैंकको तथ्यांकबमोजिम जुलाई २०२२ मा विदेशी मुद्राको संचिती थोरै सुधिएर झण्डै ९५४ करोड डलर पुगेको छ । यो भनेको केवल ६.९४ महिनाको कूल आयातलाई धान्ने विदेशी मुद्राको संचिती नेपालसँग उपलब्ध छ । केही समय यता नेपालको अर्थतन्त्र संकटोन्मुख भएको यीनीहरूको व्यवस्थापनमा आएको विचलनले हो । परिणामत: अर्थतन्त्रमा तरलताको अभाव छाएको र विलासिताका वस्तुहरूको आयातमा कडाइ अझै जारी छ ।

सबै वस्तु वा सेवामा आत्मनिर्भरता खोजिनु व्यवहारिक हुन्न । तर तुलनात्मक लाभ (Comparative Advantage) उपलब्ध भएका बढीभन्दा बढी वस्तु र सेवाको उत्पादनमा प्रतिस्पर्धी (Competitive) क्षमतासहित आत्मनिर्भर हुनैपर्छ । तबमात्रै बाह्य पक्षबाट अर्थतन्त्र दिगो हुन्छ । विदेशी संचितीमा दिगो रुपमा योगदान दिने एक भरपर्दो क्षेत्र निर्यात व्यापार हो । तर के नेपाली अर्थतन्त्रले भारतसँगको व्यापारबाट लाभ लिन सकेको छ ? के यसमा नेपाल-भारत वाणिज्य सन्धी सहयोगी हुन सकेको छ ? यसमा रहेका मूलभूत: समस्याहरू के के हुन ? कसरी नेपाल-भारत व्यापारमा नेपालको पनि जित जुराउन सकिन्छ ? यी र यस्ता सवालहरूमा यो लेख केन्द्रित छ ।

**अवस्था विश्लेषण**

भारत नेपालको सबैभन्दा ठूलो निर्यात गन्तव्य हो जहाँ नेपालले गत आ.व. ०७८/७९ मा करीब रु.१५५.२२ अर्ब अर्थात कूल भारत निर्यातको ७८ प्रतिशत हिस्सा ओगट्यो । तलको तालिका १ अनुसार आ.व.२०७८/७९ मा नेपालले भारतबाट रु.१२.१५ अर्ब बराबर आयात गर्‍यो । देशको कूल आयातमा यसको अंश करीब ६२.५ प्रतिशत हुन आउँछ । भारतबाट आयातित वस्तुहरूबाट नेपाली उत्पादनमाथि सकारात्मक मात्रै हैन, नकारात्मक प्रभाव पनि परेको अनुमान होला । तर यो अनुसन्धानको विषय हो ।

भारतका लागि पनि नेपाल कम महत्वपूर्ण छैन । सन् २०२१ मा भारतको ९वौं ठूलो निर्यात गन्तव्य नेपाल बनिसकेको छ (क्तवतष्कतब) । त्यस्तै भारतीय वाणिज्य विभागको तथ्यांक अनुसार सन् २०२१/२२ मा भारतले गरेको कूल व्यापारको नेपालसँगको हिस्सा १.०६ प्रतिशत थियो भने नेपालबाट हुने आयात भारतको कूल आयातमा केवल ०.२२ प्रतिशत रह्यो । यी तथ्यहरूले नेपाली निर्यातबाट भारतीय अर्थतन्त्रलाई नोक्सान हुने वा भएको तर्कमा दम देखिन्न ।

यसबीच एउटा सुखद खबर छ। माथि प्रस्तुत तालिका नं. १ ले भारतसँगको आयात-निर्यात अनुपात घट्दै गएको देखाउँछ। कुनै समयमा यो अनुपात अचाक्ली बढेर आ.व. मा २०७४/७५ मा १७.३८ सम्म पुगेथ्यो । यो अनुपातमा सुधार आउँदै गत आ.व. २०७८/७९ मा ७.७३ मा ओर्लिएको छ । तर यो सुधार कति दिगो छ ? बहस हुनपर्ने अर्को विषय यो हो ।

तल चित्र १ मा पछिल्लो ५ वर्षको अवस्थालाई केलाउँदा आ.व. २०७६/७७ मा आयातमा भारी गिरावट आएको देखिएथ्यो जुन खासमा कोभिड-१९ र लकडाउनको कारणले भएथ्यो । अन्य वर्षहरूमा आयातको ग्राफ लगातार उकालो चढेको देखिन्छ । तल चित्र २ ले पनि भारतसँगको आयात-निर्यात अनुपातका सम्बन्धमा आ.व. २०७४/७५ तिर यो अनुपात अल्गिएर हिमालको चुचुरोको आकार लिएको देखाउँछ । तथापी अहिले यो सुधारोन्मुख छ । तर यहाँ प्रश्न उठ्छ, के यसलाई दिगो बनाउन सकिएला ?

आयात र व्यापार घाटामा तिव्र रफ्तार हुँदाहुँदैपनि पछिल्ला समयमा नेपाली निर्यातमा सुधार देखिएको सत्य हो । केही अघिसम्म निकै कमजोर देखिएको भारततर्फको निर्यातले आ.व. २०७७/७८ र २०७८/७९ मा निकै फड्को मार्‍यो । ईतिहांसमै पहिलो पल्ट नेपालको भारत निर्यातले सो अघिल्लो वर्ष रु. १ खर्ब र पछिल्लो वर्ष रु. १.५५ खर्व अंक नघायो ।

**मूल समस्याहरू**

भारतसँग नेपालको पहिलो व्यापार समस्या वर्षेनी बढ्दै गएको व्यापार घाटा नै हो । पछिल्लो आ.व. २०७८/७९ मा नेपालले भोगेको कूल व्यापार घाटा रु. १७.२० खर्बमध्ये भारतसँग मात्रै रु.१०.४४ खर्व भोग्यो । कूल व्यापार घाटामा भारतसँगको हिस्सा करीब ६१ प्रतिशत रह्यो ।

भारतसँगको दोश्रो प्रमुख समस्या नेपालको निर्यात व्यापारको दिगोपना नै हो । संसारमै द्विपक्षिय व्यापार त्यो दिगो हुन्छ जहाँ व्यापार साझेदार मुलुकको निर्यात सुरक्षित हुन्छ । एउटाले कमाउने र अर्कोले गुमाउने व्यापार जोगाउन गाह्रो हुन्छ । भारततर्फको निर्यात कुन बेला के अत्तो थापेर रोकिने हो भन्ने त्रासमा आउन खोजेका लगानीपनि नेपाल आएनन । विगत र वर्तमानमा

**विदेशी मुद्रा सञ्चितिमा दिगो रूपमा योगदान दिने एक भरपर्दो क्षेत्र निर्यात व्यापार हो । तर के नेपाली अर्थतन्त्रले भारतसँगको व्यापारबाट लाभ लिन सकेको छ ? के यसमा नेपाल-भारत वाणिज्य सन्धि सहयोगी हुन सकेको छ ?**

**नेपालको भारतसँग आयात-निर्यात र व्यापार घाटा रकम रू.(करोडमा)**

चित्र १

| आर्थिक वर्ष | आयात | निर्यात | व्यापार घाटा | आयात/ निर्यात अनुपात |
|---|---|---|---|---|
| २०६८/६९ | २९,९३८.९६ | ४,९६१.६३ | २४,९७७.३३ | ६.०३ |
| २०६९/७० | ३६,७०३.१२ | ५,०९९.९८ | ३१,६०३.१४ | ७.२० |
| २०७०/७१ | ४७,७९४.७० | ५,९६१.३७ | ४१,८३३.३३ | ८.०२ |
| २०७१/७२ | ४९,१६५.५९ | ५,५८६.४६ | ४३,५७९.१३ | ८.८० |
| २०७२/७३ | ४७,७२१.२६ | ३,९४९.३७ | ४३,७७१.८९ | १२.०८ |
| २०७३/७४ | ६३,३६६.९६ | ४,१४४.९२ | ५९,२२२.०४ | १५.२९ |
| २०७४/७५ | ८०,९८१.४२ | ४,६६०.४८ | ७६,३२०.९४ | १७.३८ |
| २०७५/७६ | ९१,७९२.२२ | ६,२७३.१८ | ८५,५१९.०४ | १४.६३ |
| २०७६/७७ | ७३,५२९.४८ | ७,०१०.८९ | ६६,५१८.५९ | १०.४९ |
| २०७७/७८ | ९७,१६०.३९ | १०,६३७.२१ | ८६,५२३.१९ | ९.१३ |
| २०७८/७९ | १२,००१५.२७ | १५,५२२.२३ | १०४,४९३.०४ | ७.७३ |

*स्रोत: भन्सार विभाग, नेपाल सरकारको तथ्यांकका आधारमा लेखकबाट निर्मित ।*


यस्ता कैयन अवरोध भारततर्फबाट उभ्याउने काम भएको छ। तात्कालिन विदेशमन्त्री तथा प्रधानमन्त्री आइपी गुजरालको 'गुजराल डक्ट्रिन' को समय चल्दा सन् १९९६ मा नेपालसँग भारतले सबैभन्दा उदार व्यापार सम्झौता गरेको थियो। तर भारतीय उद्योगी व्यवसायी संगठनहरूको लबिङ्गमा पहिले विभिन्न अवरोधहरू सृजना गर्ने र पछि उक्त सन्धी नै बदल्ने कामहरू भए। हालैका वर्षहरूमा नेपाली चिया, अदुवा, तरकारी, अलैंची आदीले अवरोध झेले र झेलिरहेका छन्। नेपाली वस्तु भारत पठाउन सहज गर्ने गुणस्तर र सर्टिफिकेट सम्बन्धी प्रणाली नबसालेर जटिलता थप्ने, व्यापार सहजीकरणका लागि बनाईएका द्विपक्षिय संयन्त्रहरूलाई निष्क्रिय राख्ने र नेपाली साना उद्योगहरूको क्षमता विकासमा सहयोग गर्ने भनिएका प्रतिवद्धताहरू लागू नगरेका उदाहरणहरू समेत छन्। त्यसैगरी, भारतीय वस्तुहरूलाई जोगाउन नेपाली वस्तुहरू विरुद्ध एण्टीडम्पिङ्ग र सेफगार्ड साथै परिमाणात्मक बन्देज (Quantitative Restrictions-QR) लगाईएको पनि देखियो। यत्ता नेपालमा भने उपभोक्तालाई विषादीयुक्त तरकारीबाट बचाउन आयातमा विषादी जाँचको प्रावधान राख्दापनि सो लागू भएन।


नेपालको तेश्रो मुख्य समस्या नेपाल भित्रिने भारतीय कृषि उपजसम्बन्धी हो। सन् १९७८ मा भारतसँग गरेको वाणिज्य सन्धीको एउटा प्रावधानलाई टेकेर भारतीय कृषि उपजलाई नेपालले शून्य भन्सारको सुविधा दिँदै आएको छ। सानो नेपाली अर्थतन्त्रले धान्न नसक्ने यो प्रावधान नेपालको कृषि क्षेत्रका लागि निकै महँगो सावित भयो। संसारमै ठूला-साना मुलुकहरू कृषिमा प्रायश: अलिकति अनुदार व्यापार नीति अपनाउँछन्। कृषिलाई बचाउने मुद्दामा हामीबाट बेवास्ता भयो। राज्यबाट भारी सहयोग पाएका भारतीय कृषि उपज राज्यबाट कुनै सहयोग नपाएका नेपाली कृषि उपजको बजार लिन सस्तो मूल्यमा नेपाल सीमा आईपुग्छन्। त्यसमाथि त्यस्ता भारतीय उपजहरूले नेपालमा शून्य भन्सारमा प्रवेश पाउँदा नेपाली कृषि उपज आफ्नै बजारमा टिक्न नसकेर कृषिको पलायन जारी छ।

वाणिज्य र पारवहन सन्धी पुनरावलोकनको विषय चौथो समस्या हो। खासमा नेपालको व्यापार घाटालाई सम्बोधन गर्न पुनरावलोकन चाहिएको हो। विगतमा राजनैतिक र कर्मचारीको तहमा यसबारे वार्ताहरू भएको तर लामो समयदेखि अनिर्णित बसेको छ। यो ढिलाईले द्विपक्षिय व्यापारमा नेपालको नोक्सान बढ्दो छ। किनकी अहिलेको सन्धीले कृषि र उद्योग क्षेत्रको उत्थानका लागि नेपालले खेल्न सक्ने नीतिगत मैदान (Level Playing Policy Space) लाई संकुचन गरेको छ।

वर्तमान वाणिज्य सन्धीका कतिपय लाभकारी प्रावधानहरू कार्यान्वयनमै आएनन। यो पाँचौ मुख्य समस्या हो। ती कतिपय नेपालको विकास, लगानी र वाणिज्य क्षमताका लागि लक्षित थिए। तथापी तिनलाई कार्यान्वयनमा ल्याउने जाँगर भारतीय पक्षले लिएको देखिएन। नेपालमा भारतीय लगानी तुलनात्मक रुपमा नबढ्नु व्यापारमा देखिएको छैठौं समस्या हो। भारतमा निर्यात बढाउने उद्देश्यले यो निकै उपयोगी हुन्छ। डाबर वा युनिलिभरको लगानीले भारततर्फ बढेको निर्यात यसको जिउँदो दृष्टान्त हो। सातौं अहम मुद्दा भारततर्फ निर्यात गर्ने बास्केटमा न्यूनतम मूल्य अभिवृद्धि भएका वस्तुको बोलबाला हो। उदाहरणका लागि गत आ.व. २०७८/७९ मा भारततर्फ भएका तेलजन्य वस्तुहरूको अंश करीब रु. ९३.६७ अर्ब अर्थात ६०.३४ प्रतिशत रह्यो। तर तिनीहरूमा तुलनात्मक रुपमा मूल्य अभिवृद्धि न्यूनतम हुने गरेको छ।

चित्र २




आठौं मुद्दाका रुपमा निर्यातमा अप्रशोधित वस्तुको उपस्थिती देखिन्छ। अर्बको सूची टेकेका वस्तुलाई मात्रै हेर्दा भारततिर अधिकांश कृषि वा वन उपज काँचो अर्थात अप्रशोधित नै निर्यात भएका छन्। आ.व. २०७८/७९ अवधीमा रु. १ अर्बभन्दा माथि भारत निर्यात भएको करीब रु.१०.३८ अर्बको निर्यातमा काँचो प्रकृतिका कत्था, अलैंची, रोजीन र रेजिन, पिना जस्ता वस्तुहरू मुख्य छन्। ईतिहासतिर हेर्दा यो खाले निर्यात उहिले उपनिवेशकालमा उपनिवेश मुलुकहरूले गर्ने गर्थे।

चाहे नेपाल-भारत द्विपक्षिय व्यापार होस चाहे भारत हुँदै तेश्रो मुलुकसँग गरिने व्यापार होस व्यापार सहजीकरणको कमजोर हालत नवौं मुद्दाका रुपमा रहेको छ। यसमा रेलमार्ग, सडकमार्ग, सुख्खा बन्दरगाह, ल्याब, गोदाम तथा अन्य लजिष्टिक पूर्वाधार तथा सेवाहरू पर्न आउँछन्। नेपालले प्रयोग गर्न पाउने भारतीय सामुन्द्रीक बन्दरगाह र नेपालका ६ वटा नाकाहरू बिच एक्सप्रेस हाइवे नेपाल नजिक कमै छन्। बिरगन्ज बाहेक नेपालका प्रमुख औद्योगिक कोरिडोरहरूलाई रेलमार्गले सामुन्द्रीक बन्दरगाहसँग जोडेको छैन। परिणामत: नेपाली कार्गो लामो, झन्झटिलो र महँगो पारवहनबाट गुज्रिनु पर्छ। हालांकी पछिल्ला दिनहरूमा यसमा सुधार भईरहेपनि अपर्याप्त छ। यसले गर्दा नेपालको व्यापार लागत (Transactional Cost) उच्च र अप्रतिस्पर्धी छ।

नेपालको भारतसँगको दशौं मुख्य मुद्दा वस्तु आयाततर्फ गैर कर उपाय (Non Tariff Measures-NTM) को नगण्य उपयोग हो। प्राय:जसो कृषि तथा औद्योगिक वस्तु गुणस्तर परिक्षण र सर्टिफिकेट बिनै नेपालभित्र पस्न सक्छ। यति खुला सीमा राख्नु अर्थतन्त्र तथा उपभोक्ता दुवैको हितमा छैन। यसबाट नेपाली बजारलाई 'डम्पिङ्ग बजार' बनाउने प्रवृत्तिपनि बढेको छ।

नेपाल-भारतबीच वर्षौंदेखि कायम

अनौपचारिक व्यापार एघारौं मुद्दाका रुपमा छ । नेपालको भारतसँग कायम झण्डै १८५० किलोमिटर लामो खुला सीमानाको फाईदा चोरी निकासी गर्नेले उठाई रहेछन् । यस अवस्थामा व्यापार, राजस्व, लगानी प्रवर्द्धन, सुरक्षा सम्बन्धी नीतिहरू प्रक्षेपित नतिजा दिन असफल छन् ।


**अब के गर्ने ?**

सर्वप्रथम, नेपालको बढ्दो व्यापार घाटालाई सम्बोधन गर्न भारतलाई राजी गराउनु पर्छ । यसो गर्दा वाणिज्य र पारवहन सन्धीहरूको पुनरावलोकनलाई शिघ्रताशिघ्र टुंगाउनु पर्छ । दोश्रो, अबको वाणिज्य सन्धीको पुनरावलोकन गर्दा नेपाली बजारमा भारतीय कृषि उपजलाई शून्य भन्सार सुविधा दिने व्यवस्थाको अन्त गर्नै पर्छ । तब मात्रै नेपाली कृषि उपज आन्तरीक बजारमा टिक्ने वातावरण बन्छ । साथै, भुटानले गरे जस्तै आफ्नो वस्तुको सुरक्षाका लागि विविध उपायहरूको उपयोग गर्ने नीतिगत मैदान (Policy Space) सन्धीमा राखिनु उपयोगी हुन्छ । तेश्रो, भारतीय बजारमा आफ्नो वस्तुको प्रवेश र उपस्थितीलाई अनुमानयोग्य (Predictable) बनाउने गरी सन्धीको कार्यान्वयन हुन पर्छ । यसो हुन सके बल्ल नेपालमा बाह्य लगानी बढ्ने संभावना रहन्छ । चौथो, विद्यमान वाणिज्य सन्धीका कैयन प्रावधानहरू कार्यान्वयनमा आउन सकेनन् । नेपाललाई लाभ हुने प्रावधानबाट नेपालले लाभ पाउनु पर्‍यो । पाँचौ, नेपालको भारतमा निर्यात क्षमता बढाउन भारतीय बहुराष्ट्रिय कम्पनी (MNCs) को लगानी बढाउन विशेष पहल हुन पर्‍यो । छैठौं, भर्खर नेपालबाट सिमेण्ट, आइरन छड र जलविद्युत्त जस्ता नयाँ उत्पादन भारत जान थालेका छन् । यसलाई बढाउन अधिकतम नीतिगत सहयोग र व्यापार कूटनीतिको उपयोग गरिनुपर्छ । सातौं, भारततर्फको निर्यातमा करीब दुई-तिहाइ हिस्सा ओगट्ने खाने-तेलजन्य वस्तुहरूलाई हतोत्साह गर्नुभन्दा नेपालमा तिनीहरूको मूल्य अभिवृद्धि बढाउने बाटोको खोजी गरिनु पर्छ । जस्तैः सूर्यमुखी, भटमासको व्यवसायिक खेतीमा किसानलाई र कच्चा खानेतेल (Crude Edible Oils) उत्पादन गर्ने उद्योगमा लगानीलाई प्रोत्साहन गर्ने नीति लिईनु पर्छ । आठौं, नेपालबाट निर्यात हुने गरेका काँचो कृषि तथा वन उपजहरूको साटो प्रशोधित वस्तु नेपाली ब्राण्डमा निर्यात गर्न तिनमा लगानी बढाउनु पर्छ । नवौं, वस्तुहरूको ट्रान्जिट र ओसारपसार लागत घटाउन सडक, रेलमार्ग, सुख्खा बन्दरगाह, सेज (SEZ), गोदाम (Warehouses) लगायत लजिष्टीक सम्बन्धी भौतिक पूर्वाधारको निर्माण, विकास र संचालनमा दातृ तथा निजी क्षेत्र समेतको लगानी बढाउनु पर्छ । यसका अलावा सीमामा हुने प्रकृयागत र कागजी झन्झटको सरलीकरण गराउन हाल विद्यमान पारवहन सन्धीको पुनरावलोकन गर्दा विद्युत्तिय प्रणाली (Digital System) अबलम्बन गरिनु पर्छ । दशौं, सीमा नियमन (Border Regulation) मा कठोर हुन पर्छ र अनौपचारीक व्यापार नियन्त्रण गरिनु पर्छ । एघारौं, कृषि र औद्योगिक वस्तुको स्यानिटेरी फाइटोस्यानिटेरी (Sanitary Phyto-Sanitary-SPS), गुणस्तर निर्धारण, ल्याब, सर्टिफिकेट वा प्रमाणिकरण, प्रत्यायान (Accreditation) जस्ता गैर कर उपायहरू (NTM) को प्रयोगलाई व्यापकता दिनु पर्छ । बाह्रौं, एण्टीडम्पिङ्ग, सेफगार्डस् र काउण्टरभेलिङ्ग सम्बन्धी कानूनको उपयोग गर्न थालिनु पर्छ । तेह्रौं, अहिले नेपाल विद्युत्तमा आत्मनिर्भर हुन लागेको हुँदा सवारीसाधन, औद्योगिक, व्यवसायिक र घरेलु उर्जा उपभोगलाई पेट्रोलियमबाट विद्युत्तिय उर्जातर्फ स्थानान्तरण गराउनु पर्छ । चौधौं, कृषिमाथिको निर्भरतालाई कम गराउन कृषिको आधुनिकीकरण, उद्यमीकरण, व्यवसायिकरण र यान्त्रीकीकरण हुन जरुरी छ । कृषिको प्राथमिक क्षेत्र (Primary Sector) मा वैदेशिक लगानी खुला गरिनु पर्छ ।

**निष्कर्ष**

सर्वत्र व्यापारलाई आर्थिक वृद्धिको इन्जिन मानिएपनि नेपाली अर्थतन्त्रले यसको अनूभूती गर्न नपाएको सत्य हो । तर यो असंभव सपना भने हैन । द्धिपक्षिय व्यापारलाई नेपाल-भारत दुवैको हित वा जित (Win-Win) बनाउन सकिन्छ । तर यसका लागि भारतको छाति ठूलो बनाउन भारतलाई नेपालले मनाउन सक्नु पर्छ । यो मिसन भावनापरक राष्ट्रवादभन्दा व्यवहारिक र दक्ष व्यापार कूटनीतिबाट संभव हुन्छ ।

*घिमिरे नेपाल सरकारका पूर्वसचिव हुन् ।*










डा. चण्डिका भट्ट

# समृद्धिको आधार विशेष आर्थिक क्षेत्र

**निर्यात गर्ने उद्योगले विदेशी बजारमा त्यहाँको उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने र अन्य उत्पादनको तुलनामा सस्तो समेत हुनुपर्छ । नेपालमा उत्पादन लागत नै बढी छ ।**

कुनै पनि मुलुकको आर्थिक विकासका लागि औद्योगिकीकरण अत्यन्त जरुरी हुन्छ । औद्योगिकीकरणको गर्दा उत्पादनमूलक र निर्यातजन्य उद्योगको स्थापना तथा विकास आवश्यक पर्दछ । किनकि, कुनै पनि अर्थतन्त्रको विकासमा उत्पादन र विदेशी मुद्रा आर्जन तथा सञ्चितिको महत्वपूर्ण भूमिका हुन्छ । त्यस्तो विदेशी मुद्रा आर्जन गर्ने बलियो र भरपर्दो माध्यम वा आधार निर्यात हो ।

तर नेपालमा निर्यातजन्य उद्योगको विकास हुन त्यति सजिलो छैन । यो आफैमा निकै चुनौतीपूर्ण विषय हो । निर्यात गर्ने उद्योगले विदेशी बजारमा त्यहाँको उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने र अन्य उत्पादनको तुलनामा सस्तो समेत हुनुपर्छ । नेपालमा उत्पादन लागत नै बढी छ । त्यसमाथि विभिन्न शीर्षकका कर तथा भन्सारले यहाँको उत्पादनलाई थप महँगो पारिदिएको छ । तुलनात्मक रुपमा विदेशी वस्तुको मूल्य भने सस्तो छ । फलस्वरुप नेपाली वस्तुलाई विदेशी बजारमा प्रतिस्पर्धा गर्न साँच्चै



**विश्वबजारमा एउटै प्रकृतिका उद्योगहरूबीच ठूलो प्रतिस्पर्धा हुन्छ । त्यो अवस्थामा उत्पादन सस्तो भयो भने प्रतिस्पर्धा गर्न सजिलो हुन्छ । त्यसपछि मात्रै उद्योग दिगो रूपमा सञ्चालन गर्न सकिन्छ ।**

नै कठिन छ । सोही अवस्थालाई दृष्टिगत गर्दै स्वदेशी उत्पादनको लागत घटाउने र निर्यातलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित नेपालमा विशेष आर्थिक क्षेत्र (सेज) को अवधारणा अघि बढाइएको हो । विदेशी लगानी भित्राउने र रोजागरी सिर्जना गर्ने उद्देश्य पनि सेजको अवधारणामा उल्लेख छ । विश्वका अधिकांश मुलुकले पनि यही अवधारणा अनुरुप सेजको माध्यमबाट औद्योगिकीकरणमार्फत् विकास गर्दै आएका छन् ।

विश्वबजारमा एउटै प्रकृतिका उद्योगहरूबीच ठूलो प्रतिस्पर्धा हुन्छ । त्यो अवस्थामा उत्पादन सस्तो भयो भने प्रतिस्पर्धा गर्न सजिलो हुन्छ । त्यसपछि मात्रै उद्योग दिगो रुपमा सञ्चालन गर्न सकिन्छ । किनकि, उत्पादन लागत सस्तो बनाउने विषयमा ध्यान नदिँदा विश्वमा कयौं उद्योग धराशयी भएका छन् । केही उद्योग त बन्द समेत भएको पाइन्छ ।

सामान्यतया नेपालमा उद्योगका लागि किन्ने जग्गाको मूल्य बढी पर्ने, सरकारलाई विभिन्न शीर्षकमा कर बुझाउनुपर्ने, प्रशासनिक खर्च बढी हुनेजस्ता कारणले उत्पादन लागत बढी हुन्छ । साथै, उद्योगलाई आवश्यक पर्ने सडक, विद्युत्, पूर्वाधार तथा संरचना बनाउँदा पनि धेरै रकम खर्च हुन्छ । यसरी लागत नै बढी भएपछि उत्पादित वस्तुको मूल्य पनि स्वतः बढी हुन्छ । मूल्य बढी भएपछि बजारका अन्य वस्तुसँग प्रतिस्पर्धा गर्न कठिन हुन्छ । त्यो अवस्थामा उद्योगहरूको खर्च कटौती गर्ने उद्देश्यसहित नेपालमा सेजको अवधारण ल्याइएको हो । उद्योगलाई आवश्यक पर्ने जग्गासहित सडक, बिजुलीलगायतका आधार भूत पूर्वाधारयुक्त सेज सरकारले बनाउने र सस्तो भाडा दरमा उद्योग सञ्चालन गर्न दिने हाम्रो नीति हो ।

सेजमा आउने उद्योगलाई भन्सार तथा भ्याट नलाग्ने, ५ वर्षसम्म शतप्रतिशत कर छुट दिने र सम्झौता अवधिसम्म ५० प्रतिशत कर छुट दिने व्यवस्था छ । त्यस्तै, लाभांशमा पनि सुरुको ५ वर्ष कर नलाग्ने नीति छ । यसैगरी, सेजमा सञ्चालित उद्योगहरूले कच्चा पदार्थ ल्याउँदा पनि भ्याट नलाग्ने व्यवस्था छ । यसका अतिरिक्त सेजमा रहेका उद्योगको प्रयोजनका लागि ल्याइने एउटा गाडीमा १ प्रतिशत मात्रै भन्सार लाग्नेछ, जुन सुविधा सामान्य रुपमा आफ्नै ढंगले सञ्चालन आउने उद्योगले पाउँदैनन् । यसरी सेजभित्रका उद्योगले पाउने यस्ता सुविधाबाट लागत स्वतः कम हुन्छ । अहिले उद्योगहरूले २० देखि ३० प्रतिशतसम्म कर्पोरेट कर तिर्नुपर्छ । सेजमा आएपछि त्यो लागत कम हुन्छ । यसैगरी, सडकलगायतका संरचना बनाउँदा लाग्ने खर्च पनि कटौती हुन्छ । यसरी समग्रमा सेजका उद्योगको लागत स्वतः घट्छ । उत्पादन लागत कम भएपछि मूल्य पनि कम हुन्छ, जुन मूल्य स्वदेशी तथा विदेशी बजारका लागि प्रतिस्पर्धी






बन्न पुग्छ । र, नेपाली वस्तु विदेशी बजारमा सजिलै बिक्री हुन्छ र विदेशी मुद्रा आर्जन हुन्छ । यसै पनि सेजका उद्योगले न्यूनतम ६० प्रतिशत उत्पादन निर्यात नै गर्नुपर्ने नीति छ । त्यो नीतिले पनि निर्यात बढाउन प्रोत्साहन गर्छ, फलस्वरुप आर्थिक विकासमा ठूलो सहयोग पुग्छ ।

हामीले सेजमा आउने विदेशी लगानीलाई विभिन्न सेवासुविधा दिने नीति लिएका छौं । विदेशी लगानी आयो भने आर्थिक विकासमा थप फड्को मार्न सकिन्छ । नेपालमा औद्योगिक क्षेत्रको विकास गर्न स्वदेशी पुँजी पर्याप्त छैन । हामीलाई विदेशी लगानी चाहिन्छ नै । विदेशी लगानीका आयोजनाले आर्थिक विकास गर्न थप सहज बनाइदिन्छ । यसरी सेजमार्फत् आर्थिक विकासमा ठूलो योगदान गर्न सकिन्छ ।

**हामीले सेजमा आउने विदेशी लगानीलाई विभिन्न सेवासुविधा दिने नीति लिएका छौं । विदेशी लगानी आयो भने आर्थिक विकासमा थप फड्को मार्न सकिन्छ । नेपालमा औद्योगिक क्षेत्रको विकास गर्न स्वदेशी पुँजी पर्याप्त छैन । हामीलाई विदेशी लगानी चाहिन्छ नै ।**

### नेपालमा सेजको अवधारणा

नेपालमा सन् २००० (२०५७) मै सेजको अवधारणा आएको हो । तर लामो समयसम्म यसले गति लिन सकेन । पछि २०६९ मा उद्योग, वाणिज्य तथा आपूर्ति सचिव अध्यक्ष हुने गरी विशेष आर्थिक क्षेत्र विकास समिति गठन भयो । त्यसपछि सेज निर्माणको कामले केही गति लियो । भैरहवामा सेजका लागि जग्गा प्राप्ति गर्ने काम पनि त्यसबेला नै भएको हो । त्यसपछि २०७३ मा विशेष आर्थिक क्षेत्र प्राधिरकण, नेपाल (सेज नेपाल) स्थापना भयो । तर सोचे अनुरुप सेजले गति लिन अझै सकेको छैन ।

### नेपालमा सेजको अवस्था

हामीले अहिले १ प्रदेश १ सेज भनेर कार्यक्रम अघि बढाएका छौं । त्यस अन्तरगत लुम्बिनी प्रदेशको भैरहवाको सेज २०७५ सालमै बनिसकेको छ । मधेस प्रदेशको सिमराको सेजमा हुने ५ ब्लकमध्ये ए ब्लकको निर्माण पनि हालै सम्पन्न भएको छ । साथै, ती दुवै सेज पूर्ण रुपमा भरिने गरी उद्योगहरू आइसकेको अवस्था छ । भैरहवा सेजमा ३३ उद्योग आएका छन् । उनीहरूले त्यहाँ ११ अर्ब लगानी गरी ३ हजार ३ सय रोजगारी सिर्जना गर्दैछन् । यस्तै, सिमरा सेजको ब्लक ए मा २८ उद्योग आएका छन् । उनीहरूले ८ अर्ब लगानी गरी ५ हजार २ सय रोजगारी सिर्जना गर्ने देखिएको छ । सिमरा सेजमा एक गार्मेन्ट उद्योग आएको छ, त्यसले मात्र ८०० रोजगारी सिर्जना गर्ने उद्देश्य लिएको छ ।

यीबाहेक अन्य प्रदेशमा बन्ने सेजहरू फरकफरक अवस्थामा छन् । वाग्मती प्रदेशको पाँचखालमा बन्ने सेज निर्माणाधीन अवस्थामा छ । प्रदेश नम्बर १ को सुनसरी, सुदूर पश्चिमको धनगढी र कर्णालीको जुम्लामा बन्ने सेजको डीपीआर तयार भइसकेको छ । गण्डकी प्रदेशको गोरखामा बन्ने सेजको भने सम्भाव्यता अध्ययन भइरहेको छ । जग्गा प्राप्ति, वन तथा लगानी अभावका कारण यी सेजको निर्माणले गति लिन सकेको छैन । अब सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा निजी क्षेत्रसँग सहकार्य गरेर उक्त सेजहरूको निर्माण अघि बढाउछौं । एउटा सेज बनाउन झण्डै ४ अर्ब लाग्छ । तर सरकारले एउटा सेज निर्माण गर्न वर्षमा औसत ५० करोड बजेट विनियोजन गर्दै आएको छ । त्यसो हुँदा एउटा सेज निर्माण गर्न ८ वर्ष लाग्ने देखिन्छ । यसरी लगानी अभावको कारणले पनि सेज निर्माण ढिलाइ हुने देखिएपछि निजी क्षेत्रसँग सहकार्य गर्न लागेका छौं ।





**किन आएन विदेशी लगानी ?**

विदेशी लगानी भित्राउने उद्देश्यसहित सेज बनाए पनि अहिलेसम्म त्यो काम राम्ररी हुन सकिरहेको छैन । भैरहवा सेजमा भने झण्डै १ अर्बबराबरको विदेशी लगानी आएको छ । समग्रमा हामीले नीतिगत रुपमा वैदेशिक लगानीलाई प्रवर्द्धन गर्न खोजेका छौं । तर हाम्रै तर्फबाट प्रचारप्रसार तथा समन्वयन हुन नसक्दा विदेशी लगानी आउन सकेको छैन । अब विदेशी लगानी समेत भित्राउने गरी हामी अघि बढ्छौं ।

**सेजमा आकर्षण बढाउनुपर्छ**

नेपाल आफैमा एउटा सानो बजार हो । यो अवस्थामा नेपालमा विदेशी लगानी तथा बहुराष्ट्रिय कम्पनी आउन त्यति मान्दैनन् । तर विभिन्न सहुलियत दिएर बहुराष्ट्रिय तथा विदेशी कम्पनीलाई आकर्षित गर्नुपर्छ र विदेशी लगानी भित्राउनुपर्छ । त्यस कार्यका लागि हामी अघि बढिरहेका छौं । विदेशी कम्पनी तथा लगानीकर्तालाई यसअघि पनि विभिन्न सेवासुविधा दिने व्यवस्था गरिसकिएको छ । थप सहुलियत दिने विषयमा पनि हामी पुनर्विचार गर्दैछौं ।

बहुराष्ट्रिय कम्पनी कुनै एउटै मुलुकमा सिमित हुँदैन । उसले विभिन्न देशमा उद्योग खोलेर धेरै भन्दा धेरै देशमा आफ्नो सामान निर्यात गर्छ । त्यो अवस्थामा उनीहरू नेपाल नआउलान् भन्न सकिँदैन । नेपालमा पहिला पनि बहुराष्ट्रिय कम्पनी आएको इतिहास छ । तर बहुराष्ट्रिय कम्पनी यहाँ ल्याउन, पहिला यहाँको उत्पादन लागत अन्य देशको तुलनामा कम हुने ग्यारेन्टी गर्नुपर्छ । त्यसका लागि बिजुलीको महशुलमा छुट दिने, सहुलियत कर्जा दिनेलगायतका थप सुविधा दिनुपर्छ । त्यसपछि विदेशी लगानी तथा बहुराष्ट्रिय कम्पनी नेपाल आउन सक्छन् ।

**समस्याको पाटो**

सेजमार्फत् आर्थिक समृद्धि गर्न सकिए पनि यसमा चुनौती थुप्रै छन् । पहिलो कुरा त सेज बनाउन लगानी (बजेट)को चुनौती छ । सरकार आफैले सेज बनाउने भने पनि पर्याप्त बजेट विनियोजन हुन सकिरहेको छैन । सेज तयार पार्न लाग्ने रकम र सरकारले वार्षिक रुपमा छुट्याउने बजेट निकै कम छ । यसले बाँकी रहेको सेजको निर्माण गर्न चुनौती थपिएको छ । यस्तै, सेजभन्दा बाहिर सञ्चालन हुने उद्योगहरू यसबाट प्रभावित हुन सक्छन् । किनकि,, सेजबाहिरका उद्योगको उत्पादन लागत बढी हुन्छ । साथै, सेज निर्माणमा स्थानीय जनताको अवरोध, जग्गा प्राप्ति, वनलागयतका विषय अप्ठ्यारा छन् ।

सुरुमै ६० प्रतिशतको अनुपातमा निर्यात गर्न पनि उद्योगहरूलाई चुनौती हुन सक्छ । विदेशी बजार पाउन त्यति सजिलो छैन । त्यसैले यसमा हामी केही संशोधन गर्ने योजनामा छौं ।

> **इतिहास हेर्दा चीनको विकास पनि सेजबाटै भएको देखिन्छ । सन् १९८० अघि नै चीनमा सेजको अवधारणा आएको हो । त्यसपछि चीनमा ठूलो मात्रामा विदेशी लगानी आउन थाल्यो । त्यसबेला चीनमा आउने कुल विदेशी लगानीमा ६० प्रतिशत सेजको उद्योगमा आउँथ्यो ।**

**सेजबाट आर्थिक विकास गरेका चीन र बंगलादेश**

इतिहास हेर्दा चीनको विकास पनि सेजबाटै भएको देखिन्छ । सन् १९८० अघि नै चीनमा सेजको अवधारणा आएको हो । त्यसपछि चीनमा ठूलो मात्रामा विदेशी लगानी आउन थाल्यो । त्यसबेला चीनमा आउने कुल विदेशी लगानीमा ६० प्रतिशत सेजको उद्योगमा आउँथ्यो । निर्यातमा ४० प्रतिशत हिस्सा सेजकै उत्पादनको हुन्थ्यो । त्यसबेला चीनमा ३ करोड रोजगारी सिर्जना भएको थियो । यसरी चीन सेजमार्फत् नै आर्थिक समृद्धिमा अगाडि आएको हो र अहिले विश्वकै बलियो अर्थतन्त्र भएको मुलुकको रुपमा परिचित छ । बंगलादेशमा अहिले ८० वटा सेज छन् । त्यसमा अधिकांश गार्मेन्ट उद्योग छन् । अहिले बंगलादेश गार्मेन्ट निर्यात गर्नेमा विश्वमै दोस्रो ठूलो बन्न सफल भएको छ । यसरी हाम्रा छिमेकीहरू सेजमार्फत् नै आर्थिक विकास गर्न सफल भएका छन् । अब नेपालले सेजबारे सिक्न आवश्यक छ ।

विभिन्न समस्या तथा चुनौतीका बीच पनि सेजले आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान गर्न सक्छ । त्यसका लागि पहिला सेजकै विकास गर्न आवश्यक छ। तर नेपालमा बजेट अभावलगायतका विभिन्न कारण सेज निर्माण व्यापक मात्रामा हुन सकेको छैन । अब यसको महत्वलाई आत्मसाथ गर्दै निजी क्षेत्रसँगकै सहकार्यमा सेज निर्माणको काम अघि बढाउनुपर्छ । त्यसपछि सेजमा उद्योगहरू थपिने क्रम बढ्ने छ र यसबाट उत्पादन, रोजगारी तथा निर्यात पनि बढ्छ । स्वदेशी स्रोतसाधन प्रयोगमा आउने छ । त्यसको असर कुनै न कुनै रुपमा अर्थतन्त्रमा पर्छ । सेज निर्माणपछि निर्यातमा जोड दिनुपर्छ । यसले विदेशी मुद्रा आर्जन बढाउँछ, जसबाट देशको आर्थिक विकासमा ठूलो सहयोग पुग्छ ।

*भट्ट विशेष आर्थिक क्षेत्र प्राधिकरण, नेपाल (सेज नेपाल)का महानिर्देशक हुन् ।*



। उमेशप्रसाद सिंह

# आत्मनिर्भर अर्थतन्त्रका लागि लघु घरेलु तथा साना उद्योग

**लघु, घरेलु तथा साना उद्योगमा हालसम्म कूल ८ खर्बभन्दा बढी लगानी भइसकेको देखिन्छ । यस्ता उद्योगमा ३२ लाखभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् ।**

आर्थिक वर्ष २०७७/०७८ को तथ्यांकअनुसार नेपालमा ६ लाख २ हजार ९२१ लघु, घरेलु तथा साना उद्योग दर्ता छन् । तर नवीकरण भई दर्ता कायम उद्योगको संख्या भने ४ लाख ८७ हजार ६४३ वटामात्रै छन् । लघु, घरेलु तथा साना उद्योगमा हालसम्म कूल ८ खर्बभन्दा बढी लगानी भइसकेको देखिन्छ । यस्ता उद्योगमा ३२ लाखभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । मुलुकभर झण्डै ५ लाख लघु उद्यम व्यवसाय विनादर्ता सञ्चालनमा रहेको अनुमान अध्ययनहरूले देखाएको छ ।

लघु, घरेलु तथा साना उद्योगको हकहित संरक्षण र सम्बर्द्धन गर्दै यस क्षेत्रको विकास तथा प्रवर्द्धनमार्फत मुलुकलाई औद्योगिकीकरणतर्फ उन्मुख गराउने उद्देश्य बोकेर २०४७ सालमा नेपाल घरेलु तथा साना उद्योग महासंघ स्थापना भएको हो । अहिले महासंघको सञ्जाल ७ वटै प्रदेश, ७७ वटै जिल्ला र ३२८ पालिकामा फैलिएको छ । साथै, ६० जिल्लामा जिल्ला महिला

उद्यमी समिति विस्तार भई ११ हजारभन्दा बढी महिला उद्यमी सदस्य रहेको केन्द्रीय महिला उद्यमी समिति पनि महासंघमा क्रियाशील छ । झण्डै ३५ हजार उद्यमी साधारण सदस्य रहेको यस महासंघअन्तर्गत २७ वस्तुगत संघ संस्थागत सदस्यको रुपमा आबद्ध छन् । विभिन्न उद्योग प्रतिष्ठान यस महासंघका एसोसियट सदस्य र सहकारीमार्फत सञ्चालित उद्योगहरू सदस्य रहेका छन् । औद्योगिक नीति २०६७ मा लघु, घरेलु तथा साना उद्यमीहरूको छाता संस्थाको रुपमा उल्लेख भएको यस महासंघले लघु, घरेलु तथा साना उद्योगको विकास, विस्तार र प्रवर्द्धनका लागि नेपाल सरकार र मातहतका विभिन्न निकायका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारसँग सहकार्य गर्दै आएको छ ।

मान्छे जन्मेपछि गाँस, बास र कपासको नैसर्गिक अधिकार राख्छ । राज्यले यी कुराको व्यवस्थापन गरिदिनुपर्छ । तर सरकारले दिनुपर्ने सेवासुविधा दिन सकिरहेको छैन । व्यक्तिले आफै गर्न सक्दैन भने सरकार अग्रसर हुनुपर्छ । राज्यले गर्नुपर्ने काम लघु, घरेलु तथा साना उद्योगले गरिरहेको छ । स्वरोजगारसहित ५ जनादेखि ९ जनासम्म कामदार राखेर सञ्चालनमा आएका उद्योगलाई साना उद्योग भनिन्छ । यस्ता उद्योगमा कम्तीमा २० लाखदेखि १५ करोड रुपैयाँसम्म लगानी भएको हुनुपर्छ । यस्ताखालका उद्योगमा आफै साहु, आफै कामदार हुन्छन् ।

नेपालमा केही समयअघिसम्म अविकसित रुपमा लघु, घरेलु तथा साना उद्योग सञ्चालनमा थिए । थोरै पुँजी भए पनि पहिल्यैदेखि लघु, घरेलु तथा साना उद्योग पहिल्यैदेखि सञ्चालन हुँदै आइरहेका छन् । थोरै पुँजीमा केही पुँजी थपेर लघु उद्योग घरेलुमा परिणत भए । घरेलु उद्योग साना उद्योगमा परिणत भए, साना उद्योग मझौला उद्योगमा परिणत हुँदै ठूला उद्योग सञ्चालनमा आएका छन् । तर ठूला उद्योग भने धेरै पछिमात्रै सञ्चालनमा आएका हुन् । अन्तर्राष्ट्रिय वातावरणले पनि ठूला उद्योग स्थापनामा सहयोग गरेको देखिन्छ ।

२००४ सालदेखि उद्योगहरू स्थापना हुन थालेका हुन् । नेपालमा पनि उद्योगहरू सञ्चालन गर्न सकिन्छ भन्ने सोचका साथ स-साना उद्योगहरू स्थापना हुन थाले । अन्तर्राष्ट्रिय दातृ निकायको सहयोगमा २००९ सालमा जनकपुर चुरोट कारखाना स्थापना भयो । वीरगञ्ज चिनी कारखाना, हेटौंडा सिमेन्ट कारखाना, कपडा उद्योगलगायत स्थापना भए ।

**थोरै पुँजीमा केही पुँजी थपेर लघु उद्योग घरेलुमा परिणत भए । घरेलु उद्योग साना उद्योगमा परिणत भए, साना उद्योग मझौला उद्योगमा परिणत हुँदै ठूला उद्योग सञ्चालनमा आएका छन् । तर ठूला उद्योग भने धेरै पछिमात्रै सञ्चालनमा आएका हुन् ।**

तत्कालीन समयमा धेरै उद्योग थिएनन् । थोरै उद्योग भए पनि गाउँघरमा उत्पादन भएका वस्तुलाई प्राथमिकतामा राखिन्थ्यो । त्यो बेलामा सुनचाँदीका गरगहनाका साथै पाउरोटी बनाउने, काठ चिर्नेलगायतका उद्योग मात्रै थिए । विगतमा काठ चिर्दा हातले आरा चलाइन्थ्यो । यसको विकास हुँदै आरा मेसिन भित्रियो । 'आवश्यकता नै आविष्कारकी जननी हुन्' अर्थात् जस्तो आवश्यकता हुन थाल्यो त्यस्तै आविष्कार हुन थाल्यो । देशको विकाससँगै उद्योगहरूको पनि विकास भयो ।

त्यसबखत देशमा सुर्ती उत्पादन धेरै हुने भएकाले जनकपुर चुरोट कारखाना स्थापना भयो । सुर्तीको सहज उपलब्धताका कारण मानिसहरू बिँडी बनाएर पिउँथे । सुर्तीको उत्पादन खेर जान नदिन सरकारले तराई क्षेत्रलाई समेट्दै जनकपुर चुरोट कारखाना स्थापना गरेको थियो । नेपालमा बनेको चुरोट भारत निर्यात हुन्थ्यो ।

वीरगञ्ज चिनी कारखाना स्थापना हुनुअघि घरेलु प्रविधि प्रयोग गरेर सक्खर उत्पादन गरिन्थ्यो । गाउँघरमा मात्रै बिक्रीवितरण भइरहेको चिनीलाई व्यवस्थित गर्न सरकारले वीरगञ्ज चिनी कारखाना स्थापना गऱ्यो । त्यो बेलामा नेपालमा चिनीको धेरै माग भएपछि भारतबाट आयात गर्नुपर्थ्यो । नेपालमा थुप्रै खेतीयोग्य जमिन थियो, त्यसमध्ये केहीमा उखु खेती गरिन्थ्यो । उखु उत्पादन धेरै भएकाले भारतीय उद्योगमा बिक्री गर्ने गरिन्थ्यो । सरकारले आन्तरिक आवश्यकतालाई ध्यान दिँदै वीरगञ्ज चिनी कारखाना स्थापना गरिदियो ।

खेतीकिसानीलाई प्रविधिमैत्री बनाउँदै लैजाने उद्देश्यले कृषि औजार कारखाना खोलियो । भृकुटी कागज कारखाना, गोरखकाली



रबर उद्योग, शान्ति वनस्पति घिउ उद्योगलगायत थुप्रै उद्योग सञ्चालनमा आए । परम्परागत घरेलु उद्योगहरूमा पानी घट्ट, धान कुट्ने ओखल र ढिकी चलनचल्तीमा थिए । यसलाई विकसित गर्दै आधुनिक प्रविधि जडान गरियो र ठूला उद्योग सञ्चालनमा आए ।

### वर्तमान अवस्था

आजभन्दा २० वर्षअघि नेपालमा उद्योग स्थापनाको लहर चलेको थियो । शैक्षिक स्तर वृद्धि हुन थालेपछि केही काम गर्नुपर्छ भन्ने मानसिकता बलियो बन्दै गयो । जागिर गर्ने इच्छा हुँदाहुँदै पनि नेपालमा सीमितले मात्रै जागिर पाउन थाले भने अन्य व्यक्ति बेरोजगार बस्नुपर्ने बाध्यता हुन थाल्यो । बेरोजगार भएर बसेकालाई केही गर्नुपर्ने बाध्यता थियो ।

जागिर पाउन निकै गाह्रो थियो । केही शिक्षित व्यक्ति जागिर नपाएपछि उद्योग स्थापना गरेर स्वरोजगार बन्न थाले । अन्य १० जनालाई समेत रोजगारी दिने अवस्थामा पुगे । अन्तर्राष्ट्रिय स्तरमै उद्योग स्थापनाको लहर चलेका बेलामा नेपालमा पनि प्लास्टिक उद्योगलगायत थुप्रै उद्योग खोलिए । तर जनयुद्धका बेलामा चन्दा संकलनका नाममा उद्यमीलाई त्रास देखाइयो । पैसा लुटिने, पिटिने कयौं घटना भए, जसले गर्दा नवउद्यमीमा त्रास पैदा भयो । नतिजामा उद्योग सञ्चालनको अवस्था कमजोर बन्दै गयो ।

२०७२ सालको भूकम्प र कोरोना महामारीका कारण अहिले साना उद्योगको अवस्था खराब बनेको छ । प्राकृतिक तथा मानवसिर्जित घटनाहरूका कारण उद्योगमा लगानी गर्नका लागि हिच्किचाहट उत्पन्न हुन थालेको छ । साथै, सरकारले अत्यधिक कर लगाउनाले पनि उद्योग खोल्नेतर्फ आकर्षण कम देखिन थालेको छ । लगानी गर्न सक्ने व्यवसायी पनि पलायन हुने अवस्था छ । नेपालीले गाउँबाट सहर, सहरबाट राजधानी र राजधानीबाट अर्को देश जाने मौका पाए । तर यो क्रमको फाइदा पनि छ । अर्को देशमा सिकेको सीपलाई केहीले स्वदेशमा प्रयोगमा ल्याएका छन् । यो क्रम वृद्धि हुनु अत्यावश्यक छ ।

केही समयअघि बैंक तथा वित्तीय संस्थाहरूले उद्योग सञ्चालन गर्नका लागि

**सबैभन्दा बढी कच्चा पदार्थ उपयोग वा प्रयोग गर्नेमा लघु, घरेलु तथा साना उद्योग नै पर्छन् । स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग हाम्रा लागि सबैभन्दा महत्वपूर्ण छन् । तिनले स्थानीय उत्पादनको उपयोग अधिकमात्रामा गर्छन् ।**

सहजै सहयोग गर्थे । पछिल्लो समय बैंक तथा वित्तीय संस्थाले साना उद्योगलाई पैसा दिँदैनन् । ठूला उद्योगमा मात्रै तिनको ध्यान गएको छ । साना उद्योगमाथि बैंकहरूले विश्वास कम गर्न थालेका छन् । कतिपय बैंकमा ऋण दिलाउन बिचौलिया खडा भएको देखिन्छ, यो ठीक होइन । बिचौलियाले पहिला नै प्रतिशत तोकेका हुन्छन् । साना उद्योगलाई ५ लाख रुपैयाँ लिनका लागि ५ वर्ष कुर्नुपर्छ, त्यो रकम पनि पाउने-नपाउने यकिन हुँदैन । यिनै कारणले नेपालमा उद्योग स्थापनामा बाधा पुगेको छ ।



उद्योग खोल्नका निम्ति बैंक तथा वित्तीय संस्थाको सहयोग अपरिहार्य छ । यसका अतिरिक्त नेपालमा उद्योगमैत्री कानुन नहुनाले लघु, घरेलु तथा साना उद्योग विकास हुन सकेको छैन । सञ्चालनमा रहेका उद्योगहरूमा पनि अनेक नामका ट्रेड युनियनहरूको रजाइँ छ । हाल बैंकहरूले तरलताको समस्या देखाएर ऋण दिनै छाडेका छन् । यसको असर उद्योग सञ्चालनमा पर्न गएको छ । यो अवस्थाले लघु, घरेलु तथा साना उद्योगलाई निरुत्साहित गरेको छ । सबैभन्दा निराशाको कुरा त कहाँ छ भने, राष्ट्र बैंकको मौद्रिक नीतिले लघु, घरेलु तथा साना उद्योगका समस्याबारे कुनै सम्बोधन गर्न सकेन !

### सरकारी नीतिसँगको तादात्म्य

२०६७ सालमा नेपाल घरेलु तथा साना उद्योग महासंघको पहलमा औद्योगिक ऐन बनाउनुपर्छ भनेर बुटवलमा ४ दिनसम्म छलफल गर्‍यौं । सरकालाई पटकपटक घचघच्यायौं । त्यसपछि सरकारले साना उद्योगलाई समेट्ने गरी ऐन-नियम बनायो । २०४७ सालपश्चात् बनेको औद्योगिक नीतिका कारण नेपालमा उद्योग, कलकारखानाले व्यवस्थित रुपमा गति लिएका थिए । तर त्यसपछि उत्पन्न परिस्थितिले उद्योगधन्दा फस्टाउन सकेनन् । देश-विदेशका विज्ञहरूलाई सहभागी गराएर औद्योगिक व्यवसायी ऐन बनाउन सफल भए पनि त्यसको कमजोर कार्यान्वयनका कारण उद्योगहरूले गति लिन सकेनन् । २०७६ सालमा औद्योगिक व्यवसायी ऐन परिमार्जन भयो । यो काम हाम्रै पहलमा भएको हो । हामीले उद्योग स्थापना गर्नका लागि अन्तर्राष्ट्रिय सम्मेलन आयोजनासमेत गर्‍यौं । त्यो सम्मेलनले विदेशी लगानी भित्र्याउन केही मद्दत गरेको छ ।

सबैभन्दा बढी कच्चा पदार्थ उपयोग वा प्रयोग गर्नेमा लघु, घरेलु तथा साना उद्योग नै पर्छन् । स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग हाम्रा लागि सबैभन्दा महत्वपूर्ण छन् । तिनले स्थानीय उत्पादनको उपयोग अधिकमात्रामा गर्छन् । जस्तैः सिन्धुलीको जुनारको जुस । विडम्बना नै मान्नुपर्छ, जुनारको जुस उत्पादन भए पनि बिक्रीवितरणमा समस्या छ । किनभने, त्यो जुसलाई चिटिक्क पारेर प्याकेजिङ र लेभलिङ गर्न सक्ने अवस्था वा क्षमता हाम्रा उद्योगहरूमा छैन ।

उत्पादन भएका वस्तुको बजार व्यवस्थापन राम्रो छैन । यस्ता वस्तुहरूमा आकर्षण कम छ । स्तरीय वस्तुमात्रै भएर पुग्दैन, प्याकेजिङ र लेभलिङ राम्रो हुनुपर्छ । त्यसले बजारमा आकर्षण बढ्न जान्छ । सिन्धुलीको जुनारको जुस, हुम्लाको स्याउको बजार छैन । बजार व्यवस्थापन नहुँदा रुखमा कुहिन्छन् स्याउ । यातायातको व्यवस्था छैन, त्यसैले तिनले बजार लिन सकिरहेका छैनन् ।

चिनियाँ र भारतीय स्याउ बजारमा छ्यापछ्याप्ती पाइन्छन् । यसरी हाम्रा साना तथा घरेलु उद्योग कमजोर बन्न पुगेका छन् ।

### गुणस्तर मापन र निर्यात

नाप तौल तथा गुणस्तर विभागमा आफै लगेर गुणस्तर मापन गर्नुपर्छ । उसले गुणस्तर जाँच गर्दा ठीक छ भने उद्योग सञ्चालन गर्न दिन्छ । कहिलेकाहीँ विभागले आफै पनि नमुना लिएर पनि गुणस्तर मापन गर्छ । तर कतिपय वस्तुको गुणस्तर मापन गर्ने प्रविधि नहुँदा विदेश लैजानुपर्ने बाध्यता छ । अन्तर्राष्ट्रिय स्तरमा निर्यात गर्नका लागि सोहीअनुरुप नै मापन गर्नुपर्ने हुन्छ । चिया, कफीलगायतको मापन नेपालमा हुँदैन । लघु, घरेलु तथा साना उद्योगबाट उत्पादन भएका थुप्रै वस्तु विदेश निर्यात भइरहेका छन् । विदेश निर्यात भएका वस्तुमा चिया, गलैंचा, पस्मिना, राडीपाखीलगायत छन् । अहिले दुई दर्जन वस्तु विदेश निर्यात भइरहेका छन् । हस्तकला उद्योगबाट उत्पादित वस्तु, दूधबाट उत्पादित छुर्पी पनि विदेश निर्यात हुन्छ । चिया, हस्तकलाका सामान, ऊन, तेललगायतका वस्तु भारतका साथै अन्य देशमा पनि निर्यात भइरहेको छ ।

तर अन्य देशले नेपालको लोगो राखेर नक्कली वस्तु बिक्रीवितरण गर्न थालेपछि नेपालमा उत्पादित वस्तुको बजार कमजोर बन्दैछ । नेपालमा दक्ष जनशक्ति अभाव हुँदा विदेशबाट ल्याएर काम गराउनुपर्ने बाध्यता छ । विदेशबाट जनशक्ति ल्याउँदा मौलिकता समेत हराउँदै जानाले विश्वास घटेको छ । नेपाल सिमेन्ट, फलाम, छड, छाला जुत्ता, दुग्धपदार्थ, चिया उद्योगमा आत्मनिर्भर बनिसकेको छ । अब हस्तकला उद्योगमा आत्मनिर्भर बन्दैछ ।

### गरिबी न्यूनीकरण र स्वरोजगारीमा योगदान

साना उद्योगले देशको गरिबी न्यूनीकरण र रोजगारी दिनका लागि ठूलो भूमिका निर्वाह गरेको छ । यस्ता उद्योगहरूले जनतालाई आत्मनिर्भर बनाइरहेका छन् । सरकारको जिम्मेवारी स्थानीय उद्योगले निर्वाह गर्दै आएको छ । लघु, घरेलु तथा साना उद्योगहरूले लाखौंलाई प्रत्यक्ष रोजगारी दिएको छ । पछिल्लो समय स्वदेशमा भविष्य नदेखेपछि ठूलो संख्यामा युवा जनशक्ति विदेश पलायन भइरहेका छन् । आफ्नै गाउँमा उद्योग भए पनि ती काम गर्न रुचाउँदैनन् । विदेशमा गएपछि केके न हुन्छ भन्ने सोच हुर्किरहेको देखिन्छ । आफ्नै घरको सुख्खा रोटी खाएर यहीं बसेर काम गर्न सक्छु भन्ने सोच कमजोर बन्दै गएको छ । अब सरकारले निजी क्षेत्रसँग हातेमालो गर्दै युवालाई विभिन्नखालको तालिमको व्यवस्था गर्नुपर्छ । यसो गर्दा विदेश जाने क्रम कम हुन थाल्छ । यसका निम्ति निजी क्षेत्र जहिल्यै तयार रहेको छ ।

स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने अधिकार साना उद्योगलाई दिए पनि कार्यान्वयन हुन सकिरहेको छैन । स्थानीय स्तरमा रहेको कच्चा पदार्थ प्रयोग गर्न सकियो भने आयात प्रतिस्थापन गर्न सकिन्छ । विदेशी मुद्राको सञ्चितिमा सहयोग पुग्छ । अर्को कुरा, उत्पादित वस्तुहरूको बजारीकरण गर्नुपर्छ । विदेशी बजारमा निर्यात गर्नका लागि सरकारले सहजीकरण गर्नुपर्छ । अन्तर्राष्ट्रिय बजारमा जाने वस्तुलाई बढी प्राथमिकता र सेवासुविधा दिनुपर्छ । सरकारले यस्ता उद्योगहरूलाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्छ ।

### उद्योगमैत्री कानुन अभाव

नेपालमा उद्योगमैत्री कानुन छैन । एउटा उद्योग स्थापना गर्नका लागि स्थानीय तहले महिनौं कुराउँछ । यो कागज, त्यो कागज लिएर आइज भन्दाभन्दै लगानीकर्तालाई थकित बनाउँछन् । एकल सेवा बिन्दु केन्द्रलाई विस्तार गरी सञ्चालन गर्न माग गर्दा पनि सरकारले कानमा तेल हालेर बसेको अवस्था छ ।

**हाम्रो देशको औद्योगिक विकासका लागि खासखास क्षेत्र पहिचान भएका छन् । त्यसलाई व्यवस्थित ढंगले सञ्चालन गर्न सके देशभित्रै व्यापक मात्रामा रोजगारीका अवसर सृजना हुनेछ । र, देशको आर्थिक विकासमा सकारात्मक प्रभाव पर्न जानेछ ।**



सर्वप्रथम सरकारले एकल सेवा बिन्दु केन्द्रबाट दुई/तीन दिनभित्र उद्योग स्थापना हुने व्यवस्था गर्नुपर्छ । उद्योग खोल्न उत्सुक लगानीकर्तालाई निराश पार्नुभएन । काम गर्ने जाँगर हुँदाहुँदै पनि अन्य क्षेत्रमा मोडिनुपर्ने बाध्यता सरकारले सिर्जना गर्नुहुँदैन । नेपालमा उद्योग स्थापना गर्न सरकार आफै आमजनतामाझ जानु आवश्यक देखिन्छ, तर परिस्थिति ठीक उल्टो छ ।

घरेलु तथा साना उद्योग महासंघको पहलमा सरकारले औद्योगिक ग्रामको अवधारणा ल्याएको छ । हालसम्म ८६ वटा उद्योग स्वीकृत भएका छन् भने अन्य ठाउँमा बनिरहेका छन् । उद्योग स्थापना गर्ने लगानीकर्तालाई कर छुटको व्यवस्था गर्नुपर्छ । नियम कानुनमा उद्योगीलाई प्रोत्साहनको व्यवस्था, भन्सार दर सस्तो, बैंकको ब्याजदर सस्तोलगायत अन्य सहुलियत पनि पाउनुपर्छ ।

स्थानीय स्तरमा रहेका कच्चा पदार्थ उपयोगमा रोक लगाउनु हुँदैन । अहिले तीनै तहको सरकारले छुटाछुट्टै कर लिने गरेको छ । तत्कालै एकीकृत करको व्यवस्था गरिनुपर्छ । कर तिर्नका लागि वडा कार्यालय, भ्याट अफिस जानुपर्ने बाध्यता छ । दुई वटा प्रदेशमा उद्योग सञ्चालन गरेको छ भने दुवै प्रदेशमा कर तिर्नुपर्छ । यसलाई सरकारले व्यावहारिक बनाउँदै लैजानुपर्छ ।

देशको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएका लघु, घरेलु तथा साना उद्योगले यथेष्ट प्रगति गर्न भने सकिरहेका छैनन् । यस्ता उद्योगमा युवापुस्ताले राम्रो प्रतिफल प्राप्त गर्न नसक्नाले यसप्रति न्यून आकर्षण हुन गएको छ । प्रविधि प्रयोगको हिसाबले पनि पछि परेको अवस्था छ । अत्यन्तै पुराना र कम उत्पादकत्व भएका प्रविधि प्रयोग भइरहेको छ । वित्तीय पहुँचको हिसाबले बैंकहरूमा पुग्न नसक्नाले पुँजी अभाव हुन गएको छ । यस्ता कतिपय उद्योग पारिवारिक पुँजीमै सीमित छन् । बजारीकरण पनि हुन सकिरहेको छैन, परम्परागत प्रक्रियामै आधारित छन् । यसले तिनको स्तरोन्नतिमा अवरोध खडा भएको छ ।

हाम्रो देशको औद्योगिक विकासका लागि खासखास क्षेत्र पहिचान भएका छन् । त्यसलाई व्यवस्थित ढंगले सञ्चालन गर्न सके देशभित्रै व्यापक मात्रामा रोजगारीका अवसर सृजना हुनेछ । र, देशको आर्थिक विकासमा सकारात्मक प्रभाव पर्न जानेछ । हाम्रा तुलनात्मक लाभका प्रमुख क्षेत्रहरूमध्ये कृषि, गैरकाष्ठजन्य वन पैदावार, जडिबुटी, प्राकृतिक पदार्थ, खनिजजन्य वस्तु (खासगरी जेम्सस्टोन (महँगा पत्थरहरू), पर्यटन, वैकल्पिक तथा नवीकरणीय ऊर्जा, सूचना तथा सञ्चार प्रविधि आदि प्रमुख हुन् । यी क्षेत्रहरूको समुतित विकासका लागि तीनवटै तहका सरकारले ध्यान दिन जरुरी छ भने निजी क्षेत्रले पनि यी क्षमतायुक्त क्षेत्रमा लगानी केन्द्रित गर्न सके उद्यम व्यवसाय सफल हुन सक्ने देखिन्छ ।

*सिंह लघु, घरेलु तथा साना उद्योगी व्यवसायी महासंघका अध्यक्ष हुन् ।*



। कृष्ण आचार्य

# आत्मनिर्भर अर्थतन्त्रको एकमात्रै आधार, जलविद्युत्को विकास

**पछिल्लो तथ्यांकअनुसार नेपालमा २२ सय मेगावाट विद्युत् उत्पादन भइरहेको छ । जसमा दुईतिहाइ आयोजना निजी क्षेत्रबाट निर्माण भएका छन् भने बाँकी सरकारी लगानीका छन् ।**

नेपालमा सन् १९११ मा चन्द्र शमशेरको पालामा फर्पिङ जलविद्युत् गृह निर्माण (५०० किवा) भएको हो । सन् १९३५ मा सुन्दरीजल विद्युत् केन्द्र (१३५० किवा) निर्माण भयो । राणा शासनकालमा १११ वर्षअघि स्थापित फर्पिङ जलविद्युत् आयोजना एसियाकै दोस्रो जलविद्युत् आयोजना हो । त्यसबखत सार्क राष्ट्रमा कुनै पनि जलविद्युत् आयोजना निर्माण भएका थिएनन् । यति लामो इतिहास भए तापनि २०४९ सालसम्म सरकारले मात्रै यस क्षेत्रमा लगानी गरिरहेको थियो । निजी क्षेत्रलाई जलविद्युत् आयोजनामा प्रवेश गर्ने इजाजत नै थिएन । २०४९ सालमा ऐन आएपछि निजी क्षेत्रलाई पनि जलविद्युत् आयोजना निर्माण गर्न पाउने बाटो खुलेको हो ।

पछिल्लो तथ्यांकअनुसार नेपालमा २२ सय मेगावाट विद्युत् उत्पादन भइरहेको छ । जसमा दुईतिहाइ आयोजना निजी क्षेत्रबाट निर्माण भएका छन् भने बाँकी सरकारी लगानीका छन् । २०७५ सालमा सरकारले सालमा १०



वर्षमा १५ हजार मेगावाट विद्युत उत्पादन गर्ने घोषणा गरेपछि निजी क्षेत्र थप उत्साहित भएको छ। हाल २२ सय मेगावाट उत्पादन भइरहे पनि ३५ सय मेगावाट उत्पादनको अन्तिम चरणमा छन् । ११ हजार मेगावाट विद्युत् खरिद-बिक्री सम्झौता (पीपीए)को पर्खाइमा छन् । १७ हजार मेगावाटका आयोजनाले बिजुली उत्पादनका लागि अनुमति लिएका छन् ।

यसले जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको उत्साहपूर्ण सहभागिता दर्शाउँछ । सरकारले घोषणा गरेको १५ हजार मेगावाट सहजै बनाउन सकिन्छ । तर प्रबर्द्धकले इजाजत लिनेदेखि बत्ती बाल्ने वा व्यावसायिक उत्पादन गर्दासम्म ७ मन्त्रालय, २२ वटा विभागका २ सय वटा टेबलमा गएर आफ्नो समस्या समाधान गर्नुपर्ने अवस्था छ । सरकारीबाहेक स्थानीयस्तरमा विभिन्न किसिमका समुहसित पनि सहकार्य गर्नुपर्ने हुन्छ। युवा क्बल, युवा समुह, राजनीतिक दलका भातृ संगठन, आमा समुहलगायतलाई सम्बोधन गर्दै निर्माण गर्नुपर्ने हुन्छ ।

ट्रान्समिसन लाइन निर्माणको लागि सरकारले निजी क्षेत्रलाई अहिलेसम्म इजाजत दिएको छैन अनि सरकार आफू पनि बनाउँदैन ! सरकारले मात्रै लगानी गर्ने भएकाले प्रमोटरले विद्युत् उत्पादन गरेर पनि ट्रान्समिसन लाइनको अभावमा खेर फाल्नुपरेको छ। विद्युत् व्यापार गर्ने एकाधिकार नेपाल विद्युत् प्राधिकरणलाई मात्रै छ।

**औद्योगिक खपत, गार्हस्थ्य, सिँचाइमा हुने खपत बढाउन आवश्यक छ । त्यसपछि मात्र विद्युत् निर्यात गर्ने हो । दक्षिण भारतमा ऊर्जाको ठूलो माग छ । त्यहाँ हामीले व्यवस्थित रूपमा निर्यात गर्न सक्यौं भने फाइदा हुन्छ ।**

उसले आयोजनाको पावर सम्झौता २०७५ देखि गरिरहेको छैन, तर हालसालै खुल्यो भनेर सूचना पाएका छौं । विद्युत् व्यापारमा पनि अन्य क्षेत्रहरू (टेलिकम, एयरलाइन्स, शिक्षा, स्वास्थ्य)मा जस्तै निजी क्षेत्रलाई सरकारले बाटो खोल्नुपर्छ, यसबाट प्रतिस्पर्धा, गुणस्तर र उपलब्धताका कारण विकास हुन जान्छ ।

तत्कालीन समयमा नेपाल विद्युत् कर्पोरेसनले जनतालाई बत्ती बाल्नु भनेर आह्वान गर्‍यो । तर बीचमा १८ घण्टासम्म लोडसेडिङ भोग्नुपर्‍यो । त्यो लोडसेडिङ हटाउन निजी क्षेत्रको महत्वपूर्ण भूमिका छ । यदि निजी क्षेत्र नआएर सरकारले मात्रै आयोजना निर्माण गरेको भए अझै कति समय लोडसेडिङमा बस्नुपर्ने बाध्यता हुन्थ्यो, भन्न सकिन्न । अब औद्योगिक खपत, गार्हस्थ्य, सिँचाइमा हुने खपत बढाउन आवश्यक छ । त्यसपछि मात्र विद्युत् निर्यात गर्ने हो । दक्षिण भारतमा ऊर्जाको ठूलो माग छ । त्यहाँ हामीले व्यवस्थित रुपमा निर्यात गर्न सक्यौं भने फाइदा हुन्छ। गत वर्षदेखि हामीले निर्यात गरिरहेका छौं। यसबाट पनि हामी निर्यातका लागि सक्षम छौं भन्ने प्रमाणित भइसकेको छ ।

स्वदेशी खपत बढाउनु नेपालको पहिलो आवश्यकता हो । विद्युत्को खपतले आर्थिक क्रियाकलापलाई चलायमान बनाउँछ । खपत नभएको वा बढी भएको विद्युत् खेर नफालेर निर्यात गर्नुपर्छ। विद्युत् व्यापारमा प्राधिकरणमात्रै



होइन, निजी क्षेत्रलाई पनि अग्रसर गराउनुपर्छ । अध्ययनअनुसार नेपालमा ८३ हजार मेगावाट र व्यापारिक हिसाबले ४३ हजार मेगावाट उत्पादन गर्न सकिन्छ भनिएको छ । यति बनाउन सकिन्छ, बनाउनुपर्छ । र, उत्पादन गरेर सकेसम्म नेपालमा खपत गराउने हो ।

**आत्मनिर्भर अर्थतन्त्रका लागि जलविद्युत्**

विद्युत् उपलब्ध भयो भने विभिन्न व्यवसाय सुरु हुन्छन् । लघु उद्योगदेखि ठूलासम्म बिजुली नभई हुँदैन । अर्थतन्त्र चलायनमान गर्ने शक्ति ऊर्जा हो । आयातमुखी अर्थतन्त्रलाई निर्यातमुखी बनाउन विद्युत् पहिलो आवश्यकता हो । विद्युत् सस्तोमा छ भने संसारभरिका मानिसले नेपालमा सस्तो छ भनेर खरिद गर्न आउँछन् । तर यो हामीले त्यसका निम्ति वातावरण सिर्जना गर्न सकेका छैनौं । ट्रान्समिटरको लाइन र ट्रान्सफर्मरको काम गर्नुपर्नेछ । विद्युत् खपत बढाउन सक्दा बहुआयामिक असर पर्छ । विदेशबाट आयात हुने सामान स्वदेशमै उत्पादन हुन थाल्छ ।

जुनसुकै मुलुकले विकास गर्दा आफूसँग भएको वस्तु निर्यात गर्ने हो । विद्युत्, पर्यटन, जडिबुटी, कृषिको विकास गर्नका लागि ऊर्जाको आवश्यकता हुन्छ । ऊर्जा पर्याप्त हुँदा यी वस्तुको उत्पादन वृद्धि हुन्छ । साथै, ऊर्जा नै पनि निर्यात गर्न सकिन्छ । ५/६ महिनाको अवधिमा प्राधिकरणले अर्बौं कमाएर उदाहरण दिइसकेको छ । त्यो ४ सय मेगावाट विद्युत् निर्यात गरेर नै अर्बौं रकम आर्जन गरेको हो ।

देशभित्रै खपत हुने सम्भावना पनि छ ।

**विद्युत् उपलब्ध भयो भने विभिन्न व्यवसाय सुरू हुन्छन् । लघु उद्योगदेखि ठूलासम्म बिजुली नभई हुँदैन । अर्थतन्त्र चलायनमान गर्ने शक्ति ऊर्जा हो । आयातमुखी अर्थतन्त्रलाई निर्यातमुखी बनाउन विद्युत् पहिलो आवश्यकता हो ।**

बंगलादेशसम्म निर्यात गर्न सकिन्छ । केही दिनअघि मात्रै भारतको पावर कर्पोरेसनले श्रीलंकासम्म ग्रिड दिन तयार छौं भनेको छ । जलविद्युत्मा हामी धनी छौं, त्यो क्षमतालाई भरपूर प्रयोग गरेर निर्यात गर्ने हो भने अर्थतन्त्रमा ठूलो सहयोग पुग्छ । भारतसँग नेपालको बढ्दो व्यापारघाटालाई घटाउन विद्युत्को निर्यातले सहयोग गर्छ ।

सबैभन्दा धेरै व्यापार घाटा हुने भनेको पेट्रोलियम पदार्थको आयातले हो । त्यसको लागि खर्बौं रुपैयाँ बाहिर गइरहेको छ । भान्सा, औद्योगिक विकास र विस्तारबाट त्यसलाई विस्थापित गर्न सक्यौं भने खर्बौं रुपैयाँ नेपालमै रहन्छ । १५ हजार मेगावाट विद्युत् उत्पादनको तयारी निजी क्षेत्रको प्रवेशविना सरकारले मात्र गर्न असम्भव छ । सरकारले बनाउने ५ वर्षका आयोजना १५/२० वर्षसम्म लामो हुने गरेका छन् । निजी क्षेत्रले ५ वर्षको ठाउँमा ६ वर्ष, ६ वर्षको ठाउँमा ७ लगाउँछ होला । निजी क्षेत्रले निर्माण गरेका आयोजनाहरू बन्न लामो समय लाग्दैन । लामो समय लाग्ने भयो भने निजी क्षेत्र त्यही काममा अड्केर बस्दैन, व्यवसायीले आफ्नो प्रतिफल हेर्छ- सरकारले हेर्दैन ।

१५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने कार्यक्रमसँगै त्यत्रो बिजुली कहाँ खर्च गर्ने भन्ने सोच सरकारले बनाउनुपर्थ्यो र निजी क्षेत्रलाई समेत संलग्न गराउनुपर्थ्यो । निजी क्षेत्रलाई संलग्न गराएको भए कहाँ गएर बिक्री गर्ने भनेर तनाव लिनु पर्दैनथ्यो । त्यसकारण सरकारले निजी क्षेत्रलाई यो कार्यमा अग्रसर गराउनुपर्छ । यस क्षेत्रको विकासको लागि सरकार नियन्त्रणमुखी

नभई सहयोगी र खुल्ला बन्नुपर्छ ।

### लगानी र रोजगारी

जलविद्युत् क्षेत्रका अधिकांश कम्पनी पब्लिक कम्पनीमा गएका छन् । कम्पनीहरूको आईपीओमा लगानी गरी सर्वसाधारण जनता पनि कम्पनीका मालिक भएका छन् । ५२ लाख जनाले डिम्याट खाता खोलेका छन्, जसले सेयर कारोबार गर्छन् । ५२ लाख मानिस नै जलविद्युत् क्षेत्रमा संलग्न भएको देखिन्छ । एक मेगावाट जलविद्युत् आयोजना निर्माण गर्न २० करोड रुपैयाँ लाग्छ । प्रतिमेगावाटको हिसाब गर्दा हालसम्म उत्पादन भएको विद्युत्मा खर्बौं रुपैयाँ लगानी भएको छ ।

निर्माणको चरणमा हजारौं मानिसको संलग्नता हुन्छ । एउटा प्रोजेक्टको क्यापासिटी अनुसार सयदेखि हजारौं जनता संलग्न हुन्छन् । १० मेगावाटको आयोजनामा ५० जना र बढीमा ५ सय जनाले रोजगारी पाएका छन् । बैंक र केही सरकारी प्रतिष्ठानबाहेक पब्लिक कम्पनी बढी भएको जलविद्युत् नै हुन् । अधिकांश कम्पनी निजी परिवारले मात्रै चलाएका छन् । हाम्रो अर्थतन्त्र थोरै मान्छेको हातमा छ । औद्योगिक घराना र व्यापारीको हातमा हाम्रो अर्थतन्त्र अड्केको छ । पब्लिक आउने कम्पनी भनेको जलविद्युत् क्षेत्र मात्रै हो । त्यसैले यसमा अप्रत्यक्ष रुपमा लाखौं मानिस संलग्न छन् ।

जुनसुकै मुलुकको विकासको पहिलो शक्ति ऊर्जा हो । हरेक कामका लागि ऊर्जा चाहिन्छ । यातायात, उद्योग, पर्यटन, सिँचाइ सबै कार्यलाई ऊर्जा चाहिन्छ । नेपालमा त प्रकृतिले धेरै जल दिएको छ । कतिपय देशमा ग्यास, कोइला, डिजेल, हावा, सौर्यबाट विद्युत् उत्पादन भएको छ । यो तुलनामा प्रकृतिले नेपाललाई दिएको जल बिजुली उत्पादनका लागि वरदान नै हो । त्यसको हामीले अधिकतम प्रयोग गर्नुपर्छ ।

हाल नेपालका विद्युत् प्रवर्त्तकहरू १७ हजार मेगावाटको इजाजत लिएर बसेका छन् । जलविद्युत्मा आकर्षण भएरै यति ठूलो संख्यामा लगानीकर्ता देखापरेका हुन् । जलविद्युत्मा गरेको लगानीमार्फत् हरेक व्यक्ति राष्ट्र निर्माणमा सहभागी भै लगानीको प्रतिफलको प्रतीक्षामा रहेका छन् । प्राधिकरणले विद्युत् हिउँदमा ८ रुपैयाँ ४० पैसा र बर्खामा ४ रुपैयाँ ८० पैसामा बिक्री गर्दै आएको छ । आयोजना निर्माण गर्ने बेलामा थुप्रै बाधाअड्चन आउँछन् । तर निर्माण सम्पन्न भएपछि भने प्राशासनिक अड्चन मात्रै आउने गरेको देखिन्छ । अन्य कतिपय पेशा–व्यवसायमा जोखिम उच्च छ । बिक्री हुन्छ वा हुँदैन भन्ने चिन्ता हुन्छ । तर जलविद्युत्मा पीपीए गरिसकेपछि लगानीकर्ताको लगानी सुनिश्चित भइहाल्छ । बैंक लगानी पनि डुब्दैन ।

### प्रविधिको प्रयोग

टर्बाइन दुई–तीनथरिका हुन्छन् । टर्बाइनको क्यापासिटी, विभिन्न किसिमका इफिसियन्सी सप्लायरमा भर पर्ने कुरा हो । टनेल खन्नलाई नयाँ–नयाँ प्रविधि आएका छन् । कन्सल्टेन्टसमेत विश्वका प्रविधिसँग परिचित भइरहेका छन् । पहिला उतै गएर हेरेर आउनुपर्थ्यो भने आज एक क्लिकमा संसारभरिका सूचना पाइन्छन् । हाम्रा प्राविधिक, कन्सल्टेन्ट समयसापेक्ष ज्ञान र अनुभव भएका छन् भने लगानीकर्तामा प्रविधिबारे चेतना उच्च बन्दै गएको छ ।

हाइड्रोजन पावरका कुराहरू उठेका छन् । कहाँ बनाउने भन्ने छ । जहाँ जलविद्युत् आयोजना छैन, त्यहीँ नै हाइड्रोजन पावर बनाउने हो । हाइड्रोजन पावरमा जाने नयाँ प्रविधिको प्रवेश नेपालमा हुन लागेको छ । यो सकारात्मक पक्ष पनि हो । यसमा काठमाडौं विश्व विद्यालयले गहन अध्ययन गरिरहेको छ । उनीहरूले पनि हाइड्रोजन पावर डेभलप गर्न आउने हो भने हामी प्रविधि हस्तान्तरण गर्न तयार छौं भनिरहेका छन् ।

सौर्य ऊर्जा उत्पादन गर्नुपर्ने कुरा पनि उठिरहेको छ । तर नेपालमा यसको सम्भावना उतिविधि छ जस्तो लाग्दैन । अहिले नै पनि सोलार पावरमा १० मेगावाटसम्मको काम भइरहेको छ । यसका लागि धेरै जमिन आवश्यक पर्ने भएकाले गाह्रो छ । यसमा पनि प्रविधिको विकास हुँदै जाला, किनभने हिजोका दिनमा २५ रोपनी जग्गा चाहिन्थ्यो भने अहिले १० रोपनी भए पुग्छ । भोलिका दिनमा ४–५ रोपनीमा पनि सम्भव हुन सक्ला । सोलारमा प्रविधिले धेरै फड्को मारिरहेको छ । तर जलविद्युत्मा भने धेरै फड्को मार्ने अवस्था छैन ।

**अर्थतन्त्रको हिसाबले पहिलो र दोस्रो ठूलो राष्ट्र अमेरिका र चीनबीच व्यापार युद्ध कायम छ । सामरिक द्वन्द्व पनि छँदै छ । महामारीपछि विश्व अर्थतन्त्रले तीव्र रूपमा गति लिनुपर्ने हो । तर, यी दुई राष्ट्रबीचको द्वन्द्वले केही बाधा उत्पन्न हुन सक्छ ।**

### चुनौती र अवसर

मुख्य समस्या भनेको ७ वटा मन्त्रालयका २२ वटा विभाग र तिनका २ सय वटा टेबलमा जानुपर्नु नै हो । भूमि मन्त्रालयले ७५ रोपनी भन्दा बढी जग्गा किन्न दिँदैन । त्यो भन्दा बढी किन्नुपर्‍यो भने सरकार (क्याबिनेट)बाटै स्वीकृति लिनुपर्छ । वन मन्त्रालयले एउटा रुख काट्नलाई वर्षौंसम्म रोकिदिन्छ । यसमा निजी क्षेत्रलाई मात्र होइन सरकारी आयोजनालाई पनि गाह्रो छ ।

सुरुमा ईआईए गर्दा रुखका स–साना पोथ्रा हुन्छन्, तिनलाई गन्न सकिँदैन । तर ३/४ वर्षपछि ठूला हुन्छन् । पहिला २ सय रुख थिए भने ती बढेर ३ सय पुग्छन् । सय रुख काट्न पाइँदैन । यस्ता अव्यावहारिक र दुःख दिने नियत कयौं छन् । स्थानीय स्तरमा विभिन्न बाधाहरू छन् । यी सबै समस्याको समाधान गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ । यसबाहेक पुँजीको व्यवस्था पनि गर्नुपर्ने हुन्छ । आयोजनाहरू महँगो हुन्छन् । ऐनअनुसार बिजुली उत्पादन गरेको ३० वर्षपछि सरकारलाई बुझाउनुपर्ने हुन्छ । ३० वर्षपछि आफ्नै हुनै कम्पनी स्थापना गर्न पनि सहजीकरण नगर्ने, एउटा मन्त्रालय र अर्को मन्त्रालयबीच राम्रो समन्वय नहुने, मन्त्रालयकै विभागभित्र पनि एउटा विभागले अर्को विभागसम्म समन्वय नगर्ने परिपाटी छ ।

मलाई आश्चर्य, खुसी र गौरव लाग्छ किनभने यतिविधि बाधाअड्चन हुँदाहुँदै पनि निजी क्षेत्रले जलविद्युत् क्षेत्रमा लगानी गर्दैछ । यसमा बैंकहरूको पनि महत्वपूर्ण भूमिका रहेको छ । हामीले लगानी गर्ने भनेको २५/३० प्रतिशत मात्रै हो, बाँकी ७०/७५ प्रतिशत बैंकहरूले लगानी गरेका छन् । बैंकहरूको लगानी भनेको पब्लिकको लगानी हो । यो क्षेत्र भनेको आमजनताको लगानी हुने क्षेत्र हो । जनताको जीवन स्तरलाई उठाउने काममा जलविद्युत् क्षेत्रको ठूलो भूमिका छ ।

अब सरकारले विद्युत् व्यापारको काम निजी क्षेत्रलाई जिम्मा दिनुपर्छ । ट्रान्समिसन लाइनको सञ्जाल व्यापक बनाउनुपर्छ । अहिले ट्रान्समिसन लाइन बनेको छैन । ठाउँठाउँमा स्टेसन निर्माण गर्नुपर्‍यो, जहाँबाट बिजुलीको आवागमन सहज हुन्छ । विभिन्न मन्त्रालयमा जानुपर्ने बाध्यतालाई हटाउँदै एकद्वार नीति बनाएर अघि बढ्नुपर्छ ।

खासगरी ट्रान्समिसन लाइन भयो भने धेरै काम सहज बन्छ । यसका लागि सरकारले युद्धस्तरमा काम गर्नुपर्छ । जनताको जायज मागलाई तत्काल सम्बोधन गर्नुपर्छ र नाजायज माग छ भने त्यसलाई व्यावहारिक उपाय अपनाएर भए पनि काममा अवरोध गर्न दिनुहुँदैन । यति मात्रै गर्ने हो भने निजी क्षेत्र देश विद्युत् व्यापार गर्न तयार छ । भारतमा विद्युत् व्यापार गरिरहेका थुप्रै कम्पनीसँग हाम्रो कुराकानी भएको छ । उनीहरू बिजुली किन्न तयार छन् । इजाजत मिल्नासाथ विद्युत् बिक्री गर्नतिर लाग्ने छौं । त्यसपछि नेपालको आर्थिक कायापलट हुन त्यति लामो समय कुर्नुपर्ने छैन ।

*आचार्य स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष हुन् ।*



भरत ढकाल

# नेपालमा कृषि प्रविधि प्रयोगको सम्भावना

**दीर्घकालीन रूपमा लागतमा कमी, समयको बचत, कृषि जनशक्ति अभावको उपयुक्त विकल्प भएका कारण कृषिमा आधुनिक मेसिनरी तथा उपकरणहरूको उपयोग बढिरहेको हो ।**

नेपालमा पछिल्लो समय कृषिमा प्रविधिको प्रयोग बढ्दै गएको छ । परम्परागत रुपमा गोरु र राँगाहरूले जोत्ने ठाउँमा ट्र्याक्टर, मिनिटिलर, पावर टिलरको प्रयोग गर्न थालिएको छ ।  गोरु र राँगा, हलो-जुवा क्रमिक रुपमा विस्थापित हुँदै गएका छन्  । बाली कट्न र पिस्न पनि प्रविधिको प्रयोग बढ्दो छ । काट्नलाई रिपर, बस कटर, कम्बाइन हार्भेस्टरलगायतका उपकरणको प्रयोग बढ्दो छ । दीर्घकालीन रुपमा लागतमा कमी, समयको बचत, कृषि जनशक्ति अभावको उपयुक्त विकल्प भएका कारण कृषिमा आधुनिक मेसिनरी तथा उपकरणहरूको उपयोग बढिरहेको हो । थोपा सिँचाइ, आईओटीमा आधारित ग्रिनहाउस, आईसीटी, ड्रोनलगायत नयाँनयाँ बिउबिजन, रोग-कीरा नियन्त्रण सम्बन्धी प्रविधिको प्रयोग पनि बढ्दै गएको छ । यी प्रविधिहरू परम्परागत रुपमा नेपालमै विकास गरिएका विभिन्न प्रकारका यन्त्र-उपकरण तथा बाली व्यवस्थापनसँग सम्बन्धित छन् । यद्यपि, यसको प्रयोग

ज्यादै न्यून रुपमा भइरहेको छ ।

व्यावसायिक खेती प्रविधिको नाममा प्रायःजसो विदेशी प्रविधि नेपालमा प्रयोग भइरहेका छन् । हामीले आफूसँगै भएका कृषि प्रविधिको प्रयोगलाई जोड दिन नसकेकोले विदेशी प्रविधिको प्रयोग गर्दा हाम्रो लगानीयोग्य रकम विदेशिने अवस्था छ । नेपालमा तयार भएका मेसिन, औजार र प्रविधि नेपालको भौगोलिक बनावट तथा माटोसँग प्रत्यक्ष मेल मेल खान्छन् । कतिपयलाई समयानुकूल थोरै परिमार्जन गरेर अद्यावधिक गर्न सकिने अवस्था छ । केही प्रविधि हाम्रा कृषकको शिक्षा र चेतनाको स्तर, आर्थिक अवस्था, भौगोलिक बनावट, हावापानी, रहनसहनसँग मेल नखानेखालका छन् भने पनि तिनलाई परिमार्जन गर्न सकिने सम्भावना छ । त्यसैले त्यस्ता प्रविधिहरूलाई परिमार्जित गर्ने र नेपालको माटो सुहाउँदो तथा कृषकको क्षमता अनुरुप विकास गर्न सरकार र निजी क्षेत्रले ध्यान दिनु आवश्यक छ ।

पछिल्लो समय मुक्तिनाथ कृषि कम्पनीले पहाडको लागि स्याङ्जा र तराईको लागि चितवन गरी दुईवटा फार्म उत्कृष्टता केन्द्र स्थापाना गरेको छ । साथै, विभिन्न प्रविधिको विकास गर्न अनुसन्धान तथा विकास विभाग र फार्म यान्त्रीकरण विभागको माध्यमबाट नेपाल सुहाउँदो प्रविधि विकास गर्ने काम गरिरहेको छ । जसको राम्रो नतिजा निस्कन केही वर्ष कुर्नुपर्ने हुन्छ ।

### खेती प्रणाली र प्रविधि

अहिले पनि खेती प्रणाली र प्रविधिमा पुरानै शैली अपनाइएको पाइन्छ । यस्तो खेती प्रणाली र प्रविधि प्रयोगमा रूपान्तरण हुनु अत्यन्त जरुरी छ । पहिला नेपालको खेती प्रणाली निर्वाहमुखी थियो । अहिले पनि एउटै किसानले आफ्नो माटो, हावापानी, बजारको अवस्थालगायतका विषयमा ध्यान नपुर्‍याई धान, गहुँ, मकै, तरकारी, पशुपालन गरेको अवस्था छ । यसरी कृषिको व्यवसायिकतातर्फ जान सकिँदैन । ग्रामीण क्षेत्रका कृषकको आर्थिक रुपान्तरणका निम्ति कृषिमा व्यावसायीकरण हुनु जरुरी छ । यसका लागि कृषकको खेतीयोग्य जग्गाको माटो, हावापानी, बजारको अवस्था माग सुहाउँदो खेती प्रणालीमा जोड दिनुपर्छ । साथै, उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषि व्यवसायलाई नाफामुखी बनाउनको निमित्त प्रविधिको प्रयोग हुनु जरुरी हुन्छ । प्रविधिको प्रयोगले सीमित स्रोत-साधनमा पनि उत्पादन र उत्पादकत्व बढ्न जान्छ । र, कृषि उपजको गुणस्तरमा पनि सुनिश्चितता ल्याउँछ ।

### कृषि उद्योगको अवस्था

उद्योग विभागका अनुसार, आर्थिक वर्ष २०७७/७८ मा नेपालमा कृषि उद्योग ५०० वटा रहेका छन् । यी उद्योगहरूमा करिब ३४.०९२ अर्ब लगानी रहेको छ । ६ लाख २८ हजार ७९५ जनाले रोजगारी पाएको विभागको तथ्यांकले देखाएको छ । २०७९ जेठ मसान्तसम्ममा विदेशी लगानी रहेको कृषि उद्योगको हिस्सा ७ प्रतिशत मात्र छ । साना कृषकहरूको संरक्षण र प्रवर्द्धनलाई ध्यानमा राख्दै कृषिमा आधारित निर्यातजन्य उद्योग स्थापनामा वैदेशिक लगानी र प्रविधिलाई भित्राउन प्रोत्साहन गर्न सकिन्छ ।

**भौगोलिक तथा हावापानीको हिसाबले नेपालमा धेरै विविधता छ । त्यसले गर्दा फरक भौगोलिक वातावरणमा फरक-फरक कृषि उपज उत्पादन हुने प्रचुर सम्भावना छ । कृषिमा व्यावसायीकरण र औद्योगीकरणले मात्र देशको आर्थिक रूपान्तरण र आयात प्रतिस्थापन गर्न सकिन्छ ।**

### नेपालमा कृषि प्रविधिको समस्या

नेपालमा कृषि प्रविधिको उपयोगको आवश्यकता र प्रचुर सम्भावनाका बावजुद यसको प्रयोगमा निम्न समस्याहरू रहेका छन् । तुलनात्मक रुपमा प्रविधि महँगो हुनाले पनि यसको प्रयोग कम भइरहेको पाइन्छ । यस्तै चेतना, सीपजस्ता विषयले पनि प्रविधि प्रयोग तथा सञ्चालनमा समस्या भइरहेको देखिन्छ ।

प्रायःजसो पेट्रोलियम पदार्थबाट चल्ने मेसिनरीको प्रयोग हुँदै आएको छ । ग्रामीण क्षेत्रमा मेसिनरी मर्मतसम्भार केन्द्रको अभाव छ । यसले गर्दा किनिएको मेसिनको पनि उचित प्रयोग हुन सकिरहेको छैन । त्यतिमात्र होइन, अव्यवस्थित अनुदान प्रणाली, निर्वाहमुखी खेती, कृषि उत्पादनमा युवाहरूको घट्दो आकर्षण, कृषिलाई मर्यादित पेशाको रुपमा नराखिनुले पनि समस्या उत्पन्न गरिरहेको देखिन्छ । कृषकसम्म राज्यको उपस्थिति कम हुनु, स्थानीय तहले कृषिलाई प्राथमिकतामा नराख्नु, संस्थागत रुपमा निजी क्षेत्रबाट कृषि प्रविधि कम्पनीहरूको विकास नहुनुजस्ता कारणले पनि नेपालमा कृषि प्रविधि प्रयोगको अवस्था कमजोर छ ।

### समाधानका उपाय

कृषि प्रविधिमा देखिएका विभिन्न समस्याको पहिचान गरी समाधानका लागि नीतिगत पहल गर्नु अहिलेको मुख्य आवश्यकता हो । यसका निम्ति राज्यका विभिन्न निकायसँग समन्वयको लागि कृषि मूल्य शृंखला व्यवस्थापन आयोगको स्थापना गर्नुपर्ने देखिन्छ । कृषिमा संस्थागत मूल्य शृंखला विकासका लागि कृषि चक्रको निर्माण गर्नुपर्नेछ । यस्तै, स्वदेशको माटो, कृषक सुहाउँदो प्रविधिको विकासमा जोड दिनु आजको आवश्यकता हो ।

स्थानीय सम्भाव्यताको आधारमा सार्वजनिक निजी समुदायको साझेदारीमा कृषि उद्यमको विकास गर्न सरकारले ध्यान केन्द्रित गरी मागमा आधारित संस्थागत अनुदान प्रणालीको विकास गर्नुपर्छ । व्यावसायिक र बजारमुखी उत्पादन प्रणालीको विकास गर्ने तथा युवालाई कृषिको मूलधारमा ल्याउन कृषिलाई मर्यादित र प्रतिष्पर्धी पेशाको रुपमा विकास गर्नु अत्यावश्यक छ । यति गर्न सकेमा कृषि प्रविधिको विकास हुने देखिन्छ ।

### सम्भावित समस्या

- उत्पादनमा विविधीकरण र उत्पादकत्वमा कमी
- कृषि उपजमा परनिर्भरता र व्यापारघाटामा वृद्धि
- खाद्य संकट
- आयात-निर्यात असन्तुलन
- खेतीयोग्य जमिन बाँझो रहने क्रम बढ्ने

### कृषिमा प्रत्यक्ष वैदेशिक लगानी

भौगोलिक तथा हावापानीको हिसाबले नेपालमा धेरै विविधता छ । त्यसले गर्दा फरक भौगोलिक वातावरणमा फरक-फरक कृषि उपज उत्पादन हुने प्रचुर सम्भावना छ । कृषिमा व्यावसायीकरण र औद्योगीकरणले मात्र देशको आर्थिक रुपान्तरण र आयात प्रतिस्थापन गर्न सकिन्छ । उद्योग स्थापनाको निमित्त कच्चा पदार्थको रुपमा समेत प्रयोग हुने कृषि उपजहरूको खेती गर्न सक्दा त्यसले देशको अर्थतन्त्रमा दोहारो योगदान गर्न सक्छ । त्यस्तो खेती गर्दा बृहत् र विस्तृत रुपमा गर्न आवश्यक हुन्छ । त्यसका लागि वैदेशिक लगानी र प्रविधिसमेत आवश्यक हुन्छ । कृषिमा गरिने यस प्रकारका व्यावसायीकरण र औद्योगिकीकरणले ठूलो जनशक्तिको माग गर्दछ । फलस्वरूप बढ्दो बेरोजगारी समस्या समाधान गर्न र विदेश पलायन हुने नेपाली जनशक्तिलाई स्वदेशमा नै रोजगारी प्रदान गर्न सकिने अवस्था निर्माण हुन्छ । खेर गैरहेको जमिन र प्राकृतिक स्रोतको समुचित प्रयोग गरी अर्थोपार्जनका साथै मुलुकको सम्मृद्धिको निम्ति पनि कृषि क्षेत्रमा लगानी जरुरी छ ।

### प्रत्यक्ष वैदेशिक लगानीका सम्भावित क्षेत्र

नेपालको हावापानीमा उत्पादित वस्तुहरू जस्तैः चिया, कफी, अलैंची आदिको माग युरोपलगायत अन्तर्राष्ट्रिय बजारमा समेत उच्च छ । यी वस्तुहरूको उत्पादनलाई विस्तार तथा उत्पादन वृद्धि गर्न, थप अध्ययन-अनुसन्धान गर्न, उत्पादित वस्तुको गुणस्तर कायम गर्न, बजारीकरण तथा निर्यात सम्भावनाहरूको पहिचान गर्न पनि विदेशी लगानी ल्याउनुपर्ने हुन्छ । यसका अतिरिक्त फलफूलको क्षेत्र विस्तार, जडिबुटीको व्यावसायिक उत्पादन, प्रशोधन र निर्यातका लागि विभिन्न प्रकारका उद्योग स्थापनाको समेत प्रचुर सम्भावना छ । यसका लागि कृषिमा विशेषतः निर्यातजन्य उद्योगहरूको स्थापना र नयाँ/नयाँ प्रविधिको विकासमा वैदेशिक लगानी जरुरी देखिन्छ ।

*ढकाल मुक्तिनाथ कृषि कम्पनी लिमिटेडका कार्यकारी अध्यक्ष हुन् ।*



। राजेन्द्रराज शर्मा

# दिगो सडक पूर्वाधार, आत्मनिर्भर अर्थतन्त्रको आधार

**इतिहासदेखिकै मुलुकको अर्थतन्त्रको आरोह–अवरोह केलाउने हो भने, भन्न सकिन्छ– आर्थिक रूपान्तरणका लागि दृष्टिकोण फराकिलो बनाउन चुक्ने हाम्रो शासकीय मोडलमै त्रुटि छ ।**

नेपालमा आत्मनिर्भर अर्थतन्त्रको बहस चल्न थालेको लामो समय भइसकेको छ। जतिजति आत्मनिर्भर अर्थव्यवस्थाका कुरा बाक्लिएका छन्, त्यति नै व्यापारघाटाको आँकडामा पनि बढोत्तरी हुँदै गएको तथ्यांकले देखाउँछ । योजना र लक्ष्य निर्धारण आफैमा पूर्ण कुरा होइन । योजनालाई कार्यान्वयनको तहमा सफल तुल्याउन सकियो भने मात्रै आत्मनिर्भरताको उद्देश्य सफल हुने हो । सरकारले दिने आत्मनिर्भर अर्थतन्त्रको नारामा गम्भीर भएर काम गर्नुपर्ने क्षेत्र र प्राथमिकता निर्धारणमा केही हुनै सकेन । इतिहासदेखिकै मुलुकको अर्थतन्त्रको आरोह-अवरोह केलाउने हो भने, भन्न सकिन्छ- आर्थिक रुपान्तरणका लागि दृष्टिकोण फराकिलो बनाउन चुक्ने हाम्रो शासकीय मोडलमै त्रुटि छ।

नेपालमा विगत लामो समयदेखि सामन्तवादी समाज क्रियाशील रह्यो । एक शताब्दी लामो राणाशासनको समाप्तिसँगै २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि

देश पुँजीवादतर्फ धकेलियो । त्यसो त १९९३ सालमा विराटनगर जुटमिलको स्थापना नै नेपालमा पुँजीवादको प्रस्थानविन्दु मानिन्छ । २०१७ सालमा राजा महेन्द्रले शासन सत्ता हातमा लिएपछि मुलकमा ३० वर्षसम्म पञ्चायती एकदलीय शासन व्यवस्था रह्यो । यो अवधिमा शासकीय स्वरुपका दृष्टिले मुलुक निराशाजनक अवस्थामा पुगेको थियो । तर पूर्वाधार विकासका काम यो अवधिमा नभएको भने होइन ।

२००७ सालतिर यातायात पूर्वाधारका रुपमा नेपालभरि जम्मा ४०० किलोमिटर सडक निर्माण भएको थियो । त्यो पनि राजधानीभित्र सीमित थियो । वीरगञ्जबाट अमलेखगञ्ज हुँदै भीमफेदी जाने सडक पनि निर्माण भएको थियो । सडकमात्र नभई अन्य औद्योगिक विकासमा पनि १०४ वर्ष लामो राणा शासनकालमा अरु देशको तुलनामा हामी निकै पछाडि रह्यौं । त्यो समयकै छेकोमा विकासपथमा लागेका देशहरूसँग नेपालको हालको अवस्था तुलना गर्दा निकै कमजोर देखिन्छ ।

राणाकालमा चन्द्र शमशेरले विद्युत्, सडक र पुलजस्ता पूर्वाधारमा केही काम गरेका थिए । तर त्यो दिगो र पर्याप्त भने थिएन । न ती पूर्वाधार मुलुक विकासको आधार नै बन्न सके । उनले त्यस समय अरु धेरै कुरा गर्न सक्ने थिए, गरेनन् । त्यसैले नेपाल शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार र पूर्वाधारमा निकै पछि परेको हो । इन्जिनियरिङ कलेजहरू खोलेको भए अहिले पूर्वाधार विकासमा अन्य देशको जनशक्ति परिचालन गर्नुपर्ने थिएन । प्राविधिक जनशक्ति उत्पादन हुन नेपाललाई धेरै समय लाग्यो । इन्जिनियरिङ विषय अध्ययन गर्न त्यो बेला विदेश जानुको विकल्प थिएन । जति बाटाघाटा बने सबै विदेशीले बनाइदिए । हुकुमी शासनलाई मुलुक शिक्षित र पूर्वाधार विकास भए आफ्नो वर्चश्व रहन्न भन्ने डर थियो ।

जब २०४७ र २०६३ पछि राजनीतिक परिवर्तनहरू भए, त्यसले विकासका मोडलहरू नै परिवर्तन गरिदियो । २०४७ सम्म आइपुग्दा नेपालमा ३ हजार किलोमिटर सडकको निर्माण भइसकेको थियो ।

एकदलीय व्यवस्था भए पनि महेन्द्रको शासनकालमा धेरै विकास पूर्वाधारको निर्माण भएको देखिन्छ । उनले विदेशी सहयोगमा लिँदा नेपालको विकास गर्ने रणनीति अघि सारेका थिए । त्यतिबेला विश्वका धनी राष्ट्रहरूबीच शीतयुद्ध चलिरहेको थियो । जसले गर्दा त्यस्ता राष्ट्रहरू कमजोर राष्ट्रलाई आफ्नो पक्षमा ल्याउन सहयोगी हात फैलाइरहेका थिए । राजा महेन्द्रले त्यो कुरा राम्रोसँग बुझेका थिए ।

त्यसपछि नेपालमा पूर्व-पश्चिम राजमार्ग, चीनसँग जोडिने अरनिको राजमार्ग, त्रिभुवन राजपथ, पृथ्वी राजमार्गलगायत निर्माण भएका थिए । कृषि औजार कारखाना, बाँसबारी छाला-जुत्ता कारखाना, भृकुटी कागज, भक्तपुर इँटा उद्योगलगायतका राष्ट्रिय पुँजी निर्माणका कामहरू भएका थिए । तर यी सबै पछि निजीकरण हुँदै गए ।

अहिले ३० वर्षको अन्तरालमा झन्डै एक लाख किलोमिटर भन्दा धेरै सडक निर्माण भएका छन् । तर यसको गुणस्तरमाथि प्रश्नचिह्न भने लाग्दै आएको छ । २०४७ सालअघिका सडकहरू विदेशी इन्जिनियरले बनाएका कारण गुणस्तरीय छन् । तर त्यसभन्दा पछिका सडक दक्ष जनशक्ति अभावले गुणस्तरीय हुन नसकेको विश्लेषण गरिन्छ ।

**राणाकालमा चन्द्र शमशेरले विद्युत्, सडक र पुलजस्ता पूर्वाधारमा केही काम गरेका थिए । तर त्यो दिगो र पर्याप्त भने थिएन । न ती पूर्वाधार मुलुक विकासको आधार नै बन्न सके । उनले त्यस समय अरू धेरै कुरा गर्न सक्ने थिए, गरेनन् ।**

### विकास पूर्वाधार र उद्योग

धेरै सडकहरू निर्माण भए जस्तै उद्योगधन्दा त्यही अनुसार बढ्न सकेन । आत्मनिर्भर अर्थतन्त्रको लागि सडक निर्माणसँगै उद्योगधन्दाहरू खुल्नु आवश्यक छ । यसले सडक निर्माणको प्रतिफल दिने काम गर्छ । रोजगारी बढ्छ । उत्पादन बढ्छ । स्थानीय उत्पादनले बजार पाउँछन् । मानिसको जीवनस्तर उकासिन्छ ।

देशको अर्थतन्त्र बलियो बनाउने हो भने सडकहरूमा 'हेभी गुड्स' सवारीहरू सञ्चालन भएको हुनुपर्छ । सिमेन्ट बोकेको ट्रक, रड बोकेको गाडी तथा औद्योगिक कच्चा पदार्थ होस् वा उत्पादित वस्तु अर्थात् सामान बोक्ने सवारी साधन धेरै सञ्चालनमा आउनुपर्छ । यो अवस्था उद्योग, व्यापार, पूर्वाधारसँग प्रत्यक्ष जोडिन्छ । त्यसले देशको अर्थव्यवस्थामा सुधार ल्याउँछ । त्यसले देशलाई आत्मनिर्भरताको बाटोमा लैजान्छ । अहिलेको परिप्रेक्ष्यमा हाम्रा गतिविधि निकै कम छन् । यसबीचमा उद्योगधन्दाको विकासमा ध्यान दिइएन । सडक निर्माण गरियो, तर त्यो उद्योग-व्यापारसँग जोडिन सकेन । सडक निर्माणसँगै उद्योग विकासको पनि योजनाहरू बनाएर अगाडि बढ्नुपर्छ । सडक आयोजना निर्माणका लागि छनोट गर्दा सम्बद्ध मानिसका लागि मात्र नभई औद्योगिक प्रयोजनको लागि पनि उपयोगी





सडक पूर्वाधार विकासमा वैदेशिक तथा निजी क्षेत्रको लगानी आउन थालेका छन् । राजा महेन्द्रका पालामा बनेका सडकहरू सबै अनुदानमा थिए । तर अहिले कुनै देश वा निजी क्षेत्र तथा बैंकले अनुदानमा सडक निर्माण गर्दैनन् । यसका लागि ऋण लगानी नै गर्ने हुन् । त्यसको ब्याज तिर्नेगरी ऋण उपलब्ध गराउने मात्र हो ।

हुनुपर्छ । मानिसको यात्राका लागि मात्र सडक निर्माण गरियो भने यसले लगानीको प्रतिफल कम दिन्छ । देशमा कतिपय विकास निर्माणका योजनाहरू बनाउँदा औद्योगिक विकासलाई जोडेर लैजान सकिएन ।

जस्तैः पूर्व-पश्चिम राजमार्ग एक हजार किलोमिटर छ । निर्माणको यतिका वर्षपछि पनि यो राजमार्गबाट उद्योग-व्यापार क्षेत्रले अपेक्षित लाभ लिन सकेको देखिँदैन । सडक निर्माणसँगै कस्ता उद्योगको सम्भावना छन् भन्नेमा काम गर्न ढिला भयो । यसले गर्दा सडक तथा यातायात पूर्वाधारमा गरेको लगानीको प्रतिफल मुलुकले अपेक्षाअनुसार लिन सकेन ।

त्यसो त देशको सार्वजनिक यातायात र त्यसका लागि आवश्यक पूर्वाधारमा लगानी गर्दा सरकारले लागत कसरी उठ्छ भन्ने हिसाब हेर्नुहुँदैन । कारण हो, यो राज्यको दायित्वमा पर्छ । तर योजना छनोट गर्दै त्यसलाई कसरी अधिकतम लाभकारी बनाउने भन्नेमा नीति-निर्माताकै सुझबुझ जरुरी छ ।

एउटा पूर्वाधारमा गरिएको लगानीले आर्थिक विकासमा अन्य सम्भावनालाई सघाउँछ । उदाहरणको लागि, अहिले सञ्चालन गरिएको जनकपुर-जयनगर रेल । जसको वार्षिक सञ्चालन खर्च मात्र ३५ करोड छ । यसको आर्जन ५ करोड हाराहारी छ । यो अवस्थामा कसरी पूर्वाधार विकासले आत्मनिर्भर अर्थतन्त्रको लक्ष्य पूरा गर्छ भन्ने प्रश्न उठ्छ । तर रेल चल्ने क्षेत्रको उद्योग, व्यापार र कृषि विकासका सम्भावनामाथि पनि काम गरे लगानीले उचित प्रतिफल दिन्छ ।

**प्रतिफल सोचेरमात्र वैदेशिक लगानी**

विकासोन्मुख तथा विकासमा पछि परेका मुलुकलाई सम्पन्न राष्ट्रहरूले सघाउँछन् । नेपालले त्यस्तो सहयोग लिन थालेको धेरै लामो समय भइसकेको छ । अनुदान सहयोग मात्रै होइन वैदेशिक ऋण लिएर पनि आयोजनाहरूमा लगानी गरिएका छन् ।

सडक पूर्वाधार विकासमा वैदेशिक तथा निजी क्षेत्रको लगानी आउन थालेका छन् । राजा महेन्द्रका पालामा बनेका सडकहरू सबै अनुदानमा थिए । तर अहिले कुनै देश वा निजी क्षेत्र तथा बैंकले अनुदानमा सडक निर्माण गर्दैनन् । यसका लागि ऋण लगानी नै गर्ने हुन् । त्यसको ब्याज तिर्नेगरी ऋण उपलब्ध गराउने मात्र हो ।

हाम्रा स्रोत-साधनले मात्र पूर्वाधार विकास गर्न सक्ने क्षमतामा देश पुगेको छैन । त्यसैले वैदेशिक लगानी आवश्यक छ । चीन र भारत तसमेतले एसियाली विकास बैंकसँग ऋण लिएर पूर्वाधार निर्माण गरिरहेका छन् । जुन ऋण लिन्छौं, त्यही अनुसार आर्थिक प्रतिफल आउनेगरी लगानी गर्ने हो भने मात्र ऋण जरुरी छ । यसरी हेर्दा कुनै देशसँग भन्दा बैंकहरूसँग ऋण लिनु राम्रो हो ।

सडकले देशको आर्थिक चहलपहलमा ठूलो योगदान गर्छ । तर ऋणमा निर्माण गरिएका सडकहरू सम्पन्न हुन ढिला हुँदा प्रतिफलमा असर पर्न जान्छ । ब्याज तिर्दा लगानी बढ्न पुग्छ । सडक तथा आयोजनाको लागत सोचे भन्दा दोब्बर भएर जान्छ ।

हाल निजगढ जान एक्सप्रेस-वे निर्माण गर्ने कुरा भइरहेको छ । त्यस्तै, सुरुङमार्ग पनि निर्माण भइरहेको छ । रोपवेको पनि कुरा चलिरहेका छ । तर यस्ता योजनाहरू वैदेशिक ऋण सहयोगमा निर्माण गर्दा आर्थिक हिसाबले प्रतिफलबारे पहिले नै सोच्नुपर्छ । त्यसरी सोचिएन भने ऋणको

भङ्खालोमा पर्नेछौं । आर्थिक रुपमा प्रतिफल दिन्छ कि दिँदैन र कति दिन्छ भन्नेमा लेखाजोखासहित अघि बढ्नुपर्छ । योजनाबद्ध तवरले वैदेशिक लगानीको सही योजनामा प्रयोग गरिनुपर्छ ।

काठमाडौंबाट वीरगञ्ज सबैभन्दा बढी चल्ने सडक ७० वर्षसम्म पनि हामी त्यही नारायणघाट घुमेर आउनुपर्छ । त्यही सडक अहिलेसम्म चलिरहेको छ । घुमाउरो तथा लामो दूरीका कारण ढुवानी महँगो पर्न जान्छ । यस्ता कतिपय योजनामा हामी असफल भएका छौं ।

भीमफेदीमा एउटा सुरुङमार्ग बनाउन सकेको भए त्यसले आर्थिक प्रतिफल राम्रो दिने थियो । बाटो छोटो हुने थियो । त्यसले ढुवानी लागत घट्ने र इन्धन खपत कम हुने थियो । तर यस योजनालाई वास्ता गरिएन र फास्ट-ट्र्याकको योजना अगाडि सारियो । हामी ७० वर्षदेखि नै योजनामा अलमलमा छौं । राजनीतिक परिवर्तनहरूले पनि विकास योजनाको छनोटसँगै लगानी प्राथमिकीकरणमा सुझबुझ पुऱ्याउन सकेन ।

### गुणस्तरीय सडक निर्माण

पूर्वाधार निर्माण स्तरीय भएन भने लगानी खेर जान्छ । हामीकहाँ बिग्रे-भत्केका सडक र पुलजस्ता संरचनामा राज्यको लगानीको हिसाब केलाउँदा थुप्रै जटिलता देखिन्छन् । सार्वजनिक खरिद नियमावली अनुसार सरकारले सबैभन्दा थोरैमा जसले बनाउँछु भन्छ उसैलाई ठेक्का दिन्छ । काममा ढिलासुस्ती हुन्छ, साथमा टिकाउ छैन भने पनि निर्माण कम्पनीहरूलाई विरलै कारबाही हुन्छ । ठेक्काहरू राजनीतिक दल र सत्ता सञ्चालकसँग जोडिन्छन् । यसले गुणस्तरमाथि प्रश्न गर्ने हाम्रो अधिकार खोसिन पुगेको छ ।

सरकारले ७७ वटै जिल्लाका सदरमुकाममा सडक जोड्ने भन्ने नीति लिएको थियो । त्यसमा अहिलेसम्म एउटा हुम्ला जिल्लामा मात्र सडक पुग्न बाँकी छ । अरु ७६ जिल्लाको सदरमुकाममा सडक पुगिसकेको छ । तर यो कतिको गुणस्तरमा निर्माण गरिएको छ भन्ने प्रश्न गर्ने प्रशस्तै ठाउँ छ । अहिले पनि कर्णाली राजमार्गलाई मृत्युमार्ग भनिन्छ । कारण, यसमा सधैं दुर्घटनाको जोखिम छ ।

अहिले सबैभन्दा धेरै ध्यान दिनुपर्ने विषय छ- रोड नेटवर्क डेभलपमेन्ट र क्वालिटी अफ नेटवर्क । सडक सञ्जाल विकास आवश्यक छ । पहाडका हरेक बस्तीमा आधा घण्टादेखि एक घण्टा पैदल हिँडेपछि सडकमा मानिसहरू पुगून् भन्ने नीति सरकारको हो । तराईमा समथर भूभाग भएकाले सडक विकास सहज पनि छ ।

गुणस्तरको कुरा गर्दा सडक निर्माण आफैमा महँगो आयोजना हो । जति नै महँगो भए पनि सडक निर्माण जरुरी छ । हामीले २० वर्षसम्मलाई टिक्ने रोड बनाउनुपर्नेमा ५ वर्षमा बिग्रेपछि त लगानी सबै खेर गयो । त्यसबाट आर्थिक प्रतिफल पनि प्राप्त हुँदैन । यही नै हालको सबैभन्दा ठूलो चुनौती हो । प्रायःजसो सडक २० वर्षसम्म टिक्नेगरी प्रक्षेपण गरिएको हुन्छ, तर यथार्थमा त्यसो हुन सकेको देखिँदैन ।

सडक पूर्वाधार विकासको क्षेत्रमा लगानी धेरै बढेको छ । सडक विभागको बजेट ३० वर्षअगाडि एक अर्ब पनि हुँदैनथ्यो । अहिले त्यस्तो बजेट १ खर्ब ६१ अर्ब रुपैयाँ पुगेको छ । ३० वर्षअघिको तुलनामा अहिले लगानी १६० प्रतिशतले बढेको छ । यस्तै, सडक सञ्जालको आकार विस्तार हुँदा मर्मतसम्भारमा पनि लगानी बढेको छ । हाल

**सार्वजनिक ऋणलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र, उत्पादनशील क्षेत्र तथा पुँजी निर्माणमा उपयोग गर्ने, आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रको वित्तीय साधन उपलब्धतामा प्रतिकूल प्रभाव पर्न नदिने एवम् वैदेशिक सहायतालाई राष्ट्रिय प्राथमिकता र पुँजी निर्माणका क्षेत्रमा मात्रै परिचालन गरिनेजस्ता विषयमा सरकार चनाखो हुनुपर्छ ।**

मर्मतसम्भारका लागि मात्रै वर्षमा ८ अर्ब हाराहारी लगानी हुने गरेको छ । सार्वजनिक ऋणलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र, उत्पादनशील क्षेत्र तथा पुँजी निर्माणमा उपयोग गर्ने, आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रको वित्तीय साधन उपलब्धतामा प्रतिकूल प्रभाव पर्न नदिने एवम् वैदेशिक सहायतालाई राष्ट्रिय प्राथमिकता र पुँजी निर्माणका क्षेत्रमा मात्रै परिचालन गरिनेजस्ता विषयमा सरकार चनाखो हुनुपर्छ ।

### भू-बनोटका चुनौती

नेपालको भू-बनोटका कारण बाढी, भू-क्षय पहिरोले सडक सञ्चालनमा समस्या आइरहन्छ । वर्षाको समय धेरै समस्या आउने गरेको छ । योजना बनाउने बेला यस्ता प्राकृतिक प्रकोपबाट सडकलाई कसरी सुरक्षित गर्ने भन्ने समेत लेखाजोखा हुनुपर्छ । सडक निर्माण र विस्तार मात्रै योजनामा पारिनु हुँदैन । निर्माणपछिका नियमित मर्मत, सुरक्षाबारे पनि पहिल्यै विचार पुऱ्याउनुपर्छ ।

पूर्वाधार विकासमा योजना तयारीदेखि निर्माणसम्म इन्जिनियरका साथै सम्बद्ध विषयमा प्राविधिक जनशक्ति आवश्यक छ । प्राविधिक जनशक्ति उत्पादनमै पनि मुलुक गम्भीर हुनुपर्ने आवश्यकता छ । देशलाई जति प्राविधिक चाहिएको छ, उत्पादन निकै थोरै छ ।

इन्जिनियरिङ शिक्षा सहज र सुलभ हुनुपर्छ । इन्जिनियरिङ कलेजहरू र कन्स्ट्रक्सन व्यवसायबीच समन्वय गरिनुपर्छ । यसले गर्दा सिकेको कुरा सरल रुपमा व्यवहारमा रुपान्तरण हुन्छ ।

योजनाको सम्भाव्यता अध्ययन र डीपीआर गर्दा दक्ष प्राविधिकको काम गराइले धेरै फरक पार्छ । देशको शासकीय स्वरुप संघीयतामा गएपछि योजनाहरू अब संघले चाहेर मात्रै अघि बढ्दैन । देशमा तीन तहको सरकार छ । सबैले आवश्यकता अनुसारका योजना छनोट र निर्माण गर्न सक्छन् । तर सबैमा काम गर्ने प्राविधिक जनशक्तिले नै हो । सरकारहरूले राजनीतिक जोडबलले योजना छनोटमा जानुभन्दा प्राविधिकलाई अघि लगाउनुपर्छ ।

यातायातको विकासलाई आर्थिक पाटोबाट खासै हेरिएको छैन । यसमा आर्थिक लेखाजोखा नगरी नेता वा कसैले भनेको भरमा योजना बनाउने र लगानी गर्ने प्रवृत्ति छ, जसले गर्दा लगानीअनुरुप प्रतिफल प्राप्त हुन सक्दैन ।

चिनियाँ एक्जिम बैंकको १८ अर्ब ऋणमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र १७ अर्ब जापानी ऋणमा काम भइरहेको नागढुंगा-नौबीसे सुरुङमार्ग निर्माण गर्दा सरकारले हाम्रा आवश्यकता, क्षमता र सम्भाव्यतामा कति ध्यान पुऱ्याएको होला भन्नेमा प्रश्न गर्ने थुप्रै ठाउँ छन् । योजना छनोटको प्राथमिकीकरणमा सुझबुझ भएन भने लगानी खेर जान्छ । उत्पादनशील हुँदैन । जहाँ लगानी उठ्छ त्यहाँ पूर्वाधार विकासलाई प्राथमिकता दिइयो भने अर्थतन्त्र सबल बनाउन टेवा पुग्छ ।

नेपालमा एसियन हाइवेको रुपमा दुई रुट छन् । एउटा, पूर्व-पश्चिम राजमार्ग हो । रुट न. २ भनिने यो राजमार्ग सिंगापुरबाट सुरु भएर इरान जान्छ । त्यस्तै, अर्को कोदारीदेखि वीरगञ्जसम्मको छ । यो सडक कोरियाबाट सुरु भएर कोदारी हुँदै वीरगञ्ज भएर भारत जाने गर्छ ।

तर अझै पनि हामीले कोरिया वा सिंगापुरमा भएको जस्तो स्ट्यान्डर्डको राजमार्ग निर्माण गर्न सकेका छैनौं । ठेक्का सम्झौतामा मापदण्डका सर्त नहुने होइननन्, तर त्यसअनुसारको निर्माण नगर्नेलाई कारबाहीको डर नै छैन । नेपाल-भारत रेलवे लिंक जोड्न सुरु भएका छन् । तर ती योजना पर्याप्त छैनन् । सडक मार्ग सुधारमा पनि धेरै काम गर्न अझै बाँकी देखिन्छ । अन्तर्राष्ट्रिय मापदण्डको सडक पूर्वाधार निर्माणसँगै सवारी नियममा सरलीकरण पनि हाम्रा आवश्यकता हुन् । सडकमा ढुवानीका साधनका लागि भारवहन मापदण्डमा पनि गर्नुपर्ने काम बाँकी छन् ।

*शर्मा पूर्वाधारविद् हुन् ।*



। विनायक शाह

# आत्मनिर्भर अर्थतन्त्रका लागि होटल क्षेत्र

**उद्योगहरूले उत्पादन र बिक्री दुवैका लागि लाइसेन्स पाएका हुन्छन । हाल ३३ उद्योग उत्पादन उद्देश्यका लागि लाइसेन्स प्राप्त गर्ने प्रक्रियामा छन् र दुवै लाइसेन्स पाएका ४ उद्योग प्राविधिक कारणले सञ्चालनमा छैनन् ।**

नेपालमा व्यावसायिक रुपमा होटल उद्योगको सुरुआत २००७ सालमा प्रजातन्त्र आएपछि भएको हो । त्यसअगाडि काठमाडौं आउने तीर्थयात्रीहरूका लागि धर्मशाला हुन्थे । ती धर्मशाला नै परम्परागत होटल वा बासस्थान थिए ।

सन् १९५१, मा महेश्वर शमशेरले ललितपुरको जावलाखेलमा होटल हिमालय इन बनाएपछि नेपालमा होटलको जग बसेको हो । तर त्यसपछि होटलको व्यावसायिक विकास भने होटल रोयल खुलेपछि भएको हो । अहिले निर्वाचन आयोग भएको भवनमा होटल रोयल खुल्यो । त्यो होटलपछि भने नेपालमा होटलको आधुनिक युग सुरु भएको मानिन्छ । आजसम्म आइपुग्दा नेपाली होटल उद्योगले ७० वर्षजति पार गरिसक्यो ।

हाम्रा अधिकांश होटल पर्यटक लक्षित हुन् । होटल एसोसिएसन नेपालको सन् २०१९ तथ्यांकअनुसार नेपालमा तारे होटलको संख्या १ सय ३८ छ । त्यस्तै टुरिस्ट स्टयान्डर्ड होटल १ हजार १ सय ५१ वटा छन् । यी सबै

होटलमा करिब ४४ हजार बेडको प्रबन्ध रहेको छ । नेपाली पर्यटन उद्योगको एउटा मेरुदण्ड हो होटल क्षेत्र । पर्यटकले आफ्नो अधिकांश समय होटलमा बिताउँछन् । पर्यटकीय मौसमको समेत गरेर जोड्ने हो भने होटल क्षेत्रले वार्षिक करिब ११ लाख मान्छेलाई रोजगारी प्रदान गर्दै आएको छ । कोरोना महामारीकै बीच (२०७६/०७७)मा पर्यटन क्षेत्रले स्थायी रुपमा ७२ हजार मानिसलाई रोजगारी दिएको नेपाल सकारको आर्थिक सर्वेक्षण ०७६/०७७ ले देखाउँछ । ०७७/०७८ मा आइपुग्दा यो संख्या बढेको हो ।

विदेशी मुद्रा आर्जनको ठूलो स्रोत हो पर्यटन तथा होटल क्षेत्र । कोरोनापछि पर्यटन र होटल क्षेत्र शून्यको अवस्थामा झर्‍यो । पर्यटन बोर्डले गरेको अध्ययनअनुसार कोरोना महामारी सुरु भएसँगै होटल क्षेत्रले ८१ अर्ब १० करोड रुपैयाँ नोक्सान सहनुपर्‍यो ।

सरकारले पर्यटनलाई कोरोनाबाट अति प्रभावित क्षेत्र घोषणा समेत गरेको थियो । सरकारले घोषणा मात्र गर्‍यो, तर होटल क्षेत्रका लागि केही काम गरेन । यो संकटबाट मुक्ति पाउन हामीले विदेशी पर्यटकलाई नेपालमा २० प्रतिशत छुट दिने योजना सरकारलाई प्रस्ताव गर्‍यौं । हामीले विदेशी पर्यटकलाई नेपालको आन्तरिक उडानमा छुट दिन पनि आग्रह गरेका थियौं ।

आर्थिक वर्ष २०७८/७९ सार्क मुलुकबाट नेपाल आउने पर्यटकलाई सरकारले भिसा निःशुल्क गर्ने निर्णय गरेको थियो । तर यो योजना लागु हन सकेन । आन्तरिक पर्यटन विस्तार गर्न निजामती कर्मचारीलाई १० दिनको भ्रमण भत्तासहितको बिदा दिने घोषणा गरिएको थियो ।

तर यी योजना कार्यान्वयनमा सरकारले जोड दिएन । हामीले एकोहोरो जोड दिएर मात्र हुँदैन । यी योजना तदारुकताका साथ कार्यान्वयन गरिनुपर्ने थियो । किनभने, संसारभर कोरोनाले आर्थिक गतिविधि कमजोर बनाएको छ । यस्तो अवस्थामा हरेक देशले पर्यटक आकर्षित गर्न विभिन्न योजना ल्याइरहेका छन् । तर हामीले ल्याएका योजना कार्यान्वयन नै हुन सकेन ।

हाम्रा होटलको भवन नेपालमा भए पनि ग्राहक भने विदेशी हुन् । हामीले हाम्रो सेवा र कार्याशैली पनि अन्तर्राष्ट्रिय स्तरकै बनाउनुपर्ने बाध्यता हुन्छ । तर सरकारी योजनाहरूले गर्दा यसमा असर पर्न गएको छ ।

नेपाली होटलहरूले पर्यटकलाई उच्च स्तरीय सेवा दिएका छन् । त्यसैले त नेपाल आउने पर्यटकमध्ये ६० प्रतिशत दोहोर्‍याएर आउने गर्छन् । अहिले चीनबाट पर्यटक आएका छैनन् । चीन सरकारले आफ्ना नागरिकलाई बाहिर जान अझै प्रतिबन्ध लगाएको छ । चिनियाँ पर्यटक नेपाल आउनेबित्तिकै होटल र पर्यटन क्षेत्र उकासिन्छ । चिनियाँ पर्यटक पर्खेर बस्नुभन्दा पहिला हामीले अन्य देशका पर्यटकलाई पनि नेपाल ल्याउने कोसिस भने गर्नुपर्छ ।

अहिले विदेशीहरू नेपालमा के प्याकेज छ भनेर सोध्ने गर्छन् । त त्यसको हामीसँग जवाफ छैन । जहाँबाट पर्यटक आउँथे त्यहाँ पनि आर्थिक गतिविधि कमजोर छ । त्यसैले घुम्न निस्किरहेका थोरै मान्छेलाई आफूतिर आकर्षित गर्ने खिचातानी चलेको छ ।

२०७९ को सुरुआतदेखि होटलको बुकिङ र अकुपेन्सी रेट २५ प्रतिशत पुगेको छ । ७५ प्रतिशत त अझै खाली नै छ । कोरोना महामारीबाट उकासिँदै गरेका हामीलाई सरकारले प्राथमिकतामा राखेन । हामीलाई सेवा क्षेत्रमा राखियो । हाम्रो माग त हामीलाई उद्योग क्षेत्रमा राखियोस् भन्ने हो । अहिले होटल अकुपेन्सी बढ्नुको मुख्य कारण भनेको आन्तरिक पर्यटकको बढ्दो लहर हो । भारतीय पर्यटकको संख्या पनि बढेको छ । भारतीय पर्यटकहरू सडक मार्गबाट आउने धेरै छन् । हाम्रा सडकको अवस्था ठीक छैन, त्यसैले सडक मार्गबाट आउने पर्यटकलाई सास्ती हुन्छ । यस्तो सास्ती भोग्न पर्यटक किन नेपाल आउने ?

युरोप, अमेरिका र अस्ट्रेलियका पर्यटकले प्रि-बुकिङ गरिरहेका छन् । आशा गरौं युरोपबाट पर्यटक आउनेछन् । बुकिङ सफल बनाउन हामीले प्याकेज दिन सक्नुपर्छ, अनि मात्र सफल भइन्छ । अहिले पनि सरकारले पर्यटन क्षेत्रका लागि भनेर ७३ वटा कार्यक्रम बताएको छ । तर कार्यान्वयनमा एउटा पनि गएको छैन ।

सरकारले रात्रिकालीन सम्पदा यात्रा गराउने घोषणा गरेको थियो । तर अहिलेसम्म त्यसका लागि केही तयारी, छलफल गरेका छैन । सरकारसँग नीति, योजना सबै छन् । हामीलाई आवश्यक हुने सबै नीति, कार्यक्रम छन् । तर तिनको यथोचित कार्यान्वयन भने छैन । सरकारले नीति, कार्यक्रम बनाइसकेपछि तिनलाई लागु गर्ने मामिलामा हामीलाई पनि समावेश गर्नुपर्‍यो । हामी कार्यान्वयन गराउने चरणबाट बाहिर पारिन्छौं, हामीले कार्यान्वयन नगराए पनि हामीसँग परमार्श सरकारले लिन सक्छ । काठमाडौंका होटललाई अहिले बैंकको ऋणको समस्या छैन । तर उपत्यका बाहिरका होटललाई भने बैंक ऋणले सताएको छ । सरकारले थोरै समयका लागि सहुलियत दिए पनि उपत्यका बाहिरका होटलका लागि त्यो समय पर्याप्त भएन । सरकारले तत्काल केही कदम चालेन भने यो समस्याले थुप्रै व्यवसायी मारमा पर्ने छन् ।

कोरोनाकालको शून्य अवस्थाबाट हामी २५ प्रतिशत अकुपेन्सीमा आइपुगी सक्यौं । तर अझै धेरै समस्या छन्, जसको समाधान हाम्रो हातमा छैन । जस्तोः हवाई यातायातको समस्या । सडक पूर्वाधारको समस्या । उपत्यकामा बल्झिरहने फोहोरको समस्या । यी समस्याले गर्दा पर्यटक नेपाल आउन मन गर्दैनन् । तर यी समस्याको समाधान हाम्रो हातमै छ । हामीसँग अहिले १८ वटा पाँचतारे होटल अप्रेसनमा छन् । यी सबै होटल बजारको डिमान्ड भएर नै त खोलिएका हुन् । पाँचतारे होटलमा अर्बौं रुपैयाँ लगानी लाग्छ । बजारमा डिमान्ड भयो भने पाँचतारे होटलको संख्या अझै बढ्न सक्छ । सामान्य समयमा २० करोड चिनियाँ, १० करोड भारतीय नागरिक घुम्न निस्किन्छन् । नेपालमा बाटो-घाटो, विमानस्थल र सरकारी सेवाहरू व्यवस्थित बनाउने हो भने हामीले वर्षको ५० लाख पर्यटक धान्न सक्छौं । २०१९ मा हामीकहाँ १२ लाख पर्यटक आएका हुन् । अब भने हामी ५० लाख पर्यटक धान्न सक्ने अवस्थामा छौं ।

भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल बनिसक्यो । विमानस्थल बनेर मात्र भएन, त्यहाँ अहिलेसम्म एउटा मात्र अन्तर्राष्ट्रिय उडान भइरहेको छ । उडान बढ्ने भएपछि व्यवसायी पनि त्यसको वरिपरि गएर लगानी गर्थे होला ।

अहिले सरकारले विदेशी मदिरा आयात रोकेको छ । नेपाल आउने अधिकांश भारतीय पर्यटकले स्कच रक्सी खोज्छन् । आयातमा १ डलर खर्च गरेको भए पनि हामी भने त्यसलाई यहाँ तीन डलर बनाउँथ्यौं । मदिरा आयात रोकिए पनि नेपाल त आइरहेकै छ रक्सी । खुला सिमानाका कारण अवैध रुपमा आइरहेको छ । यसले सरकारको राजस्व गुमिरहेको छ । यता अब नक्कली रक्सीसमेत बनाउन थालिसके । यसले दोहोरो घाटा भइरहेको छ । एकातिर सरकारी राजस्व गुमिरहेको छ भने अर्कोतिर हामी पर्यटन व्यवसायीले पर्यटकको माग पूरा गर्न सकिरहेका छैनौं । पर्यटन उद्योग पर्यटकको सन्तुष्टिमा निर्भर रहने कार्य हो । त्यसैले पर्यटकलाई सन्तुष्ट गराउन होटलको मात्र होइन राज्यका सबै निकायको कहीँ न कहीँ भूमिका हुन्छ । सबैले आ-आफ्नो भूमिका निर्वाह गरेमा हामी अहिलेको अवस्थाबाट निश्चय नै माथि उक्लन सक्छौं ।

*शाह होटल एसोसिएसन नेपालका प्रथम उपाध्यक्ष हुन् ।*





। पवनकुमार गोल्यान

# कृषिमा प्रविधि भित्राउन विदेशी लगानी अपरिहार्य

**समग्रमा कृषि क्षेत्र नेपालको धेरै सम्भावना भएको क्षेत्र हो । यहाँ काम गर्ने प्रयास पनि नभएका होइनन् । तर नेपाल केही अल्झनमा परेका कारण यस क्षेत्रको विकास हुन नसकेको देखिन्छ । पहिलो कारण, यसको परिभाषा हो ।**

कृषि नेपाली अर्थतन्त्रको मेरुदण्ड हो । यस क्षेत्रको समुन्नतिबिना देशको अर्थतन्त्र बलियो हुन सक्दैन । किन त ? यसको तथ्यांकलाई हेरौं- गत आर्थिक वर्षमा नेपालको कृषि क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले ३ खर्ब ८८ अर्ब लगानी गरे । यो आधिकारिक लगानी हो/हैन आफ्नो स्थानमा छ, तर सो क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले गत आव २०७८/०७९मा लगानी भनेर नै प्रवाह भएको हो ।

आव २०७७/०७८ मा कृषि क्षेत्रले नेपालको कुल गार्हस्थ्य उत्पादनमा २५ दशमलव ८३ प्रतिशत योगदान गरेको केन्द्रीय तथ्यांक विभागले बताएको छ । नेपालको अर्थतन्त्रको प्रमुख योगदान गर्ने भनेकै कृषि भन्ने पुष्टि सरकारी तथ्यांकले नै गरिरहेका छन् । राष्ट्रिय कृषि गणना २०६८ का अनुसार नेपालमा ३८ लाख ३१ हजार (करिब ७१ प्रतिशत) कृषक परिवार छन् । तीमध्ये ८३ प्रतिशतको मुख्य आयको स्रोत नै कृषि देखिन्छ । यो वर्ष

पनि कृषि गणना हुँदैछ ।

समग्रमा कृषि क्षेत्र नेपालको धेरै सम्भावना भएको क्षेत्र हो । यहाँ काम गर्ने प्रयास पनि नभएका होइनन् । तर नेपाल केही अल्झनमा परेका कारण यस क्षेत्रको विकास हुन नसकेको देखिन्छ । पहिलो कारण, यसको परिभाषा हो । हामीले कृषि भनेको खाद्यान्न, फलफूल मात्रै हो भन्दै आएका छौं । तर बुझ्नुपर्ने कुरा, खाने कुरा मात्रै कृषि होइन । खाने कुरा उत्पादन गर्नुलाई मात्रै कृषि र त्यही उत्पादनलाई मात्रै हामीले अघि बढाउनुपर्छ भनेर ध्यान दिनु हुँदैन । कृषिलाई फराकिलो दायरामा बुझ्नु जरुरी छ । नेपालमा उत्पादन हुन सक्ने वस्तुहरू आयातीत हुनुको पछाडिको कारण यो पनि प्रमुख रहेको देखिन्छ ।

नेपालको नामले नै विश्वमा जडीबुटीहरू बिक्री हुने र त्यतिकै माग हुने गरेको देखिन्छ । यार्सागुम्बा, जटामसीलाई उदाहरण मान्न सकिन्छ । सम्भावनाको हिसाबले नेपालमा कुनै कमी देखिँदैन । अहिलेसम्म कृषिलाई जीविकोपार्जनको रुपमा मात्रै हेरिएको छ । यही पेशाबाट पैसा कमाउने र यसलाई व्यावसायिक बनाउने काममा बेवास्ता गरिएको छ ।

नेपालको कृषि नीतिको कुरा गर्दा, सरकारले निरन्तर प्राथमिकतामा राख्दै आएको देखिन्छ । कृषिसँग सम्बन्धित ऐन, नियमावली, विधिविधान तथा कार्यविधिहरूमा कृषिलाई प्राथमिकतामा राखेकै देखिन्छ । नेपालका राजनीतिक दल र तिनमा आबद्ध नेताहरूका भनाइ पनि कृषि केन्द्रित नै छन् । जनता धेरै कृषिमा आबद्ध छन् । त्यसैले ऐन, नीति पनि कृषिलाई प्राथमिकतामा राखिएर बनेको देखिन्छ । साथै, राजनीतिज्ञहरूको सोचाइ पनि कृषि केन्द्रित भएकाले यसलाई झट्ट हेर्दा नेपालको प्राथमिकता कृषिमा नै हो जस्तो देखिन्छ । तर यथार्थ भने फरक छ ।

नीतिगत विषयको कुरा गर्दा, नेपालको कृषिमा अनुदान धेरै दिएको देखिन्छ । चाहे त्यो नगद होस् वा ब्याजदरमा दिने अनुदान । तर त्यसको प्रभाव भने शून्य जस्तो नै छ । त्यो अनुदान पनि पहुँचवालालाई मात्रै छ । कुनै न कुनै रुपमा पहुँच नभएकाले त्यो पाउने कुरा सोच्न पनि सक्दैनन् । त्यो अनुदान कृषि उत्पादनमा गएको छैन । दायित्वबोध नगराइकन दिएको अनुदानले काम गर्दैन । यसमा सरकार उल्टो बाटो हिँडिरहेको देखिन्छ । कुनै दायित्वबोध नगराइकन पैसा बाँड्दा पैसा लिनको लागि मात्रै योजना बनाएर ल्याउँछ । भनसुन गराउँछ र त्यो पैसा हात पार्छ । त्यसरी हात पारेको पैसा लगानी नहुने हुँदा बनेका नीति नै प्रभावकारी बन्न सकिरहेको देखिँदैन ।

यसमा सुल्टो बाटो हिँड्ने हो भने कृषिमा गरेको लगानीबाट प्रतिफल प्राप्त हुन्छ भन्ने विश्वास बढाउनु जरुरी छ । त्यो काम गर्न सरकारले आँट गर्न सकेन वा गरेन, त्यो आफ्नो ठाउँमा छ । केही त्यस्ता नीति आएको भए पनि कार्यान्वयन भएको छैन । चालु आवको बजेटको कुरा गर्ने हो भने, कृषिमा केही नयाँ र राम्रा कार्यक्रम समावेश भएको छ । कृषि बजारलगायतका कुरा पनि जोडिएको छ । यसले केही फरकपन दिनेछ भन्ने अपेक्षा गर्न सकिन्छ । अहिले आएका नयाँ र राम्रा कार्यक्रम हुन् वा पहिलेका राम्रा कार्यक्रम, ती ठीक ढंगबाट कार्यान्वयन नहुनुको पछि जडगत समस्या नै छ । किनकि, हामीले यसमा फाइदा नै देखेका छैनौं ।

व्यापारिक घरानालाई समेत कृषिमा लगानी गरेर नाफा कमाउन सकिन्छ भन्ने विश्वास भइसकेको छैन । त्यसकारण उनीहरूले यो कार्यान्वयनको लागि झकझक्याउने काम पनि गरेका छैनन् । त्यो भन्दा महत्वपूर्ण कुराचाहिँ कृषि विकासको लागि राजनीतिक दल र ब्युरोक्रेसी (कर्मचारीतन्त्र)ले नीति बनाउन पहल गर्नुपर्छ । गरेजस्तो त देखिन्छ, तर उनीहरूमा हृदयदेखि यस क्षेत्रको विकास गरौं भन्ने चाहना देखिँदैन ।

सरोकार भएका सबैमा कृषि विकासले प्रतिफल दिँदैन भन्ने नै छ । बोल्दा वा गफ गर्दा अनि भाषण गर्दा कृषिलाई महत्व दिनुपर्छ भने होलान् र भन्लान् पनि, तर उनीहरू यस क्षेत्रको विकास हुन्छ भन्नेमा आत्मविश्वासी ढंगबाट अघि

**विदेशी लगानीबिना नयाँ प्रविधि भित्रँदैन । कि त विदेशी लगानी चाहिन्छ, कि नेपालमा ठूला लगानीकर्ताहरू कृषिमा जोडिनुपर्छ । नयाँ प्रविधिको सुरूवात हुनको लागि लगानी महत्वपूर्ण कुरा हो । साना किसानहरूले प्रविधि प्रयोग गरेर उत्पादन गर्न सक्दैनन् ।**





बढेको अझै पनि देख्न पाइएको छैन ।

कृषि भन्नेबित्तिकै रसायनिक मल र विषादी महत्वपूर्ण हुन्छ । रसायनिक मल सधैं अभाव नै छ । मलमा ठूलो राजनीति छ । सरकारले हरेक वर्ष रसायनिक मलमा अनुदान बढाएकै छ, तर पनि मल सधैं अपुग छ । यसमा राजनीति जोडिएकै कारणले रसायनिक मल समयमा उपलब्ध हुँदैन । विषादीमा पनि हामीले उचित निर्णय लिन सकिरहेका छैनौं । विषादीयुक्त वस्तुचाहिँ आयात गरिरहेका छौं, तर विषादी कस्तो हिसाबले ल्याउने भन्नेबारे हामीसँग स्पष्ट नीति छैन ।

यस्ता विषयमा हामीले ध्यान दिनको लागि समय बितिसकेको छ । सिँचाइमा पूर्वाधार तयार गर्न सकिएको छैन । साथै, हामीले उन्नत बीउमा पनि ध्यान दिन सकिरहेका छैनौं । त्यसैले केही उत्पादनमा हामी विदेशीको भर पर्नुपरेको छ । अब त आयातमा कुनै समस्या हुनेबित्तिकै खाद्य संकट होला कि भन्ने डर छ ।

हामीकहाँ ३ वर्ष अघिसम्ममा वार्षिक २ खर्ब हाराहारीमा खाद्य वस्तु आयात हुन्थ्यो । अहिले करिब पौने ४ खर्बको खाद्य वस्तु विदेशबाट आयात हुन थालेको छ । ३ वर्षमा नै दोब्बर भएको देखिन्छ । यसरी खाद्य वस्तु आयात धेरै हुनमा बाह्य कारण उतिविधि छैन । हाम्रो आन्तरिक कारण नै हो । आयातलाई हामीले प्रतिस्थापन गर्ने हो भने अब हामीले सोच्नुपर्ने प्रविधि र विदेशी लगानीको विषय हो ।

विदेशी लगानीबिना नयाँ प्रविधि भित्रँदैन । कि त विदेशी लगानी चाहिन्छ, कि नेपालमा ठूला लगानीकर्ताहरू कृषिमा जोडिनुपर्छ । नयाँ प्रविधिको सुरुवात हुनको लागि लगानी महत्वपूर्ण कुरा हो । साना किसानहरूले प्रविधि प्रयोग गरेर उत्पादन गर्न सक्दैनन् । विदेशी लगानी आउनेबित्तिकै उसले साथमा प्रविधि ल्याउँछ । नयाँ प्रविधि आएपछि पहिलो कुरा नेपालको कृषिमा के गर्नुपर्छ भन्ने कुरा सिकाउन थाल्छ ।

**नेपाली किसानहरूलाई नै मर्का पर्छ, विदेशी लगानी ल्याउनुहुँदैन भन्ने जुनखालका कुरा गरिँदै आएको छ, त्यो ठीक होइन । त्यस्तो सोचले हामीलाई यथास्थितिमै राखिदिन्छ, हाम्रो उन्नति हुँदैन ।**

नेपालका कर्पोरेट हाउसहरू र विदेशी लगानीलाई महत्व नदिने हो र उनीहरूलाई प्रोत्साहित नगर्ने हो भने कृषि कसरी गर्नुपर्छ भन्ने कुरा सिक्न पनि हामीले केही वर्ष पर्खिनुपर्ने अवस्था आउन सक्छ । कृषि प्रशोधन कसरी गर्नुपर्छ ? त्यसको महत्व के छ भन्ने कुरा त हामीले सिकेका पनि छैनौं । त्यो कुरा सिकाउन विदेशी लगानी तथा कर्पोरेट हाउसको लगानी आवश्यक पर्छ । यसमा भन्न खोजिएको विषय के हो भने, कृषि उत्पादन गरेर मात्रै पुग्दैन, त्यसको प्रशोधन, प्याकेजिङ र बजारीकरणको लागि समेत विदेशी लगानी आवश्यक छ ।

जग्गा खरिद-बिक्रीमा लगानी गर्न दिने भन्न खोजिएको हैन । वस्तु उत्पादन गर्ने नेपाली किसानहरूलाई नै संलग्न गराएर उत्पादन गर्ने र त्यसमा ठूला लगानीकर्ताहरूले प्रोसेसिङ, प्याकेजिङ, उत्पादनलाई एकीकृत गराउने काम गर्नुपर्छ । ठूला लगानी भएपछि त्यसको बजारीकरणमा समस्या हुँदैन ।

यही विषयलाई जोडेर केही पहिला विवाद पनि भएको थियो । भारतको डेरीजन्य वस्तु उत्पादन कम्पनी 'अमुल' नेपाल आउन खोजेको र त्यो ल्याउन दिने वा नदिने भन्ने विषय उठेको थियो । यदि अमुल आएको भए के हुन्थ्यो र नआउँदा के भएन भन्ने कुरा हामीले अहिले देख्न सक्छौं । अमुलले नेपालमा लगानी गरेको छैन । तर उसले भारतमा उत्पादन गरेको डेरी प्रोडक्ट नेपाल भित्रिएको छ । त्यो पनि ठूलो मात्रामा । अमुलले नेपालमा लगानी गरेको थियो भने नेपालमा नै डेरीजन्य वस्तु उत्पादन गर्थ्यो । नेपाली दूधकै उपयोग हुन्थ्यो । गाई थोरै पाल्नेले धेरै पाल्न थाल्थे । नेपालका केही कृषक दूधको माग देखेर गाईपालनमा लाग्थे होला । त्यसले नेपालको अर्थतन्त्रलाई सकारात्मक बाटोतर्फ नै लग्थ्यो होला । नेपाल सरकारलाई तिर्ने करको विषयमा त अहिले जाँदै नजाऔं ।

अहिले हामी अमुलको उत्पादन भारतबाट ल्याउँछौं । त्यही उपभोग गर्छौं । विदेशी मुद्रा खर्च गर्छौं । र, व्यापारघाटा बढाउन सहयोग गरिदिन्छौं । यसलाई कसले र कसरी बुझ्ने ?

अमुलकै सन्दर्भमा जोडिने अर्को विषय भनेको प्रविधि हो । अमुलको उत्पादन अहिले नेपालको हरेक पसल-पसलमा छ । त्यसको माग पनि छ । के नेपालमा डेरीजन्य वस्तु उत्पादन नै नभएर अमुलको खपत भइरहेको हो त ? त्यो पनि हैन । मुख्य कुरा हो- गुणस्तर । अमुलले अहिले राम्रो प्रविधि प्रयोग गर्छ । त्यसले नेपालको उत्पादकले भन्दा केही राम्रो उत्पादन गर्ला । त्यसै कारण नेपाली उपभोक्ता अमुललाई प्राथमिकतामा राख्छन् ।

अमुललगायत नेपालमा बढी माग हुने ब्रान्डका प्रविधिहरू भित्राउने नीति सरकारले लिनुपर्छ । सोहीअनुसारको विदेशी कम्पनीलाई आह्वान पनि गर्नुपर्छ । उनीहरूको लगानीलाई प्रोत्साहन गर्नुपर्छ । त्यसले नै हामीलाई फाइदा दिन्छ र भविष्यमा केही सिकाउने कामसमेत गर्छ ।


यदि यो क्षेत्रको विकास साँच्चै चाहने हो भने, हामीले आफ्नो सोचाइ पनि बदल्नुपर्छ । नेपाली किसानहरूलाई नै मर्का पर्छ, विदेशी लगानी ल्याउनुहुँदैन भन्ने जुनखालका कुरा गरिँदै आएको छ, त्यो ठीक होइन । त्यस्तो सोचले हामीलाई यथास्थितिमै राखिदिन्छ, हाम्रो उन्नति हुँदैन ।


कृषि विकासका लागि जोडिनुपर्ने भनेको कर्पोरेट क्षेत्र नै हो । त्यो भनेको, पब्लिक कम्पनी तयार गर्ने हो । म आफै पनि १० अर्बको कम्पनी खडा गर्न चाहन्छु । सोहीअनुसारको योजना पनि बनाइसकेको छु । प्राइभेट लिमिटेड भयो भने ५० जनाभन्दा बढी प्रमोटर रहन सक्दैन । तर पब्लिक भयो भने जति जना पनि रहन सक्छन् । पहिला प्राइभेट लिमिटेड गर्ने पछि ३० प्रतिशत सेयर पब्लिकलाई दिएर यही कृषिको खेतीदेखि लिएर भण्डारण र त्यसको प्याकेजिङदेखि बजारीकरणसम्मको काम गर्ने गरी अघि बढ्न सकिन्छ । त्यसबाट वन पैदावर र खेतीकिसानी सबैलाई जोड्न सकिन्छ ।

यो मोडलमा अघि बढ्यो भने किसानहरूले अहिले गरिरहेको काम रोकिँदैन, थप प्रोत्साहित गर्न सकिन्छ । समग्र नेपालको कृषिको उन्नतिका लागि स्थानीय तह जागरुक हुनु आवश्यक छ । मैले यहाँ जति पनि विषय उठाएको छु, ती काम गर्न सरकारले स्थानीय तहलाई अघि बढाउनुपर्छ । कृषियन्त्रहरू स्थानीय तहले नै खरिद गर्ने र किसानलाई सस्तो भाडामा लगाउने काम गर्नुपर्छ ।

अहिले कृषियन्त्रको भाडा धेरै महँगो पर्दा लागतमा वृद्धि भइरहेको छ । त्यो नियन्त्रण गर्नैपर्ने देखिन्छ । अर्को कुरा, स्थानीय तहसँग तथ्यांक पनि हुन्छ । त्यहाँ कति मल, कति बीउ, कस्ता वस्तु उत्पादन गर्ने भन्ने विषयको जानकारी उनीहरूले राख्न सक्छन् । त्यहीअनुसारको अधिकार र बजेट पनि स्थानीय तहले पाउनुपर्छ । यसले मुलुकको कृषि उत्पादन र बजारीकरणमा सुधार गर्न मद्दत गर्छ ।

*गोल्यान बैंक तथा वित्तीय संस्था परिसंघ नेपालका अध्यक्ष तथा कृषि उद्यमी हुन् ।*





। सिद्धान्तराज पाण्डे

# स्टार्टअप व्यवसायबाट आत्मनिर्भर अर्थतन्त्र

**विश्वका कयौं देशले स्टार्टअपको माध्यमबाट ठूलो प्रगति गर्न सफल भएका छन् । चीन, भारत, जापान, बेलायत, भियतनाम, बंगलादेश, अस्ट्रेलिया, अफगानिस्तानलगायत देशहरूमा स्टार्टअप उद्यममा राम्रो विकास भएको छ ।**

विश्वमा सबैभन्दा पहिला अमेरिकामा स्टार्टअप उद्यमको सुरुआत भएको हो । अमेरिकामा छोटो समयमा धेरै स्टार्टअपको विकास भएको थियो । पछिल्लो समय अमेरिकाबाहेक विश्वका प्रायः सबै मुलुकमा स्टार्टअपको विकास भएको पाइन्छ । स्टार्टअपसँगै प्रविधिको पनि विकास भएको पाइन्छ। स्टार्टअपको रुपमा विकास भएका कम्पनीहरू अहिले युनिकर्न बनेका छन्। स्टार्टअपका रुपमा स्थापना भएका हजारौं कम्पनीले अहिले विश्वबजारमा ख्याति कमाएका छन् । विश्वमा सानो लगानीबाट सुरु भएर युनिकर्न स्टार्टअप बनेका कम्पनीहरू हजारौं छन् ।

विश्वका कयौं देशले स्टार्टअपको माध्यमबाट ठूलो प्रगति गर्न सफल भएका छन् । चीन, भारत, जापान, बेलायत, भियतनाम, बंगलादेश, अस्ट्रेलिया, अफगानिस्तानलगायत देशहरूमा स्टार्टअप उद्यममा राम्रो विकास भएको छ । जापानले आज भन्दा २०/३० वर्षअगाडि स्टार्टअपमा ठूलो फड्को मारेको थियो । त्यो

बेला जापानले नयाँनयाँ प्रविधि ल्याउन सफल भएको थियो । त्यो समयमा जापानले सोनी वाक्म्यान, निन्टेन्डोजस्ता इनोभेसनहरू ल्याएको थियो । तर पछिल्ला दशकहरूमा स्टार्टअप उद्यममा जापानले कुनै प्रोत्साहन दिएन । अहिले स्टार्टअपको विश्वव्यापार बिस्तारसँगै पुनः प्रोत्साहन दिन थालेको छ । प्रोत्साहन स्वरुप जापानले पछिल्लो समय यो उद्यममा ३० अर्ब डलरभन्दा बढी लगानी गरेको छ ।

पछिल्लो समय भारतमा दिनप्रतिदिन स्टार्टअप कम्पनीहरू खुल्ने र वृद्धि हुने क्रम जारी छ । भारतले नयाँ उद्यममा धेरै फड्को मारेको छ । स्टार्टअपले भारतको निर्यातमा ठूलो योगदान पुऱ्याएको देखिन्छ । भारतले सफ्टवेयर निर्यातबाट ठूलो मात्रामा विदेशी मुद्रा आर्जन गर्न थालेको छ ।

अहिले भारतमा हरेक महिना दुईदेखि तीनवटा स्टार्टअप युनिकर्नका रुपमा परिणत भइरहेका छन् । भारतको आर्थिक सर्वेक्षणअनुसार सन् २०२३ जनवरीसम्ममा २ अर्ब ७७ करोड ७७ लाख डलर भन्दा बढी मूल्यांकन गरिएका युनिकर्न स्टार्टअपको संख्या ८३ नाघ्नेछ । भारतमा सन् २०२१ मा ४४ स्टार्टअप युनिकर्न बनेका थिए । बेलायतलाई पछि पार्दै अहिले विश्वमै तीव्र रुपमा युनिकर्न स्टार्टअप बनाउने देशमा भारत तेस्रो हुन पुगेको छ । भारतभन्दा अघि अमेरिका र चीन छन् । सन् २०२१ मा अमेरिकामा ४८७ र चीनमा ३०१ वटा स्टार्टअप युनिकर्न कम्पनी बनिसकेका थिए ।

दिल्ली भारतको सबैभन्दा धेरै स्टार्टअपहरू रहेको सहर बनेको छ । त्यसअघि स्टार्टअपको हबका रुपमा ब्याङ्ग्लोर थियो । दिल्ली अहिले त स्टार्टअपको राजधानी नै बनिसकेको छ । भारत सरकारले सन् २०२१ मा १४ हजार नयाँ स्टार्टअप पहिचान गरेको थियो । सन् २०१६ देखि २०१७ सम्ममा केवल ७३३ स्टार्टअप पहिचान गरेको भारत सरकारले चार वर्षको अन्तरालमा १४ हजारभन्दा बढी पहिचान गरेको हो । सन् २०२३ सम्ममा भारत सरकारले ६१ हजार भन्दा बढी स्टार्टअप उद्यम गर्ने लक्ष लिएको छ ।

**नेपालमा स्टार्टअप उद्यमको सुरूआत**

नेपालमा स्टार्टअप उद्यमशीलताको सुरुआत करिब अढाइ सय वर्षपहिले भएको थियो । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले एकीकृत नेपालको राजधानी काठमाडौं बनाएपछि यो सहरलाई व्यापारिक केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना देखे । त्यो बेला नेपालमा उद्यम-व्यवसाय गर्ने प्रचलन थिएन । उद्यम गर्न खोज्नेहरूलाई समाजले राम्रो मान्दैनथ्यो । राजा पृथ्वीनारायण शाहले काठमाडौंलाई व्यापारिक केन्द्र बनाउन भारतको राजस्थानका मारबाडी समुदायका व्यापारीलाई पसल खोल्न र उद्यमशीलताको सुरुआत गर्न अनुमति दिए ।

> **नेपालमा नयाँ व्यवसाय गर्ने नूतन सोच रहे पनि पूर्वाधारको विकास धेरै पछिमात्रै हुन सकेको देखिन्छ । नयाँ टेक्नोलोजीसहितको स्टार्टअप उद्यम विकास नहुनुको कारणमा नेपालमा इन्टरनेटको बिस्तार, एक्सपोजर र अन्तर्राष्ट्रिय लगानी अभाव पनि हो ।**

पृथ्वीनारायणको यो कदमलाई पछि प्रधानमन्त्री चन्द्र शमशेर जबराले बिस्तार गरे । नेपालमा उद्यमशीलताको जरा गहिरो नहुनुको एउटा कारण जनतामा जागिर खाने मनोवृत्ति बलियो हुनु पनि हो । जागिरमा सुरक्षा हुने बुझाइ थियो । यही मनोविज्ञानका कारण नेपालमा स्टार्टअप उद्यमशीलताको विकास हुन धेरै समय लागेको देखिन्छ ।

नेपालमा नयाँ व्यवसाय गर्ने नूतन सोच रहे पनि पूर्वाधारको विकास धेरै पछिमात्रै हुन सकेको देखिन्छ । नयाँ टेक्नोलोजीसहितको स्टार्टअप उद्यम विकास नहुनुको कारणमा नेपालमा इन्टरनेटको बिस्तार, एक्सपोजर र अन्तर्राष्ट्रिय लगानी अभाव पनि हो । नेपालमा अन्तर्राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीहरूमा बिस्तारै भित्रिन थालेका हुन् । नेपाल विश्वमा स्टार्टअपमा धेरै पछाडि छ । तथापि, यहाँ पनि पछिल्ला केही वर्षदेखि स्टार्टअप वृद्धि हुँदै गएको छ । नेपालका यस्ता कम्पनीहरूमा पनि युनिकर्न स्टार्टअप बन्ने सम्भावना प्रचुर रहेको छ ।

**स्टार्टअपमा लगानी**

विश्व स्टार्टअप इकोसिस्टम प्रतिवेदन-२०२० अनुसार, स्टार्टअप अर्थतन्त्रको आकार ३० खर्ब (तीन ट्रिलियन) अमेरिकी डलर पुगिसकेको छ । संयुक्त राज्य अमेरिकामा स्टार्टअप उद्यममा ४० खर्ब (४ ट्रिलियन) अमेरिकी डलर लगानी रहेको छ । दक्षिण एसियामा भारतमा १०० बिलियन भन्दा बढी डलरको संयुक्त पुँजी लगानी भएका २०,००० हजार युनिकर्न स्टार्टअप कम्पनी सञ्चालनमा छन् । भारतमा निजी क्षेत्रबाट ४० अर्ब डलर टेक्नोलोजी स्टार्टअप उद्यममा लगानी भएको छ । तुलना गर्ने हो भने नेपालमा






त्यस्तो लगानी अत्यन्तै न्यून छ । विश्वका विभिन्न देशमा लगानी तथा प्रविधिको उच्चतम विकास र बिस्तार भएसँगै नेपालमा पनि नवीन व्यावसायिक धारणासहित स्टार्टअप उद्यममा लाग्ने क्रम बढ्दो छ । 'म्यापिङ अफ नेपाल्स इभोल्भिङ स्टार्टअप इकोसिस्टम-२०१९'को एक अध्ययनअनुसार नेपालमा अहिले करिव साढे चार सय वटा स्टार्टअप इन्क्युबेसन र एक्सिलेरेसनको प्रक्रियाबाट अघि बढिरहेका छन् । तीमध्ये अधिकांश काठमाडौं उपत्यकामा केन्द्रित छन् ।

नेपालमा स्टार्टअप टेक्नोलोजीमा लगानी गर्ने ठूलो सम्भावना छ । यो उद्यममा विगत चार वर्षमा विदेशी लगानी ५७० मिलियन डलर अर्थात् ७२ अर्ब १० करोड ५३ लाख रुपैयाँ भित्रिएको छ । तीन वर्षअगाडि वैदेशिक लगानीमा ५ करोडको थ्रेस होल्ड बनाउँदा टेक्नोलोजी क्षेत्रमा लगानी कम भएको थियो । नेपालमा निजी क्षेत्रको लगानी खासै छैन । स्टार्टअप उद्यममा २ मिलियन डलरभन्दा माथि लगानी भएको छैन । ठूलो लगानी जलविद्युत्मा भएको छ । तर नेपालमा प्राविधिक व्यवसाय सुरु गर्नको लागि लागत पनि तुलनात्मक रूपमा कम लाग्छ । नेपालमा २०२० र २०२१ मा १ बिलियन डलर मात्रै लगानी भएको छ । लगानीका हिसावले दक्षिण एसियाको स्टार्टअप उद्यममा नेपाल धेरै पछाडि छ । दक्षिण एसियामा भुटान र अफगानिस्तानबाहेक अन्य देश भन्दा पछाडि नेपाल छ ।

अन्तर्राष्ट्रिय बजारमा स्टार्टअप उद्यम लगभग ९० प्रतिशत 'टेकअफ' गर्न असफल भएको देखिन्छ । यो उद्यममा वैदेशिक लगानी मात्रै भएर पुग्दैन, यसमा प्रविधि मुख्य कुरा हो । पछिल्लो समय नेपालका व्यावसायिक संगठनहरूले पनि लगानी गर्न सुरुआत गरेका छन् । स्टार्टअप उद्यमशीलतालाई विकास गर्नको लागि नेपालकै स्रोतसाधनको प्रयोगले पुग्दैन । नेपाल मध्यम उद्यमशीलताको तहमा पुग्नको लागि करिब १०० अर्ब डलर अर्थात् वार्षिक ५ देखि ७ अर्ब डलर लगानी आवश्यक पर्छ । नेपालको क्षमता २०२१ मा १ अर्ब डलरमात्रै थियो । स्टार्टअप उद्यमको लागि विदेशी लगानीलाई प्राथमिकता दिनुपर्छ । आफ्नो आन्तरिक पुँजी र स्रोतसाधन प्रयोग गर्छु भनेर मात्रै पनि हुँदैन ।

**नेपालमा स्टार्टअप टेक्नोलोजीमा लगानी गर्ने ठूलो सम्भावना छ । यो उद्यममा विगत चार वर्षमा विदेशी लगानी ५७० मिलियन डलर अर्थात् ७२ अर्ब १० करोड ५३ लाख रूपैयाँ भित्रिएको छ ।**

### नेपालमा स्टार्टअप व्यवसायको वर्तमान अवस्था

ठूला उद्योगी-व्यवसायीले भन्दा पछिल्लो समय कल्पनाशील नवउद्यमीहरू नौला-नौला उद्यम बिस्तारको खाका बुन्न थालेका छन् । चुनौतीका बीच अवसर सिर्जना गर्ने खुबी भएका कल्पनाशील उद्यमीहरूले इच्छाशक्ति र मेहनतको बलमा आफ्ना व्यावसायिक सपनालाई साकार पार्न सफल भइरहेका छन् । अहिले पारिवारिक विरासत र ठूलो पुँजी नभए पनि नवीन सोच बोकेका उद्यम (स्टार्टअप) हरूको बिस्तार क्रमशः हुन थालेको छ । खासगरी, विदेशबाट फर्किएका र उद्यमशील चेत भएका युवाले स्टार्टअप अभियानलाई गति दिएका छन् ।

स्टार्टअप प्रोत्साहनका लागि 'इकोसिस्टम' बिस्तार हुँदै गएको छ । स्टार्टअप व्यावसायिक आइडिया र कार्यान्वयन क्षमता भएका उदीयमान कम्पनीलाई लगानी गर्न बिजनेस अक्सिजन प्रा.लि, डोल्मा इम्प्याक्ट फन्ड, टिम भेन्चर्स, ट्रु नर्थ एसोसिएट्स, वान टु वाचलगायतका संस्थाले

लगानी गरिरहेका छन् । नेपालको आयातलाई निरूत्साहित गर्दै निर्यातमुखी बनाउन र युवा रोजगारी सिर्जना गर्न सरकारले स्टार्टअप व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक छ ।

**कोरोनापछि डिजिटल स्टार्टअपको बिस्तार**

कोरोना महामारीकै क्रममा पनि नेपालमा बिस्तारै स्टार्टअप उद्यम बढ्न थालेको छ । दुई वर्षभन्दा लामो समय कोरोना संक्रमणले अन्य क्षेत्रमा नराम्रो असर गरे पनि इन्टरनेटमा आधारित ई-कमर्स, स्वास्थ्य, डिजिटल पेमेन्टका विभिन्न स्टार्टअपहरूलाई अवसर प्रदान गर्‍यो । त्यो अवधिमा नेपालमा डिजिटल ट्रान्सफर्मेसनमा ठूलो प्रगतिसँगै बिस्तारसमेत भएको छ । इन्टरनेटमा आधारित स्टार्टअप व्यवसाय वा अन्य उद्यमहरूले यहीबेला ठूलो प्रगति गर्ने अवसर प्राप्त गरे । कोरोना संक्रमणको बेला फिनटेक, डिजिटल पेमेन्ट, ई-कमर्स जस्ता स्टार्टअप फस्टाए । लकडाउनकै बेलामा ई-कमर्स कम्पनीहरूले धेरै नेपाली बजारमा प्रवेश गर्ने अवसर पाए । त्यस्तै, होमडेलिभरी गर्ने सेवाहरू पनि फस्टाएका छन् । सरकारले नयाँ सोचका साथ नौलो व्यवसाय सुरु गर्ने युवालाई प्रोत्साहन गर्नुपर्ने हो, तर दुर्भाग्य, सरकारी घोषणा कागजमा सीमित भएका छन् ।

विश्वमा सानो व्यवसायबाट सुरु गरेका सयौं स्टार्टअप अहिले अर्बौंको व्यापार गर्ने युनिकर्न कम्पनी बन्न सफल भएका छन् । ती युनिकर्न कम्पनीले आन्तरिक रोजगारी सिर्जनामा ठूलो योगदान गरेका छन् भने मुलुकको आर्थिक सुधारमा समेत इँटा थपेका छन् । नेपालमा सुरु भएका स्टार्टअप व्यवसाय थोरै सफल र धेरै असफल भएका छन् । यसको कुनै सर्वेक्षण र तथ्यांक छैन, तर सानो पुँजीमा स्थापना भएका स्टार्टअप कम्पनी थोरै मात्र सफल भएका देखिन्छन् । यति हुँदाहुँदै पनि नेपालमा पछिल्लो एक दशकमा भने स्टार्टअप उद्यममा केही सुधार हुँदै गएको छ ।

**स्टार्टअप उद्यमको लागि नीति अभाव**

नेपालमा हालसम्म स्टार्टअप अर्थात् नवप्रवर्त्तन व्यवसायका लागि छुट्टै ऐन, नियम तथा नीति बनेको छैन । नेपाल सरकारको नीतिले स्टार्टअप उद्यम विकासको लागि वास्तवमा कुनै काम गर्न सकेको देखिँदैन । सरकारको नीति स्टार्टअप उद्यमलाई पछ्याउनुपर्नेमा व्यवसायले सरकारलाई पछ्याउनुपर्ने विडम्बना छ । नेपालमा नयाँ आइडिया (जुक्ति) ट्रेडमार्क सम्बन्धी कानुन नै फितलो छ । कसैले ट्रेडमार्क चोर्‍यो भने कारबाही गर्ने कानुनसमेत छैन ।

बौद्धिक सम्पत्ति सम्बन्धी कानुन २०२२ सालमा बनेको थियो । अहिले दुनियाँ कहाँ पुगिसक्यो, तर त्यही थोत्रो कानुन बोकेर हामी बसिरहेका छौं ! त्यसले गर्दा नयाँ प्राविधिक स्टार्टअप उद्यममा वैदेशिक लगानी ल्याउन समेत कठिनाइ छ । सरकारले जलविद्युत् क्षेत्रमा नियम र कानुन राम्रोसँग ल्याएर सहुलियत दिएको छ । जलविद्युत् क्षेत्र पछिल्लो समय राम्रो भएको छ । त्यस्तै, सिमेन्टले पनि राम्रो प्रगति गरेको छ । सरकारले चालु आर्थिक वर्षको बजेटमा निर्यातजन्य उत्पादनमा अनुदान बढाएसँगै सिमेन्ट उद्योगमा उत्साह थपिएको छ । स्टार्टअप उद्यमका लागि सरकारले ऐन नियम ल्याएर व्यवस्थित नबनाएसम्म जहिले पनि अलमल नै हुन्छ । अहिले त कस्तो व्यवसायलाई स्टार्टअप भन्ने, कस्तोलाई नभन्ने अन्योल छ । आर्थिक वर्ष २०७८/०७९ को बजेटमा पहिलो पटक स्टार्टअप व्यवसायबारे केही पहिचान गरेको देखिन्छ ।

**स्टार्टअपमामा सरकारले गरेको प्रयास**

कानुनी तथा नीतिगत रूपमा स्टार्टअपको परिभाषा प्रष्ट उल्लेख नभए पनि सरकारले बजेटमार्फत् केही सुविधा र सहुलियत दिन खोजेको देखिन्छ । आव २०७८/०७९ को बजेटमा खासगरी युवा उद्यमीलाई स्टार्टअप व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले विभिन्न व्यवस्था गरेको पाइन्छ ।

जसमध्ये स्टार्टअपहरूको परियोजना धितो राखी १ प्रतिशत ब्याजदरमा २५ लाख रुपैयाँसम्म बीऊ पुँजी कर्जा उपलब्ध गराइने भनिएको छ । त्यस्तै, स्टार्टअप व्यवसायमा वैदेशिक लगानी भित्राउन नीतिगत सहजीकरण गर्ने र यसका लागि एक अर्ब रुपैयाँको च्यालेन्ज फन्ड स्थापना गर्ने सरकारको घोषणा छ । योजना आयोगले पनि स्टार्टअपलाई ५० लाख रुपैयाँसम्म सहुलियत कर्जा दिने भनेर प्रस्ताव माग गर्‍यो, तर यसमा कुनै कार्यक्रम कार्यान्वयन हुन सकेको देखिँदैन ।

**नेपालमा हालसम्म स्टार्टअप अर्थात् नवप्रवर्त्तन व्यवसायका लागि छुट्टै ऐन, नियम तथा नीति बनेको छैन । नेपाल सरकारको नीतिले स्टार्टअप उद्यम विकासको लागि वास्तवमा कुनै काम गर्न सकेको देखिँदैन ।**

आव २०७१/०७२ बजेटमा स्टार्टअपहरूलाई सहयोग गर्ने भनेर पहिलो पटक ५० करोड रुपैयाँको कोष खडा गरिएको थियो । सो कोषको उद्देश्य स्टार्टअप सञ्चालन गर्न चाहने उद्यमीलाई बीऊ पुँजी उपलब्ध गराउने रहेको थियो । त्यसयताका हरेक वर्षका बजेटले कुनै न कुनै किसिमले स्टार्टअपलाई छोएका छन् । तर झन्डै एक दशक हुन लाग्दासम्म सरकारले घोषणा गरेका सुविधा र सहुलियत कुनै पनि स्टार्टअपले पाउन सकेका छैनन् । यसको मुख्य बाधक सरकारी नीति नै रहेको छ । स्टार्टअप कार्यक्रम घोषणा गर्ने, तर त्यसको परिभाषा र नियमावली नहुनुलाई विडम्बना नै मान्नुपर्छ । नीतिगत अस्पष्टताका कारण स्टार्टअपहरूले सरकारी सहयोग, बैंकको ऋणदेखि अन्य लगानीसमेत ल्याउन सकेका छैनन् । बजेटमार्फत् स्टार्टअप व्यवसायको दर्ता, नवीकरण तथा अन्य सेवा एकद्वार प्रणालीबाट मिलाउने व्यवस्था गरिएको छ । स्नातक वा त्योभन्दा माथिको शैक्षिक योग्यता हासिल गरेका युवाले आफूले प्राप्त गरेका शैक्षिक प्रमाणपत्र धितो राखी अधिकतम पाँच प्रतिशत ब्याजदरमा २५ लाख रुपैयाँसम्म सहुलियतपूर्ण कर्जा उपलब्ध गराइने भन्ने व्यवस्था गरिएको छ ।

**स्टार्टअप प्रवर्द्धन गर्न नीतिगत हस्तक्षेप आवश्यक**

स्टार्टअप उद्यमीहरूको लागि आवश्यक कानुन तथा अन्य साइबर कानुनको पनि व्यवस्था गर्नुपर्छ । महिला उद्यमी, युवा रोजगारी सिर्जना गर्न र वैदेशिक रोजगारीबाट फर्किएका युवालाई स्टार्टअप व्यवसायमा लगाउन ऋण, तालिम, सीप विकास र उद्यमशीलतामा विशेष अनुदान दिनुपर्छ । स्टार्टअप व्यवसायका लागि एकलबिन्दु सेवाकेन्द्रको स्थापना गरिनुपर्छ । स्टार्टअप व्यवसायमा वैदेशिक लगानी भित्राउन नीतिगत सहजीकरण गरिनुपर्छ ।

**स्टार्टअप उद्यमबाट औद्योगीकरण**

नेपालमा पछिल्लो समय सफ्टवेयरको माध्यमबाट घरघरमा नै टुटल, पठाओ, फुटमान्डुलगायतले सेवा दिँदै आएका छन् । यसले मुलुकको अर्थतन्त्रमा कति योगदान हुने रहेछ भन्ने कुरा बुझ्नुपर्छ । भविष्य भनेको टेक्नोलोजी हो । टेक्नोलोजी भनेकै भविष्य हो । यी दुई कुरा एकै सिक्काका दुई पाटा जस्तै हुन् । नेपालमा नै उत्पादन हुने वस्तु आयातमा प्रतिबन्ध लगाएर मुलुकभित्रकै उत्पादन प्रयोग गर्नुपर्छ । रेमिट्यान्सको अलावा वैदेशिक लगानी कसरी ल्याउने भन्ने सोच्नुपर्छ । उद्यमशीलताले मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ । यसको बेफाइदा केही पनि छैन । जतिसक्दो उद्यमशीलतालाई प्रोत्साहन गरेर लैजानु पर्छ । सरकारले ऐन, कानुन र नीति बनाउँदा उद्यमशीलताको आँखाले हेर्न सकेमा स्टार्टअपकै विकासबाट आत्मनिर्भर अर्थतन्त्र बन्न सक्छ । अबको दशकमा स्टार्टअपबाट उद्यमीको हितमात्र नभएर देशभित्रै ठूलो संख्यामा रोजगारीको अवसर सिर्जना हुनेछ ।

*पाण्डे बिजनेस अक्सिजन प्रालिका प्रमुख कार्यकारी अधिकृत हुन् ।*



। डिमप्रसाद पौडेल

# नेपालको पर्यटन र हवाई यातायात

**निजी क्षेत्रको सहभागिताले प्रतिस्पर्धा र प्रविधिको विकास मात्र गरेको छैन, यसले हवाई यातायातमा आमनेपालीको पहुँचलाई समेत सुलभ बनाएको छ ।**

सन् १९४९ सालमा तत्कालीन भारतीय राजदूत सुरजित सिंह मजिठियाले प्रयोग गरेको बिचक्राफ्ट बोनान्जा विमान नेपाल अवतरण गरेको समयलाई प्रस्थानबिन्दु मान्ने हो भने नेपालमा हवाई उड्डयनको औपचारिक सुरुवात भएको ७३ वर्ष पुगेको छ। सम्भवतः यो इतिहास संसारका धेरै देशको भन्दा लामो हो । अझ त्यसअघि नै बाराको सिमरामा हवाई जहाज अवतरण भैसकेको दाबी गरिन्छ, यद्यपि यसलाई पुष्टि गर्ने पर्याप्त आधारहरू छैनन् । समयक्रममा सोही अवधिमा राजा त्रिभुवन र बेलायती महारानी एलिजाबेथ द्वितीय हवाई जहाज चढेर नेपाल आएको लगायतका सन्दर्भ भने हवाई उड्डयन इतिहासमा अभिलिखित छन् ।

नेपाल वायुसेवा निगम ऐन २०१९ जारी गरी निगमको स्थापना भएसँगै नेपालमा व्यावसायिक हवाई यातायातको सुरुवात गर्न सरकारी पहल भएको देखिन्छ। यस अवधिमा नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी जम्मा ८७ कम्पनीले एयर अपरेटर लाइसेन्स (वायुसेवा सञ्चालन अनुमतिपत्र) प्राप्त गरेकोमा १८ वटा मात्र मान्य छन् । संसारका अन्य मुलुकमा जस्तै नेपालमा पनि लाइसेन्स लिने र खारेज हुने प्रक्रिया चली नै रहेको छ ।

२०४६ सालको राजनीतिक परिवर्तनसँगै राज्यले अवलम्बन गरेको खुला अर्थतन्त्र नीतिका कारण वायुसेवामा निजी क्षेत्रको सहभागिता व्यापक रुपमा बढेको छ। निजी क्षेत्रको सहभागिताले प्रतिस्पर्धा र प्रविधिको विकास मात्र गरेको छैन, यसले हवाई यातायातमा आमनेपालीको पहुँचलाई समेत सुलभ बनाएको छ । अर्कोतिर निजी क्षेत्रको आक्रामक बजार तथा व्यापार विस्तारका कारण सरकारी संस्थानको रुपमा रहेको नेपाल वायुसेवा निगमको व्यापार भने कहाली लाग्दो किसिमले खस्केको छ। स्थापना भएको ६४ वर्षको अवधिमा नेपाल सरकारले निगममा उल्लेखनीय रुपमा लगानी गरेको छैन । र, निकट भविष्यमा त्यस्तो लगानी गर्ने योजना भएको पनि देखिँदैन । यसबाट के प्रष्ट हुन्छ भने, नेपालको हवाई यातायात क्षेत्र निजीको रणनीतिक नियन्त्रणमा छ ।

अहिले समग्र नेपाली हवाई यातायातको अवस्था हेर्दा आन्तरिकतर्फ निजी क्षेत्रको बजार हिस्सा ९७ प्रतिशत छ भने अन्तर्राष्ट्रियतर्फ सरकारी लगानी रहेको नेपाल वायुसेवा निगमको २० प्रतिशतको हाराहारीमा मात्र




छ । प्रत्यक्ष लगानीको हिसाबले हेर्दा नेपाल सरकारले वायुसेवा निगममा पटकपटक गरेर ३७ करोड रुपैयाँमात्र लगानी गरेको छ भने हालसम्म पुँजीकरण भएको समेत गरी करिब ४७ अर्ब रुपैयाँ ऋणका लागि जमानी बसिदिएको छ । सरकारी स्वामित्व हुनाले राज्यले निगमलाई भूमिस्थ सेवा सञ्चालन गर्न उपलब्ध गराइराखेको एकाधिकारका कारण जेजति आम्दानी गर्न सफल भएको छ, त्यही एउटा स्रोत हो । यसबाटै निगम आर्थिक रुपमा टाट पल्टनबाट जोगिएको छ ।

लगानीमा प्रतिफलको कुरा गर्ने हो भने निजी क्षेत्रका केही वायुसेवा कम्पनीबाहेक नेपाली हवाई उड्डयन उद्योगले खासै प्रतिफल दिन सकेको छैन । अर्थात् नेपालमा हवाई यातायातमा कमाउने भन्दा गुमाउने धेरै छन् । संसारका अन्य देशमा जस्तै नेपालमा पनि 'फ्रड इन्भेस्टर'हरूका कारण यस्तो भएको मान्न सकिन्छ । फ्रड इन्भेस्टरहरू सामान्यतया अरुले कमाएको देखेर बिना सोचविचार लगानी गर्दछन्, अन्धाधुन्ध सञ्चालन गर्दछन्, बजार बिगार्दछन् आफू पनि डुब्दछन् र अरुलाई पनि डुबाउँछन् । र, समग्र व्यवसायलाई कमजोर बनाएर बाहिरिन्छन् ।

## सरकार र निजी क्षेत्रको उपस्थिति

तीन वर्षदेखि दुईवटा ४० वर्ष पुराना विमानमार्फत् सेवा प्रदान गरिरहेको निगमको आन्तरिक बजारको हिस्सा तीन प्रतिशत भन्दा कम छ । त्यसो त ४ वटा विमान भएर पनि अन्तर्राष्ट्रिय उडानतर्फ निगमको मार्केट सेयर २० प्रतिशतको हाराहारीमा मात्र छ । अन्तर्राष्ट्रिय उडानको लागि नेपालमा निजी क्षेत्रको उपस्थिति नगन्य छ । बुद्ध एयरले भारतको एकाध सहर र हिमालय एयरलाइन्सले चीनका तीनसमेत ११ वटा गन्तव्यमा मात्र उडान अनुमति लिएका छन् । नेपाल वायुसेवा निगमले भारतका दिल्ली, मुम्बई र बैंगलोर, साउदी अरेबियाको रियाद, कतारको दोहा, यूएईको दुबई, थाइल्यान्डको बैंकक, मलेसियाको क्वालालम्पुर र जापानको टोकियो उडान भर्दछ । निगमले कोभिडका कारण चीनको ग्वान्जाउमा अनुमति लिएर पनि उडान गर्न सकिरहेको छैन ।

नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको योगदान ९ प्रतिशतको हाराहारीमा छ भनिन्छ, तर नेपालको हवाई उड्डयन क्षेत्रले केकति योगदान पुऱ्याएको छ, त्यसको तथ्यांक छैन । त्यसो भए पनि देशशको पर्यटनको विकासमा हवाई यातायात प्रमुख माध्यम हो भन्ने कुरामा दुईमत छैन । जुन देशको हवाई सम्पर्क बलियो छ, त्यही देशको पर्यटन उद्योग बलियो हुन्छ । जति धेरै लिंकेज त्यति धेरै पर्यटकीय सम्भावना हुन्छ । जुन देशको एयर कनेक्टिभिटी बलियो हुन्छ, विश्वसनीय हुन्छ त्यही देशले पर्यटक तान्ने हो । आउने निर्णय गरेको पर्यटकले पनि जहाज समयमै आउँछ कि आउँदैन, उड्छ कि उड्दैन भन्ने दुविधा भएपछि हाम्रो विश्वसनीयता गुम्छ । एउटा विदेशी पर्यटकका लागि हजार हैजार विकल्प हुन्छन् । आन्तरिकतर्फ निजी वायुसेवा प्रदायकको उपस्थिति धेरै राम्रो छ । एउटै कम्पनीले दिनको ७ हजारसम्म यात्रु ओसार पसार गरेको तथ्य सार्वजनिक भएको छ । तर ध्वजावाहकले झैं निजी वायुसेवा कम्पनीले पनि अर्थतन्त्रमा यति मात्रामा योगदान दिएका छन् भन्ने तथ्य सरकारी निकायसँग छैन ।

**अन्तर्राष्ट्रिय उडानको लागि नेपालमा निजी क्षेत्रको उपस्थिति नगन्य छ । बुद्ध एयरले भारतको एकाध सहर र हिमालय एयरलाइन्सले चीनका तीनसमेत ११ वटा गन्तव्यमा मात्र उडान अनुमति लिएका छन् ।**

## कमजोर नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगममा सरकारको लगानी अत्यन्तै न्यून छ । ३७ करोड लगानी र ४७ अर्ब जमानी यति थोरै हो कि संसारका कुनै पनि वायुसेवा कम्पनी उक्त रकमका भरमा चल्न सक्दैनन् । अर्कातर्फ जुन संस्थान मोडलमा सरकारले निगम चलाएको छ, त्यो मोडलबाट मुनाफा कमाउनै सकिँदैन । सरकारले निगमलाई बिजनेस मोडल होइन कल्याणकारी मोडलमा चलाइरहेको छ, राज्यको एउटा अंगको रुपमा मात्र चलाइरहेको छ ।

निगमको सांगठनिक तथा संस्थागत संरचना, कर्मचारी व्यवस्थापन, खरिद तथा सञ्चालन प्रक्रिया २०१९ सालमा जे परिकल्पना गरिएको थियो, आज पनि लगभग त्यही नै छ । यसबीच, ऐनको संशोधन भएको हो तर त्यो व्यावहारिक छैन । हरेक निर्णयमा मन्त्रालय, मन्त्री, अर्थ मन्त्रालय, प्रधानमन्त्री कार्यालयको मुख ताक्नुपर्ने भएपछि संस्था स्वायत्त र व्यावसायिक हुनै सक्दैन ।

सरकार पटकपटक राजनीतिक हस्तक्षेप गर्न निगम आइरहने र निगमका कर्मचारी तथा व्यवस्थापन आफ्नो स्वार्थका लागि सरकार र मन्त्री गुहारिरहने खेलमा निगम फसेको छ । अहिलेको सञ्चालन मोडल, लगानी र संरचनाका भरमा निगम चल्न सक्दैन, पछि परिसक्यो ।

एउटा कुरा सबैले बुझ्न जरुरी छ, नेपाल वायुससेवा निगमको जति व्यावसायिक विस्तार, स्थायित्वको अवसर संसारका निकै कम एयरलाइन्सलाई छ । कारण हो, पर्यटकीय दृष्टिकोणमा नेपालसँग भएको अथाह सम्भावना । संसारमा अर्को सगरमाथा छैन । गौतम बुद्धको



जन्मथलो लुम्बिनी र सीता जन्मिएको जनकपुर अन्त कतै छैन । फेवाताल र माछापुच्छ्रेको ‘कम्बिनेसन’ अन्त कतै छैन । तर हामीले यी सम्भावना बेच्न सकेनौं । कथा बनाएर पर्यटक ल्याउनन सकेनौं । प्रतिस्पर्धा र भूगोलको हिसाबमा अन्य उद्योगको सम्भावना अत्यन्तै न्यून छ भनिरहँदा हामी वैदेशिक रोजगारीको भर पर्नुपरेको छ । अवसरका लागि बर्सेनि ५ लाखको हाराहारीमा युवाहरू विदेशिनु परेको छ । यो अवसरलाई पनि राष्ट्रिय ध्वजाबाहकले सदुपयोग गर्न सक्छ । संसारको ४० प्रतिशत जनसंख्या हाम्रा छिमेकी २ देशमा बस्छन् । यी सबै उच्च दरमा चहलपहल गर्ने र उच्च खर्च क्षमता भएका मान्छे हुन् । कतारलाई यस्तो अवसर छैन, तर कतार एयरवेजले विदेशी ओसारपसार गरेर फाइदा उठाइरहेको छ । हङकङ र सिंगापुरले आफूलाई इन्टरनेसनल हब बनाएका छन् । विश्वको गरिब राष्ट्र भनेर चिनिने इथियोपियाको एयरलाइन्सले जबरजस्ती उपस्थिति बढाइरहेको छ । इथियोपियालाई संसारमा चिनाइरहेको छ । नेपालले राम्राराम्रा अन्तर्राष्ट्रिय विमानस्थल र राम्रा ट्रान्जिट तथा कार्गो हल बनाइदिने, भन्सार र अध्यागमन नीति पर्यटकमैत्री बनाइदिने काममात्र गरे पुग्छ । यसो गरे यो लिंकेजबाट राम्रो आम्दानी गर्न सक्छौं । दुई छिमेकी राष्ट्रबाट मान्छे नेपाल ल्याउने र उनीहरूलाई गन्तव्यसम्म पुऱ्याउने काम गरे पुग्छ ।

उदाहरणको लागि हामीले देख्यौं सिड्नी जाने यात्रु दोहा/दुबई पुगेर १० घन्टा ट्रान्जिट बसेर अर्को १२ घन्टा उड्ने कष्ट गर्न सक्छ भने नेपाल उनीहरूका लागि निकै छोटो र सस्तो ट्रान्जिट बन्न सक्छ । नेपाल वायुसेवा निगमलाई भारत र चीनको  कुल यात्रुको १ प्रतिशतमात्र बिजनेस पाए पर्याप्त हुन्छ । हामीले ‘सिरियस’ भएर सोच्ने हो भने प्रचुर सम्भावना छ । त्यसका लागि सरकारको प्रतिबद्धता र नीतिगत स्थिरता चाहिन्छ । निगमलाई कम्पनी मोडलमा चलाउनुपर्छ, कुनै सरकारी निकाय होइन, एउटा अलग्गै व्यापारिक प्रतिष्ठानको रुपमा निगमलाई हेरिनुपर्छ ।

### उड्डयन उद्योगमा अवसर

हवाई क्षेत्रबाट राज्यले पाउने लाभ मूलतः पर्यटन नै हो । राष्ट्रिय ध्वजाबाहक मात्र नभएर निजी हवाई कम्पनीले पनि विदेश उडान गरेर पर्यटक ल्याउनुपर्छ, केहीले ल्याइरहेका पनि छन् । वैदेशिक मुद्राको आम्दानी र सञ्चितिको लागि पर्यटक नै आउनुपर्छ । पर्यटक नेपाल आउँदा रोजगारीमा कति योगदान पुग्छ ? देशभित्रका आर्थिक गतिविधिहरू कति चलायमान हुन्छन्, सहजै अनुमान लगाउन सकिन्छ । अहिलेको पर्यटकीय पूर्वाधारमा २५ प्रतिशत मात्र थप लगानी गर्ने हो भने हाल ९ प्रतिशतको हाराहारीमा रहेको कुल गार्हस्थ्य उत्पादनको योगदान सजिलै २० प्रतिशत भन्दा माथि पुऱ्याउन सकिन्छ । पर्यटनबाहेक अर्को अवसर हो, कार्गो ढुवानी । हामीले हङकङ वा चीनबाट कार्गो ल्याएर मध्यपूर्वमा ढुवानी गर्ने हो भने यात्रु ओसारिरहनु नै पर्दैन । २० वटै कार्गो विमान उडाए पनि भ्याइनभ्याई हुन्छ ।

देशको आन्तरिक विकासको ऐना सडक पूर्वाधार भएजस्तै अन्तर्राष्ट्रिय लिंकेजको ऐना राष्ट्रिय ध्वजाबाहक हो । जति राम्रो राष्ट्रिय ध्वजाबाहक छ, विदेशमा त्यति राम्रो पहिचान हुन्छ । ३० वर्षअघिसम्म विश्वले नचिनेको कतार चिनाउने काम सन् १९९३ मा स्थापना भएको कतार एयरवेजले गरेको हो । इथियोपियन एयरलाइन्सले इथियोपियालाई विश्वमा चिनाउँदै छ । नेपाल वायुसेवा निगमको हकमा पनि त्यस्तै हुन सक्छ । देशको पहिचान बनाउन ध्वजाबाहक चाहिन्छ, पहिचान बनेपछि पर्यटक आगमन हुन्छ र अन्ततोगत्वाः विदेशी मुद्राको सञ्चितिमार्फत् राष्ट्रिय पुँजी निर्माण हुन्छ । राष्ट्रिय पुँजी निर्माण हुनु भनेको विदेशको कम भर पर्नु र स्वावलम्बी अर्थतन्त्रको आधार सिर्जना हुनु हो ।

### निजी क्षेत्रको ध्यान स्थानीय बजार

निजी क्षेत्रका वायुसेवा कम्पनीलाई प्रतिस्पर्धी बनाउन सक्ने पूर्वाधार हामीसँग छैन । यस्ता कम्पनीहरू मुनाफा नहुने क्षेत्रमा जाँदैनन् । उदाहरणको लागि कुनै निजी कम्पनीले विदेशबाट ट्रान्जिट प्यासेन्जर ल्यायो, अब राख्ने कहाँ ? कार्गो ल्यायो, ट्रान्जिट भन्सारको प्रबन्ध खै ? अनि चाहेर पनि निजी क्षेत्रले एन्ड टु एन्ड प्यासेन्जर मात्र ल्याउँछन्, आक्रामक बजार विस्तारमा लाग्दैनन् । निजी वायुसेवा कम्पनीले प्रतिफलको सम्भावना नदेख्नाले उनीहरू विदेश उड्न चाहँदैनन् । र, नोक्सान हुने गरी उडान गर्न सरकारले जबर्जस्ती गर्न पनि सक्दैन ।

### उड्डयन उद्योगको चुनौती

सरकारमा ‘सिरियसनेस’को अभाव नै अहिलेको पहिलो र मुख्य समस्या हो । उड्डयन उद्योगलाई अर्थतन्त्रमा राम्रो योगदान दिन सक्ने क्षेत्रका रुपमा सरकारले आत्मसाथ गर्न सकेको



छैन । महसुस गर्दो हो त, निजगढ विमानस्थल चाँडो बनाउँदो हो, पोखरा र भैरहवाका अन्तर्राष्ट्रिय विमानस्थलमा 'सिरियस' हुँदो हो अथवा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गर्दो हो । सरकारको नीतिमा अस्पष्टता र निजीक्षेत्र मैत्री वातावरण बनाउन नसकेको विषय पोखरा र भैरहवा विमानस्थलको सवालमा सरकारको अनभिज्ञताले पनि पुष्टि गर्दछ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबारे छलफल कति चल्यो ? बनाउन कति समय लाग्यो ? आवश्यक थियो कि थिएन ? वित्तीय सम्भाव्यता अध्ययन भयो कि भएन ? भन्ने कसैलाई थाहै छैन । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्राविधिक र वित्तीय सम्भाव्यता अध्ययन गरिएको छैन । सो विमानस्थल निर्माण बिनाअध्ययन सुरु गरिएको हो । वित्तीय र प्राविधिक हिसाबले सम्भाव्यता बोकेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल परियोजनाको पनि डकुमेन्टेसन छैन । के यसरी नयाँ विमानस्थल बनाउँदा राज्यले प्रत्यक्ष फाइदा लिन सक्छ ? भन्ने विषय सरकार स्वयम्लाई थाहा छैन । उड्डयन पूर्वाधार बनाउने विषयमा कोही कसैले 'थुप्रै काम भएको छ' पनि भन्दा हुन् । तर ती सबै समयक्रममा आफै हुने र हुनैपर्ने काममात्र भएका छन् ।

दोस्रो, नेपालमा हवाई उड्डयन उद्योग र ट्रेनिङ गराउने संस्था कतिवटा छन् ? हामीले न जहाज न त पाइलट नै वा न क्याबिन क्रु न त मेकानिक्स उत्पादन गर्न सकेका छौं ! दक्ष जनशक्ति उत्पादन गर्न राज्यले लगानी नै गरेको छैन । नेपालमा एरोनटिकल इन्जिनियरिङ पढाइ नै हुँदैन । आधारभूत तालिम स्वदेशमा पाइँदैन । दक्ष जनशक्ति स्थानीयस्तरबाट उत्पादन गर्न नसकेको दिनसम्म उड्डयन क्षेत्र बलियो हुन सक्दैन ।

तेस्रो, नेपालमा हवाई इन्धन यति धेरै महँगो छ कि लागत धान्न नसक्ने कारण देखाउँदै धेरै एयरलाइन्सले नेपाल उडान नै बन्द गरेका छन् । विमान कम्पनीको कुल सञ्चालन खर्चको करिब ३८ प्रतिशत इन्धन खरिदमा हुन्छ । हवाई इन्धनको भाउ बढेका कारण सिंगापुर, क्याथे प्यासिफिक, ड्रागन तथा मेलेसियाका केही कम्पनीले काठमाडौं उडान बन्द गरेका थिए । कारण के हो भन्दा उनीहरू सबैको एउटै तर्क हुन्छ, नेपाल उडेर फाइदा नै छैन । अरु देशको भन्दा यहाँ तेलको भाउ दोब्बर महँगो छ । ती कम्पनीले प्रतिउडान सय जना पर्यटक नेपाल ल्याइदिएको भए त्यसको लाभ अर्बमा हुन्थ्यो । एकजना पर्यटक नेपाल आउँदा एयरपोर्टको ट्याक्सी चालकदेखि बिरेठाँटीको भरिया र चियापसलेसम्म लाभान्वित हुन्छन् । सरकारले यो कुरा बुझेन, ध्यान गएन । लाखौं पर्यटक नेपाल आउनबाट वञ्चित भएका छन् । अर्थात् तेलको भाउ रुपैयाँका दरले बढाउने सुरमा पर्यटनमा अर्ब घाटा भएको छ भन्ने हिसाबकिताब कसैसँग छैन । अर्कातर्फ तेल महँगो बनाएर नेपाल सरकारले कति कर उठायो ? पूर्वाधार कति बनायो ? अर्थात्, नेपाल आयल निगमले कति नाफा गरेर राज्यलाई कति कर बुझायो ? र, पर्यटक ल्याउन पाएको भए राज्यलाई कति लाभ हुन्थ्यो ? यसको गहन अध्ययन गरौं ।

नेपालले हवाई इन्धनमा अल्पकालीन लाभ लिन खोजेर भाउ बढाउँदा कति एयरलाइन्स कम्पनी र पर्यटक भड्कायो ? तुलना गरौं । अन्तर्राष्ट्रियतर्फ हवाई इन्धनको भाउ बढाउने काम गरेर राज्यले आफ्नै खुट्टामा बञ्चरो हानेको छ भन्दा अन्यथा नहोला ।

चौथो, यहाँको सरकारी नीति निकै अस्थिर छ, लगानीमैत्री छैन । विदेशीले लगानी गर्नुपर्दा सुरुमा सरकारको नीति विश्लेषण गर्छन् । नेपालमा पोलिसी लिंकिङ छैन, आज एउटा व्यवस्था छ, भोलि अर्कै हुन्छ । निजी क्षेत्रमा हवाई कम्पनीहरू निरन्तर घाटामा सञ्चालन हुनुको कारण कम्पनीले माग गरेअनुसार उडान अनुमति नदिनु र विदेशमा आवश्यक लबिङ नगरिदिनु

**देशको आन्तरिक विकासको ऐना सडक पूर्वाधार भएजस्तै अन्तर्राष्ट्रिय लिंकेजको ऐना राष्ट्रिय ध्वजाबाहक हो । जति राम्रो राष्ट्रिय ध्वजाबाहक छ, विदेशमा त्यति राम्रो पहिचान हुन्छ ।**

हो । राष्ट्रिय ध्वजाबाहक हुन् वा नहुन् देशको प्रतिनिधित्व गरिदिने कम्पनीलाई कूटनीतिक पहल गरिदिनुपर्ने हो । विदेशी एयरलाइन्स नेपाल आएर निर्वाध कारोबार गर्न पाउने, नेपालमा खुलेका अन्य कम्पनीले किन नपाउने ? नेपालमा खुलेको, नेपालीले खोलेको, नेपाललाई कर तिर्ने कम्पनीका लागि सरकारले पहल गरिदिनुपर्ने हो । आफ्नो देशका कम्पनीहरूका लागि राज्यका सबै निकायहरूले निकै पहल गरिदिएको उदाहरण संसारका कयौं मुलुकमा देखिन्छ । एउटा वायुसेवा कम्पनीले जहाज किन्न लागेको छ भने राजदूत आएर पहल गर्छन् । नेपाल वायुसेवा निगमले जहाज किन्न खोज्दा अमेरिका र फ्रान्सका राजदूत नै आएर आफ्नो देशमा बनेको (एयरबस वा बोइङ) किन्न लबिङ गर्थे भन्ने त हामीले सुनेकै हौं । त्यहाँका निजी कम्पनीहरूको लागि उनीहरूले पहल गरेका हुन् । उनीहरू आफ्नो देशका कम्पनी विदेशमा प्रवर्द्धन गर्न मरिमेटेर लागिपर्छन् ।

नेपालीहरू सडकयात्रा भन्दा हवाई यात्रा रोज्न थालेका छन् । जनताको क्रयशक्ति बढेको छ । केही निजी विमान कम्पनीहरूले मनग्गे नाफा कमाएर उडान गरिरहेका छन् । तर राष्ट्रिय ध्वजाबाहक भएर पनि नेपाल वायुसेवा निगम पछि परिसकेको छ । निजी वायुसेवा कम्पनी संसारकै उत्कृष्ट, नेपाली आकाश र यहाँको बजार सुहाउँदो विमान नेपाल भित्राइरहेका छन् भने नेपाल वायुसेवा निगमलाई संसारभर असफल भएका, नचल्ने, थोत्रा विमान भिडाइन्छ । चिनियाँ विमान संसारभर चलेको छैन, नेपालले जबर जस्ती ल्याएर चलाइदिनुपर्ने ? यही त अचम्म छ । अनि यो काममा सरकार नै अग्रसर हुने ?

**नेपाल वायुसेवा निगमलाई कस्तो बनाउन सकिन्थ्यो ?**

एयरबसका दुईवटा वाइडबडी विमान नेपाल ल्याउनु अवसरको राम्रो ढोका खुल्नु थियो । त्यसको खरिद प्रक्रियाबारे चर्चा नगरौं, तर नेपाल वायुसेवा निगमको स्वामित्वमा पक्कै आएको थियो । ती विमानलाई नेपालीहरूको गन्तव्य रहेको टाढाको दूरीमा उडाउनुपर्थ्यो । अस्ट्रेलिया, कोरिया, जापान, मध्यपूर्व र युरोपका देशमा यी वाइडबडी उडाइनुपर्थ्यो । यी गन्तव्यमा उडान संख्या थप्नुपर्थ्यो वा नजिक भए पनि राम्रो मुनाफा हुने गन्तव्यहरूमा उडाउनुपर्थ्यो, त्यसो भएको छैन । न्यारोबडी ल्याएर मध्यपूर्व उडान गरेर वाइडबडीमार्फत् युरोप, अमेरिका, अस्ट्रेलिया उडान गरिनुपर्छ भने वाइडबडीबाट उच्च आम्दानी प्राप्त हुने उडान गरिनुपर्छ । तर वाइडबडीको सदुपयोग हुन सकेन । व्यावसायिक सम्भाव्यता नभएका निगमको स्वामित्वमा रहेका चिनियाँ जहाजको व्यवस्थापन गरिनुपर्ने थियो । म निगमको नेतृत्वमा आएपछि ती जहाजहरूबाट भएको डरलाग्दो घाटा देखेर नियन्त्रण गर्न खोजें, तर म नै निस्कनुपर्‍यो ! ४ वर्षदेखि थन्किएका ती जहाज बेचेर आन्तरिक उडान भर्ने प्रतिस्पर्धी विमान किन्नुपर्थ्यो, त्यसो हुन सकिरहको छैन ।

अन्त्यमा, नेपाल वायुसेवा निगमलाई जोगाउने हो भने यसको सांगठनिक संरचना तुरुन्तै परिवर्तन गरिनुपर्छ । मैले नेतृत्व गर्दा निगमलाई कम्पनी मोडलमा लैजाने, सरकारले केही अर्ब रुपैयाँ लगानी थप गर्ने, विदेशी रणनीतिक साझेदार भित्राउने, नेपालकै सर्वसाधारणलाई सेयर बेच्ने, कर्मचारीहरूलाई सेयर दिने, सञ्चालक समितिमा सबैको प्रतिनिधित्व गराउने, प्रमुख कार्यकारी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट नियुक्त गर्नेलगायतका प्रस्ताव गरें । तर निगमभित्र कर्मचारी र तत्कालीन मन्त्रीले निगमलाई यथास्थितिमा चलाउन खोजे । राष्ट्रिय हित र ठूलो सम्भावना बोकेको संस्था बन्नबाट रोकियो ।

*पौडेल नेपाल वायुसेवा निगमका पूर्वमहाप्रबन्धक हुन् ।*



। विदुषी राणा

# आत्मनिर्भरताको बाटोमा जुत्ता-चप्पल उद्योग

सरकार र निजी क्षेत्र दुवैले नेपालको व्यापार घाटा कम गर्न तथा अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनका निम्ति पहिचान गरेका क्षेत्रगत उद्योगहरू छन् । त्यसमध्ये अग्रपंक्तिमा जुत्ता-चप्पल उद्योग पर्दछ ।

देशको बढ्दो व्यापार घाटालाई न्यूनीकरण गर्न सरकारले बजेटमार्फत विभिन्न कार्यक्रमसहित प्रयत्न गरे पनि सफलता हात लागेको छैन । हरेक वर्ष आन्तरिक उद्योग प्रवर्द्धन गर्न बजेटमा उच्च प्राथमिकता दिइए पनि त्यो सार्थक हुन सकिरहेको छैन । निजी क्षेत्रले आन्तरिक खपत र निर्यातका लागि प्राथमिकता तोकेरै उद्योगहरूलाई प्रवर्द्धन गर्नुपर्छ भन्दै आएका छन्, तर त्यसले पनि मूर्त रुप लिन सकेको छैन ।

सरकार र निजी क्षेत्र दुवैले नेपालको व्यापार घाटा कम गर्न तथा अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनका निम्ति पहिचान गरेका क्षेत्रगत उद्योगहरू छन् । त्यसमध्ये अग्रपंक्तिमा जुत्ता-चप्पल उद्योग पर्दछ । नेपालमा औपचारिक-अनौपचारिक, कार्यस्थल, स्कुल, कलेज, बगैंचा, शौचालय, भान्छा, भोजभतेर, घुमफिरका लागि अलग-अलग जुत्ता-चप्पल लगाउने चलन छ । यसरी हेर्दा मुलुकभर वार्षिक करिब १५ करोड जोर जुत्ता-चप्पलको माग रहेको देखिन्छ । अहिले नेपालमा प्रतिव्यक्ति वार्षिक ३.५ जोर जुत्ता-चप्पल खपत भइरहेको छ ।

वार्षिक दस करोड जुत्ता-चप्पल स्वदेशमै उत्पादन हुन्छ । मुलुकभर एक हजार पाँच सयवटा जुत्ता-चप्पल उद्योग छन् । यी उद्योगमा सामान्यदेखि स्तरीय जुत्ता उत्पादन गर्नेहरू पनि पर्दछन् अर्थात् सडकको घुम्तीमा बसेर जुत्ता सिलाउनेदेखि निर्यात गर्नेसम्म यसमा पर्दछन् । सडकमै चल्ने साना उद्योगहरू एक हजार दुईसय वटा छन् । दैनिक सयदेखि एक हजार जोर जुत्ता उत्पादन गर्ने उद्योगको संख्या दुई सय ४० छ । पाँच हजारदेखि ७० हजार जोरसम्म दैनिक उत्पादन गर्ने उद्योग ६० वटा छ । यसरी जुत्ता-चप्पल उद्योग मुलुकभर छरिएका छन् ।

यी सबै उद्योगले वार्षिक कम्तीमा १६ करोड जोर जुत्ता-चप्पल उत्पादन गर्न सक्ने क्षमता राख्छन् । तर



**विगतमा साढे ४ करोड जोर जुत्ता-चप्पल आयात हुन्थ्यो भने त्यो संख्या पौने तीन करोडमा ओर्लियो। उता आयात घट्यो यता उद्योगीहरूले उत्पादन बढाउन सकेनन्। कारण, जुत्ता-चप्पलको चोरीपैठारी बढ्यो।**

क्षमताअनुसार कुनै पनि उद्योग सञ्चलानमा छैनन्। पछिल्लो समय विगतको जस्तो जुत्ता-चप्पल उत्पादन नै छैन। अघिल्लो वर्षको अवस्था हेर्दा वर्षभरिमा ६ करोड जोर जुत्ता उत्पादन भएको छ। त्यो भनेको क्षमताको जम्मा ३५ प्रतिशत हो।

स्वदेशी उद्योगले क्षमताअनुसार काम नगर्नु भनेको बजारमा विदेशी ब्रान्डका जुत्ता-चप्पल हाबी हुनु हो। खुला सिमानाका कारण भारतबाट जुत्ता-चप्पल चोरीपैठारी भइरहेको छ। भारतबाट साइकल, रिक्सालगायतका साधनमा बोराका बोरा जुत्ता-चप्पल भित्रिरहेको अवस्था छ। उनीहरूले न भन्सार महसुल तिर्छन् न त कर ! त्यही जुत्ता-चप्पल नेपाली बजारमा ल्याएर सस्तोमा बेच्छन्। अनि त्यही सामानसँग स्वदेशमा चलिरहेका स्थापित ब्रान्डले प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ।

पछिल्लो समय सरकारी निकायमा दर्ता भएका उद्योगहरू नामका मात्र छन्। तिनले उद्योग दर्ता त गरेका छन्, तर भारतबाट सोल र अपर ल्याउने गरेका छन्। एउटा कोठामा पाँच/सात जना कामदार राखेर त्यही सोल र अपरलाई गम टाँसेर 'मेड इन नेपाल' भन्दै बेच्दै आएका छन्। तिनैका कारण आज नाम चलेका केहीबाहेक अन्य जुत्ता उद्योग धराशायी बन्न पुगेका छन्। कच्चा पदार्थ स्वदेशमै उत्पादन गरेर जुत्ता-चप्पल तयार गर्ने उद्योग औंलामा गन्न सकिने अवस्था छ।

**चोरीपैठारीले सकस**


गत आर्थिक वर्ष जुत्ता-चप्पल आयात ह्वात्तै घट्यो। विगतमा साढे ४ करोड जोर जुत्ता-चप्पल आयात हुन्थ्यो भने त्यो संख्या पौने तीन करोडमा ओर्लियो। उता आयात घट्यो यता उद्योगीहरूले उत्पादन बढाउन सकेनन्। कारण, जुत्ता-चप्पलको चोरीपैठारी बढ्यो।

अवैध रूपमा भित्रिएका जुत्ता-चप्पलले बजारमा ठूलो हिस्सा ओगट्दा स्थापित ब्रान्ड नै धराशायी बन्दै गएका छन्। सरकारले आयात रोक्दा पनि अहिले ठूलो मात्रामा स्वदेशी उद्योगीले नै भन्सार छलेर जुत्ता-चप्पल ल्याइरहेका छन्। यस्ता जुत्ता-चप्पलको बजार हिस्सा ठूलो छ। यसले एकातिर राज्यको राजस्व गुमेको छ भने अर्कातिर ठूला उद्योगहरूले आफ्नो प्रतिस्पर्धी क्षमता गुमाउँदै गएका छन्।

दैनिक एक लाख जोर जुत्ता-चप्पल उत्पादन गर्ने गोल्ड स्टार नै लोप हुने अवस्थामा पुग्न लागेको छ। कुनै समय गोल्ड स्टारले १७ वटा फ्याक्ट्री २४ सै घन्टा चलाउँथ्यो। पाँच हजार मानिसलाई रोजगारी दिएको थियो। तर अहिले तीनवटा फ्याक्ट्री सञ्चालनमा छ। तीन हजारबाट कर्मचारी संख्या घटेर डेढ हजारमा आइपुगेको छ। यसरी हेर्दा दुई हजार मूल्यसम्मको जुत्तामा नेपाल आत्मनिर्भर छ। तर पनि आयात भइरहेको अवस्था छ। देशमा नीति बलियो बनाइएको छ, तर त्यसको कार्यान्वयन हुन सकेको छैन। सरकारले चुस्त ढंगमा अनुगमन बढाउनु जरूरी छ। अनुगमनमा क्रममा जुत्ता-चप्पल अवैध ल्याएको फेला परेमा कडा कारबाही गर्नुपर्छ। केही समय यसलाई निरन्तरता दिन सकेमा पक्कै पनि चोरीपैठारी रोक्न सकिन्छ। त्यसपछि स्वदेशी उत्पादनले नै बजार पाउँछ। उद्योगहरूले क्षमताअनुसार उत्पादन बढाउन थाल्छन्। यसबाट उद्योगलाई मात्र होइन, सरकारलाई पनि लाभ हुन्छ।

**जनशक्ति उत्पादनमा सरकारसँग हातेमालो**

हालसम्म नेपाली जुत्ता-चप्पल उद्योगमा ३० अर्ब रुपैयाँभन्दा बढीको लगानी भइसकेको छ। ५५ हजार जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। यो चानचुने कुरा होइन। पछिल्लो समय स्वदेशमै रोजागरीको अवसर बढेको छ। विशेषगरी कम पढेका र महिलाका लागि यस्तो उद्योग जीविकोपार्जनको माध्यम बनेको छ। त्यतिमात्र होइन, पढेलेखेका युवाको जमातले पनि स्टार्टअपमा चासो दिन थालेका छन्। अध्ययनपछि पाइने प्रमाणपत्र थन्काएर विदेशी भूमितिर पलायन हुनबाट जोगाउन जुत्ता उद्योगको ठूलो





भूमिका छ । काम पनि सिक्छु र आफैं उद्योग खोल्छु भन्नेहरूका लागि जुत्ता-चप्पल उद्योग एउटा अवसर बनेको छ ।

अहिले नेपालको जुत्ता-चप्पल उद्योगमा ६० प्रतिशत भारतीय कामदार छन् । यी उद्योगमा स्वदेशी युवालाई परिचालन गर्नु आवश्यक छ, तर यसका लागि सीपमूलक तालिमको जरुरी पर्छ । हामीकहाँ दक्ष जनशक्तिको अभाव छ । तालिम दिनका लागि प्रशिक्षण केन्द्र खोलेर अघि बढ्न सकेमा आगामी दिनमा जुत्ता-चप्पल उद्योगमा युवाको चासो र सहभागिता निश्चय नै बढ्नेछ । यसका निम्ति सरकारले जुत्ता उद्योगसँग हातेमालो गर्नु आवश्यक छ । गोल्ड स्टार कम्पनीमा ९९ प्रतिशत कामदार नेपाली छन्, ६० प्रतिशत त महिला छन् । उद्योगमा काम गर्न आउने व्यक्तिलाई गोल्ड स्टारले तीन महिनासम्म तलबसहितको तालिम दिन्छ । तर विडम्बना के छ भने, हाम्रा उद्योग काम सिकाउने थलो मात्र बनिरहेको छ । सीप बोकेर कतिपय युवा खाडी मुलुक जान्छन् । यस्तो समस्याको दीर्घकालीन समाधान गर्न सरकारको सहयोग जरूरी छ ।

**समस्या नै समस्या**

सरकारले हरेक वर्ष नारा बनाउँछ, 'स्वदेशी वस्तु उत्पादन गरौं, समृद्धितर्फ अघि बढौं ।' तर उद्योगलाई प्रवर्द्धन गर्नेतर्फ ध्यान गएको छैन । प्रवर्द्धन भन्नासाथ धेरै कुरा जोडिन्छ । पहिलो त, उद्योगको निर्यात क्षमता बुझ्न जरूरी छ । दक्ष जनशक्ति कसरी व्यवस्थापन गर्ने, मूल्य नियन्त्रणको संयन्त्र कसरी बनाउने, चोरीपैठारी कसरी रोक्ने, उद्योगीका निम्ति वित्तीय पहुँच सहज कसरी पार्ने भन्नेजस्ता कुराहरूमा ध्यान दिनुपर्छ ।

**सरकारले हरेक वर्ष नारा बनाउँछ, 'स्वदेशी वस्तु उत्पादन गरौं, समृद्धितर्फ अघि बढौं ।' तर उद्योगलाई प्रवर्द्धन गर्नेतर्फ ध्यान गएको छैन । प्रवर्द्धन भन्नासाथ धेरै कुरा जोडिन्छ । पहिलो त, उद्योगको निर्यात क्षमता बुझ्न जरूरी छ ।**

हामीले उल्लिखित समस्याहरू सरकारसमक्ष राखेका छौं । प्रतिक्रिया पनि सकरात्मक नै आएको छ । अहिले देखिएको थुप्रै समस्यामध्ये चोरीपैठारी मुख्य हो । यसले गर्दा स्वदेशी उद्योगहरूले क्षमता बढाउन सकेका छैनन् । बजारमा नक्कली ब्रान्डका जुत्ता छ्याछ्याप्ती हुँदा उद्योगीहरू मारमा परेका छन् । भन्सारमा कडाइ नहुनाले यस्ता गतिविधि बढिरहेका हुन् । सरकारले नीतिगत कुरामा व्यवसायीलाई साथ दिए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । यसले गर्दा व्यवसायीहरू सधैं निराश हुनुपरेको अवस्था छ ।

साना-ठूला उद्योगी-व्यवसायी लगानी गर्न चाहन्छन्, तर त्यसका लागि उपयुक्त वातावरण छैन । किनभने आज सानो लगानीमा खुलेको जुत्ता-चप्पल उद्योगले भोलि कोसँग प्रतिस्पर्धा गर्ने ? स्वदेशी उत्पादनमा प्रतिस्पर्धा छैन । परम्परागत सीपलाई उद्योगको रूप दिएर आफ्नो उत्पादनलाई ब्रान्डका रूपमा स्थापित गर्न निकै कठिन छ । भूकम्प, नाकाबन्दी, भारतमा गरिएको नोटबन्दी तथा जीएसटी प्रावधानले नेपाली जुत्ता उद्योगलाई ठूलो हानि भएको छ । मुख्यगरी नेपाली ब्रान्डको प्रतिस्पर्धा भनेकै भारतीय जुत्ता-चप्पलसँग हो । भारतजस्तो प्रतिस्पर्धात्मक बजारमा नेपाली जुत्ता जान सक्ने अवस्था भएन र त्यसको फाइदा

उनीहरूले उठाए । विडम्बना त के छ भने, अहिले भारतका केही ठाउँमा हाम्रै ब्रान्डको नक्कली जुत्ता उत्पादन भइरहेको छ ।

खासगरी देशमा लगानीयोग्य वातावरण नहुनाले चौतर्फी घाटा भइरहेको छ । जमिन किनेर उद्योग सञ्चालन गर्नुपर्दा धेरै महँगो हुन्छ । बैंकले सहुलियतमा ऋण दिँदैन । चर्को ब्याजमा ऋण लिएर जोखिम लिन गाह्रै हुन्छ । जुत्ता उद्योगमा विदेशी लगानी भित्रिएको छैन । जति धेरै लगानी थपियो त्यति नै बजार प्रतिस्पर्धात्मक बन्छ । यो तथ्य सरकारले बुझ्नुपर्छ ।

**निर्यातको सम्भावना उच्च**

पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको माग बढेको छ । कुनै समय राम्रै मात्रामा जुत्ता-चप्पल निर्यात गर्ने नेपालले पछिल्लो केही वर्षयता सोचेजस्तो निर्यात गर्न सकेको छैन । विगतमा वार्षिक तीन करोड जोर जुत्ता निर्यात हुन्थ्यो, अहिले त्यो संख्या ७० लाखमा अड्किएको छ । कच्चा पदार्थ अभाव, बैंकको महँगो ब्याजदर, जग्गाको मूल्य अधिकलगायतका कारण हाम्रो 'कस्ट अफ प्रडक्सन' बढेको छ । यसकारण निर्यातको व्यापक सम्भावना हुँदाहुँदै पनि बढ्न सकेको छैन । हाल नेपाली जुत्ता-चप्पल अस्ट्रेलिया, अमेरिका हुँदै विभिन्न १८ मुलुकमा निर्यात हुन्छ । जुत्ता बनाउन चाहिने प्रमुख कुरो सोल हो । सामान्यतः सोल पोलियुरिथिन (पीयू), थर्मा पोलिरबर (टीपीआर), पोलिभिनाइल क्लोराइड (पीभीसी), रबर लगायतबाट बन्छ । रबर र पीभीसी सोल उत्पादन गर्ने धेरै उद्योग नेपालमै छन् । जुत्ता टाँस्ने रसायन विदेशबाट झिकाइन्छ । जुत्ता उत्पादन गर्न फेभिकोल, डेन्ड्राइट, बोस्टिकजस्ता रसायनको प्रयोग हुन्छ । यसबाहेक जुत्ता मोटो र नरम बनाउन प्रयोग गरिने फोम, सोल भाँचिन नदिन प्रयोग गरिने फलामे पाता, धागो, इलास्टिक, जालीलगायतमा अहिले पनि मुलुक विदेशमै निर्भर छ ।

गोल्ड स्टारले जुत्ताको दानादेखि लिएर सोल, नेपाली धागोबाट बन्ने अपर, लेस सबै यही बनाउँछ । जुन कुरा नेपालमा पाइँदैन त्यो मात्र आयात गर्छ । भन्सारमा तयारी जुत्ता र कच्चा पदार्थमा लाग्ने राजस्व उस्तै भएकाले विदेशी कम्पनीसँग प्रतिस्पर्धा गर्न मुस्किल छ । अहिले जुत्ता उत्पादनका लागि प्रयोग हुने कपडालगायत सम्पूर्ण कच्चा पदार्थ उद्योगको नाममा आयात गर्दा भन्सार महसुल १५ प्रतिशत छ । यसलाई घटाएर दुई प्रतिशत बनाउनुपर्छ ।

सबै कच्चा पदार्थ स्वदेशी नै प्रयोग गरेर सञ्चालनमा रहेको उद्योग अथवा अर्धतयारी कच्चा पदार्थ प्रयोग गरेर सञ्चालनमा रहेका उद्योगलाई फरक महसुल दर लगाउनुपर्छ । चीन र भारतबाट अपर र सोल ल्याइरहेको छ भने त्यहीँका स्थानीयले रोजगारी पाउँछन्, नेपालीले पाउँदैनन् । यसमा सरकार सचेत हुनुपर्छ । तयारी वस्तु, अर्धतयारी कच्चा पदार्थलगायतका सामग्री विशेषगरी भारत, सिंगापुर, मलेसिया, ताइवानबाट आयात हुन्छ ।

**सरकारले के गर्नुपर्छ ?**

सरकारले बजेटमार्फत उद्योग र व्यापारका लागि छुट्टाछुट्टै ब्याजदर लागु गर्ने भनेको छ । नेपाल राष्ट्र बैंकले पनि मौद्रिक नीतिमार्फत यसलाई कार्यान्वयमा ल्याउने जनाइसकेको छ । यसलाई हामीले सकारात्मक रूपमा लिएका छौं । चालू आर्थिक वर्षबाट यो नीति कार्यान्वयन हुन्छ भन्ने हामीले अपेक्षा गरेका छौं । सरकारको पहिलो जिम्मेवारी चोरीपैठारी रोक्नु नै हो । यसलाई नियन्त्रण गर्न नेपाल-भारत सीमा नाकाहरूमा कडा निगरानी गर्नुपर्छ । एलसी खोलेर मात्रै जुत्ता-चप्पल आयात गर्न अनिवार्य व्यवस्था हुनुपर्छ । नेपालका लागि जुत्ता-चप्पल आयात गर्दा 'मेड फर नेपाल' लेखिएको मात्र ल्याउने व्यवस्था गरेमा बजारमा नक्कली सामान कम हुँदै जानेछ ।

**कच्चा पदार्थ अभाव, बैंकको महँगो ब्याजदर, जग्गाको मूल्य अधिकलगायतका कारण हाम्रो 'कस्ट अफ प्रडक्सन' बढेको छ । यसकारण निर्यातको व्यापक सम्भावना हुँदाहुँदै पनि बढ्न सकेको छैन । हाल नेपाली जुत्ता-चप्पल अस्ट्रेलिया, अमेरिका हुँदै विभिन्न १८ मुलुकमा निर्यात हुन्छ ।**

उद्योगले कच्चा पदार्थ आयात गर्दा लिइने भन्सार महसुल १५ प्रतिशतबाट घटाएर दुई प्रतिशत बनाउनुपर्छ । यसबाट उद्योगीलाई राहत मिल्नेछ । साथै, मेसिनरी तथा पार्टपुर्जा आयात गर्दा भन्सार महसुल पाँच प्रतिशत छ । यसलाई एक प्रतिशत बनाउनुपर्छ । जुत्ताको पूर्ण तयारी अप्पर प्रतिजोरको दुई सय ५० र सोल प्रतिजोर एक सय ५० रुपैयाँ भन्सार बनाउनुपर्छ । जुत्ता-चप्पल उद्योगलाई प्रोत्साहन दिन सहुलियतपूर्ण कर्जा आवश्यक छ । ठूलो संख्यामा जुत्ता उत्पादन र निर्यात गरिरहेका उद्योगलाई निश्चित अवधिका लागि विशेष अनुदानको व्यवस्था गरेमा थप प्रोत्साहन मिल्नेछ । अहिलेकै कुरा गर्दा, अमेरिकामा जुत्ता निर्यात गर्दा ३७.५ प्रतिशत भन्सार महसुल लाग्छ । शून्य महसुल दरमा निर्यात हुने व्यवस्था मिलाउन सके निर्यात अझ फस्टाउने छ ।

व्यापार र आयात गर्दा छुट्टै हार्मोनिक कोड (एचएस कोड) प्रयोग गर्नुपर्छ । व्यापार र उद्योग गर्नेलाई छुट्टाछुट्टै ब्याजमा ऋण दिँदा उद्योग फस्टाउँदै जान्छ । उद्योग पनि धेरैथरिका छन् । त्यसभित्र पनि जुत्ता-चप्पललाई छुट्टै राख्न सकेमा अझ राम्रो हुन्छ । त्यसपछि हामी हाम्रा उद्योगहरूलाई ऋण लिएर उत्पादन क्षमता बढाउन प्रोत्साहन गर्छौं । सहुलियत ब्याजदरमा ऋण प्रवाह गरेमा जुत्ताको मूल्य घटाउन सकिन्छ । अन्य मुलुकमा निर्यातमूलक कम्पनीलाई सरकारले थुप्रै सुविधा दिन्छ । विदेशी मुद्रा भित्राउने कम्पनीलाई प्रोत्साहन गर्छ । सस्तो ब्याजमा ऋण, सस्तोमा जग्गा दिन्छ । निर्यातको नगद आम्दानी ८ प्रतिशत भए पनि समयमा पाइँदैन । सामान भन्सारबाट बाहिर गएपछि बैंक खातामा तुरुन्त पैसा आउने व्यवस्था गर्नुपर्छ । सरकारले अघिसारेका कतिपय नीतिमा उद्योगी सन्तुष्ट छन् । सरकारले यसलाई कार्यान्वयन गर्न सके अरू केही गर्न पर्दैन ।

अन्त्यमा, स्वदेशी जुत्ता उद्योगलाई बलियो बनाउन केही गर्नुपर्दैन, चोरीपैठारी रोकिदिए पुग्छ । त्यसका लागि सीमा नाकामा कडाइका साथ अनुगमन गर्नुपर्छ । यसरी चोरीपैठारीलाई १० प्रतिशतजति मात्रै रोक्न सके पनि स्वदेशी जुत्ता चप्पल फस्टाउँछन् । २० प्रतिशत रोक्ने हो भने अरू १० वटा जुत्ता उद्योग थपिन्छन् । ३० प्रतिशत रोक्दा निर्यात सुरू हुन्छ । ४० प्रतिशत रोक्दा विदेशी लगानी भित्रन थाल्छ । त्यसपछि जुत्ता उद्योग आफ्नै गतिमा दौडिहाल्छ ।

*राणा गोल्ड स्टारका निर्देशक हुन् ।*





। एन्डी चोङ

# विकासको शर्त आईटी पूर्वाधारमा लगानी

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र एनसेलले नेपालमा मोबाइल ब्रोडब्यान्ड तथा डाटा सेवाको विस्तार गर्न र पहुँच बढाउन महत्वपूर्ण भूमिका खेलेका छन् । इन्टरनेट सेवा प्रदायकहरू (आईएसपी) हरू पनि दूरदराजका गाउँहरूमा पुगेका छन् ।

दूरसञ्चार सम्भवतः नेपालमा राष्ट्रव्यापी पहुँच पुगेको एक मात्र सार्वजनिक सेवा हो । सरकारी तथ्यांकले मोबाइल सेवामा पहुँच दर १४० प्रतिशत नाघेको देखाएको छ । त्यसले ताररहित सेलुलर मोबाइल सञ्चार सेवाको पहुँचमा उल्लेख्य परिवर्तन भएको संकेत गर्छ । भ्वाइसका अलावा, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र एनसेलले नेपालमा मोबाइल ब्रोडब्यान्ड तथा डाटा सेवाको विस्तार गर्न र पहुँच बढाउन महत्वपूर्ण भूमिका खेलेका छन् । इन्टरनेट सेवा प्रदायकहरू (आईएसपी) हरू पनि दूरदराजका गाउँहरूमा पुगेका छन् । यो राम्रो प्रगति हो ।

मोबाइल ब्रोडब्यान्डले देशको लगभग सबै भाग समेटेको छ र यस्तो विस्तारको दर लगभग शतप्रतिशत पुगेको देखिन्छ । जबकि फिक्स्ड ब्रोडब्यान्ड सेवा पँहुच ३० प्रतिशत नाघेको देखिएको छ । सरकारले अवलम्बन गरेको खुला बजार नीति र दूरसञ्चार उद्योगमा निजी क्षेत्रको प्रवेशको यो सम्भवतः उत्कृष्ट नतिजा हो । यसले करिब ३ करोड जनसंख्याको बजारमा दूरसञ्चार सेवामा प्रतिस्पर्धा सृजना गरेको छ । गुणस्तर, मूल्य र उत्पादन तथा सेवाको

दृष्टिकोणबाट उपभोक्तालाई दूरसञ्चार सेवामा विविध विकल्पहरू उपलब्ध गराउने दुई अपरेटर एनसेल र नेपाल टेलिकमबीच मूल्यमा खासै अन्तर छैन । र, यदि छ भने पनि त्यो ज्यादै न्यून छ ।

नेपालको सेलुलर मोबाइल प्रविधिको कुरा गर्दा, तत्कालीन जीपीआरएस डाटा अहिले उन्नत प्रकारको फोरजी/एलटीईमा रुपान्तरित भएको छ । बजारले फाइभजी डाटा, वा फाइभजी रोल आउटको लागि तयारी गरिरहेको छ । गत पाँच वर्षको अवधिमा फोरजीको सुरुवातले यस क्षेत्रमा उल्लेख्य विकास भएको मात्र छैन, यसले प्रदान गर्ने अवसरहरूबाट उपभोक्ताले लाभ उठाउन पाएका छन् । अहिले धेरैभन्दा धेरै मानिस डिजिटल जीवनशैली अपनाउँदै छन्, धेरै स्टार्ट-अपहरू नवीन विचारमा आधारित व्यवसायमा प्रवेश गरिरहेका छन् । डिजिटल प्लेटफर्महरूमार्फत् सेवा प्रवाह बढ्दै गएको छ र धेरैका लागि यो सामान्य बन्दै गएको छ । परिणाम स्वरूप, डाटा सेवाहरूको उपभोगमा उल्लेखनीय वृद्धि भएको छ । फाइभजी सुरु भएपछि त्यसलाई कसरी व्यावसायिक वा व्यापारिक प्रयोगमा लगाउँदै उत्पादकत्व वृद्धि र विकासमा टेवा पुऱ्याउन सकिन्छ भन्ने पक्ष मूल कुरा हो ।

किफायती मूल्यमा उच्च गतिको कनेक्टिभिटी, स्मार्टफोनमा स्वामित्व र डिजिटल साक्षरताले सरकारले डिजिटल नेपाल फ्रेमवर्कमा परिकल्पना गरेको देशलाई डिजिटलाइज गर्ने मार्गप्रशस्त गर्न महत्वपूर्ण भूमिका खेल्छ । सन् २०१७ मा फोरजी सेवा सञ्चालन सुरु गरेपछि इन्टरनेटको मूल्य स्वात्तै घटेको छ भने उपभोग कयौं गुणाले बढेको छ । डाटाको दर लगभग राष्ट्रिय ब्रोडब्यान्ड नीतिमा लक्षित गरेको स्तरमा आएको छ । नेपालमा पछिल्लो समय डाटामा सहज पहुँच, सुलभ दरमा उपलब्ध डिभाइसहरू र डिजिटल जीवनको विकासले गर्दा थुप्रै नवीन स्टार्टअपको जन्म भएको छ । डिजिटल बैंकिङ र अनलाइन करोबार समेत उत्साहजनक रुपमा बढेको छ । यी कुराले हामी डिजिटल अर्थतन्त्रको विकासमा अघि बढिरहेको तथ्य स्पष्ट पार्दछ ।

दूरसञ्चार क्षेत्रले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा नेपालको अर्थतन्त्रका सबै क्षेत्रलाई एकआपसमा जोड्नमा महत्वपूर्ण योगदान गरेको छ । आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा एनसेलको योगदान १.४ प्रतिशत रहेको छ र हाम्रो कर योगदान कुल कर राजस्वको २.५ प्रतिशत रहेको छ । सञ्चालन मुनाफामा कमी र मोबाइल सेवामा पहुँच दरको वृद्धिमा देखिएको सुस्तताका कारण अर्थतन्त्रमा योगदान २०७६/७७ को ३ प्रतिशतको तुलनामा घटेको हो । एनसेल र नेपाल टेलिकम देशका दुई शीर्ष कर योगदानकर्ता हुन्, जसले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा विभिन्न व्यवसाय सञ्चालन र पुँजी लगानीमार्फत् रोजगारी सिर्जनामा पनि योगदान पुऱ्याएका छन् ।

देश डिजिटल नेपालको परिकल्पनाका साथ अगाडि बढिरहेको र सबै क्षेत्र डिजिटल हुनैपर्ने आवश्यकता देखिएकोले नेपालमा यस क्षेत्रमा अपार सम्भावना रहेको कुरामा कुनै शंका छैन । साथै, हाम्रो बजारमा ठूलो मात्रामा युवा उपभोक्ता छन् । यद्यपि, समग्र मोबाइल दूरसञ्चार क्षेत्रको वृद्धिको सन्दर्भमा, आशा गर्ने ठाउँ भने सीमित छ । विगत तीन आर्थिक वर्षको

**कोभिड-१९ महामारीले सकेसम्म धेरै सेवालाई डिजिटलमा लैजानुपर्ने आवश्यकतामा थप जोड दिएको छ । यो डिजिटलाइजेसनको यात्रालाई गति दिनको लागि प्रस्थानबिन्दु पनि बनेको छ ।**

मोबाइल टेलिकमको विकासलाई हेर्दा सन् २०१९ मा वार्षिक १०० अर्ब रुपैयाँको बजार आकारबाट २०२२ को अन्त्यमा यो ७५ अर्ब रुपैयाँमा झरेको छ । कोरोना भाइरस महामारीपछि मोबाइलको भ्वाइस तथा डाटा सेवाको राजस्वमा परेको दबाबका कारण यस्तो भएको हो । घरायसी तहमा तार र फिक्स्ड इन्टरनेटको द्रुत वृद्धिले दूरसञ्चार कम्पनीहरूले उपलब्ध गराउँदै आएको वायरलेस ब्रोडब्यान्डलाई थप प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

सेवाको उपभोगमा वृद्धि भए पनि फिक्स्ड लाइन अर्थात् आईएसपी डाटाको प्रयोग र उपभोगमा भएको वृद्धिसँग सामाञ्जस्यता कायम गर्न मोबाइल डाटाको मूल्य घटाउनै पर्ने अवस्थाका कारण दूरसञ्चार कम्पनीहरूको राजस्वमा त्यस्तो वृद्धिको प्रभाव प्रतिबिम्बित हुन सकेको छैन । हाल बजारमा इन्टरनेटको पहुँचमा कुनै समस्या र अभाव छैन, जसले गर्दा सेवा प्रदायकहरूले थप नवीन र मोबिलिटीमा आधारित सेवाहरू ल्याउन सक्ने स्थिति बनेको छ । कोभिड-१९ महामारीले सकेसम्म धेरै सेवालाई डिजिटलमा लैजानुपर्ने आवश्यकतामा थप जोड दिएको छ । यो डिजिटलाइजेसनको यात्रालाई गति दिनको लागि प्रस्थानबिन्दु पनि बनेको छ ।

कोभिड-१९ महामारीले हामीलाई डिजिटलाइजेसनका लागि एउटा महत्वपूर्ण पाठ सिकाएको छ । व्यावसायिक वातावरण सधैं गतिशील हुन्छ, तर यसका लागि केही अनुकूलन पनि आवश्यक छ । महामारीले संकटको अवस्थामा एनसेलको कार्यक्षमता र गतिशीलतालाई थप परीक्षण र प्रमाणित गरेको छ ।

डिजिटलाइजेसनको प्रक्रियाले दूरसञ्चार क्षेत्रमा सामेल हुन खोजिरहेका युवाका लागि समेत धेरै अवसर सिर्जना गर्दछ । स्थानीय र अन्तर्राष्ट्रिय बजारमा आईसीटी क्षेत्रका लागि दक्ष





**प्रविधि एकदमै परिवर्तनशील हुने हुँदा सम्बन्धित नीति, नियम तथा कानुन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप थप सान्दर्भिक बनाउँदै संशोधन गर्न आवश्यक हुन्छ । यसले लगानीकर्तालाई प्रोत्साहन गर्दछ र दिगो व्यवसायलाई बढावा दिन्छ ।**

जनशक्तिको माग उल्लेखनीय रूपमा बढेको छ । त्यहाँ दूरसञ्चार, आईटी कम्पनीहरू, ई-कमर्स, आईटी-बीपीओलगायत धेरै क्षेत्र छन्, जहाँ दक्ष जनशक्तिले आफ्नो व्यावसायिक यात्रालाई अगाडि बढाउन सक्छ । साथै, नेपालमा अवसरहरू सीमित भएकाले धेरै आईटी स्नातक उत्पादन गर्ने, ब्रेन ड्रेनलाई निरुत्साहित गर्ने र देशभित्रै दक्ष जनशक्तिका लागि अवसरहरू सिर्जना गर्ने खालका नीति हुनुपर्छ । हाल नेपालमा अन्य क्षेत्रको तुलनामा प्राविधिक क्षेत्रबाट स्नातकको प्रतिशत अपेक्षाकृत कम रहेको अवस्था छ ।

अहिलेको युगमा डाटाको उपयोगलाई डिजिटल र विविधीकरण गर्नुको विकल्प छैन । दूरसञ्चार क्षेत्रको राजस्व जुन मुख्यतया भ्वाइस सेग्मेन्टको अन्तर्राष्ट्रिय सेवाबाट आउने ठूलो योगदानबाट सञ्चालित छ, त्यो आगामी दिनमा क्रमशः कम हुँदै जानेछ । भ्वाइस कलहरूका लागि ओभर-द-टप प्लेटफर्महरू प्रयोग गर्दै अगाडि बढ्नुपर्ने अवस्था छ । उपभोक्तालाई डाटाको बानी बसिसकेको र आगामी दिनमा त्यसको प्रयोग उच्च रुपमा बढ्ने देखिएकोले मोबाइल अपरेटरहरूले सकेसम्म भ्वाइस ट्राफिकलाई लामो समयसम्म कम हुन नदिनेतर्फ ध्यान केन्द्रित गरिरहेका छन् । साथै, देशको डिजिटल विकासलाई गति दिनका लागि डाटा अपनाउन प्रोत्साहित गर्ने र सक्षम बनाउने अभियानमा पनि लागेका छन् ।

हाल सबै कम्पनीले मूलतः डाटा सेवा विस्तार वा यसको स्पिड बढाउनका निमित्त बर्सेनि ठूलो लगानी गरिरहेका छन् । सबैभन्दा ठूलो लगानीकर्ताका रूपमा एनसेलले पुँजीगत र सञ्चालन खर्चअन्तर्गत वार्षिक ३२ अर्बदेखि ३५ अर्ब रुपैयाँ लगानी गर्दै आएको छ । नेपाल टेलिकमको पनि वार्षिक लगानी ठूलै रहने गरेको छ । एनसेलले विगत पाँच वर्षमा ४६ अर्ब ३९ करोड रुपैयाँ पुँजी लगानी गरेको छ । पुँजी लगानीले कम्पनीको प्रतिस्पर्धात्मक क्षमता बढाउन र देशको अर्थतन्त्रमा योगदान पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्छ । दूरसञ्चारजस्ता पूर्वाधारको विकास, गरिबी निवारण र वातावरणीय दिगोपनसँग बलियो सम्बन्ध छ । प्रविधि एकदमै परिवर्तनशील हुने हुँदा सम्बन्धित नीति, नियम तथा कानुन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप थप सान्दर्भिक बनाउँदै संशोधन गर्न आवश्यक हुन्छ । यसले लगानीकर्तालाई प्रोत्साहन गर्दछ र दिगो व्यवसायलाई बढावा दिन्छ ।

कुनै पनि बजारमा लगानीकर्ताहरूले प्रतिफलको ग्यारेन्टी भएमा मात्र लगानी खन्याउँछन् । एनसेलजस्ता निजी कम्पनीहरूलाई उपभोक्ताका लागि सुपथ मूल्यमा गुणस्तरीय सेवा सुनिश्चित गर्न पारदर्शी, स्थिर र लेभल प्लेइङ फिल्ड आवश्यक छ । कम्पनीहरूलाई कुनै पनि योजना छिटो कार्यान्वयन गर्न तथा नयाँ प्रविधि अवलम्बन गर्न सरकारको सहयोग चाहिन्छ । नीति, फ्रेमवर्क र प्रणालीहरू सही हुने हो भने विश्वव्यापी मापदण्ड तथा उत्कृष्ट अभ्यास अनुरूप सुधार गर्न सकिने प्रशस्त ठाउँ छ ।

विदेशी लगानीमा स्थापित कम्पनीहरूलाई नेपालमा व्यवसायको समग्र चक्रमा सरकारले सहयोग उपलब्ध गराउनुपर्छ । देशभित्र व्यवसाय गर्न सहज वातावरण हुनुपर्छ र राजनीतिक स्थायित्व, पूर्वाधारको विकास एवम् सरकार, कर्मचारीतन्त्रबाट सहज सेवा पाउने अवस्था बन्नुपर्छ । कुनै पनि अर्थतन्त्र वा बजारका लागि विदेशी लगानी कत्तिको महत्वपूर्ण हुन्छ भनेर यहाँ भनिरहनु पर्दैन । त्यसैले लगानीमैत्री नीतिका साथ उनीहरूको लगानीमा प्रतिफल सुनिश्चित गर्नुपर्छ ।

नेपाल लगभग मलेसिया जस्तै छ । यद्यपि, कुल गार्हस्थ्य उत्पादन (जीडीपी) र विकासको अवस्था भने फरक छ । नेपालमा करिब ३ करोड मानिस छन् जसको अर्थ, नेपाल सानो देश होइन । त्यसैले पनि यहाँ प्रशस्त सम्भावना छ । कुनै पनि देशको जीडीपी समयसँगै बढ्छ भन्ने कुरा हामीले स्पष्ट रूपमा बुझ्नुपर्छ र टेलिकमको वृद्धि जीडीपी वृद्धिसँग केही हदसम्म समानुपातिक हुन्छ भन्न सकिन्छ । यी दुईको विकास सँगसँगै हुने देखिन्छ ।

कनेक्टिभिटीको उपलब्धता र सेवाको गुणस्तर सुनिश्चित गर्न तथा नयाँ प्रविधि एवम् इन्नोभेटिभ सेवाहरू ल्याउनको लागि, नियमन, सहजीकरण र करको कुरा आउँदा समान प्रतिस्पर्धाको वातावरण बनाउनका लागि

सरकारको निरन्तर सहयोगको आवश्यकता छ । यसले हामीलाई आफ्ना ग्राहलाई महत्वपूर्ण कनेक्टिभिटी र नयाँ प्रविधि वा सेवाहरू प्रवाह गर्न र दूरसञ्चार बजारलाई बलियो रूपमा विकास गर्न सहयोग पुग्नेछ । दूरसञ्चार क्षेत्रको कर तथा शुल्क हेर्ने हो भने, यो सम्भवत सबैभन्दा बढी कर लाग्ने सेवा हो । र, पाँच-पाँच वर्षमा तिर्न पर्ने २० अर्बको मोबाइल लाइसेन्स नविकरण शुल्क पनि व्यावहारिक छैन ।

सरकार/नियामक हाम्रो दूरसञ्चार इकोसिस्टमका प्रमुख चालकहरू हुन् र जब ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्ने कुरा आउँछ, तिनको भूमिका महत्वपूर्ण रहन्छ । डिजिटल नेपालको राष्ट्रिय आकांक्षा पूरा गर्न एनसेलले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । डिजिटल क्षेत्रमा सफलता भनेको प्रविधिभन्दा पनि त्यसलाई मानिसले कसरी आफ्नो हितका लागि प्रयोग गरी फाइदा लिएका छन् भन्नेमा भर पर्दछ । नेपाललाई समयसँगै डिजिटलाइज गर्नका लागि भूमिका खेल्ने धेरै कारक छन् । यहाँ प्रविधिभन्दा उपभोक्ता महत्वपूर्ण हुन्छन् । यो प्रविधि अपनाउने मानिसको कुरा हो । सही मूल्यमा प्रविधिमा पहुँच हुनुपर्छ र त्यो किफायती हुनुपर्छ ।

प्रविधिलाई सहज, अझै सुलभ बनाउँदै यसले दिने प्रतिफलसँग आमउपभोक्तालाई जोड्ने अभियानमा लागिरहँदा यसका लागि चाहिने आवश्यक सहयोगका पाटोमा हेर्दा इक्वेल लेभल प्लेइङ नभएको देखिन्छ । यसका लागि आवश्यक नेतृत्वदायी भूमिका, पारदर्शिता, विकास योजना र नीतिको कार्यान्वयन हुनुपर्छ । एनसेल नेपालमा सफल विदेशी लगानीको एक उदाहरण हो । नेपाल एक्लैले त्यो हासिल गर्न नसक्ने क्षेत्रमा विदेशी साझेदार र लगानीको खाँचो छ । सबै विकासोन्मुख देशहरू यही चरणबाट गुज्रिरहेका छन् । सही मोडेल, नीति र उपयुक्त वातावरणले विदेशी लगानी आकर्षित गर्छ । नेपालमा विदेशी लगानीका लागि निकै मजबुत वातावरण रहेको विश्वलाई देखाउन सकेमा लगानीकर्ताले यहाँ अर्बौं डलर लगानी गर्न सक्छन् ।

**ठूलो लगानीका साथ देशभरि आफ्नो आधारभूत दूरसञ्चार सेवा पुऱ्याइसकेका सेवा प्रदायकहरूले दिगो व्यवसायका लागि अब नयाँ ढंगबाट सोच्नुपर्छ । सरकारले पनि यसै अनुसार आफ्नो नीति लिनुपर्छ किनकी, यो सेवा अन्य क्षेत्रका लागि पनि परिपूरक साबित भइसकेको छ ।**

ठूलो लगानीका साथ देशभरि आफ्नो आधारभूत दूरसञ्चार सेवा पुऱ्याइसकेका सेवा प्रदायकहरूले दिगो व्यवसायका लागि अब नयाँ ढंगबाट सोच्नुपर्छ । सरकारले पनि यसै अनुसार आफ्नो नीति लिनुपर्छ किनकी, यो सेवा अन्य क्षेत्रका लागि पनि परिपूरक साबित भइसकेको छ । र, लगानीकर्ताले पनि प्रतिफलको ग्यारेन्टीबिना लगानी गर्दैनन् । नेपालमा दूरसञ्चारको इतिहास शताब्दी पुरानो भए पनि विकास गतिको हिसाबले यो क्षेत्र छोटो समयमा धेरै विकास भएको क्षेत्र हो । यसले आफूमात्रै अघि बढ्ने भन्दा अन्य विभिन्न क्षेत्रलाई चलायमान बनाउन योगदान गर्ने हुँदा अबको विकास भनेकै सूचना प्रविधिको प्रयोगमा आधारित हुने निश्चित छ । इन्नोभसन, आर्टिफिसियल इन्टेलिजेन्स्, मसिन-टु-मसिन, बिग डेटा र ब्लक चेन जस्ता नयाँ प्रविधिलाई अंगीकार गर्दै कसरी सूचना प्रविधिको समग्र इकोसिस्टमको विकासमा सरकाले नीति लिन्छ, यिनै कुराहरूले हाम्रो विकासको अबको गति तयार गर्नेछ ।

*चोङ एनसेलका सीईओ हुन् ।*

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल काठमाडौं
फोन नं. ४२५५४६४, हटलाइन १११६,
website: www.ssf.gov.np, email: info@ssf.gov.np
यस कोषमा आवद्ध योगदानकर्ताहरुको योगदान रकम कानून बमोजिम नियमित (प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र) रुपमा अनिवार्य जम्मा गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । योगदान नियमित नभई यस कोषबाट पाउने सुविधाबाट कुनै पनि श्रमिक वञ्चित हुन पुगेमा सम्पूर्ण दायित्व रोजगारदाताको हुने स्पष्ट कानूनी व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।



डा. गुणाकर भट्ट

# वैकल्पिक लगानीको आवश्यकता

**लगानी र बचतबीचको अन्तर, उच्च चालु खाता घाटामा प्रतिबिम्बित भएको छ । यसैगरी शोधनान्तर घाटा कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत माथि रहेको छ । साधन परिचालनमा देखिएको समस्यालाई निराकरण गर्न अर्थतन्त्रमा थप लगानी परिचालन गर्नुपर्ने भएको छ ।**

नेपालको अर्थतन्त्र व्यापक संरचनात्मक सुधारको पर्खाइमा रहेको छ । सम्हाल्नै कठिन व्यापार घाटा, वढ्दो वैदेशिक ऋणभार र बचत एवम् लगानीबीचको अन्तरले आर्थिक वृद्धि तथा दिगो आर्थिक विकासका लागि आवश्यक पर्ने पुँजी जुटाउने चुनौती थपिएको छ । एक दशक अगाडिसम्म कुल गार्हस्थ्य उत्पादनको २८ प्रतिशतमात्र रहेको सरकारको ऋणभार अहिले आएर ४२ प्रतिशतसम्म पुगेको छ ।

यसैगरी नेपालको आन्तरिक बचत कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशतभन्दा तल नै रहेको छ । तर राष्ट्रिय लगानीको आवश्यकता वर्तमान अवस्थामा नै पनि कुल गार्हस्थ्य उत्पादनको ३० प्रतिशत छ ।

लगानी र बचतबीचको अन्तर, उच्च चालु खाता घाटामा प्रतिबिम्बित भएको छ । यसैगरी शोधनान्तर घाटा कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत माथि रहेको छ । साधन परिचालनमा देखिएको समस्यालाई निराकरण गर्न अर्थतन्त्रमा थप लगानी परिचालन गर्नुपर्ने भएको छ । यसका लागि परम्परागत उपायहरू जस्तैः वैदेशिक

ऋण उठाउने, प्रत्यक्ष वैदेशिक लगानी भित्राउने र विकास सहायतामा भर पर्ने मात्र भन्दा पनि वैकल्पिक उपाय खोज्नु आवश्यक छ। लगानीका वैकल्पिक उपायहरूमा अन्तर्राष्ट्रिय स्तरमा देखिएका पुँजी बजारका विभिन्न उपकरण हुन सक्छन् । नेपालमा पनि धितोपत्र बोर्डले विशिष्टीकृत कोष सम्बन्धी व्यवस्था अगाडि सारेको छ । यस क्रममा विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागु भै हालसम्म ८ वटा संस्थाले इजाजत समेत लिइसकेका छन् ।

विशिष्टीकृतगानी कोषको मुख्य उद्देश्य नवप्रवर्त्तनसँग सम्बन्धित उद्यम-व्यवसाय सञ्चालन गर्न पुँजीको आवश्यकता परेकालाई सहज बनाइदिनु हो । नवीनतम ज्ञान, सीप र क्षमता भएकालाई वा नयाँ प्रविधिको माध्यमवाट वस्तु तथा सेवाको उत्पादन र वितरणमा संलग्न हुन चाहनेहरूलाई वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसायका लागि वैकल्पिक लगानी कोष महत्वपूर्ण मानिन्छ। वैकल्पिक लगानीका विभिन्न माध्यमहरूमध्ये प्राइभेट इक्विटी फन्ड, भेन्चर क्यापिटल फन्ड र हेज फन्ड प्रमुख छन् । यसप्रकारको वैकल्पिक लगानी कोषलाई धितोपत्र बोर्डले विशिष्टीकृत कोष नाम दिएको छ। यो कोष दर्ता गर्नका लागि विशिष्टीकृतगानी कोष नियमावली, २०७५ ले तोकेका मापदण्ड पूरा गर्नुपर्ने हुन्छ।


वैकल्पिक लगानीका लागि भेन्चर क्यापिटल फन्डको अवधारणा प्रमुख रुपमा प्रयोगमा आउन थालेको देखिन्छ । विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ का अनुसार भेन्चर क्यापिटल फन्ड भन्नाले धितोपत्र सूचीकरण नभएका, सञ्चालनको सुरुआती क्रममा रहेका वा सञ्चालनको प्रक्रिया अगाडि बढिसकेका वा सञ्चालनमा रहेका नवीनतम ज्ञान, सीप र क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम-व्यवसायलाई सञ्चालन गर्न सेयर स्वामित्व पुँजी वा ऋणको स्वरुप भएको उपकरण वा ऋण लगानी गर्ने कोषलाई सम्झनुपर्छ।

हार्वर्ड बिजनेस स्कुलका प्राध्यापक गोर्जेस डोरिअटलाई भेन्चर क्यापिटलको अवधारणाका प्रवर्त्तक मानिन्छ। सन् १९४६ मा उनले अमेरिकन रिसर्च एन्ड डेभलपमेन्ट कर्पोरेसन स्थापना गरी ३५ लाख अमेरिकी डलर उठाएर दोस्रो विश्व युद्धताका विकास भएका प्रविधिको व्यापारीकरण गर्ने काम गरे । अत्याधुनिक प्रविधिको हबको रुपमा मानिने अमेरिकाको सिलिकन भ्यालीमा विकास भएका प्रविधिसम्बद्ध कम्पनीहरू तथा स्टार्टअप्सको विस्तारमा भेन्चर क्यापिटलको ठूलो भूमिका रहेको मानिन्छ । सन् १९५८ मा साना व्यवसाय ऐनमा गरिएको संशोधनले भेन्चर क्यापिटलमा लगानी गर्नेलाई करमा छुट दिनु, सन १९७८ मा पुँजीगत लाभकर ४९ प्रतिशतबाट २८ प्रतिशत कायम गर्नु, सन १९७९ मा इम्प्लोई रिटायरमेन्ट इनकम सिक्युरिटी एक्टमा गरिएको संशोधनबाट पेन्सन फन्डलाई आफ्नो सम्पत्तिको १० प्रतिशतसम्म साना तथा नयाँ व्यवसायमा लगानी गर्ने सहुलियत दिनु र सन् १९८१ मा पुँजीगत लाभकरमा थप कटौती गर्दै २० प्रतिशत कायम गरेबाट संयुक्त राज्य अमेरिकामा भेन्चर क्यापिटलले फस्टाउने मौका पाएको हो ।

नेपालमा भेन्चर क्यापिटललाई नियमन गर्ने निकाय मुख्य रुपमा धितोपत्र बोर्ड नै हो। तथापि, बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीले पनि भेन्चर क्यापिटलमा लगानी गर्न सक्ने भएको कारण नेपाल राष्ट्र बैंक र बीमा समितिको भूमिका समेत महत्वपूर्ण छ । विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ मा लगानीको जोखिम तथा प्रतिफलको विश्लेषण गरी कोषको स्वपुँजीमा देहाय बमोजिमका संस्था वा व्यक्तिले लगानी गर्न सक्नेछन् भन्ने व्यवस्था रहेको छ :

क) बैंक तथा वित्तीय संस्था,
ख) बीमा कम्पनी,
ग) अवकाश कोष, कल्याणकारी कोष, सञ्चय कोष, नागरिक लगानी कोष जस्ता प्रचलित कानुनबमोजिम मान्यता प्राप्त कोष,
घ) द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थागत लगानीकर्ता वा विदेशी व्यक्ति वा विदेशी फर्म, कम्पनी वा विदेशी संस्थागत लगानीकर्ता वा विदेशमा दर्ता भएको कोष वा विदेशी कोष व्यवस्थापक वा अन्य यस्तै प्रकारको संगठित संस्था,
ङ) लगानी गर्न सक्ने उद्देश्य भएका प्रचलित कानुनबमोजिम नेपालमा स्थापना भएका संस्था,
छ) नेपाली नागरिक तथा गैर आवासीय नेपाली,
ज) बोर्डले समयसमयमा तोकिदिएका अन्य निकाय वा व्यक्ति ।

भेन्चर क्यापिटलको मुख्य विशेषता भनेको पुँजी बजार र बैंकिङ स्रोतबाट पुँजी परिचालन गर्न नसक्ने नयाँ उद्यमीहरूका लागि सहज



**स्रोत परिचालनसँग सम्वन्धित तथ्यांकहरू** (कुल गार्हस्थ्य उत्पादन- प्रतिशतमा)

| | २०६९/७० | २०७२/७३ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|---|
| आन्तरिक ऋण | १०.६ | ९.० | ११.३ | ११.७ | १५.८ | १८.७ | २०.३ |
| वाह्य ऋण | १७.१ | १४.९ | १५.२ | १५.४ | २०.९ | २१.८ | २१.२ |
| कुल ऋण | २७.७ | २३.९ | २५.५ | २७.१ | ३६.७ | ४०.६ | ४१.५ |
| आन्तरिक बचत | ८.२ | ३.६ | १४.८ | १५.३ | ५.७ | ७७.७ | ९.३ |
| लगानी | २४.७ | २८.७ | ३२.४ | ३३.८ | ३०.५ | २९.९ | २९.४ |
| शोधनान्तर बचत/ घाटा (रु दस लाखमा) | ६८९३९.६ | १८८९१२.३ | ९६०.२ | (६७४००.५) | २८२४०९.५ | १२२६.७ | (२५५२५९.१) |



रुपमा पुँजी उपलब्ध हुने वातावरण बनाउनु हो । यस्तो अवस्थामा भेन्चर क्यापिटलले उक्त नयाँ व्यवसायको इक्विटी अर्थात् स्वामित्वमा सहभागिता राख्ने हुन्छ भने पुँजीको अभाव भोगिरहेका उद्यमीहरूको पुँजीको आवश्यकता पनि परिपूर्ति हुन्छ । साथै, भेन्चर क्यापटिलले उक्त नयाँ व्यवसायलाई आवश्यक मार्गदर्शन समेत उपलब्ध गराउने भएका कारण व्यवसायको विकासमा मद्दत पुग्छ । नेपालको सन्दर्भमा बैंकिङ तथा पुँजी बजारको सेवा मूल रुपमा सहर बजार केन्द्रित रहेको सन्दर्भमा भेन्चर क्यापिटलले मोफसलका उद्यमी तथा व्यवसायीलाई वित्तीय सुविधा उपलब्ध गराएर उद्यमशीलता विकासमा टेवा पुऱ्याउन सक्ने सम्भावना पनि छ । भेन्चर क्यापिटललगायतका वैकल्पिक कोषहरूले नवीनतम अवधारणासहित व्यवसाय गर्न चाहनेलाई नेटवर्किङमा समेत मद्दत पुऱ्याएर आफ्नो उपस्थिति सार्थक बनाउन सक्छन् ।

नेपालको सन्दर्भमा हेर्दा हाल अनुमतिप्राप्त विशिष्टीकृत लगानी कोष व्यवस्थापकहरू मुख्यतया बैंकिङ क्षेत्रको स्वामित्वसँग अन्तरसम्बन्धित छन् । यी कोष व्यवस्थापकहरूले केवल बजार हिस्सा ओगट्ने, फस्ट मुभरको लाभ लिने तर बैंकिङ क्षेत्रको भन्दा भिन्न कार्य पद्धति अवलम्बन नगर्ने अवस्था आएमा यो अवधारणा नेपालको सन्दर्भमा सार्थक नहुन सक्छ । अर्कोतर्फ भेन्चर क्यापिटलले नवप्रवर्त्तक फर्महरूमा इक्विटी सहभागिता कायम गर्ने सम्भावना पनि भएका कारण केही समयको अन्तरालपछि सुरुको विचार प्रवर्त्तन गर्ने समूह नै विस्थापित हुने जोखिम पनि रहन्छ । प्राध्यापक डोरियटको अवधारणा नै के थियो भने, स्टार्टअपहरूलाई वित्तीय साधन उपलब्ध गराउने, मार्गदर्शन गर्ने र अन्य उद्यमीसँग जोड्ने काम नै भेन्चर क्यापिटलको हो । असल भेन्चर क्यापिटलिस्टहरूले उद्यमीलाई बजारमा स्थापित गराएर केही समयपछि बजारवाट निस्किन्छन् र फेरि त्यस्तै सोच भएका नयाँ उद्यमीलाई बजारमा प्रवेश गर्ने र व्यवसाय विस्तार गर्ने अवसर दिन्छन् ।

संयुक्त राज्य अमेरिकाको सफल अभ्यास र अनुभवपछि हाल आएर संसारका अन्य मुलुकमा समेत साना उद्यमीको विकास र विस्तारमा भेन्चर क्यापिटलको भूमिकालाई महत्वका साथ हेर्न थालिएको छ । संसारभरि दर्ता भएका उद्यममा करिब ९५ प्रतिशत साना-मझौला रहेका छन् । यस क्षेत्रमा ५० प्रतिशत रोजगारी साना-मझौलाबाट प्राप्त भएको र कुल गार्हस्थ्य उत्पादनमा साना-मझौलाको योगदान ३५ प्रतिशतको हाराहारीमा रहेको तथ्यांक विश्व बैंकको छ । नेपालमा पनि ठूलो संख्यामा साना-मझौला उद्यम रहेका छन् र यस्ता उद्यमहरूको विकास तथा विस्तारको एउटा महत्वपूर्ण व्यवधान भनेकै वित्तीय पहुँच नहुनु हो भन्ने अनुमान छ ।


**भेन्चर क्यापिटलको मुख्य विशेषता भनेको पुँजी बजार र बैंकिङ स्रोतबाट पुँजी परिचालन गर्न नसक्ने नयाँ उद्यमीहरूका लागि सहज रूपमा पुँजी उपलब्ध हुने वातावरण बनाउनु हो ।**

अल्प विकसित मुलुकहरूमा करिब ४१ प्रतिशत साना-मझौला फर्महरूले आफ्नो विकास र विस्तारको बाधक नै वित्तीय पहुँच नहुनु हो भन्ने अनुमान समेत अन्तर्राष्ट्रिय वित्त निगमको छ । मध्यम आय भएका मुलकहरूमा ३० प्रतिशत र उच्च आय भएका मुलुकमा १५ प्रतिशतमात्र फर्महरूले यस्तो अवस्था रहेको प्रतिक्रिया दिएका थिए । राष्ट्रिय आर्थिक गणना २०७५ ले नेपालमा दर्ता भएका ९ लाख २३ हजार ३ सय ५६ फर्ममध्ये ९५.४ प्रतिशत लघु र ४.२ प्रतिशत साना फर्म भएको देखाएको छ । यसैगरी लघु, साना र मझौला उद्यमले २५ लाख मान्छेलाई रोजगारी दिएको तथ्याङ्क छ । युनेस्क्यापका अनुसार यस्ता फर्महरूको पूरा हुन नसकेको वित्तीय आवश्यकता करिब ३ अर्ब ६० करोड अमेरिकी डलर छ । यस्तो अवस्थामा साना-मझौला व्यवसायको लगानीको आवश्यकता पूरा गरिदिन वैकल्पिक लगानीका स्रोतको उल्लेख्य भूमिका रहन सक्ने देखिन्छ ।

नेपाल आज वित्तीय साधनको अपर्याप्तताको अवस्थाबाट गुज्रिँदै छ । सामाजिक तथा भौतिक पूर्वाधार निर्माणका लागि मात्र नभएर संघीयता कार्यान्वयनका कारण सरकारको आकार बढ्दै गैरहकोले आन्तरिक साधन वा सरकारले परिचालन गर्ने वैदेशिक ऋण सहयोगले मात्रै साधनमा देखिएको अभाव पूर्ति गर्न सक्ने अवस्था छैन । अर्थतन्त्रका पछिल्ला परिसूचक हेर्दा पनि वाह्य क्षेत्र सन्तुलनमा देखिएकोले दबाब चाडै न्यून हुने र बैंकिङ क्षेत्रले भोगिरहको तरलता अभाव तत्काल हट्ने सम्भावना छैन । देशका बैंकहरूले नै स्थापना गरेका विशिष्टीकृतगानी कोषले अन्तर्राष्ट्रिय प्रचलन अनुसार थप साधन परिचालन गर्ने र स्टार्टअपको विकासमा योगदान पुऱ्याउन सक्ने कुरा ठोकुवा गर्न सकिँदैन । यस्तो परिस्थितिमा वाह्य साधन परिचालन गर्ने क्षमता विकास गर्न सक्ने वैकल्पिक लगानी कोष व्यवस्थापकहरूलाई देशमा भित्राउन थप मेहनत गर्नुपर्ने हुन्छ ।

संसारभरि नै ग्रिन फाइनान्सिङ र डिजिटाइजेसनको बहस एकातिर चलिरहेको छ भने अर्कोतिर रुस-युक्रेन युद्धको प्रभाव कसरी कम गर्ने भन्ने विषय मुख्य चुनौतीको रुपमा रहेको छ । यस्तो स्थितिमा नेपालजस्तो प्राकृतिक स्रोत र साधनले सम्पन्न देशमा कृषि, वन, पर्यटन तथा सूचना प्रविधि क्षेत्रमा काम गर्ने चाहना भएका नवप्रवर्त्तकलाई प्रोत्साहित गर्न भेन्चर क्यापिटललगायतका वैकल्पिक लगानी कोषको भूमिका महत्वपूर्ण हुन सक्छ । अन्तर्राष्ट्रिय सीप, दक्षता र कटिङ एज टेक्नोलजी भित्राउन सक्ने उद्यमीलाई वित्तीय पहुँच सुनिश्चित गर्न पुँजी बजारले मुख्य भूमिका निर्वाह गर्नुपर्ने भएको छ । यस क्रममा वैकल्पिक लगानी कोषको उपयोगलाई के-कसरी आय आर्जन, रोजगारी सिर्जना र उद्यमशीलता विकासतर्फ उन्मुख गर्ने भन्ने विषय महत्वपूर्ण छ । गतिशील अर्थतन्त्रले नवप्रवर्त्तन र आविष्कारको माग गरिरहेको हुन्छ । नेपालजस्तो दुई ठूला अर्थतन्त्रको चेपुवामा रहेको सानो अर्थतन्त्रले आफ्नो तुलनात्मक लाभ भएका क्षेत्रको विकासमा नवीनतम अवधारणाको उपयोग गर्न नयाँ सोच र विचारलाई स्वागत गर्दै अगाडि बढ्नुपर्ने र यसका लागि वैकल्पिक लगानीका स्रोतको अधिकतम उपयोग गर्नुपर्ने हुन्छ । नेपालमा हाल अनुमति पाएका वैकल्पिक लगानीका फर्महरूले पनि कति उद्यमीलाई प्रवर्द्धन गरेर केही समयपछि साधन परिचालनका परम्परागत माध्यम पुँजी बजार वा बैंकको जिम्मा लगाउन समर्थ हुन्छन्, त्यसैमा भेन्चर क्यापिटललगायतका विशिष्टीकृत कोषको सफलता मापन हुनेछ ।

*भट्ट नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक हुन् ।*


www.machbank.com
हाम्रो
माछापुच्छ्रे बैंक
जहिले छ हाम्रो साथ...
माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित




डा. रुप ज्योति

# आत्मनिर्भर अर्थतन्त्रको औजार मेडिकल टुरिजम

**आधुनिक उपचार पद्धतिको विकास कसरी भइरहेको छ भन्ने कुरा हामीले अहिले सञ्चालनमा रहेका राम्रा र सुविधा सम्पन्न अस्पताल हेरेर पनि थाहा पाउन सक्छौं ।**

नेपालको स्वास्थ्य उपचार पद्धतिको विकासक्रम निकै लोभलाग्दो छ । केही वर्षपहिलेको र अहिले वर्तमान अवस्थाको कुरा गर्ने हो भने स्वास्थ्य क्षेत्रमा निकै सुधार भएको हामी देख्न सक्छौं । हामी नेपाली परिश्रमी, पौरखी र पराक्रमी छौं । हाम्रो स्वास्थ्यको विगत र वर्तमान अवस्था, खानपान र रहनसहनको संस्कारमा पनि परिवर्तन आएको छ । नेपाली जनताको स्वास्थ्यमा आएको उतार-चढावको स्थितिमा पनि फरक छ । हिजो देशमा परम्परागत उपचार पद्धति थियो । अहिले केही सिमित गाउँमा पुरानो पद्धति बाँकी हुन सक्छ । समग्रमा अहिले आधुनिक उपचार पद्धतिको विकास निकै राम्रो भएको पाइन्छ ।

आधुनिक उपचार पद्धतिको विकास कसरी भइरहेको छ भन्ने कुरा हामीले अहिले सञ्चालनमा रहेका राम्रा र सुविधा सम्पन्न अस्पताल हेरेर पनि थाहा पाउन सक्छौं । चिकित्सा क्षेत्रको विकासको सुरुआतको रुपमा हामी चिकित्सा शास्त्र अध्ययन संस्थानको स्थापनालाई मान्न सक्छौं । चिकित्सा शास्त्र अध्ययन संस्थानको स्थापना सरकारी लगानीमा सन् १९७२ मा त्रिभुवन

विश्वविद्यालयअन्तर्गत भएको थियो । त्यसयता शिक्षा क्षेत्रको विस्तारमा ठूलो फड्को मारेको पाइन्छ । सन् १९७८ मा आएर चिकित्सा शास्त्र अध्ययन संस्थानले एमबीबीएस डाक्टर उत्पादन सुरु गरेको थियो भने सन् १९९२ पछि काठमाडौं विश्वविद्यालयबाट एक निजी मेडिकलले सम्बन्धन पायो । सन् १९९२ मा त्यस कलेजले सम्बन्धन पाएसँगै नेपालमा निजी कम्पनीहरूको सम्बन्धन विकास भएको देखिन्छ ।

### वर्तमान अवस्था

नेपालमा स्वास्थ्य उपचारको समग्र अवस्था हेरेर यो बुझ्न सकिन्छ कि, विगत र अहिले मेडिकल क्षेत्रले फड्को मारेको छ । स्वास्थ्य सेवाको इतिहास नेपालमा दुई सय वर्ष पुग्न लागेको छ । सन् १८८९ मा काठमाडौंमा वीर अस्पतालको स्थापना भयो । त्यसपछि सन् १८९१ मा ललितपुरमा पृथ्वी वीर अस्पताल र सन् १९९३ मा भक्तपुरमा अर्को अस्पताल स्थापना भएको थियो । त्यसपछि धेरै यस्ता स्वास्थ सेवाको सुरुआत र विस्तार हुन थाल्यो ।

स्वास्थ्य क्षेत्रको विकासमा राज्यले विशेष ध्यान दिनुपर्छ । शिक्षा र स्वास्थ्य राज्यको पहिलो प्राथमिकतामा हुनुपर्ने कुरा हो । तर राज्यमात्रै लागेर भने यसको विकास हुन सक्दैन । अहिले पनि सरकारी र निजी क्षेत्रका स्वास्थ्य सेवा हेर्ने हो भने धेरै भिन्नता छ । अझ मेडिकल शिक्षामा त निजी क्षेत्रको लगानी चाहिन्छ । निजी क्षेत्रलाई नै अघि बढाएर मेडिकल कलेजहरू स्थापना गर्ने राज्यको रणनीति हुनुपर्छ । मेडिकल कलेज निजी क्षेत्रले चलाउने भन्दैमा राज्य उदासिन भने बन्नु हुँदैन । अहिले राम्रा-राम्रा मेडिकल कलेजहरू स्वदेशमै भएको भए ठूलो धनराशि विदेश जान रोकिने थियो । भारत, बंगलादेश वा अन्य मुलुकमा चिकित्सा शिक्षाका लागि हाम्रा विद्यार्थी जानुपर्ने थिएन ।

नीति निर्माण तहमा राज्यका केही कमजोरी छन् । मेडिकल शिक्षा स्वदेशमै सहज हुने गरी राज्यले नीति निर्माणतर्फ सोच्नुपर्ने थियो । तर राज्यले अझै पनि राम्रो ध्यान दिएको छैन । राज्यले कडा नियमन तथा अनुगमन गर्ने र लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ । स्वास्थ्य क्षेत्र भनेको सामाजिक सेवामूलक व्यवसाय हो । राज्य आफैले लगानी गर्नु नराम्रो कुरा होइन । राज्य आफैले लगानी गरेर मेडिकल कलेजहरू स्थापना गर्ने हो भने धेरै राम्रो हुन्छ । यदि राज्यले गर्न नसक्ने हो भने निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने हो । तर उचित कानुनी प्रबन्ध किन भएन ? राज्यले लगानी गर्न किन सकेन ? भन्ने विषयमा सोच्नुपर्ने आजको आवश्यकता हो ।

नेपालमा मेडिकल टुरिजमको सम्भावना प्रशस्त छ । अहिले पनि भीआईपीहरू उपचारका लागि विदेश जाने गरेको हामीले देखेका छौं । अन्य मुलुकमा उपचार गर्न जाँदा विदेशी मुद्रा रकम विदेशिन्छ । चिकित्सा शिक्षाका लागिमात्रै पनि धेरै ठूलो धनराशि हाम्रा विद्यार्थीले विदेश लिएर जाने गरेका छन् । यसतर्फ राज्य अलि गम्भीर हुने हो भने मेडिकल टुरिजममार्फत् मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ ।

**Total Registration Status**

Registration Status
Up to 31st December, 2021

| | Male | Female | Total |
|---|---|---|---|
| MBBS | 17381 | 8671 | 26052 |
| BDS | 1546 | 2535 | 4081 |
| Total | 18927 | 11206 | 30133 |

**Specialist Registration Status**

Registration Status
Up to 31st December, 2021

| | Male | Female | Total |
|---|---|---|---|
| MD/MS | 5960 | 2243 | 8203 |
| MDS | 355 | 304 | 659 |
| Total | 6315 | 2547 | 8862 |

तथ्यांक स्रोत : नेपाल मेडिकल काउन्सिल

### मेडिकल टुरिजमको सम्भावना

नेपाल प्राकृतिक रुपमा सुन्दर देश हो । यहाँका हिमाल, पहाड हेर्नका लागि धेरै विदेशी पर्यटक आउने गरेका छन् । हाम्रो प्रकृति हेर्न जसरी विदेशी पर्यटक आउँछन्, त्यसरी नै मेडिकल टुरिजममा पनि आकर्षित गर्न सकिन्छ । यसले मुलुकको अर्थतन्त्रलाई सबल बनाउँछ । स्वास्थ्योपचारका लागि देशबाहिर पर्यटकका रूपमा जानु नै मेडिकल टुरिजम हो । मानिसहरू सामान्य स्वास्थ्य परामर्शदेखि अत्याधुनिक शल्यक्रियासम्मका लागि अन्य मुलुक जाने गर्छन् । अहिले जसरी नेपालीहरू धेरै देशमा उपचारका लागि जान्छन्, त्यसरी नै अन्य देशका विरामी पनि नेपाल ल्याउन सकिन्छ ।

मेरो विचारमा मेडिकल सेक्टर आर्थिक लाभ लिने ठूलो आधार बन्न सक्छ । तर यसका लागि सही नीतिको आवश्यकता पर्छ । नेपालमा पनि ठूला-ठूला अस्पतालहरू सञ्चालनमा आइरहेका छन् । मेडिसिटी, ग्रान्डीजस्ता अस्पताल ठूला र सुविधा सम्पन्न छन् । तर यी अस्पतालहरूमा उपचार शुल्क महँगो छ । जुन अस्पतालमा गाउँका सामान्य नागरिकले उपचार पाउन गाह्रो छ । हाम्रो चाहना के हो भने, त्यस्ता अस्पतालमा सामान्य जनताले पनि उच्चस्तरीय लाभ लिन सकून् भन्ने हो । त्यसैले नेपालमा ५० देखि १०० वटासम्म मेडिकल कलेज खोल्न आवश्यक छ । मेडिकल कलेजको संख्या धेरै हुँदा प्रतिस्पर्धा बढ्छ । प्रतिस्पर्धी मेडिकल क्षेत्र आजको





गलत काम गर्नेलाई राज्यले अनुगमन गरेर कानुनी दायरामा ल्याउनुपर्‍यो । नयाँनयाँ प्रविधिको विकास गर्नुपर्‍यो, जसले गर्दा नेपालको टुरिजम पनि बढ्छ । नेपालका बिरामीहरू उपचारको अभावमा ज्यान फाल्न नपरोस् भन्ने हाम्रो चाहना हो । कुनै पनि क्षेत्र सुधारका लागि सही नीति चाहिन्छ, यो कुरा राज्यले बुझ्नु पर्छ ।

आवश्यकता हो । कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा नहुने हो भने मोनोपोली हुन्छ ।

हरेक नेपालीले सहज रुपमा उच्चस्तरीय सुविधा पाउनका लागि हामीले दक्ष जनशक्ति उत्पादन गर्नैपर्छ । त्यसको उपाय भनेको नै मेडिकल कलेजहरूको संख्या बढाउने हो । जसमा उपचार पनि राम्रो होस् अनि शुल्क पनि उचित होस् । नेपालमा यस्ता मेडिकल कलेज खोलेर राम्रो सेवा दिन सकेको खण्डमा अन्य देशहरूबाट पनि उपचारका निम्ति मानिसहरू आउने गर्छन् । नेपालमै राम्राराम्रा मेडिकल कलेज हुने हो भने हाम्रा विद्यार्थी विदेश जानुपर्ने बाध्यता त हट्थ्यो नै, साथै हामीले विदेशी विद्यार्थी यता ल्याउन सक्ने सम्भावना रहन्थ्यो । अहिले पनि केही देशबाट थोरै संख्यामा यहाँ विद्यार्थी आएका छन् । त्यो संख्यालाई बढाउन र विदेश जाने नेपाली विद्यार्थीको संख्या घटाउन सक्ने हो भने नेपाल मेडिकल टुरिजमका रुपमा अघि बढ्न सक्छ । र, यो अर्थतन्त्रका लागि एउटा महत्वपूर्ण औषधि बन्न सक्नेछ ।

### राज्य कि निजी क्षेत्र ?

स्वास्थ्य क्षेत्रमा राज्यको लगानी कि निजी क्षेत्रको ? उत्तर स्पष्ट छ- राज्यको लगानी आउनु राम्रो हो । तर राज्यले गरेको लगानीमा सञ्चालन राम्रो भएको देखिँदैन, किनकि त्यहाँ राजजनीतिक व्यक्तिले स्थान ज्यादा पाउँछ । जहाँ राजनीति प्रवेश हुन्छ, त्यसले संस्थालाई राम्रो फाइदा पुग्दैन भन्ने हामीले देखेभोगेकै कुरा हो । मेडिकल टुरिजमको विकासका लागि राज्यले लगानी गरेर मात्रै पुग्दैन । अझ महत्वपूर्ण कुरा त, अहिले जुन रुपमा लगानी भइरहेको छ त्यति लगानीले पुग्दैपुग्दैन । लगानी बढाउनैपर्छ । राज्यको लगानी भएपछि संस्थाको नेतृत्व गर्न राजनीतिक मान्छे आउँछ । उसले कत्तिको सिरियस भएर संस्थाको नेतृत्व गर्छ भन्ने कुरा महत्वपूर्ण हुन जान्छ । राजनीतिक मान्छेको भरमा संस्था त चल्ला, तर स्वास्थ्यजस्तो संवेदनशील विषयमा राजनीति हुन थाल्नेछ । कुनै एउटा मानिसको ज्यानको सबाल जोडिएको हुन्छ । त्यहाँ कसरी राजनीतिक घुसाउन मिल्छ ? मानिसको ज्यानको सबालमा कसैको हस्तक्षेप भयो भने त बर्बाद हुन्छ ।

यसकारण हामीले बुझ्नैपर्ने कुरा भनेको राज्यको लगानी आउनु एकदम राम्रो कुरा हो, तर त्यो स्वतन्त्र भएर अगाडि बढ्न सक्नुपर्छ । स्वतन्त्र भएर अगाडि बढ्न नसक्ने हो भने राज्यको लगानीमात्रै भएर हुँदैन । अन्य क्षेत्रकै कुरा गर्ने हो भने पनि अहिले राज्यको भन्दा निजी लगानीका क्षेत्रमा राम्रो प्रगति भएको हामी देख्न सक्छौं । निजी क्षेत्रमा भएका सुधारले अहिले नेपालमा धेरै ठूलो प्रगति भएको छ । शिक्षा क्षेत्रलाई हामीले उदाहरणका रुपमा लिन सक्छौं । पहिले राम्रो शिक्षा लिन बाहिर जानुबाहेक अरु विकल्प थिएन । कि त सरकारी स्कुल पढ्नुपर्‍यो, कि त विदेश जानुपर्‍यो ।

अहिले निजी विद्यालयहरू यति राम्रा खुलेका छन् कि, राम्रो शिक्षा लिन विदेश जानुपर्ने आवश्यकता नै छैन । सरकारी विद्यालय र निजी विद्यालयको पढाइमै फरक भयो । निजी विद्यालय प्रशस्त खुलेपछि सर्वसाधारणका छोराछोरीले पनि

**स्वास्थ्य क्षेत्रमा राज्यको लगानी कि निजी क्षेत्रको ? उत्तर स्पष्ट छ– राज्यको लगानी आउनु राम्रो हो । तर राज्यले गरेको लगानीमा सञ्चालन राम्रो भएको देखिँदैन, किनकि त्यहाँ राजनीतिक व्यक्तिले स्थान ज्यादा पाउँछ । जहाँ राजनीति प्रवेश हुन्छ, त्यसले संस्थालाई राम्रो फाइदा पुग्दैन भन्ने हामीले देखेभोगेकै कुरा हो ।**

गुणस्तरीय शिक्षा लिन पाएका छन् । शिक्षा क्षेत्रमा राज्यको मात्रै लगानी भइरहेको भए अहिलेको जति सुधार पक्कै पनि हुँदैनथ्यो । अब राज्यले यस्तो क्षेत्रमा लगानी गर्नुपर्‍यो जहाँ निजी क्षेत्रले लगानी गर्न सक्दैन । जस्तो सुरक्षाका सन्दर्भमा राज्यको लगानी नै हुनुपर्छ । सेना-प्रहरीमा निजी क्षेत्रको लगानी सोच्न पनि सकिन्न । अन्य क्षेत्रमा निजी क्षेत्रलाई जिम्मा दिनुपर्छ, जसबाट राज्यले पनि राम्रो राजस्व हासिल गर्न सकोस् । काम निजी क्षेत्रबाट हुने र निजी क्षेत्रले कमाएको रकमबाट राज्यले कर लिने हुनुपर्छ । निजी क्षेत्र सबल हुनु भनेको राज्य पनि बलियो हुनु हो । यसरी जिजी क्षेत्रलाई प्रोत्साहन गर्न सकियो भने बाहिरी लगानी पनि आउँछ । त्यसैले नीति-नियम खुल्लामुखी हुनुपर्छ ।

### निष्कर्ष र सुझाव

नेपालमा उपचार पद्धतिको विकास निकै राम्रो भइरहेको छ । अन्य अति सुविधा सम्पन्न देशहरूसँग हाम्रो उपचार पद्धतिको तुलना नहोला, तर कतिपय देशको भन्दा नेपाल कमजोर छैन । मेडिकल क्षेत्रमा नेपालले धेरै प्रगति गरेको छ । नेपालमा पनि सबै रोगको राम्रो उपचार गर्न सक्ने चिकित्सक उपलब्ध छन् । सबै रोगहरूको अहिले नेपालमै राम्रो उपचार भइरहेको छ । कुनै रोगको उपचारका लागि पनि विदेश गइहाल्नुपर्ने बाध्यता हटेको छ । यति भन्दै गर्दा सबै उपचारमा नेपाल सम्पन्न भइसकेको भने होइन । स्वास्थ्य क्षेत्र अझै पनि विकास हुने क्रममा नै छ । यो प्रक्रिया निरन्तर अघि बढिरहेको छ । अहिलेको समस्या भनेको उपयुक्त कानुनी प्रबन्धको अभाव हो । राज्यका तर्फबाट मेडिकल कलेज सञ्चालनका लागि अनुमति दिने र राज्यले राम्रो अनुगमन गर्नुपर्ने आजको आवश्यकता हो । नेपालमा निकै राम्रा र दक्ष जनशक्तिको उत्पादन भइरहेको छ । प्रविधिको अभाव पूर्ति गर्न पनि हाम्रा लागि ठूलो समस्या छैन । राज्यले नीति बनाएर सहजीकरण गर्ने हो भने अहिले पनि स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी पक्कै पनि बढ्छ ।

अब यहाँ महत्वपूर्ण कुरा मेडिकल टुरिजमको विषय रहेको छ । मेडिकल टुरिजमको विकास गर्ने हो भने राज्यको नीति बजारमुखी हुनुपर्‍यो । नियन्त्रणमुखी हुनु भएन । उपचार गर्न विदेश जाने जुन प्रवृति छ त्यसलाई हामीले रोक्नुपर्छ । यसका लागि सबैभन्दा पहिला पर्याप्त मेडिकल कलेज खोल्नुपर्‍यो । गलत काम गर्नेलाई राज्यले अनुगमन गरेर कानुनी दायरामा ल्याउनुपर्‍यो । नयाँनयाँ प्रविधिको विकास गर्नुपर्‍यो, जसले गर्दा नेपालको टुरिजम पनि बढ्छ । नेपालका बिरामीहरू उपचारको अभावमा ज्यान फाल्न नपरोस् भन्ने हाम्रो चाहना हो । कुनै पनि क्षेत्र सुधारका लागि सही नीति चाहिन्छ, यो कुरा राज्यले बुझ्नु पर्छ ।

*ज्योति पूर्वराज्यमन्त्री तथा स्थापित उद्योगी हुन् ।*






। गुणचन्द्र विष्ट

# मासुजन्य उत्पादनमा आत्मनिर्भरता

**मासु र मासुजन्य उत्पादन प्रसस्त सम्भावना भएको क्षेत्र हो । नेपाली मासु चीन, भारत र थाईल्यान्डसम्मले रूचाएको पाइन्छ । यद्यपि, यसको विकास र आधुनिकीकरणका लागि यथोचित सरकारी सहयोग भने सधैं अपेक्षाको विषय रहिआएको छ ।**

आत्मनिर्भरता सम्पन्नताको आधार मात्र नभएर आत्मसम्मान, स्वाभिमान र स्वतन्त्रताको मेरुदण्ड हो । परनिर्भरता एक किसिमको गरिबी हो । परनिर्भरताको धरातलमा स्वतन्त्रता र आत्मसम्मान कुण्ठित हुन पुग्छ ।

मासु र मासुजन्य उत्पादनमा हामी आत्मनिर्भर छौं, यसैगरी अन्य क्षेत्रमा आत्मनिर्भर हुनु जरुरी छ । मासु र मासुजन्य उत्पादन क्षेत्रले देशबासीको पोषण मात्र नभएर अर्थतन्त्रको विकासमा समेत गणनायोग्य ‘पोषक तत्त्व’को रुपमा योगदान गरिरहेको छ ।

वर्तमान व्यापारघाटा देशको ठूलो र गम्भीर टाउको दुखाइको विषय बनेको छ । यस परिप्रेक्ष्यमा मासु र मासुजन्य उत्पादन क्षेत्र विगत दुई दशकदेखि निरन्तर आत्मनिर्भर छ । यसमा पनि कुखुरापालन क्षेत्र अग्रणी रहँदै आएको छ। मासु र मासुजन्य वस्तुको लगभग ५० प्रतिशत माग कुखुराले धानेको छ। पोषण र स्वास्थ्यका दृष्टिकोणले पनि कुखुराको मासु र अण्डाको खपत बर्सेनि बढ्दो भए पनि हाम्रो आफ्नै उत्पादनले यसलाई सजिलै धानिरहेका छौं ।

मासु र मासुजन्य उत्पादन प्रसस्त सम्भावना भएको क्षेत्र हो । नेपाली मासु चीन, भारत र थाईल्यान्डसम्मले रुचाएको पाइन्छ । यद्यपि, यसको विकास र आधुनिकीकरणका लागि यथोचित सरकारी सहयोग भने सधैं अपेक्षाको विषय रहिआएको छ । कोभिड-१९ को विश्वव्यापी महाव्याधिले दुई वर्ष थलापारेको

यो क्षेत्र सुरुका ६ महिनासम्म शून्य व्यापारको अवस्थाबाट गुज्रँदा अर्बौंको नोक्सानी बेहोर्नुपर्‍यो। उक्त नोक्सानीको भरपाई अझै हुन सकेको छैन। यसमा सरकारको तर्फबाट कुनै राहत र सहयोग भएको छैन। यस क्षेत्रमा परेको अप्ठरोको विषयमा पटक-पटक निवेदन र जानकारी गराउँदा पनि सुनुवाई भएको छैन । त्यतिमात्र होइन, कतिपय नीति र अनुगमनका नाममा भएका कार्यले व्यवसाय र लगानीकर्तालाई अप्ठेरो तथा हतोत्साही पार्ने काम भएको छ।

विगतदेखि आजको दिनसम्म हेर्दा कुखुरा पालन क्षेत्रले धेरै संघर्ष र उतारचढाव झेलेको छ। तीन दशकअघि, मैले व्यवसाय सुरु गर्दा ७५ प्रतिशत चल्ला भारतबाट आउँथ्यो। माथि उल्लिखित विगत १२ वर्षको तथ्यांक हेर्दा तुलनात्मक रुपमा कुखुरा पालन क्षेत्रले १२७३ प्रतिशतको छलाङ मार्नु चानचुने कुरा होइन। यसरी त्यतिबेलाको तुलनामा अहिले हजारौं गुणा बढी उत्पादन भैरहेको छ। जसलाई हाम्रो आफ्नै ह्याचरी उद्योगले धानिरहेका छौ । ह्याचरी, कुखुराको मासु, अण्डा र दानामा हामी पूर्ण रुपले आत्मनिर्भर छौं भन्दा गर्व लाग्छ। र, यो समग्र विकासको अवस्थाको श्रेय अनेकौं जोखिम मोलेर लगानी गरी दिनरात मेहनत गर्ने निजी क्षेत्रका साथीहरूलाई जान्छ।

नेपालमा सबैभन्दा सर्वसुलभ र लोकप्रिय मासु कुखुराको मासु हो । अन्य मासुको तुलनामा कुखुराको मासु धेरै सस्तो र स्वस्थकर छ । यसलाई प्रवर्द्धन गर्न सके अझै विकास र निर्यातको सम्भावनाको ढोका खोलेर देशको अर्थतन्त्र विस्तार गर्न सकिन्छ। तर सरकारले पछिल्ला ७ वर्षमा ह्याचरी व्यवसायको स्तरोन्नति र प्रवर्द्धनका लागि कुनै कदम चालेको छैन। यस पेशामा निजी क्षेत्रको मात्रै लगानी रहेको छ। यसलाई कति प्रोत्साहन गर्ने, व्यवसायमा कस्ता अप्ठेरा छन् भन्नेमा राज्यको ध्यान केन्द्रित हुन सकेको छैन। विडम्बना, राज्यको लगानी नभएका कारण यो पेशा व्यवस्थित गराउनको लागि कुनै कदम चालिएको छैन।

मासुजन्य व्यापार भनेको (लाइभ)जिउँदो वस्तुको व्यापार हो । चल्लाको उत्पादन कम भए मासुको उत्पादन कम हुन्छ । यसलाई जोगाएर, स्टोर गरेर राखेर पछि बिक्री गर्छु भन्न मिल्दैन। यसको व्यवस्था राज्यले चाहँदा गर्न सक्छ । राज्यले गर्दा त्यसमा घाटा हुने सम्भावना कम हुन्छ । एउटा व्यक्तिले समग्रतामा यति ठूलो लगानी र व्यवस्थापन गर्न सम्भव छैन । व्यक्तिलाई सीमित स्रोतसाधनमा काम गर्नुपर्ने हुन्छ । त्यसैले व्यक्तिलाई गाह्रो हुन्छ । एकछिनको सानो हल्लाले सारा देशभरको बजार डावाँडोल पारिदिन्छ। कोभिड-१९ का कारण बिथोलिएको बजार, मासुको माग र आपूर्तिलाई अझैसम्म सन्तुलनमा ल्याउन सकिएको छैन । त्यसैले करिब ७० प्रतिशत ह्याचरी डुब्ने अवस्थामा पुगे। अझै ५० प्रतिशत व्यवसायी नोक्सानीमा छन्। उनीहरूले घरखेत बिक्री गरेर पनि उत्रिन सक्ने अवस्था छैन । व्यवसायीले काहाँबाट ल्याएर त्यसलाई व्यवस्थापन गर्ने छन् भन्ने गम्भीर प्रश्नको उत्तर हामीसँग छैन।

देशको अर्थतन्त्रलाई चलायमान बनाउँदै प्रत्यक्ष रुपमा झण्डै ५ प्रतिशतको योगदान दिएको यो क्षेत्र सरकारी प्राथमिकताको सूचीमा नपर्नु विडम्बना नै हो । हरेक विकासोन्मुख मुलुकले देशमा भएका पेशा-व्यवसायलाई आधुनिकीकरण गरी विकासको पथमा अगाडि बढेका छन् । हाम्रो जस्तो कृषिप्रधान देशमा खाद्य, फलफूल र मासु अनि मासुजन्य पदार्थको

### Livestock Population Over The Last Twelve Years

| Meat Category | Year 2009/10 | Year 2020/21 | Growth % |
|---|---|---|---|
| Net Meat Prod. (in Mt.) | 248,573 | 520,742 | 109% |
| Ducken | 225 | 442 | 96% |
| Mutton (Sheep) | 2,691 | 2,964 | 10% |
| Pork | 17,066 | 31,450 | 84% |
| Chevon | 49,851 | 70,755 | 42% |
| Buff | 162,213 | 188,172 | 16% |
| Chicken | 16,527 | 226,959 | 1273% |

*स्रोतः पशु सेवा विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय*






उत्पादन गरी विश्वबजारसम्म पुऱ्याई देशको अर्थतन्त्रलाई मजबुत बनाउने अवसर छ । तर सरकारी नीति, विगतदेखि हालसम्मका बजेटमा भएको प्राथमिकतालाई विश्लेषण गर्दा साना व्यवसायलाई 'प्रसाद' बाँडेको जस्तो गर्दै प्रोत्साहन रकम दिने गरिएको देखिन्छ । त्यही सानो रकमको वितरणमा पनि व्यापक भ्रष्टाचार भई वास्तविक किसानको हातमा त्यो पुग्न सकेको छैन ।

लागत कसरी कम गर्न सकिन्छ ? उत्पादन कसरी बढाउन सकिन्छ ? भन्ने विषय गफमा सीमित भएका छन् । सरकार ठूला व्यवसाय र आधुनिकीकरण भन्दा पनि जीविकामुखी व्यवसायमा मात्र रमाउने गरेको छ ।

हाम्रो देशको अवस्थालाई हेर्दा शिक्षा, प्रविधि, खानी वा अन्य कुनै पनि क्षेत्र तत्कालै अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा छैनन् । तर कृषि, फलफूल, खाद्य तथा मासु र मासुजन्य पदार्थको उत्पादन तथा स्तरीकरण छोटो समयमा गर्न सकिन्छ । यद्यपि, नेपालमा मासु र मासुजन्य व्यावसायलाई उद्योगको रुपमा विकसित गर्ने प्रचुर सम्भावनालाई सरकारले गम्भीर रुपमा लिएको पाइँदैन । व्यवसायलाई व्यवस्थित गर्नको लागि अल्पकालीन र दीर्घकालीन वा कुनै व्यावहारिक नीति बन्न सकिरहेको छैन । हरेकपटक सरकार परिवर्तनपछि मन्त्रीको फिल्ड भिजिट हुन्छ र चर्को भाषण पनि हुन्छ ।

किसानहरूको अथक प्रयासका कारण नेपाल मासुमा आत्मनिर्भर भएको हो । व्यक्तिको अथक प्रयासले प्रविधिको विकास भएको छ । नेपालमा

**देशको अर्थतन्त्रलाई चलायमान बनाउँदै प्रत्यक्ष रूपमा झण्डै ५ प्रतिशतको योगदान दिएको यो क्षेत्र सरकारी प्राथमिकताको सूचीमा नपर्नु विडम्बना नै हो । हरेक विकासोन्मुख मुलुकले देशमा भएका पेशा-व्यवसायलाई आधुनिकीकरण गरी विकासको पथमा अगाडि बढेका छन् ।**




*स्रोत: पशु सेवा विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

मासु र मासुजन्य पदार्थको उत्पादन विकसित मुलुकहरूमा भन्दा कम छैन । यहाँ सरकारको तर्फबाट कुनै सहयोग भएको छैन, गुणस्तर बढाउने प्रविधि भित्राउँदा भन्सारमा दुःख दिने, ढिलासुस्ती गरी हैरान बनाएर हतोत्साहित पार्ने काम भएको छ। यसका बाबजुद पनि केही व्यवसायी विकसित मुलुकमा भएका प्रविधि भित्राउन सफल भएका छन् । र, आज केएफसीजस्ता अन्तर्राष्ट्रिय कम्पनीहरूले बिक्री गर्न सक्ने गुणस्तरको कुखुराको मासु प्रशोधन गर्ने प्रविधि सञ्चालनमा ल्याएका छन् । मासुको उत्पादकत्व र व्यावसायीकरण

**मासुको उत्पादकत्व र व्यावसायीकरण गर्ने गफ धेरै सुनिन्छ, तर व्यावहारिक रूपमा काम हुन सकेको छैन । व्यावसायीकरण गर्नु भनेको व्यवसायलाई विकेन्द्रित गर्नु हो भन्ने कुरा नै राज्यले बुझिरहेको छैन ।**

गर्ने गफ धेरै सुनिन्छ, तर व्यावहारिक रुपमा काम हुन सकेको छैन । व्यावसायीकरण गर्नु भनेको व्यवसायलाई विकेन्द्रित गर्नु हो भन्ने कुरा नै राज्यले बुझिरहेको छैन ।

यो कृषि पेशा हो। ३ करोड जनसंख्याभएको देशको मासुको मागलाई प्राइभेट सेक्टरका लगानीकर्ताहरूले जोखिम मोलेर धानिदिएकोमा सरकारले स्याबास् पनि दिँदैन। उल्टो सरकारले भनिरहेको छ- उद्योगपति किसान त होइन नि ! कृषि पेशा गर्ने हामी कसरी किसान भएनौं ? यो व्यवशाय पशुपन्छी तथा कृषि पेशा हो भनेर बुझाउनुपर्ने अवस्था छ। सञ्चारमाध्यमले कतिपय अवस्थामा राम्ररी कुरा नबुझी हचुवाको भरमा समाचार बनाएका छन् । राज्यले वास्तविक समस्यालाई नबुझी नीतिगत व्यवस्था गरेको छ । त्यो नीति व्यवहारमा उतार्न अत्यन्त मुस्किल छ । साँच्चै भने हो भने, सम्बन्धित निकायका अधिकारीमा यस क्षेत्रका व्यवसायीहरूको समस्या बुझ्ने इच्छा र तत्परता देखिँदैन । त्यसैले तत्काल केही होला भन्ने आशा गर्न सकिने अवस्था छैन ।

अलिकति केही ठूलो लगानी गरौं कि भन्यो भने पनि स्थानीय, प्रदेश र संघीय सबै स्तरका सरकार, पार्टी र निकायको तारो बन्ने गरेका छौं । कतिपय राजनीतिक पार्टी, सञ्चारमाध्यम, कर्मचारीहरूले ठगी खाने पेशा गरे जस्तो नजरले हेर्ने गरेको देख्दा झनै पीडा हुन्छ। मासु र मासुजन्य पदार्थको खपतको लेखाजोखा पनि खासै वैज्ञानिक ढंगमा हुन सकेको छैन। अन्दाजको भरमा उत्पादन गरिएको छ। मासुको बिक्री प्रवर्द्धनको व्यवस्थापनमा भएका समस्याले गर्दा यथोचित बढोत्तरी हुन सकेको छैन । कोभिड-१९ को महाव्याधिको असर, माग र आपूर्तिमा भएको असन्तुलन, त्यसपछि लगातार बढेको पेट्रोलियम पदार्थको मूल्य, महँगी, तरलता अभाव, चर्को ब्याजदर आदिको कारण समग्र व्यवसायमा घाटा बेहोरेर चल्नुपरेको स्थिति छ । यस्तो गम्भीर अवस्थाको आकलन सतही दृष्टिकोणबाट गर्नु सबैका लागि दुर्भाग्यपूर्ण हुनेछ । र, तत्काल सुधार र सहयोगको उचित कदम नचाल्ने हो भने यो व्यवसाय 'संकटग्रस्त' घोषण गर्ने दिन छिट्टै आउने देखिन्छ ।

मासु र मासुजन्य उत्पादन क्षेत्रले देशको अर्थतन्त्रलाई चलायमान बनाउँदै झण्डै ५ प्रतिशतको योगदान दिएर प्रत्यक्ष र परोक्ष रुपमा दुईतिहाइ जनसंख्यालाई रोजगारी तथा पोषणमा पुऱ्याएको योगदानको कदर हुनुपर्छ । र, यसका लागि अहोरात्र खटिएका व्यवसायीहरूले अहिले भोगिरहेको संकटबाट मुक्त गराउने कार्यमा कुनै विलम्ब गर्नु हुँदैन ।

*विष्ट पोल्ट्री व्यवसायी हुन् ।*





| प्रहलाद दाहाल

# आत्मनिर्भर अर्थतन्त्र निर्माणमा दुग्ध उत्पादन क्षेत्र

नेपाल कृषि प्रधान देश भए पनि दूधलगायत कतिपय कृषिजन्य वस्तु विदेशबाट आयात हुने गरको छ । नेपालको दूध उत्पादनले ८० प्रतिशत मात्रै माग धानेको छ भने छिमेकी देशबाट २० प्रतिशत धुलो दूध आयात हुँदै आएको छ ।

नेपालमा औपचारिक रुपमा दुग्ध व्यवसाय सुरु भएको २००९ सालदेखि हो । नेपालको दुग्ध व्यवसायको इतिहासमा निजी क्षेत्रले ६० प्रतिशत बजार ओगट्दै आएको छ। बाँकी ४० प्रतिशत दूधको बजार हिस्सा दुग्ध विकास संस्थानको रहेको छ।

नेपालको मागअनुसार यहीँ उत्पादन भएको दूधले बजार धान्न सकेको छैन। नेपाल कृषि प्रधान देश भए पनि दूधलगायत कतिपय कृषिजन्य वस्तु विदेशबाट आयात हुने गरको छ । नेपालको दूध उत्पादनले ८० प्रतिशत मात्रै माग धानेको छ भने छिमेकी देशबाट २० प्रतिशत धुलो दूध आयात हुँदै आएको छ। सहकारी र (डीडीसी) बाहेक निजी क्षेत्रले दूधको क्षेत्रमा ३५ अर्ब लगानी गरेको छ।

नेपालमा हाल जम्मा १७ प्रतिशत दूध औपचारिक क्षेत्रबाट लेबलिङ र प्याकेजिङ गरेर बजारमा उपलब्ध भइरहेको छ। बाँकी दूध खुल्ला रुपमा अनौपचारिक ढंगमा बिक्री भइरहेको छ। नेपालमा हाल करिब ३ लाख लिटर

दूध अपुग छ । दूधमा आत्मनिर्भर हुन लागेकै बेला कोरोना महामारी आइदियो र किसानलाई निराश पारिदियो । कोरोनाकालमा दूध बिक्री निकै कम भएपछि यो पेशाबाट नै कतिपय किसान पलायन हुन पुगे । यही कारण पनि नेपालमा दूध अभाव छ ।

घरभाडा, तलब र बैंकको ब्याज बेला-बेलामा वृद्धि हुने गरेको छ । तर दूधको मूल्यमा भने सरकारले हस्तक्षेप गरेको भन्दै कृषक बेला-बेलामा आक्रोशितसमेत हुने गरेका छन् । दूध बिक्री नभएपछि किसानले 'मिल्क होलिडे' को नीति अँगालेका छन् । अन्य सामानको अधिक मूल्यका कारण लागत मूल्य पनि नपाएर आमकिसान र दूध उत्पादक समस्यामा परेका छन् । बजारमा अन्य कुनै पनि सामानको मूल्य स्थिर रहँदैन, तर दूधमा मात्र मूल्य नियन्त्रण गर्नु व्यावहारिक मान्न सकिन्न । त्यसैले अब दुग्ध व्यवसाय क्षेत्रमा पनि अन्यत्र जस्तै बजारको मूल्य वृद्धि अनुसार भाउ बढाउन पाउनुपर्‍यो । होइन भने आमकिसान र उद्योगी टिक्न सक्ने अवस्था रहँदैन । यस विषयमा सरकारले समयमै सोच्नुपर्छ ।

बजारमा सबै थोकको मूल्य बढ्दा दूधको मात्र मूल्य नबढ्ने हुन्छ र ? एक वर्षमा कयौं पटक पेट्रोलियम पदार्थको मूल्य घटबढ भइरहेको छ, प्रायः बढिरहेको छ । अन्य सामानको पनि उत्तिकै मूल्य बढेको छ । यो अवस्थामा नोक्सान सहेर कृषकले कहिलेसम्म दूध उत्पादन गर्न सक्लान् ? राज्यले गम्भीरतापूर्वक सोच्नुपर्ने समय आएको छ । भुकम्प र कोभिडको समयमा हरेक सामानको बजार मूल्य दोब्बर-तेब्बर हुँदा पनि हरेक दिन एउटै मूल्यमा आमउपभोक्ता दूध उपभोग गर्न पाइरहेका थिए । यसबाट पनि किसानले सोचेजति प्रतिफल पाउन सकेनन् ।

### लगानीको सम्भावित क्षेत्र

कृषि क्षेत्रको विकासका लागि सरकारले पशुपालन र दुग्ध पदार्थको उत्पादन वृद्धिका लागि योजनावद्ध कार्यक्रम निर्माण गरेको बताए पनि त्यस्ता कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन् । बजारमा हाल रहेको मागअनुसारको दुग्ध पदार्थको उत्पादन गर्न नसक्दा भारतलगायतका मुलुकबाट समेत दुग्ध पदार्थको आयात गर्नुपरेको अवस्था छ । नेपालमा हाल दैनिक ६२ लाख लिटर दूध उत्पादन हुन्छ । अहिले पनि विभिन्न कारणले हाम्रो देशको कुल उत्पादनको आधा हिस्सा बजारसम्म आइपुगेकै छैन । बजारको अवस्था हेर्दा २० प्रतिशत नपुग छ । सरकार र डेरी व्यवसायमा लाग्ने सबैले थोरै मात्र सहयोग गर्ने हो भने बाँकी ५० प्रतिशत दूध पनि बजारमा आउँछ, अनि बजारमा नपुग २० प्रतिशत दूधको माग पूर्ति गर्न सकिन्छ । यस क्षेत्रमा भएको लगानीले देशको अर्थतन्त्रका विभिन्न क्षेत्रमा प्रभाव पार्छ । पर्याप्त मात्रामा र देशको मागअनुसार पशुपालन गर्न अझ धेरै लगानीको अवश्यकता छ । आवश्यक तथा माग अनुरुप उत्पादन गर्नका लागि यो क्षेत्रमा लगानी बढाउन सक्दा स्वदेशमै रोजगारीको अवसर सिर्जना हुन्छ ।

### रोजगारी निर्माणको क्षेत्र

हाल देशभर करिव ३५ अर्ब लगानी भएको दुग्ध व्यवसायको क्षेत्रमा ४० हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । देशभर दुग्ध उत्पादन व्यवसायमा करिब ६ लाख कृषक परिवारसमेत जोडिएका छन् । दुग्ध उत्पादन क्षेत्रको मात्र कुल राष्ट्रिय उत्पादनमा करिब ९ प्रतिशत योगदान रहेको छ । प्रत्येक वर्ष १५ अर्ब रूपैयाँ सरहबाट गाउँ गइरहेको छ । लगानी वृद्धि गरेको खण्डमा गाउँमा नगद प्रवाह भई ग्रामीण अर्थतन्त्रलाई थप चलायमान बन्न पुग्छ । गाउँमा आर्थिक क्रियाकलाप बढाउन दूध उत्पादन उद्योगले ठूलो भूमिका खेल्न सक्छ । अन्य उत्पादनको सम्भावना कम भएको ठाउँमा दुग्ध व्यवसाय गरेर पनि किसान तथा अन्य वर्गले आफ्नो जीविकोपार्जन गरिहेका छन् । यस क्षेत्रमा नयाँनयाँ सम्भावना अत्यधिक रहेकाले रोजगारी सिर्जनामा यसको योगदान मह□वपूर्ण हुन सक्छ । यस क्षेत्रमा तत्कालै निजी क्षेत्र र सरकारले लगानी वृद्धि गर्न सक्ने हो भने, १ लाख जनालाई प्रत्यक्ष रोजगारीको अवसर आउन सक्छ ।

**सरकारले दूधको माग पूरा गर्नका लागि कृषकलाई दाना, घाँस र पशुपालनमा अनुदान दिनु अत्यावश्यक छ । देशमा नै दूध उत्पादनको लागि ठूला फर्म सञ्चालन गर्न लगानीकर्ताहरूलाई आकर्षित गर्ने कानुन र ऐनको व्यवस्था हुनु आवश्यक छ ।**

अहिले देशका प्रायः विकट ठाउँमा पनि सडक र विद्युत् सेवा पुगिसकेको अवस्था छ । अबको केही वर्षमा नेपाल दूधमा पूर्ण आत्मनिर्भर हुन सक्छ । बजारसम्म जोडिन नसकेको दूध पनि बजारमा आउँछ । त्यसको लागि सबैभन्दा पहिले आधिकारिक निकायबाट पहलकदमी हुन जरुरी छ । नेपालको कृषि क्षेत्रमा विदेशी लगानी भित्राउने तयारी गर्दा निजी क्षेत्रले ठूलो विरोध गरेका थिए । तर अहिले देशमा दूध र दुग्धजन्य वस्तुको धेरै प्रयोग हुने बेला अभाव छ । साउन १५ गते खिर खाने दिन र दर खाने दिन नेपालमा अत्यधिक दूध अभाव हुँदै आएको छ ।

दैनिक रुपमा निजी क्षेत्रले ३१ करोड रुपैयाँबराबरको दूध बिक्री गर्दै आइरहेको छ । पछिल्लो समयमा पानीपछि सबैभन्दा अनिवार्य उपयोग हुने पदार्थ दूध नै हुने गरेको छ । हरेक दिन बिहान उठ्नेबित्तिकै पिउने चिया तथा कफीमा दूध अनिवार्यजस्तै छ । भर्खरै जन्मिएको बच्चादेखि, बिरामी, अशक्त, ज्येष्ठ नागरिकसम्मका लागि शक्तिवर्द्धक वस्तुका रुपमा दुग्धजन्य पदार्थलाई लिइन्छ । अस्पतालमा बिरामी भएर जाँदा पनि चिकित्सकले प्रायः सबैलाई दूध पिउने सल्लाह दिने गर्छन् । यसबाट पनि मानव जीवनमा दूधको महत्व पुष्टि हुन्छ ।

### साउन १५ गते कति दूध बिक्री हुन्छ ?

नेपालमा दैनिक ३१ देखि ३२ लाख लिटर दूध खपत हुँदै आएको छ । यस वर्ष (२०७९)को साउन १५ मा देशभर करिब ५० लाख लिटर दूध निजी क्षेत्रले बिक्री गरेको थियो । नेपालमा ६२ लाख लिटर दूध उत्पादन हुने गरेको छ । उत्पादन भएको मध्ये बजारमा ३२ लाख लिटर दूध आउने गरेको छ । किसानले मागअनुसार दूध उत्पादन गर्न सकिरहेका छैनन् । नेपाल डेरी एसोसियसनले प्रतिलिटर ८६ देखि १ सय प्रतिलिटरमा दूध बिक्री गर्ने गर्दछ । सरदर प्रतिलिटर ८६ रुपैयाँ मूल्य राख्दा पनि ५० लाख लिटरको ४३ करोड रुपैयाँको दूध साउन १५ गते मात्रै बिक्री गरेको छ । नेपाल दुग्ध उत्पादनमा आत्मनिर्भर बन्न नसके पनि त्यस दिशामा अग्रसर भने रहेको देखिन्छ । दूधमा आत्मनिर्भर हुनका लागि विश्व खाद्य तथा कृषि संगठनको सिफारिसअनुसार दैनिक दुई सय ५२ मिलिलिटर प्रतिव्यक्ति वा वार्षिक ९१ लिटर आवश्यक पर्ने देखिन्छ । हाल नेपालमा उक्त परिमाणमा दूध उपलब्ध छैन । नेपालमा ठूला दुग्ध प्रशोधन उद्योग चार, मझौला करिब ३० र साना ६ सय वटाभन्दा बढी छन् ।

### दूधको माग पूरा कसरी गर्ने ?

सरकारले दूधको माग पूरा गर्नका लागि कृषकलाई दाना, घाँस र पशुपालनमा अनुदान दिनु अत्यावश्यक छ । देशमा नै दूध उत्पादनको लागि ठूला फर्म सञ्चालन गर्न लगानीकर्ताहरूलाई आकर्षित गर्ने कानुन र ऐनको व्यवस्था हुनु आवश्यक छ । स्वदेशमा उन्नत जातका गाई, भैंसी सहजै पाइने अवस्था बन्नुपर्छ । यस कार्यमा राज्यको ध्यान जानु आवश्यक छ । उच्च नश्ल भएका र उन्नत जातका गाई, भैंसी आवश्यकता अनुसार विदेशबाट समेत आयात गर्न सकिने प्रबन्ध मिलाउनका लागि सरकारी प्रोत्साहन हुनुपर्छ । उत्पादन भएको दूध बिक्री हुने सुनिश्चितताका लागि सरकारले ध्यान दिन सके पनि दूध उत्पादन वृद्धि हुनेछ । स्थानीय, प्रदेश तथा संघीय सरकारले आफ्ना नीति तथा कार्यक्रम र बजेटमा समेत दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम ल्याउन जरुरी छ । दुग्ध व्यवसायप्रति किसानको आकर्षण बढाउन र व्यवसायको प्रवर्द्धन गर्न सरकारले प्रोत्साहनमूलक कार्यक्रम ल्याउनु अत्यावश्यक छ ।

*दाहाल नेपाल डेरी एसोसिएसनका अध्यक्ष हुन् ।*



| सुमन पाण्डे

# आत्मनिर्भर अर्थतन्त्रको औजार पर्यटन

**विश्वकै सर्वोच्च हिमालहरू भएका कारण संसारभरिका प्रख्यात आरोही वर्षमा एक/दुई पटक नेपाल अनिवार्य आउँछन् । यसरी नेपाल 'होम अफ एड्भेन्चर' अर्थात् साहसिक पर्यटनको केन्द्रविन्दु बन्यो ।**

जीवनका धेरै वर्ष बिताएको काठमाडौंका गल्लीहरूमा मैले कति पाइला टेकेँ हुँला ! गन्ती छैन । तीमध्ये अनगिन्ती पाइला मैले पर्यटन कर्मका लागि चालेको छु । मेरा हर प्रयत्न, सुखदुःख यही क्षेत्रसँग गाँसिएको छ । तर के मेरो मिहिनेत, मैले देखेको सपना मेरो व्यक्तिगत जीवनका लागि मात्रै हो ? पक्कै पनि होइन । म र मैले जसरी सपना बोकेर हिँडेका सयौं पर्यटन व्यवसायी समग्रमा नेपाली पर्यटन उद्योगको विकास, यसको अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान र पहुँच निर्माणका लागि जुटेका छौं । हामीले गरेका पहलहरू राज्यका निम्ति र राष्ट्रिय पुँजी निर्माणसँग जोडिएको छ । यस आलेखमा म पर्यटनभित्रको पनि साहसिक पर्यटनबारे केही चर्चा गर्दैछु ।

सन् १९५३ मा सर एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेसँगै नेपालमा साहसिक पर्यटनको अध्याय सुरु भएको हो ।



तिब्बतको पामिर नटबाट चाहिँ नेपाल, पाकिस्तान हुँदै भारतको आसामसम्म १ हजार ४ सय माइल लामो हिमालय शृंखला फैलिएको छ । जसमध्ये आठ सय माइल नेपालमा पर्छ । नेपालमा पर्ने उक्त हिमशृंखलाभित्र ८ हजार मिटरभन्दा अग्ला आठ वटा, ७ हजार मिटर उचाइका त धेरै हिमाल पर्छन् । त्यसभन्दा साना हिमाल र पहाडहरू त अनगिन्ती छन् । यसरी हेर्दा हाम्रो सलाईको बट्टाजस्तो उत्तरी सीमा हिमालकै पर्खालले छेकिएको छ । त्यसपछिका महाभारत शृंखला, भित्री मधेस, चुरे पहाडी शृंखलाहरू हेर्दा प्रकृतिले नेपाललाई विविधतापूर्ण भौगोलिक संरचना दिएको छ ।

हिमाल आरोहण साहसिक पर्यटनको एउटा विधा हो । आरोहण सुरु भएपछि विदेशी पर्यटकलाई सगरमाथा देखाउन लाने क्रममा ट्रेकिङ उद्योगको स्थापना भयो । सन् १९५० मा फ्रान्सको मोरिस हर्जगले अन्नपूर्ण हिमालको सफल आरोहण गरेपछि आरोहणको माग बढ्यो । त्यसपछि अन्नपूर्ण, चोयु, मकालु, मनास्लु, धौलागिरिलगायत आठवटै अग्ला र त्यसभन्दा होचा हिमाल आरोहणमा आउनेको संख्या बढ्यो । मानिस सधैं नयाँ कर्मको खोजीमा हुन्छ । पर्वतारोहणसँगै डाँडाकाँडा चढ्ने शोखका कारण ट्रेकिङ उद्योगको स्थापना भयो । ट्रेकिङ संस्कृति नेपालमा सुरु भएर संसारभरि फैलिएको हो । ट्रेकिङका लागि दस दिनभन्दा बढी समय लाग्छ । यसले पर्यटकको नेपाल बसाइ लम्बिन थाल्यो ।

**हिमाल आरोहण साहसिक पर्यटनको एउटा विधा हो । आरोहण सुरु भएपछि विदेशी पर्यटकलाई सगरमाथा देखाउन लाने क्रममा ट्रेकिङ उद्योगको स्थापना भयो । सन् १९५० मा फ्रान्सको मोरिस हर्जगले अन्नपूर्ण हिमालको सफल आरोहण गरेपछि आरोहणको माग बढ्यो ।**

नेपालमा वार्षिक १२ लाख पर्यटक आउँछन् । यीमध्ये करिब ३ लाख अर्थात् २५ प्रतिशत ट्रेकिङका लागि आउँछन् । यसरी पर्यटक कम हुँदा पनि हामीसँग पर्यटकीय दिनहरू धेरै हुन्छन् ।

**होम अफ एड्भेन्चर**

विश्वकै सर्वोच्च हिमालहरू भएका कारण संसारभरिका प्रख्यात आरोही वर्षमा एक/दुई पटक नेपाल अनिवार्य आउँछन् । यसरी नेपाल ‘होम अफ एड्भेन्चर’ अर्थात् साहसिक पर्यटनको केन्द्रविन्दु बन्यो । पवर्तारोहरण र ट्रेकिङको विकास क्रमसँगै विभिन्न कालखण्डमा प्रविधिको विकासले साहसिक पर्यटनका क्षेत्रमा नवीन विधाहरू पहिचान हुन थाले । यहाँका हाईअल्टिच्युड, उकालो-ओरालो खोला, ताल, जंगल विविध क्षेत्रमा साहसिक गतिविधि गराइन थालियो । यहाँका सेता हिमनदीहरूमा न्युजिल्यान्डबाट विज्ञ ल्याएर ‘ह्वाइट वाटर ऱ्याफ्टिङ’ गराउन थालियो । जलविद्युत् आयोजनाहरूका कारण ऱ्याफ्टिङ व्यवसायमा बाधा उत्पन्न भएको छ । नत्र ऱ्याफ्टिङका लागि नेपाल विश्वकै एक उत्कृष्ट गन्तव्य बन्ने थियो । सन् १९६० को दशकमा चितवन राष्ट्रिय निकुञ्जलाई व्यवस्थित गर्दै अफ्रिकाको जस्तो जंगल सफारी सुरु भयो । टाइगर टप्स नामक कम्पनीले सञ्चालन गरेको सफारी एसियाकै उत्कृष्ट पर्यटकीय प्रडक्टका रुपमा परिचित हुन थाल्यो । उच्च कोटीका पर्यटक आउन थाले । निकुञ्जभित्र रिसोर्ट, लजहरू खुल्न थाले । त्यहाँभित्र पाहुना नअटाएर बाहिर पनि लजहरू खुल्न थाले । हाम्रो पर्यटनको ठूलो हिस्सा वन्यजन्तु पर्यटन पनि हो । निकुञ्जभित्र रिसोर्ट वा होटेलहरू सञ्चालन गर्नेबारे बहस पनि जारी छ । यद्यपि, बिर्सनु के हुँदैन भने, यो हाम्रो प्रमुख पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास भएको छ ।

हाम्रा पहाडी क्षेत्रका कच्चा बाटो, घोरेटो वा गोरेटोमा सिंगल ट्रेल ट्रेकिङ होस् वा कच्ची मोटर बाटोमा गरिने साइक्लिङ अथवा माउन्टेन बाइकिङजस्ता गतिविधि पनि केही हदसम्म प्रख्यात छ । साहसिक पर्यटनको क्षेत्रमा बन्जी जम्पिङ, क्यानोइङ, जिपलाइन, प्याराग्लाइडिङ, हवाईउडानसँग सम्बन्धित एड्भेन्चर स्काईडाइभिङ, बेस जम्पिङजस्ता नयाँ प्रडक्ट स्थापित हुँदै गएको छ ।

हामीसँग प्रशस्तै ताल-तलैया छन्, तर हामीले पर्यावरणीय कारणले यस क्षेत्रमा पर्यटकीय गतिविधि गर्न सकेका छैनौं । नत्र भने हामीले पनि समुद्रमा गरिने धेरै गतिविधि यहाँ गराउन सक्थ्यौं । त्यस्तै, अहिले स्किइङ, हेलि-स्किइङ गर्ने संस्कृति पनि बढ्यो । ‘बर्ड वाचिङ’ (चरा अवलोकन) पनि फस्टाउँदो अवस्थामा छ ।

नेपालमा जुनसुकै विधामा पनि साहसिक पर्यटनको विकास गर्न सकिने सम्भावना



छ । हामीसँग धेरै हेलिकप्टरहरू छन् । यसकारण हेलिट्रेकिङको पनि उत्तिकै सम्भावना छ । यसरी नयाँ एड्भेन्चरहरूले ठाउँ लिँदै छन् । यी विधा विस्तारै पर्यटकीय गतिविधिका साथै खेलकुद तथा मनोरञ्जनका गतिविधिका रुपमा परिचित हुँदैछन् ।

**राष्ट्रिय अर्थतन्त्र विकासको माध्यम**

विशेषतः साहसिक पर्यटन ग्रामीण भूभागमा बढी सञ्चालन हुन्छ । यसको गन्तव्य नै दुर्गम ग्रामीण क्षेत्रका उच्च हिमाली, पहाडी भूभाग हुन् । यसले ग्रामीण अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्छ । लज, होमस्टे, होटल यसकै कारण खुलिरहेका छन् । त्यहीँका मजदुरले रोजगारी पाउँछन् । त्यहीँका किसान, उद्यमी तथा व्यवसायीले लाभ पाउँछन् । ती क्षेत्रमा घुमफिर गर्न आउने पर्यटकले स्थानीय उत्पादन उपभोग गर्न रुचाउँछन् । यी गतिविधिले सम्बन्धित भेगमा मनग्य आर्थिक गतिविधि बढ्छ । पर्यटनको यो विधाबाट आउने आम्दानी ग्रामीण भेगमा वितरण भई त्यहाँको जनजीवन सुधारमा महत्वपूर्ण भूमिका निर्वाह हुन पुगेको छ ।

**फस्टाँउदो आन्तरिक पर्यटन**

अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदानको हिसाबले साहसिक पर्यटनको हिस्सा ठूलो छ । कुल योगदानको ३० प्रतिशतमध्ये ट्रेकिङ र हिमाल आरोहणले २५ प्रतिशत ओगटेको छ । खुसीको कुरा, हिजोसम्म पर्यटकका रुपमा विदेशीमात्रै हुन्थे, अहिले आन्तरिक पर्यटनले पनि राम्रो हिस्सा बनाउँदै छ । साहसिक पर्यटनका क्षेत्रमा पनि नेपालीको उल्लेखनीय रुचि देखिएको छ । परिणामस्वरुप यसका विधाहरू पनि विस्तार हुँदैछन् । हिजो पोखरा तालमा डुंगा सयर गर्न र हिमाल हेर्न मात्रै जान्थे भने अब प्याराग्लाइडिङले त्यहाँको आकाश व्यस्त देखिन्छ । अचेल शुक्रबार

**पोखरामा निकै पहिले नै सुरू भएको प्याराग्लाइडिङ अहिले स्याङ्जा हुँदै धरान, इलामलगायत अन्य ठाउँमा पनि सञ्चालन हुन थालेको छ । धरानमा बन्जी जम्पिङको तयारी हुँदै छ । चाँडै ग्लास ब्रिज पनि बन्दै छ ।**

पोखरा गएर आइतबार फर्किने उडान नै मँहगो हुन थालेको छ । त्यहाँका होटलहरू भरिभराउ छन् । पूर्वदेखि पश्चिम र पहाडदेखि मधेससम्मका पर्यटक त्यहाँ रमाउन पुगेका छन् । वास्तवमा पोखरा अहिले 'ह्यापेनिङ सेन्टर' भएको छ । तनावपूर्ण जीवनबाट एकाध दिन भए पनि मुक्त हुन अहिले मानिस पोखरा र यस्ता अन्य गन्तव्यमा पुग्न थालेका छन् ।

वरिपरिको हिमाल हेर्न पोखरामा अल्ट्रालाइट उडान पनि हुने गरेको छ । हेली उडान पनि छ । हाइकिङ, माउन्टेन बाइकिङ, जिपलाइनलगायत अनेक विधा सञ्चालित छन् । त्यहींबाट अन्नपूर्ण, धौलागिरि आधार शिविर, घान्द्रुक, घोरेपानी ट्रेकिङ जाने, मुक्तिनाथ, मुस्ताङ जाने सुविधा उपलब्ध छ ।

अहिले पोखरामा अन्डरवाटर डाइभिङ पनि सुरु भएको छ । यत्रा धेरै विधाका गतिविधि हुन थालेपछि विदेशीभन्दा बढी आन्तरिक पर्यटकको प्रवाह बढेको छ, जुन निकै सकारात्मक संकेत हो । आन्तरिक पर्यटनले अब भारत, चीनलगायत क्षेत्रीय पर्यटक तान्न मद्दत गर्छ ।

पोखरामा निकै पहिले नै सुरु भएको प्याराग्लाइडिङ अहिले स्याङ्जा हुँदै धरान, इलामलगायत अन्य ठाउँमा पनि सञ्चालन हुन थालेको छ । धरानमा बन्जी जम्पिङको तयारी हुँदै छ । चाँडै ग्लास ब्रिज पनि बन्दै छ ।

पर्यटनका नयाँ-नयाँ विधा जति थपिँदै गयो, एकातिर यसले विदेशी पर्यटकहरूलाई नेपाल बसाइको दिन लम्ब्याउन, बढी पैसा खर्च गर्न उत्प्रेरित गरेको छ भने अर्कोतर्फ यिनै प्रडक्टहरूले नेपाली समुदायमै पर्यटकीय गतिविधि बढाउन, अन्तर्राष्ट्रिय बजारमा हाम्रो छवि उज्यालो बनाउन मद्दत पुगेको छ ।

**नेपालको नयाँ ब्रान्ड : आरोहण विज्ञता**

नेपालमा साहसिक पर्यटन गज्जबले स्थापित

हुँदै छ । ट्रेकिङ, मान्उटेनेरिङमा हाम्रो विज्ञता छ, जुन भारत, तिब्बततिर बिक्न थालेको छ । हाम्रा मान्छे त्यहाँ गएर काम गर्न थाले, टुर सञ्चालन गर्न थाले । ती देशहरूमा रहेका हाम्रा टुर अपरेटर हरूका कारण हामीले व्यवसाय पायौं । अब चीनको मुख्य बजारतिर पनि हाम्रो विज्ञता पुग्दैछ ।

आजको दिनमा हाम्रो विज्ञता मध्यएसियामा पुगिसकेको छ । त्यो मात्रै हैन, हाम्रो विज्ञ जनशक्ति युरोपेली हिमालहरूमा पुगेको छ । छिमेकी पाकिस्तानमा हिमाल चढाउने पनि नेपालीहरू नै छन् । अस्ट्रेलिया, अमेरिकाको डिनालीदेखि अन्टार्कटिकाको माउन्ट भिनसेन्ट, रुसको माउन्ट एल्ब्रससम्म विज्ञता दिने, गाइड गर्ने नेपाली आरोहीहरू छन् । यसरी हिमाल आरोहणको क्षेत्रमा हाम्रा विज्ञता विश्वव्यापी भइसकेको छ । यसले हामीलाई ती देशहरूबाट मुद्रा भित्राउन मद्दत गर्छ । हिजोसम्म वीर गोर्खालीको देशमात्रै भनेर चिनिने नेपाल विश्वमै आरोहण र पर्वतारोहणको कौशल तथा विज्ञतामा नयाँ पहिचान बनाउन सफल हुँदै छ ।

**उडान भर्न आकाश**

पर्यटनको यस क्षेत्रको उज्याला पक्षहरूको चर्चा गरिरहँदा हामीले भोग्दै आएको अप्ठ्यारा र चुनौतीको पनि कुरा गर्नु आवश्यक छ । यति धेरै सम्भावना भएर पनि हामी किन विकासका लागि अरुका सामु हात जोड्न बाध्य छौं ? किन हामी आर्थिक विकासमा निकै तलै छुटेका छौं ? यसको जवाफ खोज्नु आवश्यक छ ।

लामो समयदेखिको राजनीतिक अस्थिरता, अपरिपक्वताका कारण हामी व्यवस्थित प्रणालीमा जान सकेनौं । अहिलेसम्म पनि हाम्रो शासकीय प्रणाली निकै कमजोर र अपरिपक्व छ । हामीकहाँ सरकार चाँडो-चाँडो परिवर्तन भइरहन्छ । पार्टीगत समीकरणको पनि उस्तै हालत छ । जनताले चुनेर पठाएका नेताहरू इमानदार देखिएनन् । उनीहरूमा दूरगामी दृष्टिकोण, दक्षता, जिम्मेवारी र बफादारी तथा इच्छाशक्तिको कमी छ । राज्य सञ्चालनमा हुनुपर्ने क्षमता, सेवा प्रवाहमा दक्षताको कमी छ । यसले गर्दा पर्यटनको मात्रै हैन, समग्र उद्योग, व्यवसायले राज्यको भरपर्दो संरक्षण नपाउँदा पूर्ण क्षमतामा प्रस्फुटित हुने मौका पाएका छैनन् ।

यति हुँदाहुँदै पनि हाम्रो काम संकटभित्रै अवसर खोज्ने हो । हाम्रो पखेटा कुँजिएको छ । यदि हामीले अन्तर्राष्ट्रिय मापदण्डअनुसार उड्न पाउने हो भने धेरै अघि बढ्न सक्छौं । पर्यटनको विकास गर्ने निजी क्षेत्रले हो, वातावरण सरकारले बनाइदिनुपर्छ । यस क्षेत्रमा काम गर्दा वातावरण, वन, अर्थ मन्त्रालयसँग पनि उत्तिकै सहकार्य हुन्छ । ती मन्त्रालयहरू पनि हामीप्रति उत्तिकै उदार हुनुपर्छ । समन्वयभन्दा बढी नियन्त्रणात्मक भावनाले अघि बढ्न सकिँदैन । दौडिने फराकिलो भूमि दिएर लगाम कसेको मात्रै राम्रो हुन्छ ।

**राज्य कहाँ छ ?**

राज्यले पूर्वाधार विकास गरिदिनुपर्‍यो । कमसेकम सुरक्षित सडक पूर्वाधार हुनुपर्‍यो । विमानस्थलहरू सुरक्षित हुनुपर्‍यो । सगरमाथासम्म ४० हजार पर्यटक पुग्छन् । भोलि एक लाख पर्यटक ल्याउनु पर्दा के गर्ने ? अहिले नै लुक्ला विमानस्थलले सिजनमा आवश्यक उडान दिनै भ्याउँदैन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लन लागि जहाज आकाशमा ४० मिनेट होल्ड गर्नु परिरहेको छ । वैकल्पिक विमानस्थल बनाउन सकेका छैनौं । निजगढ अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल हाम्रै जीवनकालमा बन्छ कि बन्दैन थाहा छैन ! हामी आफैलाई प्रश्न गरौं र समाधानमा अग्रसर होऔं कि किन यति सुस्त छ हाम्रो विकासको गति ? के के त्यस्तो कारक छन् जसले हाम्रो गोडालाई फटाफट हिँड्नबाट रोकिरहेको छ ? कहाँ अल्फेका छन् हाम्रा हातहरू ? यी सबै कारणले हामीले सुरक्षित पर्यटनको विश्वास फैलाउन सकिरहेका छैनौं ।

हामी १२ लाख पर्यटक ल्याएकोमा गर्व गर्ने हैन, ५० लाख कसरी भित्राउने ? यसमा काम गरौं । मुलुकको २५ प्रतिशत अर्थतन्त्र पर्यटन क्षेत्रले ढुक्कले धान्न पाउनुपर्छ । तर विडम्बना ! दिनको २ करोड रुपैयाँ घाटा खाएर नेपाल वायुसेवा निगम ६० वर्षदेखि ४ वटा जहाजमा अल्फेको छ । काठमाडौंदेखि दिल्ली उडान नै दैनिक १० वटाको माग छ । छिमेकी देश चीनमा करिब तीन सय वटा विमानस्थल छन् । चीनबाट पाँच/सात वटा विमान यहाँ आउँछ । ती कोही ग्वाङ्झाउ, कुनै ल्हासा त कुनै चेन्दु जान्छ । त्यहाँका उडानसँग समन्वय गरेर कसरी काम गर्न सकिएला, यसतर्फ त हामीले पहलै गरेका छैनौं !

**बाहिरबाट आयात गर्ने वस्तुहरूमा कर धेरै छ । एक सय ५० डलरको ड्रोन उडाउन १५ हजार डलर खर्चिनुपर्छ । अनेक मन्त्रालयबाट अनुमति लिन, लाइजन अफिसरलगायत अनेक प्रक्रिया पूरा गर्दागर्दै एउटा व्यवसायी थाक्नुपर्ने अवस्था छ ।**

विदेशी ऋणले लुम्बिनी विमानस्थल बनायौं, जुन तीन वर्षअघि नै सञ्चालनमा ल्याउनुपर्ने थियो । खै त जहाज ? अहिलेको पाराले त्यो ऋण कसरी तिर्छ त्यो विमानस्थलले ? यसतर्फ पनि बेलैमा नसोचे राज्य डुब्दै जान्छ । आगामी हिउँदबाट पोखरा विमानस्थल खुल्दैछ, त्यसको लागि खै मार्केटिङ भएको ?

हामीले दैनिक ५० अन्तर्राष्ट्रिय उडान भर्ने क्षमता बनाउनु जरुरी छ । अस्ट्रेलियाको यात्रु काठमाडौं ट्रान्जिटमा ल्याएर तीन रात राखेर न्युयोर्क लगेर छोड्न सक्नुपर्छ । कम्बोडियाका यात्रुलाई लुम्बिनी घुमाएर भारत र श्रीलंकासम्म लगेर छोड्ने सामर्थ्य बनाउनुपर्छ । आज ३ लाख जनसंख्या भएको सानो मुलुक कतार अन्तर्राष्ट्रिय ट्रान्जिट बनेको छ । कतार देशभन्दा कतार एयरवेज प्रख्यात छ । कतार एयरवेजले जुन किसिमले अन्तर्राष्ट्रिय ख्याति कमायो र अर्थतन्त्रमा ठूलो योगदान गर्‍यो, त्यसबाट उक्त देशकै ब्रान्डिङ हुन पुगेको छ । कतारको अर्थतन्त्र माथि उठाउन तिनै पहल प्रमुख हुन् । हामीले कमसेकम कतारबाट यति सिके पनि धेरै हुन्छ । यो एक उदाहरण मात्रै हो । यसरी गर्न सकिने ठोस पहलहरू धेरै छन् ।

मुख्य कुरा, राष्ट्रिय ध्वजाबाहक बलियो हुनुपर्‍यो, जसले संसारभरिबाट यात्रु ओसारपसार गर्न सकोस् । कुनै बेला नेपाल एयरलाइन्सको ५० प्रतिशत योगदान थियो भने हाल तीन प्रतिशतमा खुम्चिएको छ । भएको आम्दानी विदेशी एयरलाइन्सले लगेपछि देशमा डलरको अभाव हुँदैन ? अर्को, पर्यटकीय प्रडक्ट विकासका लागि अधिकभन्दा अधिक काम गर्नुपर्‍यो । सन् १९६० को दशकमा जे प्रडक्ट थियो, आज पनि त्यसैमा हल्लिरहेका छौं ! अब नयाँ-नयाँ प्रडक्ट विकास गर्न चाहिने प्राविधिक सहयोग राज्यले गर्नुपर्छ ।

बाहिरबाट आयात गर्ने वस्तुहरूमा कर धेरै छ । एक सय ५० डलरको ड्रोन उडाउन १५ हजार डलर खर्चिनुपर्छ । अनेक मन्त्रालयबाट अनुमति लिन, लाइजन अफिसरलगायत अनेक प्रक्रिया पूरा गर्दागर्दै एउटा व्यवसायी थाक्नुपर्ने अवस्था छ । प्रडक्ट विकास गर्न आइडिया, लगानी, जनशक्ति सबै चाहिन्छ । अब जोखिमपूर्ण अवस्थामा गरिँदै आएको लगानी सुरक्षाको सुनिश्चितता राज्यले गर्नुपर्छ ।

नेपाली र अन्य देशका व्यवसायीबीच सहकार्य गर्ने वातावरण हुनुपर्‍यो । नेटवर्किङलगायत विभिन्न फेयर तथा इभेन्ट आयोजना हुनुपर्‍यो । आज संसारभरि नै पर्यटन क्षेत्रमा जनशक्ति अभाव छ, जो नेपालमा पनि छ । हाम्रा विश्वविद्यालयहरूले यसतर्फ काम त गर्दैछन्, तर उत्पादित जनशक्तिको आँखा विदेशतिर छ । पर्यटन उद्योग र शैक्षिक संस्थाहरूबीचको उचित समन्वयका लागि ब्रिजकार्स सञ्चालन गर्नुपर्‍यो । जनशक्तिलाई क्षमता अभिवृद्धि तालिम दिनुपर्‍यो । अन्तर्राष्ट्रिय बजारमा पुग्न सामाजिक सञ्जाल तथा डिजिटल मार्केटिङ गर्नुपर्‍यो । पाँच वर्ष मेहनत गर्न सक्यौं भने ५० लाख पर्यटक नेपाल ल्याउन सक्छौं । त्यतिबेला हामीलाई डलरको अभाव पनि हुँदैन । रोजगारी र तरलता अभाव पनि हुँदैन । राष्ट्रिय अर्थतन्त्र यसै उँभो लाग्नेछ ।

*पाण्डे प्यासिफिक एसिया ट्राभल एसोसिएसनका सचिव हुन् ।*



। उमेशलाल श्रेष्ठ

# औषधिमा आत्मनिर्भरता : नीतिगत सुधारको खाँचो

**औषधि व्यवसायीलाई २०३५ सालमा बनेको औषधि ऐनअनुसार नै उत्पादन गर्नुपर्ने बाध्यता छ । २०३५ सालको व्यावसायिक वातावरण, बजार माग, चेतनाको स्तर र अहिलेको अवस्था निकै भिन्न छ ।**

नेपालमा औषधि उत्पादनको इतिहास त्यति लामो छैन । विश्व बजारमा उत्पादनकर्ताहरूले विशेष रोगका विशेष औषधि उत्पादन गरिसक्दा पनि नेपालमा भने सामान्य रुघाखोकीको औषधि समेत उत्पादन हुन सकेको थिएन । २०२६ सालमा जब केमी ड्रग प्रालिले पहिलोपटक औषधि उत्पादन गर्न थाल्यो तबमात्रै नेपालमा औषधि उत्पादन निजी क्षेत्रबाट हुन थालेको हो । औषधि उत्पादनमा निजी क्षेत्रको प्रवेश भएपछि नै नेपाली बजारमा औषधिको पर्याप्तता बढेको देखिन्छ ।

केवल पाँच दशकको अन्तरालमा नेपालमा औषधि उत्पादनको क्षेत्रले फड्को मारेको छ। नीतिगत उल्झनहरू हुँदाहुँदै पनि पछिल्लो ५० वर्षको अवधिमा १ सय ९ वटा औषधि उद्योग सञ्चालनमा आइसकेका छन् । निजी क्षेत्रको मात्रै २५ अर्बभन्दा बढी लगानी यो क्षेत्रमा भएको छ । हाल नेपालमा स्थापित औषधि उद्योगहरूले वार्षिक ८ हजार प्रकारका औषधि उत्पादन गर्दै आएका छन् ।

यो नेपाली बजारमा खपत हुने कुल औषधिको ५० प्रतिशत हो । बाँकी ५० प्रतिशतका लागि भने नेपाल अझै पनि भारतलगायत अन्य देशको उत्पादनमा निर्भर रहँदै आएको छ ।

२०४९ साल अघिसम्म नेपाली बजारको ७० प्रतिशत हिस्सा भारतलगायतका विदेशी कम्पनीहरूले ओगट्दै आएका थिए । जसले गर्दा भारतले निकासी बन्द वा कडाइ गरेको खण्डमा नेपाली जनताको सामान्य औषधिमा समेत पहुँच हुँदैनथ्यो । यो दुई दशकमा निजी तथा सरकारी उत्पादनकर्ताहरूको सक्रियताले हाल नेपालमै उत्पादित औषधिले बजार मागको ५० प्रतिशत हिस्सा धान्न सफल भएको हो । त्यसमा पनि नेपाली बजारमा प्रख्यात प्रमुख १० ब्रान्डका औषधिमा सातवटा नेपाली नै रहेका छन् भने जम्मा तीनवटा भारतीय कम्पनीका औषधि छन् । यसले भोलिका दिनमा यदि भारतले औषधि निकासीमा कडाइ गरेको खण्डमा नेपालमै पर्याप्त उत्पादन किन नगर्ने भन्ने प्रश्न उब्जाएको छ ।

अहिले विविध कारण देखाउँदै भारत सरकारले विभिन्न खाद्य वस्तुमा प्रतिबन्ध तथा निर्यातमा कडाइ गरिरहेको छ । २०७२ सालमा भारतले लगाएको नाकाबन्दीको अवस्था फेरि निम्तिँदैन भन्न सकिन्न । यस्तो अवस्थामा नेपालमा पर्याप्त औषधिको उत्पादन गर्न सके नेपाली बजारमा वार्षिक खपत हुने ३ करोड रकम बाहिर पठाउनुपर्दैन । यसले तत्काल देखिएको विदेशी डलर (विदेशीमुद्राको सञ्चिती) मा पनि सहयोग पुऱ्याउँथ्यो । तर विडम्बना, औषधि उत्पादनकर्तालाई व्यावसायिक नजरबाट मात्र हेर्ने सरकारले झण्डै ४० वर्षदेखि एउटै नियममा बाँधिरहेको छ ! यसको परिणाम, नेपालमा अझै १ सय २२ प्रकारका औषधि उत्पादन हुन सकेको छैन । अझै ५० प्रतिशत बजार हिस्सा भारतलगायतका अन्य विदेशी कम्पनीहरूले नै ओगट्दै आएका छन् ।

भर्खरै नेपालमा पनि एन्टिक्यान्सर औषधिको उत्पादनको काम सुरु गरिएको छ । यसले नेपाली उत्पादनकर्तालाई थप बाटो देखाउला नै ।

औषधि व्यवसायीलाई २०३५ सालमा बनेको औषधि ऐनअनुसार नै उत्पादन गर्नुपर्ने बाध्यता छ । २०३५ सालको व्यावसायिक वातावरण, बजार माग, चेतनाको स्तर र अहिलेको अवस्था निकै भिन्न छ । तर नीतिगत परिवर्तन अझै हुन सकेको छैन । २०५२ सालमा सरकारले 'राष्ट्रिय औषधि नीति २०५२' तयार गरेको थियो । १० वर्षभित्र नेपाली बजारको ८० प्रतिशत हिस्सा स्वदेशी उत्पादनले धान्न सक्ने बनाउने त्यसबखतको रणनीति थियो । त्यसका लागि सरकारले औषधि उद्योगलाई विशेष प्राथमिकताका साथ अगाडि बढाउने योजना थियो । तर २३ बर्ष बितिसक्यो, न सरकारले नीति निर्माण गऱ्यो न कार्यान्वयन नै भयो ! यस्ता क्रियाकलापले बेलाबेलामा उद्योगीहरूमा निराशा पलाउनुका साथै यो क्षेत्रबाटै पलायनको अवस्था सिर्जना गरेको छ ।

औषधि ऐन २०३५ को धारा २६ मा नेपालले चाहेमा औषधिको मूल्य निर्धारण गर्न सक्ने व्यवस्था छ । 'विभागले आवश्यक देखेमा नेपाल सरकारको स्वीकृति लिई कुनै औषधिको मूल्य निर्धारण गर्न सक्नेछ । यसरी विभागले कुनै औषधिको मूल्य निर्धारण गरेको रहेछ भने त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ र विभागले आवश्यक देखेमा नेपाल सरकारको स्वीकृति लिई कुनै औषधिको मूल्य निर्धारण गर्न सक्नेछ', ऐनमा उल्लेख छ ।

२०३५ सालमा बनेको यो ऐन त्यसताका सान्दर्भिक नै थियो । किनभने, त्यस समय नेपालमा औषधि उत्पादन हुँदैनथ्यो र बाहिरबाट आउने उत्पादनमा व्यवसायीले मनोमानी मूल्य तोक्न सक्ने सम्भावना थियो । सो समस्यालाई केही हदसम्म व्यवस्थापन गर्नका लागि धारा २६ सान्दर्भिक भए पनि ४४ वर्षपछि त्यही नीति सान्दर्भिक हुन्छ भनेर कसरी मान्न सकिन्छ ? जबकि संविधान २०७२ ले नै नेपाल खुला अर्थतन्त्र (फ्रि मार्केट इकोनिमी ) को परिकल्पना गर्दै सो अनुसारको व्यवस्था गरिसकेको छ । जहाँ उत्पादनकर्ताले स्वतन्त्र रुपमा आफ्नो उत्पादनको मूल्य तोक्न सक्छन् । तर यहाँ सरकारले उत्पादनकर्तालाई बदमास, कालोबजारी र ठगको रुपमा व्यवहार गर्छ ! व्यवसायीले उपभोक्तालाई ठग्छन् भन्ने मान्यताबाट बाहिर निस्केर उद्योगधन्दाका कारण नेपाली अर्थतन्त्रमा पर्न गएको सकारात्मक प्रभावलाई हेर्न सकेको देखिँदैन ।

राजनीतिज्ञले 'फ्रि मार्केट इकोनोमी'लाई बुझेनन् । 'फ्रि मार्केट इकोनीमी' तीन खम्बे





अर्थनीति भनेर संविधानले नै व्यवस्था गरेको छ । तर संविधान कार्यान्यवन गर्नेले नै यसको महत्व बुझेका छैनन् ।

६ करोड मूल्यको बजारमा तीन करोड रुपैयाँ विदेशिनबाट रोक्दै आएका छौं । यसले देशको अर्थतन्त्रलाई सहयोग पुऱ्याउनुका साथै, दुई दशकदेखिको शोधनान्तर स्थितिलाई पनि घटाउन सहयोग पुऱ्याएको छ ।

नेपालमा सरकार परिवर्तन भएसँगै व्यवसायीहरूमा नयाँ आश्वासन बाँडिन्छ । हरेक पटक नयाँ सरकार बन्नासाथ नीति परिमार्जन गर्नुपर्छ भन्ने हाम्रो आवाज आश्वासनमै सीमित बन्दै आएको छ । गगन थापा २०७२ सालमा स्वास्थ्य मन्त्री हुँदा स्वदेशी औषधि उत्पादनलाई प्रवर्द्धन गर्न औषधि व्यवस्था विभागका महानिर्देशकको संयोजकत्वमा स्वास्थ्य, अर्थ र वाणिज्य मन्त्रालयका प्रतिनिधिसहित ७ जनाको सुझाव समिति गठन भएको थियो । उक्त समितिले ५ महिना अध्ययन गरेर २१ बुँदे सुझाव पेश गरेको थियो । जसमा नेपालमा सजिलै उत्पादन हुने र माग पूरा गर्न सक्ने ३० प्रकारका औषधि आयातलाई प्रतिबन्ध गर्दै कच्चा पदार्थ मात्र आयात गर्न पाउने सुझाव थियो । तर त्यो अझै पनि कार्यान्वयनमा आउन सकेन !

२०७६ सालमा केपी शर्मा ओली प्रधानमन्त्री हुँदा नेपाल मासु र दुधमा आत्मनिर्भर भएको घोषणा गर्दै ती वस्तुमा आयात प्रतिबन्ध लगाइयो । मासु, सिमेन्टलगायतका उत्पादनलाई बढावा दिन सरकारले आयात निरुत्साहनतर्फ कदम चालिरहँदा औषधि व्यवसायीले आफै नेपाललाई पुग्ने औषधि उत्पादन गर्छौं भन्दा विश्वास गरिएन ! औषधि हामी आफै बनाउन सक्षम छौं, नीतिगत उल्झनहरू सुल्झाउ भन्ने मागसमेत पूरा गरिएन । औषधि व्यवसाय मात्र नभएर जीवनको अपरिहार्य कुरा हो भनेर सरकारले कहिले बुझ्ने ?

हरेक वर्ष सिटामोललगायतका औषधिको मूल्य बढाउनुपर्ने आवाज उठाउँदै आएका छौं । विगत चार वर्षदेखि कुनै पनि औषधिको मूल्य बढेको छैन । विश्व बजारमा २५ प्रतिशतसम्मले औषधिको कच्चापदार्थमा मूल्य वृद्धि भइरहँदा नेपालमा मूल्य समायोजन हुन नसक्नु दुःखद

**नेपालमा पनि उद्योगीहरूले विश्व स्वास्थ्य संगठनको स्वास्थ्य मापदण्ड अनुसार आफ्नै ल्याबहरू सञ्चालनमा ल्याइरहेका छन् । सरकारले नीतिगत सुधार गरिदिए मात्रै पनि ६ करोडको नेपाली बजारमा ८० प्रतिशत हिस्सा स्वदेशी उत्पादनले नै धान्न सक्छ ।**

हो । व्यवसायीको आवाजलाई औषधि महंग्याउन खोजेको भन्दै मिडियाबाजी गरी जनताको सहानुभूति बटुल्न पल्केका राजनीतिक दलहरूले व्यावसायिक वतावरण तयार पार्नुका साथै अन्य देशमा जस्तो उत्पादनमा सहुलियत दिन भने कन्जुस्याइँ गर्दै आएका छन् ।

२०६४ सालमा अन्तर्राष्ट्रिय बजारमा प्यारासिटामोल १.१ डलर प्रतिकिलोको दरमा पाइन्थ्यो । त्यतिबेला १ अमेरिकी डलरबराबर ७० रुपैयाँ थियो । अहिले यसको मूल्य अन्तर्राष्ट्रिय बजारमा २५.२५ अमेरिकी डलर छ । आजको दिनमा नेपाली मूल्य एक डलरको १ सय २८ रुपैयाँ छ । कोभिड संक्रमण कम भएसँगै अहिले नेपाल आउने औषधिको कच्चा पदार्थ तीन गुणा महँगो भएको छ । २५ सय डलरमा आउनुपर्ने कच्चा पदार्थलाई १० हजार डलर तिर्नुपरिरहेको छ । एउटा प्यारासिटामोलमा मात्रै हामीले १५ पैसा घाटा खाएर बर्सेनि १० करोडको संख्यामा उत्पादन गरिरहेका छौं ।

समयसँगै मूल्य पनि समायोजन गर्नुपर्छ भन्ने चेत नै सरकारमा छैन । सरकारलाई हामी आफै यी औषधिमा आत्मनिर्भर छौं, आयात बन्द गर्देऊ भन्दा पनि मान्दैन ! मूल्य समायोजन नगर्ने हो भने सरकारले उत्पादनमा थप सहुलियत दिनुपर्ने हो । अहिले औषधि उद्योगलाई आय करमा ५ प्रतिशत छुट मात्रै सरकारले दिएको छ, तर यो पर्याप्त छैन । अर्थतन्त्रको आधारमा हाम्रै जस्तै मुलुक बंगलादेशले औषधि उत्पादनमा गौरवपूर्ण सफलता हासिल गरेको छ । सन् १९८२ सालमा त्यहाँ कफ सिरफ, भिटामिन जस्ता सामान्य औषधि मात्र उत्पादन हुन्थ्यो । तर आजको दिनमा बंगलादेशले ८० देशमा औषधि निर्यात गर्छ भने केही विशेष प्रकृतिका औषधिबाहेक ९७ प्रतिशत औषधि आफै उत्पादन गर्छ ।

कुनै पनि बंगाली उत्पादकले उत्पादन गरिरहेको औषधि अन्य देशबाट आयात गर्न नपाउने र कच्चा पदार्थ मात्रै आयात गर्न पाउने नीति लागु भएसँगै बंगलादेशमा स्व-उत्पादन बढेर गएको देखिन्छ । सन् २०१३ सम्म पनि बंगलादेशमा उत्पादन हुने ८० प्रतिशत औषधिको कच्चा पदार्थ भारत र चीनबाट लगिन्थ्यो । सन् २०१३ मा औषधिको कच्चा पदार्थ उत्पादनका लागि गजरिया, मुन्सीगञ्जलगायतका स्थानमा औद्योगिक क्षेत्र बनाएर ती उद्योगलाई विशेष सहुलियत प्रदान गर्ने कार्य बंगलादेशले गऱ्यो । यही कदम नै औषधि क्षेत्रको परिवर्तनको जग बन्न सफल बन्यो ।

नेपालमा पनि उद्योगीहरूले विश्व स्वास्थ्य संगठनको स्वास्थ्य मापदण्ड अनुसार आफ्नै ल्याबहरू सञ्चालनमा ल्याइरहेका छन् । सरकारले नीतिगत सुधार गरिदिए मात्रै पनि ६ करोडको नेपाली बजारमा ८० प्रतिशत हिस्सा स्वदेशी उत्पादनले नै धान्न सक्छ । नेपालमा १ सय ९ वटा औषधि उद्योग, ४ सय औषधि कम्पनी, २० हजार वटा औषधि पसल र २ हजार वितरक छन् । सरकारले नीतिगत सुधार गर्दै व्यावसायिक वातावरण सिर्जना गर्ने हो भने औषधि उत्पादन ८० प्रतिशतले बढाउन निजी क्षेत्र सक्षम छ । आन्तरिक रुपमा औषधिको कच्चा पदार्थसमेत उत्पादन गर्न सकेको खण्डमा नेपालले यसको आयातमा गरेको खर्च बचत हुन जान्छ । सरकारले यसतर्फ पनि ध्यान दिनु आवश्यक छ ।

*श्रेष्ठ औषधि उत्पादक संघका पूर्वअध्यक्ष हुन् ।*



Enjoy exclusive discounts through Siddhartha Uno Credit Card*
Relationship Forever
Avail up to 40% Discount at 450+ Uno Partner Merchant Outlets.
*T&C apply.
Uno CARDS
Apply for your own Siddhartha Uno Credit Card Now!
SiddharthaBank
01-5970020
www.siddharthabank.com
customercare@sbl.com.np




विश्व थापा

# सरकारको अस्पष्ट नीतिले स्यानिटरी प्याड उद्योग मर्कामा

**सरकारले जब सामुदायिक विद्यालयहरूका किशोरीलाई स्यानिटरी प्याड निःशुल्क वितरण गर्ने योजना अघि सार्‍यो, त्यसपछि भने यसले व्यापक रूपमा चर्चा पाएको हो । त्यसपछि नेपालमा स्यानिटरी प्याडको प्रयोग र प्रचार/प्रसारले व्यापकता पायो ।**

नेपालको सन्दर्भमा स्यानिटरी प्याड नयाँ उपभोग्य वस्तु हो । नेपालमा यसको प्रयोगको इतिहास धेरै लामो छैन । तर पछिल्लो समय स्यानिटरी प्याड अत्यन्तै उपयोगी वस्तुको रुपमा तीव्रताका साथ उपयोगमा आएको छ । २०४६ सालअघिको अवस्था हेर्ने हो भने स्यानिटरी प्याड सीमित तथा सहर केन्द्रित हुनुका साथै न्यून मात्रामा प्रयोगमा रहेको थियो । सरकारले जब सामुदायिक विद्यालयहरूका किशोरीलाई स्यानिटरी प्याड निःशुल्क वितरण गर्ने योजना अघि सार्‍यो, त्यसपछि भने यसले व्यापक रुपमा चर्चा पाएको हो । त्यसपछि नेपालमा स्यानिटरी प्याडको प्रयोग र प्रचार/प्रसारले व्यापकता पायो । नेपालमा हाल यसको बजार प्रतिवर्ष १७/१८ प्रतिशतले बृद्धि हुँदै गएको छ । पाँच वर्षअघि र अहिलेको यसको अवस्थाको तुलना गर्ने हो भने ठूलो अन्तर देखिन्छ । स्यानिटरी प्याड प्रयोगबारे सीमित क्षेत्र र व्यक्तिले मात्र जानकारी पाउने तथा नेपाली महिलाले

बजारमा गएर खुलेर प्याड किन्न सक्ने अवस्था थिएन । महिला तथा किशोरीहरू पुरुष भएको पसलमा गएर प्याड किन्न हिचकिचाउँथे । समाजमा रहेको त्यो लाजको भावलाई परिवर्तन गर्न अझै धेरै समय लाग्नेछ । यति हुँदाहुँदै पनि अहिले स्यानिटरी प्याडलगायतका विषयमा समाज क्रमिक रुपमा सजग र खुल्ला हुँदै गएको छ । यसको उपादेयतालाई समाजले बुझ्ने र अधिकांश मान्छेको चेतनामा परिसकेको विषय भएको छ ।

हालको तथ्यांक हेर्दा विद्यार्थी किशोरीहरू प्रायः सबैले यसको प्रयोग गर्ने गर्दछन् । युनिसेफले केही समयअघि निकालेको तथ्यांकले ३.५ मिलियन (करिब ३५ लाख) विद्यार्थी (किशोरी) ले स्यानिटरी प्याड प्रयोग गर्ने गरेको देखाउँछ । यसलाई २०७५ पछाडि विकास भएको एउटा राम्रो र नयाँ चलनको रुपमा लिन सकिन्छ । विद्यार्थीले जब यसको प्रयोग गर्न थाले तब उनीहरूका अभिभावक, दिदी/बैनी, आमा र भाउजुलगायत सबैले यसबारे बिस्तारै जानकारी लिने तथा प्रयोग बढाउने गर्न थालेका छन् । अहिले स्यानिटरी प्याडबारे सुगमदेखि दुर्गमसम्म जनचेतना फैलिँदै गएको अवस्था छ ।

चालु आर्थिक वर्षको बजेटमार्फत् सरकारले स्यानिटरी प्याड र बेबी डाइपरजस्ता अति आवश्यक वस्तुको उत्पादन गर्ने उद्योगलाई राहत नदिँदा लगानीकर्ताहरू समस्यामा परेका छन् । नेपाली बजारमा अत्यधिक माग रहेको स्यानिटरी प्याड र बेबी डाइपरजस्ता वस्तुको तयारी तथा कच्चा पर्दाथको भन्सार शुल्क उच्च हुँदा उद्योगीहरू समस्यामा परेका छन् । स्यानिटरी प्याड र यी वस्तुको तयारी तथा कच्चा पदार्थको भन्सार उच्च हुँदा भोलिका दिनमा उद्योगहरू नै बन्द गर्नुपर्ने अवस्था आउन सक्ने हुन सक्छ । बजेट कार्यान्वयन हुनुअघि स्यानिटरी प्याड र बेबी डाइपरको तयारी वस्तुको भन्सार महसुल १५ प्रतिशत र कच्चा पदार्थको १५-३५ प्रतिशत रहेको थियो । साउन १ गतेबाट लागु भएको नयाँ बजेटमा यस क्षेत्रमा लागेका उद्योगीहरूको गुनासो सुनेर त्यसको समाधानका लागि काम गर्न अर्थ मन्त्रालयको निरन्तर ध्यानाकर्षण गराउँदै आएका छौं । तर सरकारी पक्षबाट यो कुराको सुधार वा सुनुवाइ भएको देखिएको छैन । स्यानिटरी प्याड र बेबी डाइपरको तयारी वस्तु तथा कच्चा पदार्थको उच्च भन्सार दर हुँदा नेपाली उद्योगहरूले भारतलगायत विभिन्न मुलुकबाट आयात गरिने वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन । यसले गर्दा उद्योगहरूमा

**नेपालमा दर्ता भएर सञ्चालनमा रहेका प्याड उद्योगहरू जम्मा ६८ वटा रहेको नेपाल साना तथा घरेलु उद्योग विभागको तथ्यांक छ । त्यसमा साना मझौला सबै उद्योग पर्दछन् । यसबाहेक नेपालमा रियुज (पुन:प्रयोग) हुने प्याडहरू पनि उलपब्ध छन् ।**





समस्या देखिएको अवस्था छ ।

नेपालमा दर्ता भएर सञ्चालनमा रहेका प्याड उद्योगहरू जम्मा ६८ वटा रहेको नेपाल साना तथा घरेलु उद्योग विभागको तथ्यांक छ । त्यसमा साना मझौला सबै उद्योग पर्दछन् । यसबाहेक नेपालमा रियुज (पुनःप्रयोग) हुने प्याडहरू पनि उलपब्ध छन् । जनचेतना फैलाउनको लागि पनि विभिन्न संघ-संस्थाले पुनः प्रयोग हुने प्याड बनाएर वितरण गर्ने गरेको पाइन्छ । नेपालमा दर्ता भएकामध्ये पाँच वटा प्याड उद्योगलाई ठूला प्याड उद्योगको रुपमा लिन सकिन्छ । आरआर हेल्थ, जोसमिन हाइजिन, सगुन प्याड उद्योग तथा जयमातादि उद्योगलगायतले स्यानिटरी प्याडजन्य वस्तुको ठूलो मात्रामा उत्पादन गरिरहेका छन् । अहिले अर्को एउटा ठूलो प्याड उद्योग सञ्चालनमा ल्याउन आवश्यक तयारी भैरहेको छ ।

यी ठूला पाँच वटा उद्योगमा पाँच अर्बभन्दा बढीको लगानी रहेको छ । ठूला उद्योगले करोडौं लगानी गरेर उद्योग सञ्चालन गरेका छन् भने साना उद्योगले पनि पाँच लाख रुपैयाँभन्दा धेरै लगानी गरेर कम्पनी सञ्चालन गरिरहेका छन् ।

नेपालमा प्याड उद्योगहरूमा प्रत्यक्ष १५०० सयभन्दा धेरैले रोजगारी पाएका छन । ठूला उद्योगले २०० जनाको हाराहारीमा दैनिक रोजगारी दिइरहेका छन् । साना उद्योगले समेत आफ्नो क्षमताअनुसारको रोजगारी दिइरहेका छन् । प्याड उद्योगमा सबैभन्दा धेरै महिलाले रोजगारी पाएका छन् । यसबाट महिलाहरूलाई आत्मनिर्भर हुन पनि मद्दत मिलेको छ । प्याड उद्योगको विशेषगरी टेक्निकल क्षेत्रमा पुरुषहरूले पनि रोजगारी पाएका छन् । तर समग्र प्याड उद्योगलाई हेर्ने हो भने महिलाको सहभागिता ठूलो संख्यामा रहेको छ । कतिपय ठाउँमा महिलाले महिनावारी हुँदा घरकै कपडाकै भए पनि प्याड सिलाउन सिकेपछि सजिलो भएको छ । अहिले विभिन्न ठाउँमा प्याड बनाउन सिकाउने र सिक्नेजस्ता कार्यमा पनि महिलाहरू सक्रिय भएर लागेका छन् । यसले गर्दा बेरोजगार भएर बसेका महिलालाई पनि यस उद्योग तथा व्यवसायले केही हदसम्म रोजगारी उपलब्ध गराएको छ ।

नेपालमा हाल स्यानिटरी प्याडको बजार माग करिब १६ करोड थान र बेबी डाइपर १३ करोड थान रहेको छ । नेपालमा स्वदेशी उद्योगहरूको क्षमता स्यानिटरी प्याडमा ४१ करोड थान छ भने बेबी डाइपर २५ करोड थान रहेको छ । उद्योगीहरूका अनुसार सरकारी बेवास्ताकै कारण नेपाली बजारको मागको ९० प्रतिशत आपूर्ति आयातीत तयारी स्यानिटरी प्याड तथा बेबी डाइपरबाट भइरहेको छ । १० प्रतिशत बजार हिस्सा ओगटेको नेपाली उद्योगले त्यति नै क्षमता प्रयोग गर्न सकेका छन् । पछिल्लो समयको अवस्था हेर्दा नेपालमा स्यानिटरी प्याडको माग क्रमिक रुपमा बढिरहेको छ । नेपालमा उत्पादित स्यानिटरी प्याड भारतको बिहारसम्म ठूलो मात्रामा निकासी गर्न सकिने अवस्था छ ।

**आन्तरिक तथा बाह्य उत्पादनको खपत**

**नेपालमा हाल स्यानिटरी प्याडको बजार माग करिब १६ करोड थान र बेबी डाइपर १३ करोड थान रहेको छ । नेपालमा स्वदेशी उद्योगहरूको क्षमता स्यानिटरी प्याडमा ४१ करोड थान छ भने बेबी डाइपर २५ करोड थान रहेको छ ।**

नेपालमा उत्पादन भएको स्यानिटरी प्याडले आन्तरिक खपतको ३८ देखि ४० प्रतिशत माग मात्र पूर्ति गर्ने गरेको छ । बाँकी ६० प्रतिशत माग धान्न विदेशी उत्पादनमा भर पर्नु परिरहेको छ । सरकारका विभिन्न नीतिका कारण बाहिरबाट आयात भएको वस्तुसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न सकिरहेको छन । सन् १९५७ मा भारतमा स्यानिटरी प्याड सम्बन्धी नीति बनेको थियो । हामी अहिलेसम्म पनि त्यही नीतिको पर्खाइमा रहेका छौं । नेपालमा त अहिलेसम्म पनि स्यानिटरी प्याडजन्य वस्तुलाई अति आवश्यक वस्तुको रुपमा हेर्ने गरेको पाइन्न । सरकार र नीति निर्माण तहमा बस्ने कसैले पनि यसलाई अत्यावश्यक वस्तुको रुपमा स्वीकार गर्न सकेका छैनन् । सबैलाई थाहा छ, यो अत्यावश्यक वस्तु हो, यति कुरा बुझ्ने हो भने बारम्बार परिवर्तन नहुने गरी स्थिर नीति बन्न सक्थ्यो । अहिले प्याडजन्य वस्तुलाई 'कस्मेटिक' को रुपमा राखिएको छ। कस्मेटिक भन्नेबित्तिकै यसको भन्सार दरमा असर पर्ने भइहाल्यो । जसको कारण बाहिरबाट आयात हुने त्यस्ता वस्तुसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न सकेका छैनन् ।

चालु आर्थिक वर्षको बजेटले स्यानिटरी प्याडजन्य वस्तुमा अन्तःशुल्क लगाएको छ । बाहिरबाट आउने वस्तु ९० प्रतिशत तिर्नेबित्तिकै भन्सार जाँच पास भएर आउँछ । आन्तरिक उत्पादनलाई चाहिने कच्चा पदार्थमा भन्सार शुल्क र अन्तःशुल्कले गर्दा स्वदेशी उत्पादनको लागत बढ्न गएको छ । प्याडलगायतका वस्तु उत्पादन गर्न ६/७ लेयर बनाउनुपर्छ । ब्याकसिट, सापसिट, सिलिकन प्रयोग गरिन्छ र यसमा कुनै पनि तरल पदार्थ लागेपछि जेलमा कन्भर्ट (परिवर्तन) हुन्छ । त्यसकारण ६ थरिका वस्तुको प्रयोगबाट प्याड निर्माण गर्नुपर्ने हुन्छ । यी सबै वस्तुमा अन्तःशुल्क लाग्ने हुँदा यसको मूल्य स्वाभाविक रुपमा नै बढ्न जान्छ । यसैगरी, प्याकेजिङको लागि कार्टुनदेखि हरेक कुरा बाहिरबाट नै निर्यात गर्नुपर्ने अवस्था छ । यसका लागि अन्य संस्थाहरूसँग सहयोग लिनुपर्ने हुन्छ, जसका कारण मूल्य बढी पर्न जान्छ । यसले गर्दा हाम्रो उत्पादन संकटमा पर्ने अवस्था उत्पन्न हुँदै गएको छ ।

कच्चा पदार्थमा अहिले पूर्णरुपमा नै विदेशमा निर्भर छौं । उत्पादनका लागि ल्याइने कच्चा पदार्थको मूल्य बढेको छ । त्यसले गर्दा बजार मूल्य केही बढेको छ भने आयात भएर आउने सामानहरू पनि स्वतः मूल्य बढेर आउने नै भयो । अर्कोतिर कोरोना महामारी र रसिया-युक्रेन युद्धजस्ता घटनाले कच्चा पदार्थको अभावको अवस्था समेत सृजना भएको छ ।

**बजारीकरण र निर्यातको अवस्था**

स्यानिटरी प्याड उद्योग क्षेत्रमा आयातीत वस्तुको हिस्सा अहिले पनि ६२ प्रतिशतभन्दा धेरै रहेको छ । बाहिरबाट ल्याउने प्याडजन्य वस्तुको उपभोग ६२ प्रतिशतभन्दा धेरै छ भने नेपालमा उत्पादन हुने वस्तुको उपभोग ४० प्रतिशतको हाराहारीमा रहेको छ । आयात-निर्यातको अवस्था हेर्ने हो भने हाम्रोबाट निर्यात एकदमै कम हुन्छ भने आयात ठूलो मात्रामा हुने गरेको छ । हाम्रो उत्पादन भारतको बिहारका केही क्षेत्रका उपभोक्ताले उपभोग गरिहेका छन् । हाम्रो समस्या भनेकै बाहिरबाट आउने वस्तुको मूल्यसँग प्रतिस्पर्धा गर्न नसक्नु हो । आयातीत वस्तु सस्तो मूल्यमा उपलब्धछ। त्यो मूल्यमा हामीले बाहिर सामान पठाउन सक्दैनौं। स्याम्पलको रुपमा हाम्रो उत्पादन बाहिर विभिन्न देशमा पुगेको भए पनि निर्यात भने भारतको बिहारबाहेक अन्य देशमा हुन सकेको छैन । स्याम्पलको रुपमा हाम्रो उत्पादन साउथ अफ्रिका र रसियामा केही मात्रामा गएको छ। तर ठूलो मात्रामा हामीले निर्यात गर्न नसक्नु हाम्रो विवशता हो ।

**नेपालमा अहिले जति पनि कम्पनीहरू सञ्चालमा छन्, तिनको उत्पादन क्षमता निकै राम्रो छ । तर राज्यको व्यवस्था र केही नीतिका कारण क्षमताअनुसार कम्पनीहरूले उत्पादन गर्न सकिरहेका छैनन् । पूर्णकालीन हाम्रा उद्योग रूपले चल्ने हो भने आन्तरिक माग धान्न कुनै गाह्रो छैन । सबै उद्योग सक्षम छन् ।**

**उद्योगको उत्पादन क्षमता**

नेपालमा अहिले जति पनि कम्पनीहरू सञ्चालमा छन्, तिनको उत्पादन क्षमता निकै राम्रो छ। तर राज्यको व्यवस्था र केही नीतिका कारण क्षमताअनुसार कम्पनीहरूले उत्पादन गर्न सकिरहेका छैनन् । पूर्णकालीन हाम्रा उद्योग रुपले चल्ने हो भने आन्तरिक माग धान्न कुनै गाह्रो छैन । सबै उद्योग सक्षम छन् । त्यसलाई सरकारको स्थिर नीतिको खाँचो छ । पूर्णरुपमा उद्योग चल्न नसक्नुको कारण नै सरकारको अस्थिर नीति हो । जहिलेसम्म सरकारले अति आवश्यक वस्तुको रुपमा स्यानिटरी प्याडलाई स्वीकार गर्दैन तबसम्म यसको क्षमताको विकास गर्ने कल्पना पनि गर्न सकिन्न ।

उद्योगहरूको सुधार गर्न पहिलो कुरा सरकारले यसलाई अत्यावश्यक वस्तुको सूचीमा राख्नुपर्‍यो । अरु देशमा बनेर यस्ता वस्तु उत्पादनमा जुन सहज नीति अँगालिएको छ, त्यस्तै नीति हाम्रो सरकारले पनि अपनाउनुपर्‍यो। अहिलेको नीति परिमार्जन हुनुपर्‍यो । स्थिर नीति हुनासाथ काम गर्न सबै व्यवसायीलाई सहज पनि हुन्छ । र, उद्योगहरू पूर्णकालीन तथा पूर्ण क्षममतामा चल्न थाल्ने छन् ।

अनौठो कुरा त के छ भने, विदेशबाट आयात गरिने यस्ता वस्तु यहाँ ल्याएर ब्यापारीले मनपरी मूल्य निर्धारण गरेर बेच्ने गरेको पाइन्छ। बाहिरबाट आयात गरेको सामानको गुणस्तर नियमित चेकजाँच गर्ने व्यवस्था छैन । त्यस्ता वस्तुको प्रयोगले भोलिका दिनमा समस्या निम्त्याउने खतरा हुन्छ । यसमा सरकारले निगरानी गर्न सक्नुपर्छ । नेपाल सरकारले सामुदायिक विद्यालयमा जुन समयदेखि अनुदान दिन थाल्यो त्यो बेलाबाट यो व्यवसायमा धेरै लगानी भएको छ । र, बढीभन्दा बढी महिलाले यस्ता उद्योगमा रोजगारी पाएका छन् ।

**लगानीको आवश्यकता**

आन्तरिक खपत बढ्दै गएको र बजारको अवस्थासमेत राम्रो भएकोले यस उद्योग क्षेत्रमा क्रमिक रुपमा लगानी बढ्दो छ । स्वदेशी प्याड उद्योगमा लगानी बढेसँगै महिलाहरूको चासो पनि निकै बढेको छ । अनिवार्य रुपमा चाहिने अत्यावश्यक वस्तु भएका कारण पनि यस उद्योगमा लागनीलाई प्रोत्साहन गर्न सके महिलाको रोजगारीमा वृद्धि हुनेछ । जब महिला रोजगार हुनेछन्, तब समुन्नत नेपाल निर्माणमा मद्दत पुग्नेछ र मुलुकको समग्र आर्थिक अवस्थामा समेत सुधार आउने छ । तसर्थ, यो उद्योगलाई सरकारले विशेष प्राथमिकता दिएर अघि बढाउन विलम्ब गर्नु हुँदैन । अहिले स्वदेशी प्याड उद्योगमा लगानी गर्न धेरै व्यवसायी इच्छुक छन् । प्रतिवर्ष यसको माग र बजार पनि बढिरहेको छ ।

पछिल्लो समय देशमा जलविद्युत् उत्पादन वृद्धि हुँदै गएको छ। देशमा उत्पादित बिजुली खपत गर्न पनि प्याड उद्योगहरू सहयोगी हुने छन् । यस्ता उद्योगमा लगानी बढ्यो भने स्वरोजगारको संख्या बढ्छ । बर्सेनि हजारौं युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न सकिन्छ । त्यसैगरी, नेपाली उत्पादनले हाम्रो आर्थिक अवस्थालाई सुधार्नसमेत मद्दत गर्नेछ । तसर्थ, सरकारले यस उद्योगको विकास र प्रवर्द्धनका लागि उपयुक्त नीतिमार्फत् प्रोत्साहनका कार्यक्रमहरू ल्याउनु आवश्यक छ ।



। राजुरमण पौडेल

# चलायमान अर्थतन्त्रका लागि बीमा

**बीमा समितिले बीमा कम्पनीहरूलाई लगानीको उपयुक्त बाटो (कन्सोर्टियम) तयार गर्न निर्देशन समेत दिएको छ । त्यस्तो गरेमा कम्पनीहरूले स्वास्थ, शिक्षा, उत्पादनमूलकलगायतका क्षेत्रमा पैसा लगानी गर्न पाउँछन् ।**

बीमा क्षेत्रले देशका गाउँगाउँमा छरिएर रहेको पुँजीलाई एक ठाउँमा ल्याउने काम गरिरहेको छ । गाउँगाउँमा विभिन्न आयस्रोतबाट आर्जन हुने रकमलाई बीमाले एउटै डालोमा जम्मा पार्न सघाउँदै आएको छ । त्यसरी एउटै डालोमा आएको पैसा भनेको कम्पनीहरूद्वारा बीमाशुल्कवापत् संकलन भएको रकम हो । त्यस्तो अधिकांश रकम कम्पनीहरूले बैंकको मुद्दती निक्षेपमा राखिरहेको अवस्था छ ।

कम्पनीहरूलाई बीमा समितिले लगानी विविधीकरण गरेर विभिन्न क्षेत्रमा लगानी गर्न निर्देशन दिएको छ । अहिले बीमा कम्पनीहरूले ८० प्रतिशत रकम मुद्दती निक्षेपमा नै राख्ने गरेका छन् । अझै केलाएर हेर्ने हो भने ८० प्रतिशत भन्दा धेरै लगानी मुद्दती निक्षेपमै छ ।

बीमा समितिले बीमा कम्पनीहरूलाई लगानीको उपयुक्त बाटो (कन्सोर्टियम) तयार गर्न निर्देशन समेत दिएको छ । त्यस्तो गरेमा कम्पनीहरूले स्वास्थ, शिक्षा, उत्पादनमूलकलगायतका क्षेत्रमा पैसा लगानी गर्न पाउँछन् । अहिले सरकारले पनि उत्पादनमूलक क्षेत्रको





विकासका लागि केही काम गरेको छ। यसपालिको बजेटमा उत्पादनमूलक क्षेत्रमा बीमाले जोड दिने भन्ने सन्दर्भ आएको छ।

बीमा कम्पनीहरूले कुनै पनि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न चाहेमा त्यसलाई बीमा समितिले स्वीकृति प्रदान गर्छ। बीमा कम्पनीहरूले गर्ने लगानीको विषयलाई थप स्पष्ट पार्न गृहकार्य भैरहेको र केही समयभित्रै लगानी सम्बन्धी निर्देशन गर्ने तयारीसमेत भएको छ।

बैंकले राष्ट्रलाई योगदान गरेको छ भन्ने कुरा सधैं भनिन्छ, तर बैंकसँगै बीमा जोडिएको विषय गौण हुन पुग्छ । बीमा क्षेत्रले बैंकमा थुप्रै रकम राखेको हुन्छ, यो कुरा सबैले बुझ्न जरुरी छ ।

**बीमा कम्पनीहरूले संकलन गरेको पुँजी ठूलो हुन्छ । यसलाई अब कम्पनीहरूले विविध क्षेत्रमा लगानी गर्न आवश्यक छ । हाम्रो मुख्य ध्येय भनेको एकै ठाउँमा लगानी गर्नुहुन्न भन्ने हो ।**

हामीले बीमा कम्पनीहरूलाई बारम्बार भनेका छौं- ठूलाठूला जलविद्युत् आयोजनामा लगानी गर्नु । जीवन बीमा कम्पनीको पैसा दीर्घकालको लगानी हो भन्ने कुरा हामीले कहिल्यै बिर्सनु हुँदैन । आज लिएको पैसा जीवन बीमा कम्पनीले २० वर्षपछि दोब्बर बनाएर दिन्छ र बीमितलाई बोनस समेत दिने गर्छ । जीवन बीमाको रकम लगानी गर्दा धेरै विचार गर्नुपर्ने हुन्छ । निर्जीवन बीमा कम्पनीको हकमा त्यति धेरै समस्या देखिँदैन । निर्जीवन बीमा एक वर्ष अवधिको लागि गरिन्छ र उक्त अवधि सकिँदा बीमितले क्षति भएमा बीमांक पाउँछन् । क्षति भर्नु नपरेको पैसा मात्र लगानी गर्ने हो । यता जीवन बीमामा भने लगानी गर्नै पर्ने हुन्छ । जीवन बीमामा लगानीको आकर्षण राम्रो छ, बीमा कम्पनीहरू उत्साहित नै छन् । तर हामीले खोजेको चाहिँ राम्रो प्रतिफल हो ।

बीमा कम्पनीहरूले संकलन गरेको पुँजी ठूलो हुन्छ । यसलाई अब कम्पनीहरूले विविध क्षेत्रमा लगानी गर्न आवश्यक छ । हाम्रो मुख्य ध्येय भनेको एकै ठाउँमा लगानी गर्नुहुन्न भन्ने हो । बीमा कम्पनीहरूले आफूले संकलन गरेको पैसालाई धेरैतिर लगानीको रुपमा छर्न सक्नुपर्छ अनि मात्र त्यसबाट राम्रो प्रतिफल आउँछ ।

बीमा कम्पनीहरूले बैंकमा मात्रै पैसा राख्दा केही गरी बैंक नै जोखिममा पर्ने अवस्था सिर्जना भयो भने भोलि बीमितलाई बोनस दिन समस्या पर्न सक्छ । हामीले बीमितलाई दिने बोनसमा पनि कुनै समस्या नपरोस् भनेर लगानीलाई विविधीकरण गर्नु भनेका हौं ।

**बीमा गर्दा गरिबी कम हुन्छ**

गरिबलाई थप गरिब हुन नदिने पहिलो माध्यम नै बीमा हो । बीमा सुख-दुःखको साथी हो । बीमा गर्दा केही बीमाशुल्क बुझाउने हो, तर जोखिम पर्दा ठूलो सम्पत्तिको रक्षा हुन्छ । यसले पनि ठूलो गरिबी रोक्छ । सरकारले पनि बीमामा





अझै अनुदान दिनु जरुरी छ । त्यस्तो सहयोगले गरिबले आफ्नो आर्थिकस्तर उकास्ने मौका पाउँछन् । घर बनाउन नसक्नेले घर बनाउन पाउँछन् ।

बीमामा रोजगारीको अवसर पछिल्लो समय धेरै बढेको छ । बीमाको पहुँच ४२ प्रतिशत जनताबीच पुगेको छ । अभिकर्ता, सर्भेयरका रुपमा पनि धेरैजनाले रोजगारी पाएका छन् । यसरी बीमाले ठूलो रोजगारीको अवसर र जोखिम पनि बहन गरेको छ ।

**लगानी विविधीकरण आवश्यक**

बीमा कम्पनीका लागि लगानी विविधीकरण उत्तम उपाय हो । तर लगानी सुरक्षित ठाउँमा गरिनुपर्छ । अहिले बीमा कम्पनीहरूको गुनासो नै लगानी गर्न मन भए पनि सुरक्षित ठाउँको अभाव हुनु हो । सुरक्षित क्षेत्रमा लगानी गर्न बीमा कम्पनीहरूलाई गाह्रो परिरहेको छ । लामो समयपछि प्रतिफल दिने ठाउँमा बीमा कम्पनीले लगानी गर्दा राम्रो हुन्छ । हामीले बीमा कम्पनीलाई होटल खोल्न पनि मार्गप्रशस्त गरिदिएका छौं । हामीले अब निर्देशिका ल्याउँदा केही ठाउँ खुल्ला राखेर नै लगानी गर्न निर्देशन दिन्छौं । बीमा कम्पनीहरूले डराएर मात्रै भएन । उनीहरूले अर्को कम्पनी बनाएर त्यसको विज्ञताको आधारमा आफ्नो पैसा लगाउनुपर्‍यो । ठूला संस्थाको संस्थापक भएर पनि बीमा कम्पनीले लगानी गर्न सक्छ ।

लगानीका निम्ति निर्जीवन बीमा कम्पनीसँग ठूलो पुँजी हुँदैन, तर जीवन बीमा कम्पनीले भने यसबारे सोच्नैपर्छ । जीवन बीमा कम्पनीले यहाँ मात्र होइन बाहिरका देशमा पनि आफ्नो लगानी विविध क्षेत्रमा गर्दै आएका छन् ।

अहिलेसम्म बीमा कम्पनीहरूले आफ्नो लगानीकै प्रतिफललाई मुख्य आम्दानी बनाएका छन् । अब त्यस्तो आम्दानी बढाउनुपर्ने बेला भएको छ । सधैं पहिले जे थियो त्यही आम्दानीको पछि लागेर बीमा कम्पनीहरू चल्न कठिन हुन्छ । फराकिलो हिसाबले अघि बढ्ने मौका खोज्नुपर्छ । कम्पनीले आफूले पनि कमाउने र बीमितको लगानी सुरक्षित गर्ने काम गर्नुपर्छ ।

**दैवी तथा प्राकृतिक विपत्तिमा सरकारले राहत दिने भन्दा पनि बीमा कम्पनीले दिने सहयोग नै वास्तवमा ठूलो कुरा हुन सक्छ । एउटा व्यक्तिले नै परिवार पाल्ने हाम्रो नेपाली समाजमा बीमा झनै आवश्यक छ । भैंसी मर्‍यो भने टाउकोमा हात लाएर रून आवश्यक छैन ।**

**अर्थतन्त्रमा बीमाको योगदान**

गरिबीको रेखामुनि रहेका जनतालाई बीमाले सघाउँदै आएको छ । बीमाकै कारण देशको अर्थतन्त्रमा ठूलो योगदान पुग्दै आएको छ । बीमा कम्पनीहरूको चुक्ता पुँजी बढाइएको छ, उनीहरूले वार्षिक रुपमा देशको ठूलो पुँजीलाई चलायमान बनाउन मद्दत पुर्‍याएका छन् । सरकारले आर्थिक अवस्था कमजोर भएका नागरिकको बीमा गर्न सघाउनुपर्छ । बीमाशुल्क तिर्न सक्ने र नसक्ने दुवै वर्गका नागरिकलाई बीमा अपरिहार्य भइसकेको छ । बीमाले सुरक्षा दिन्छ भन्ने कुरा नागरिकले बुझ्न जरुरी छ र बीमा कम्पनीले पनि दाबी भुक्तानीमा ढिलाइ गर्नु हुँदैन । एउटा मोटर साइकल हरायो भने अर्को मोटरसाइकल तुरुन्तै किन्न बीमाले पैसा दिन्छ, दिनुपर्छ ।

**लघु बीमा गरिबको पनि बीमा हो**

लघु बीमा ससाना बीमालाई लक्षित गरेर ल्याइएको हुन्छ । लघु बीमामा जीवन बीमा र निर्जीवन दुवै समावेश हुन्छ । यसले गरिबीको रेखामुनि रहेका नागरिकलाई सघाउँछ, त्यसका लागि सरकारले आर्थिक अवस्था कमजोर भएका नागरिकको सुरक्षा गर्ने अवधारणमा सहयोग गर्नुपर्छ । दैवी तथा प्राकृतिक विपत्तिमा सरकारले राहत दिने भन्दा पनि बीमा कम्पनीले दिने सहयोग नै वास्तवमा ठूलो कुरा हुन सक्छ । एउटा व्यक्तिले नै परिवार पाल्ने हाम्रो नेपाली समाजमा बीमा झनै आवश्यक छ । भैंसी मर्‍यो भने टाउकोमा हात लाएर रुन आवश्यक छैन । बीमाले सघाउँछ, किनकि दूध बेचेरै पनि भैंसीको बीमा गर्न सम्भव छ । प्राविधिकले सबै कुरा हेरेर बीमा गर्न सघाउँछन् ।

**नागरिकलाई सन्देश**

अभिकर्ताको ठूलो योगदान हुने क्षेत्र हो, बीमा । बीमा कम्पनीले अभिकर्तालाई कहीँकतै राम्रो शिक्षा दिन सकेनन् होला, त्यो हामीले स्वीकार्नुपर्छ । अब एक घर एक परिवार बीमा गर्ने बजेटको अवधारणाअनुसार काम गर्न आवश्यक छ । आफ्नो सम्पत्तिको बीमा र आफ्नो जीवनको बीमा गरेर हरेक नागरिक ढुक्क भएर हिँड्न सक्ने अवस्था छ । त्यस्तो अवस्था बीमाले नै निर्माण गरेको हो ।

सबैभन्दा पहिला बीमा कम्पनी र बीमित मिलेर दाबी भुक्तानीको समस्या समाधान गर्नुपर्छ । त्यसबाट समस्या समाधान भएन भने बीमा क्षेत्रको पहिलो अदालत बीमा समितिमा आउनुपर्छ । हामीकहाँ आएपछि धेरै बीमितको समस्या समाधान हुन्छ । बीमा भनेको आजलाई मात्र नभई भोलिको लागि गरिएको बचत हो । बीमासँग बचत र रक्षावरण दुवै जोडिने भएकाले यसको ठूलो महत्व छ । हामीले संसारमा खोज्ने हो भने बीमा मात्र एउटा यस्तो साथी हो जसले साँच्चै आपद् पर्दा साथ दिन्छ ।


बीमाको महत्व नेपालमा मात्र नभई अन्तर्राष्ट्रियस्तरमा समेत बढ्दो छ । दैनिक बढिरहेका जोखिमबाट बीमाले नै जोगाउन सक्छ । अहिले जोखिम नभएको ठाउँ हामीले कल्पना गर्न मुस्किल छ । जोखिम भएको ठाउँमा काम गर्न मानिसलाई सधैं डर हुन्छ । अझ भनौं, जोखिमकै कारण मानिसलाई बाँच्न समेत समस्या पर्ने गर्छ र जनजीवन कष्टकर बन्न पुग्छ । यसरी जोखिम बढिरहेको अवस्थामा सबैलाई सुरक्षाको ठूलो खाँचो पर्छ । सुरक्षा दिने एउटा विश्वासिलो अस्त्र भनेको बीमा नै हो । बीमाको इतिहासलाई पल्टाएर हेर्ने हो भने, यसको थालनी गुठी, सामूहिक कार्य, आर्थिक सहयोगबाटै भएको देखिन्छ । जुनसुकै बीमाको काम भनेको व्यक्तिलाई आर्थिक सहायता दिने नै हो ।

नियमनकारी निकाय बीमा समितिको कुरा गर्ने हो भने, अहिलेको बीमा समिति पहिलेको भन्दा भिन्न छ । यसको मतलब बीमा समितिले काम गर्ने तरिका फेरिएको छ । पहिले प्रविधिको पहुँच नै कम थियो, तर अहिले विगतको तुलनामा यो निकै बढेको छ । त्यस्तै, बीमाको पहुँच पनि प्रविधिको पहुँचसँगै तुलना गरेर हेर्न सक्छौं । प्रविधिको पहुँच बढेकैले पनि विद्युतीय बीमाको अवधारणा अहिलेको समयको माग बनेको छ । प्रविधि दैनिक नयाँनयाँ मोडेलबाट अघि बढिरहेको छ भने बीमा क्षेत्र पनि प्रविधिसँग अभ्यस्त हुन थालेको छ । सानो देश भएर पनि नेपालको बीमाको अवस्था अन्य देशको तुलनामा राम्रो छ । बीमाको विकासका कुरा गर्दा विकसित सहरलाई नै उदाहरण मान्न सक्छौं । आजको गाउँ भोलि सहर बन्छ, हामीले यही कुरा मनन गर्दै बीमाको पहुँच बढाउँदै लैजानुपर्छ । बीमा समितिले सधैं बीमा क्षेत्रको विकासका लागि काम गर्दै आएको छ । हामी आफै नियमनकारी निकाय भएकाले बीमा कम्पनीहरूले ल्याएका नयाँनयाँ योजनालाई बजार सुहाउँदो बनाएर बिक्री-वितरण गर्न प्रोत्साहन गरिरहेका छौं ।

बीमा समितिको मुख्य भूमिका भनेको सहजीकरण गर्ने हो । त्यसपछि कम्पनीहरूलाई पत्र काट्ने तथा निर्देशन दिने हो । हामीले दिएको निर्देशन भन्दा बाहिर कम्पनीहरू गएमा मात्रै हामीले कारबाहीको प्रक्रिया अघि बढाउने हो । यसरी हेर्दा बीमा कम्पनीहरू सुध्रिनुपर्छ भन्ने नै नियमनकारी निकायको हिसाबले हामीले सोच्ने कुरा हो । यो नेपालमा मात्रै नभएर संसारका सबै नियमनकारी निकायले सोच्ने कुरा हो । नियामकले अभिभावकको भूमिका निर्वाह गर्नुपर्छ भन्ने हामीले बुझेका छौं । बीमा कम्पनीले बजार सुहाउँदो र आवश्यकता अनुसारको प्रतिस्पर्धा गर्नुपर्छ । सरकारले पनि बीमा क्षेत्रको महत्व बुझेर जनतालाई बीमाको अपरिहार्यताबारे चेतना जगाउनुपर्छ ।

पछिल्लो समय बजेटमा बीमा क्षेत्र समेटिएको हेर्दा विगतको भन्दा अहिले सरकारले बीमालाई हेर्ने नजर नै फरक बनेको देखिन्छ । सरकारले स्थानीय तहबाटै बीमाबारे चेतना जगाउन र बीमाको पहुँच बढ्दा रक्षावरण समेत धेरै जनताको हुने कुरा बुझेको छ । आगामी दिनमा बीमाको पहुँच थप बढ्दै जानेछ । बीमा क्षेत्रलाई थप फराकिलो बनाउन सबैको साथ र सहयोग अपरिहार्य छ ।

*पौडेल बीमा समितिका कार्यकारी निर्देशक हुन् ।*



डा. गोविन्द टण्डन

# ‘रामायण सर्किट’मा नेपालको भूमिका

**सन् २०१४ यता नेपाल र भारतमा रहेका साँस्कृतिक महत्वका सम्पदा एवम् तीर्थस्थलहरूलाई के-कसरी संरक्षण, सम्वर्द्धन गर्दै पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ, त्यस विषयमा पहिलेभन्दा केही बढी पहल हुन थालेको छ ।**

नेपाल र भारतबीच युगौंयुगदेखि धार्मिक, साँस्कृतिक एवम् सामाजिक रूपबाट बहुआयामिक घनिष्ट सम्बन्ध रहिआएको छ। दुई देशबीचको आत्मीय सम्बन्धलाई सुदृढ र प्रगाढ बनाउनमा खासगरी सामाजिक एवम् साँस्कृतिक सम्बन्धको ठूलो योगदान छ । यो प्राचीनकालदेखिको सम्बन्धलाई अरू प्रगाढ र मननीय बनाउन दुवै देशका सरकार, नागरिक, धार्मिक व्यक्तित्वहरू, बुद्धिजीवी, साहित्यकार, कवि एवम् कलाकारले पनि आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण योगदान दिनुपर्ने देखिन्छ। जति घनिभूत योगदान रह्यो त्यति नै यसको उत्तरोत्तर समृद्धि हुने आशा गर्न सकिन्छ। रामायण सर्किट वास्तवमा दुई देशबीचका नागरिकहरूलाई विभिन्न रूपले जोड्ने, सद्भाव बढाउने, नजिक्याउने साधन बन्न सकेमा नै यसको महत्व थप उजागर हुनेछ।

सन् २०१४ यता नेपाल र भारतमा रहेका साँस्कृतिक महत्वका सम्पदा एवम्  तीर्थस्थलहरूलाई के-कसरी संरक्षण, सम्वर्द्धन गर्दै पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ, त्यस विषयमा पहिलेभन्दा केही बढी पहल हुन थालेको छ । यसो हुनु  सुखद् पक्ष हो । हिजोआज चर्चामा आउने गरेको रामायण एवम् बुद्धिस्ट सर्किटको निर्माणले दुई देशबीचको सुसम्बन्धलाई अभिवृद्धि गर्न मद्दत पुऱ्याउने छ । साथै, एकअर्को देशका नागरिकलाई भ्रमण गर्ने, हेर्ने, घुम्ने एवम् जीवनमा एक पटक पुग्नै पर्ने ठाउँका रूपमा धार्मिक स्थलको विकास गर्न खोजिनुको





अन्तर्य मानिसको अन्तरआत्मालाई सुख, शान्ति र आनन्द दिलाउन खोज्नु हो । अन्ततोगत्वा पर्यटन प्रवर्द्धनमा सहयोग पु¥याई आर्थिक समृद्धिको मार्ग तयार पार्नु पनि यसको उद्देश्य हो भन्ने बुझ्न गाह्रो पर्दैन । हिजोका दिनमा नजानेर मठ/मन्दिर, स्तूप/विहारको भ्रमण भनेको तीर्थयात्राका लागि मात्र हो भन्ने पुरानो संकुचित सोचाइलाई बहुआयामिक ढंगले समय सापेक्षित रूपमा सोच्न कञ्जुसाइँ गर्न हुन्न भन्ने सन्देश पनि प्रकारान्तरले दिइरहेको महसुस हुन्छ ।

यद्यपि, संविधानतः दुवै देश धर्मनिरपेक्ष भए पनि यहाँको जीवनपद्धतिमा हिन्दु एवम् बौद्ध धर्म/संस्कृतिको गहिरो तथा व्यापक प्रभाव छ । धर्मनिरपेक्षको अर्थ सरकारले धर्मको लागि केही गर्नै हुन्न भन्ने नभई सर्वधर्म सद्भाव रहोस्, कुनै एउटा धर्मको लागि मात्र राज्य नलागोस् भन्ने दुवै देशको संविधानको उद्देश्य रहेको छ । त्यसैअनुरूप यसलाई आगामी दिनमा के-कसरी अरू फलदायी बनाउन सकिन्छ, त्यसमा समुचित दृष्टि दिनु जरुरी छ । यद्यपि, भन्नै पर्ने हुन्छ 'धर्मनिरपेक्ष' शब्द नेपालको संविधानमा पनि रहनु दुर्भाग्य हो । जे होस्, दुवै देशमा हिन्दु धर्म मान्ने जनसमुदायको अधिकता छ भने त्यहाँ धर्मसापेक्ष र धर्मनिरपेक्षको बहस जरुरी छैन । किनभने जुन देशमा जुन धर्ममा आस्थावान्हरू अधिक छन्, त्यहाँ स्वतः त्यस धर्मको संस्कृति, परम्परा, सम्पदाहरूको जोगाउमा सबैको जोडबल ज्यादा हुने गर्छ । धर्म/संस्कृतिभित्रको धरोहरको रूपमा रहेको मूर्त/अमूर्त सम्पदाहरूलाई जोगाउन कुनै पनि पक्षको भेद नगरीकन समान अवसरहरू दिएर संरक्षण, सम्वर्द्धन एवम् प्रवर्द्धनमा लाग्दा नै सम्पदाहरूलाई जीवन्त राख्न मद्दत पुग्छ । त्यसो हुँदा यस विषयमा वादविवाद गरिरहनु जरुरी छैन । केचाहिँ बुझ्नुपर्छ भने, यसैको नाउँमा अरू धर्मावलम्बीहरूको आस्था/विश्वास एवम् सम्पदाहरूलाई तिरस्कृत गर्ने, चोट पु¥याउने काम गर्नु कदापि उपयुक्त हुन्न ।

**रामायण सर्किटको प्रस्ताव**

भारत सरकारले आफ्ना १५ वटा धार्मिक स्थललाई जोड्ने संकल्पसहित तयार पारेको 'रामायण सर्किट' अवधारणामा नेपालको जनकपुर पनि समेटिएको छ । यही कारण यो विषय नेपालसँग पनि जोडिन आइपुगेको हो । सीता नेपालकी सुपुत्री हुन् । उनको जन्म जनकपुरमा अलौकिक रूपले भएको विश्वास गरिन्छ । त्रेतायुगमा राम र सीता पुगेका भारत, नेपाल र श्रीलंकाका धार्मिक स्थललाई एउटै मार्गले जोड्नु नै 'रामायण सर्किट' को अवधारणा हो । रामले स्वयंवरका लागि जनकपुर आउँदा र विवाहपछि सीतासहित अयोध्या फर्किंदा प्रयोग गरेको मार्गमा रहेका तीर्थस्थलको विकासमा महत्वपूर्ण मानिएको यो सर्किटको शुभारम्भको संकेतको रूपमा दुई देशका प्रधानमन्त्रीले जनकपुरमा सन् २०१८ को मे ११ को दिन जनकपुर/अयोध्या, अयोध्या/जनकपुरबीच चल्ने गरी बससेवा सञ्चालनको उद्घाटनलाई लिन सकिन्छ ।

**रामायण सर्किटको विषयलाई प्रोत्साहन दिनुको अर्थ अरू धर्म/संस्कृतिलाई वेवास्ता गर्ने भन्ने नसम्झीकन बरू यो सर्किटको समयानुकूल उन्नति र प्रगतिको प्रेरणाले अरू धार्मिक/साँस्कृतिक पहिचानहरूलाई उत्प्रेरित गरोस् भन्ने पनि हो ।**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सन् २०१४ मा भएको नेपाल भ्रमणका क्रममा जनकपुर र अयोध्यालाई जोड्ने सहमति भएअनुसार भारतले 'रामायण सर्किट' जनकपुरसम्म विस्तार गर्न लागेको देखिन्छ । राष्ट्रिय तथा अन्तर ाष्ट्रिय पर्यटकहरू तान्ने उद्देश्यले भारतले सन् २०१४/१५ को बजेटमै 'रामायण सर्किट'को अवधारणा प्रस्ताव गर्दै भारत, नेपाल र श्रीलंकाका राम र सीतासँग सम्बन्धित धार्मिक स्थललाई जोड्ने योजना सार्वजनिक गरेको थियो ।

प्रस्तावित रामायण सर्किटमा राम र सीता नेपाल र भारतको जुनजुन ठाउँमा पुगे, ती स्थलहरूलाई पवित्र मानी त्यहाँ समयसापेक्ष विकास गर्दै पर्यटकीय क्षेत्रका साथै धार्मिक आस्थावान्हरूको लागि तीर्थस्थलको रूपमा विकास गर्ने लक्ष्यसाथ यो प्रस्ताव आएको देखिन्छ । त्यसमा नेपालको एक ठाउँ जनकपुर मात्र परेको छ भने भारतको चाहिँ १५ स्थान-अयोध्या, श्रृंगवेरपुर, चित्रकुट, सीतामढी, दरभंगा, बक्सर, मध्यप्रदेशको चित्रकुट, नन्दीग्राम, महेन्द्रगिरी, जगदलपुर, भद्राचलम, हम्पी, नासिक, नागपुर र रामेश्वर आदि तीर्थस्थल समेटिएको छ । यसले करिब ६५० किलोमिटर सडकमार्गलाई ओगट्ने बताइएको छ । राम र सीताको सम्बन्ध श्रीलंकासँग पनि जोडिएको हुनाले श्रीलंकालाई समेत समावेश गर्नुपर्छ भन्ने आवाज उठ्दै गरेको सन्दर्भमा भविष्यमा रामायण सर्किटमा त्यो देश पनि जोडिने सम्भावना छ ।

रामायण सर्किटको विषयलाई प्रोत्साहन दिनुको अर्थ अरू धर्म/संस्कृतिलाई वेवास्ता गर्ने भन्ने नसम्झीकन बरु यो सर्किटको समयानुकूल उन्नति र प्रगतिको प्रेरणाले अरू धार्मिक/साँस्कृतिक पहिचानहरूलाई उत्प्रेरित गरोस् भन्ने पनि हो । नेपाल/भारतबीचको सम्बन्धलाई राजनीति एवम् कूटनीतिको आँखाले मात्र नहेरी यसलाई अरू व्यापक तुल्याएर समग्र देशको विकास एवम् उन्नतिमा जोडेर स्वीकार्य हुने गरी अघि बढ्ने मार्गदर्शनको रूपमा पनि हेर्नु जरुरी छ ।

भारतका प्रधानमन्त्री मोदीले 'पशुपति/काशी' र 'जनकपुर/अयोध्यालाई'

जोड्ने राजमार्गको निर्माणमा भारत सरकारले सहयोग गर्ने प्रतिवद्धता पनि व्यक्त गरिसकेको अवस्था छ । काठमाडौं/बनारसबीच एकआपसमा भगिनी सम्बन्धको सम्झौताले भविष्यमा दुवै देशबीच पर्यटकीय विकासमा सकारात्मक प्रभाव पर्ने विश्वास गर्न सकिन्छ । 'रामायण सर्किट' को निर्माणमा भारतीय प्रधानमन्त्री मोदीले एक सय करोडको लगानीको प्रत्याभूति पनि सन् २०१८ को मे ११ मा जनकपुरमा रामायण सर्किटकै अंग मान्न सकिने जनकपुर/अयोध्या बस सञ्चालनको उद्घाटनको बेला घोषणा गरिसकेको अवस्थाले भारतको केन्द्र सरकार यसप्रति सकारात्मक छ भन्ने सन्देश दिन खोजेको देखिन्छ ।

जनकपुरमा नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतका समकक्षी मोदीले एक भव्य कार्यक्रमबीच संयुक्त रूपमा जनकपुरमा उद्घाटन गरी प्रस्थान गराएको बसलाई उत्तर प्रदेश सराकारका मुख्यमन्त्री योगी आदित्यनाथले अयोध्यामा भव्य स्वागत गरेबाट प्रदेश सरकार पनि रामायण सर्किटप्रति उदासिन छैन भन्ने सन्देश दिएको देखिन्छ । यसप्रकार, जनकपुर र अयोध्याबीचको प्राचीन सम्बन्धलाई नजिक्याउन रामायण सर्किट उपयोगी हुन सक्ने देखिन्छ । मात्र यसको कार्यान्वयन कसरी ? कुन रूपले हुन्छ ? भन्ने कुराचाहिँ महत्वपूर्ण छ ।

त्यसभन्दा पनि बढी आफैले जनकपुर/अयोध्याबीच बस सेवाको उद्घाटन गरेका ओलीले पछिल्लो पटक रामको जन्म अयोध्यामा भएको नभई नेपालको माडीमा भएको भन्ने विवादास्पद कुरा गरेका थिए । उनले रामको मूर्तिसमेत काठमाडौंमा पूजा गरी माडीमा स्थापना गर्न पुगेको घटनालाई हेर्दा नेपालको लागि रामायण सर्किटको औचित्य अझै छ या छैन सरकारी पक्षबाट आधिकारिक विचार अझैसम्म नआएकोले 'रामायण सर्किट' नेपालको सन्दर्भमा अन्योलमा छ भन्नु पर्ने अवस्था सृजना हुन पुगेको छ ।

**रामायण सर्किटका लागि पहल**

भारत सरकारको सहयोगमा उत्तर प्रदेश सरकारले चार लेनको रामजानकी राजमार्ग निर्माण सुरू गरिसकेको कुरा पनि मिडियाहरूमा आएकोले जनकपुर/अयोध्या, 'जनकपुर/लखनउ' एवम् 'जनकपुर/नयाँ दिल्ली' बीचको दूरी पनि कम हुँदै जाने आशा गर्न सकिन्छ । उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथले सीताविना राम अधुरो रहेजस्तै जनकपुर र अयोध्याबीच नङ र मासुको जस्तो सम्बन्ध रहेकाले यसलाई विश्वकै सर्वश्रेष्ठ संस्कृतिको उदाहरणको रूपमा लिन सकिने' धारणा व्यक्त गरेको देख्दा रामायण सर्किटप्रति भारतको प्रतिबद्धता अहिलेको लागि सकारात्मक नै देखिएको छ । तर कुनै पनि विषयलाई राजनीति गर्ने माहोलले वर्तमान समयलाई गाँजेको सन्दर्भमा यस विषयलाई जति सक्दो छिटो पूर्णतातिर पुऱ्याउन नेपाल सरकारको पहल जरुरी छ ।

पर्यटनको क्षेत्रको सूचना, भौतिक पूर्वाधारको विकास तथा विस्तारमा सहकार्य गर्दै दुवै देशका धेरै नागरिकको आस्थासँग जोडिएको क्षेत्रमा पर्यटनसँग सम्बन्धित कार्यक्रम र गतिविधि बढाउन त्यसबेला दुवै देशबीच भएका १४ बुँदे सहमतिलाई कोशेढुंगाको रूपमा लिन सकिन्छ । त्यस सहमतिमा पर्यटन प्रवर्द्धनका लागि दीर्घकालीन लक्ष्यका साथ योजनाबद्ध तवरले अगाडि बढ्ने कुरा उल्लेख भएकाले त्यसको इमानदारीपूर्वक परिपालना दुवै सरकारको तर्फबाट हुनु पनि त्यत्तिकै जरुरी छ ।

नेपालको तर्फबाट 'रामायण सर्किट' को प्रवर्द्धनको लागि खास कुनै किसिमको पहल भएको थाहा पाइएको छैन । एकपछि अर्को विवादास्पद कार्यहरू नै रामायण सर्किटको विषयमा अन्योल हुनुको प्रमुख कारण हो । जनकपुर/अयोध्याको बीचमा नेपालभूमिमा सीता-रामसँग जोडिएका धेरै स्थान छन् । तिनको पहिचान गरी जतिजति उल्लेखनीय र महत्वपूर्ण स्थान छन्, त्यहाँ धार्मिक पर्यटनका लागि आवश्यक पर्ने बाटो, धर्मशाला, व्यवस्थित शौचालयका साथै धार्मिक क्षेत्रको मर्मत, सम्भार, संरक्षण, सम्वर्द्धन गर्न सकिए पर्यटकका लागि आकर्षक स्थल बन्ने देखिन्छ ।

**जनकपुर र अयोध्याबीचको प्राचीन सम्बन्धलाई नजिक्याउन रामायण सर्किट उपयोगी हुन सक्ने देखिन्छ । मात्र यसको कार्यान्वयन कसरी ? कुन रूपले हुन्छ ? भन्ने कुराचाहिँ महत्वपूर्ण छ ।**

**नेपालले गर्नुपर्ने पहल**

'रामायण सर्किट' को सम्बन्धमा भारततर्फको तयारी धेरै देखिए पनि नेपालतर्फ यस विषयमा अन्योल र अस्पष्टताको अवस्था छ । यसको लागि सबैभन्दा पहिले त नेपाल सरकारले आफूले रामायण सर्किटको क्षेत्रमा के गर्ने हो ? के गर्ने इच्छा छ ? त्यस विषयमा कमसेकम अब निर्क्योल गरिहाल्नुपर्ने अवस्था छ । नेपाल सरकारको तर्फबाट यस विषयमा कुनै प्रस्ताव तयार भएको भए देशको हितलाई सर्वोपरि राखी चाँडोभन्दा चाँडो सरकारको भूमिका, योजना र बजेट सार्वजनिक हुनु जरुरी छ । घोषित योजनाअनुसार बजेटको व्यवस्था प्रदेश सरकार र केन्द्र सरकारले गरी आ-आफ्नो काम अगाडि बढाउँदै जानु नितान्त आवश्यक भइसकेको छ ।

नेपालतर्फको जनकपुर तथा बाटोमा पर्ने यससँग सम्बन्धित अन्य स्थलहरूको पहिचान गरी त्यहाँ गर्नुपर्ने न्यूनतम सर-सुविधा विकासदेखि लिएर सडक-बाटोको पहुँचको लागि क्रमैसँग बजेटको व्यवस्था गर्नु पनि त्यत्तिकै आवश्यक छ ।

जनकपुरबाट अयोध्या जाने क्रममा नेपालको तराई एवम् पहाडी क्षेत्रमा भएका राम-सीतासँग सम्बन्धित सम्भावित स्थलहरूको पहिचान गरी ती क्षेत्रलाई पनि यसभित्र समेट्न सकिएको खण्डमा अझ व्यापकता पाउने देखिन्छ ।

जनकपुर क्षेत्रको विकासको लागि छुट्टै परिषद् गठन भइरहेको सन्दर्भमा त्यो संस्थासँग नबाझिने गरी के कसरी कार्य अगाडि बढाउने हो ? त्यस विषयमा पनि दोहोरोपन नआउने गरी काम अगाडि बढाउनु आवश्यक छ ।

**उपसंहार**

'रामायण सर्किट' अन्तर्गत जनकपुरमा भएका संवर्द्धन तथा संरक्षण गर्नुपर्ने सम्पदाहरूको सूची र तिनको कार्यान्वयनको लागि समय तथा बजेटको व्यवस्था गर्दै कार्यान्वयन गर्ने निकायको किटान गर्नु पनि त्यत्तिकै आवश्यक छ । तराई क्षेत्रमा विकास निर्माणका कार्यहरूको ढिलाइ तथा अलमल हुने गरेका विगतका उदाहरणबाट पनि यसको सफल कार्यान्वयनको लागि कुन निकाय उपयुक्त हुन्छ, तोकिनु जरुरी छ । जनकपुरमा समयसापेक्ष ढंगले परिलक्षित समुहको लागि धर्मशाला, अतिथि गृह, धार्मिक कृत्य गर्ने स्थलहरूको निर्माण, वर्षभरि त्यहाँ सम्पन्न गरिने क्रियाकलापका लागि भएका विभिन्न स्थलको स्याहार-सम्भार तथा उपयुक्त किसिमले सौन्दर्यीकरण गरिनुपर्छ । साथै, सुविधासम्पन्न निजी होटलहरूको निर्माणका लागि स्थान चयनदेखि लिएर रामायण सर्किटअन्तर्गतको स्थलको किटान पनि जरुरी छ । यसका लागि चाँडोभन्दा चाँडो गुरुयोजना तयार गर्नु आवश्यक छ । त्यही गुरुयोजनाले निर्दिष्ट गरेबमोजिमका कार्यहरूलाई कमसेकम १० वर्षभित्र सक्ने गरी योजना, कार्यक्रम एवम् बजेटको व्यवस्था गर्नु उपयुक्त हुन्छ । यसैगरी, जनकपुरबाहिर पर्ने स्थलहरूको पहिचान जतिसक्दो चाँडो गर्न एउटा अध्ययन समितिको गठन गरी त्यसको सिफारिशअनुसार अगाडि बढ्नु पनि त्यत्तिकै जरुरी छ । जनकपुरमा परम्परागत रूपमा भएका मूर्त/अमूर्त सम्पदाहरूको जोगाडका साथै त्यहाँ भएका गुठी जग्गाको संरक्षण, संवर्द्धन गर्नु आवश्यक छ । त्यसका लागि निर्दिष्ट गुरुयोजनाको माध्यमबाट साँच्चिकै प्राचीन मिथिलाको केन्द्रस्थली जनकपुर नै हो भनी देखाउन गर्नुपर्ने काम प्रशस्त छन् । समयमै केन्द्र, प्रदेश एवम् स्थानीय सरकारका साथै सम्बन्धित क्षेत्रका विज्ञ, विद्वान् व्यक्तिहरूको योगदान पनि त्यत्तिकै आवश्यक छ । यसलाई कुनै हालतमा ढिलो गर्नु हुँदैन ।

*टण्डन पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्य सचिव हुन् ।*



सानिमा
फेमिली सुपर सेभिङ्ग खाता
नेपालमा पहिलो पटक
अस्पताल खर्च भुक्तानी गर्नै नपर्ने,
सानिमा बैंकमा खाता खोल्दा
रू. १ लाख सम्मको उपचार बीमा
सम्पूर्ण परिवारको उपचार बीमा (३ जना वा सो भन्दा बढी)
८.०३% वार्षिक ब्याजदर
रू. ५ हजारको वार्षिक स्वास्थ्य परीक्षण सुविधा
रू. १० लाखको दुर्घटना तथा रू. ३ लाखको ६ घातक रोगहरूको बीमाका साथै विविध बीमा सुविधा
ATM बाट निःशुल्क नगद झिक्न सकिने (VISA) तथा अन्य थुप्रै सुविधाहरू
*शर्तहरू लागू हुनेछन् ।
विस्तृत जानकारीका लागि ९८०११९०११९ मा सम्पर्क गर्नुहोला
बीमा प्रदायक
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
SIDDHARTHA INSURANCE LIMITED
MetLife
सानिमा बैंक
Connect with us




। नरेश अग्रवाल

# आत्मनिर्भर अर्थतन्त्र निर्माणमा एयर कार्गो व्यवसायको भूमिका

**कार्गो व्यवसायमा रहेका कम्पनीहरू माल ढुवानी, प्रत्यक्ष यातायात सेवा, भण्डारण, भन्सार निकासी जस्ता सेवा दिन सक्षम छन् । कार्गो व्यवसायीहरू काम गरिरहेका छन्, तर अवस्था राम्रो देखिँदैन ।**

कार्गो व्यवसाय विभिन्न साधनको माध्यमबाट हुने ढुवानी सुविधा हो । नेपाल भित्रिने र बाहिरिने वस्तुहरू हवाई, सडक, रेलमार्ग तथा समुद्रिक मार्ग भएर ढुवानी गर्ने गरिन्छ । बढ्दो आयातले नेपालमा हुने ढुवानी पनि बढेको छ । यसले कार्गो व्यवसायीहरूको कारोबार पनि विस्तारै विस्तार हुँदै गएको छ ।

कारोबार बढे पनि अहिले कार्गो व्यवसायको अवस्था राम्रो छैन । चलिरहेको छ, तर पनि यसमा समस्या निकै छन् । पछिल्लो समय कार्गो व्यवसायमा केही शिथिलता देखिएको छ ।

कार्गो व्यवसायमा रहेका कम्पनीहरू माल ढुवानी, प्रत्यक्ष यातायात सेवा, भण्डारण, भन्सार निकासी जस्ता सेवा दिन सक्षम छन् । कार्गो व्यवसायीहरू काम गरिरहेका छन्, तर अवस्था राम्रो देखिँदैन ।

नेपालमा हाल कार्गो व्यवसायमा करिब १२५ वटा कम्पनी संलग्न छन् । जसमा अहिले १२० जना

फ्रेट फरवाडर्स छन् भने ५ जना सहयोगी सदस्य रहेका छन् । कार्गो व्यवसायमा रहेका अधिकांश कम्पनी सानो वा मध्यम किसिमका छन् । ती कम्पनीहरूमा ७ देखि ३५ जनासम्म कर्मचारी कार्यरत छन् । यस हिसाबले पनि कार्गो व्यवसायमा अहिले दुई हजार भन्दा बढी जनशक्ति कार्यरत रहेको देखिन्छ ।

नेपालमा अहिले सञ्चालनमा रहेका कार्गो कम्पनीहरूमा सबै एकै किसिमका छैनन् । यीमध्ये केही साना छन् भने कुनै मध्यम खालका रहेका छन् । साना कम्पनीमा लगानी कम छ, तर मध्यम र केही ठूला कम्पनीमा भने लगानी धेरै छ ।

कार्गो व्यवसायीले ४ करोड रुपैयाँ न्यूनतम लागत राखेका छन् । यस हिसाबले औसतमा हिसाब गर्ने हो भने पनि ४० अर्ब भन्दा बढी लगानी यस क्षेत्रमा रहेको छ ।

निर्यातमा कार्गो कम्पनीहरूमार्फत् हुने कारोबारले धेरै हिस्सा ओगटेको छ । एयर कार्गो र अन्य माध्यममा समेत कार्गो व्यवसायको हिस्सा बढी देखिन्छ । आयातमा भने कार्गोको हिस्सा त्यति धेरै छैन । कुल आयातमा करिब २० प्रतिशत हिस्सा कार्गो व्यवसायले ओगटेको छ । अहिले सिपिङ म्यानले नै वीरगञ्जसम्म डेलिभरी दिन थालेका छन् । त्यसले गर्दा पनि आयातमा कार्गोको हिस्सा कम भएको छ ।

निर्यातमा अहिले कृषिजन्य उत्पादन, हस्तकलाका सामान, कार्पेट, गार्मेन्टका सामान छन् । अहिले कृषिजन्य वस्तुहरूको समेत निर्यात बढेको छ । त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ । आयातमा भने धेरै किसिमका सामान नेपाल भित्रिरहेका छन् । सानादेखि ठुला वस्तुहरू आयात हुने गरेका छन् । नेपालमै उत्पादन गर्न सकिने कतिपय वस्तु पनि विदेशबाट आयात भइरहेको देखिन्छ । यसले गर्दा बर्सेनि आयातको ग्राफ उकालो लाग्दै आएको छ ।

**नेपाल नागरिक उड्डयन प्राधिकरणले ४७ एयरलाइन्स कम्पनीलाई एयरलाइन्स सञ्चालनको अनुमति दिएको छ, तर २० वटाले मात्रै सेवा सञ्चालन गरिरहेका छन् । तीमध्ये ५ एयरलाइन्स मनोरञ्जन तथा उड्डयन खेलकुदसँग सम्बन्धित छन् ।**

अहिले नेपालमा हवाई र सडकमार्गमार्फत् कार्गोजन्य वस्तु आयात-निर्यात हुने गरेको छ । तेस्रो मुलुकबाट आउने सामान भने समुद्रिक मार्ग र रेलमार्ग भएर आउँछ । भारतबाट भने सडकमार्गमार्फत् सामान नेपाल भित्रिन्छ । केही वस्तुचाहिँ हवाई मार्गबाट आउने गरेका छन् । एयर कार्गो हवाई माध्यमबाट हुने ढुवानी सुविधा हो । एयर कार्गो फर्महरूद्वारा सिपरहरूबाट सामान संकलन गर्ने र ग्राहकलाई उक्त सामान डेलिभरी गर्ने प्रक्रिया हो । सन् १९११ मा पहिलो पटक सामान ढुवानीमा एयरक्राफ्टको प्रयोग भएको थियो । समुद्रसँग नजोडिएका मुलुकहरूमा सामान ढुवानीको लागि हवाई माध्यमको भूमिका महत्वपूर्ण रहन्छ । नेपालमा पनि एयर कार्गोको भूमिका अर्थतन्त्रलाई चलायमान बनाउन निकै महत्वपूर्ण छ ।

हाल नेपालमा ५३ वटा विमानस्थल रहेका छन् । जसमध्ये ३२ मात्रै सञ्चालनमा छन् । ३ अन्तर्राष्ट्रियसहित १० विमानस्थलमा पक्की रनवे छन् । अर्को अन्तर्राष्ट्रिय विमानस्थल निजगढमा निर्माणको चरणमा छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले ४७ एयरलाइन्स कम्पनीलाई एयरलाइन्स सञ्चालनको अनुमति दिएको छ, तर २० वटाले मात्रै सेवा सञ्चालन गरिरहेका छन् । तीमध्ये ५ एयरलाइन्स मनोरञ्जन तथा उड्डयन खेलकुदसँग सम्बन्धित छन् । ५ कम्पनीले हेलिकप्टर सेवा प्रदान गर्दै आएका छन् । उनीहरूले पहाडी र हिमाली क्षेत्रहरूमा खाना, लत्ताकपडा, औषधि र निर्माण सामाग्रीको आपूर्ति गर्ने गरेका छन् ।

नेपाल भुपरिवेष्टित राष्ट्र हो । नेपालको लागि विशेष गरी अन्तर्राष्ट्रिय व्यापारमा हवाई सेवाले महत्वपूर्ण भूमिका खेल्छ । नेपाल सामुद्रिक मार्गसँग नजोडिएकोले सामान ढुवानीको लागि हवाई मार्ग महत्वपूर्ण माध्यम हो । पछिल्लो समय नेपालमा हवाई माध्यमबाट हुने आयात र



निर्यात दुवै बढ्दो क्रममा छ। बाह्य मात्र नभएर आन्तरिक ढुवानीमा पनि हवाई माध्यमको प्रयोग हुने गरेको छ। एयर कार्गोमार्फत् प्रायः अर्जेन्ट तथा मूल्यवान् सामानहरू बढी पठाइन्छ। अन्य माध्यमको तुलनामा महँगो पनि हुन्छ। अहिले हवाई भाडा बढेका कारण हवाई माध्यमबाट हुने ढुवानीमा लागत बढी लाग्छ। यसले गर्दा अन्तर्राष्ट्रिय बजारमा नेपाललाई प्रतिस्पर्धा गर्न गाह्रो परिरहेको छ।

### एयर कार्गोको अर्थतन्त्रमा योगदान

एयर कार्गो भनेको अर्थतन्त्रको मेरुदण्ड नै हो। यो भएन भने अहिलेको अवस्थामा अर्थतन्त्र नै चल्न सक्दैन। नेपालले गर्ने वैदेशिक व्यापारमा एयर कार्गोको योगदान धेरै छ। सरकारले हरेक वर्ष एयर कार्गोको माध्यमबाट ठूलो आम्दानी गर्ने गरेको छ। आयातमा एयर कार्गोले ठूलै हिस्सा आगटेको छ, यसबाट सरकारले राजस्व उठाउँदै आएको छ। यसले गर्दा यो सरकारको आम्दानीको एउटा महत्वपूर्ण क्षेत्र पनि भएको छ। कुल गार्हस्थ्य उत्पादनमा समेत यसको योगदान बढ्दो छ।

अन्तर्राष्ट्रिय मात्र होइन नेपालका भित्री भूभाग र दुर्गम क्षेत्रहरूमा सामानको ढुवानीको लागि आन्तरिक हवाई यातायातको महत्वपूर्ण स्थान छ। कतिपय स्थानमा अन्य माध्यमबाट ढुवानी गर्न कठिन छ। ती स्थानमा हवाई माध्यमबाट सामान ढुवानी गर्नुपर्ने अवस्था छ।

कार्गो व्यवसायीको लागि नेपालमा धेरै सम्भावना देखिन्छ। यहाँ नयाँ बजार रहेकोले धेरै सम्भावना देखिएका हुन्। रेलवे भरखरै सुरु हुने चरणमा छ। कार्गो व्यवसायलाई प्रोत्साहन गर्न सकेमा यसले भविष्यमा ठूलो मात्रामा रोजगारी सिर्जना गर्न सक्छ।

**व्यापार सहजीकरणका पहलहरूमा निजी क्षेत्रको पूर्ण र समावेशी प्रतिनिधित्व हुनुपर्छ। आधारभूत ब्यापार सहजीकरण उपायहरूको कार्यान्वयन हुनुपर्छ। कागजविहीन ब्यापार, राष्ट्रिय र क्षेत्रीय एकल विन्डोको विकाससहित ब्यापार पोर्टलको विकास गर्नुपर्छ।**

### एयर कार्गो कारोबार

नेपालले एयर कार्गोको माध्यमबाट वार्षिक झण्डै ५ खर्ब रुपैयाँको कारोबार गर्ने गरेको छ। मुख्यगरी अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवा विमानस्थलबाट हवाई माध्यममार्फत् वैदेशिक ब्यापार हुने गरेको छ। आयातमा भैरहवा विमानस्थलको हिस्सा धेरै छ भने निर्यातमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धेरै रहेको देखिन्छ। पछिल्ला वर्षहरूमा यी स्थानबाट हुने वैदेशिक ब्यापार निरन्तर बढ्दै गएको छ। यी दुई ठाँउबाट आर्थिक वर्ष २०७८ र ७९ मा मात्रै ५ खर्ब ४६ अर्ब रुपैयाँको वैदेशिक ब्यापार भएको तथ्यांकले देखाउछ। जसमा पाँच खर्ब ६ अर्ब रुपैयाँको आयात र ३९ अर्बभन्दा बढीको वस्तु निर्यात भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट २ खर्ब १० अर्बको आयात भएको छ भने भैरहवा विमानस्थलबाट २ खर्ब ९५ अर्ब रुपैयाँको वस्तु आयात भएको छ। सोही अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ३२ अर्ब २ करोड रुपैयाँको र भैरहवा विमानस्थलबाट ७ अर्ब ६१ करोड रुपैयाँको वस्तु निर्यात भएको छ। गत आवमा यी दुई विमानस्थलबाट कुल आयातको २६ प्रतिशत र कुल निर्यातको २० प्रतिशत निर्यात भएको छ।

आव २०७७/७८ मा ४ खर्ब ५७ अर्ब रुपैयाँको कारोबार भएको थियो, जसमा ४ खर्ब २४ अर्ब रुपैयाँको आयात र ३२ अर्ब रुपैयाँको निर्यात भएको छ। आव २०७६/७७ मा यी दुई विमानस्थलबाट ३ खर्ब ३५ अर्ब रुपैयाँको वैदेशिक ब्यापार हुँदा ३



## Foreign Trade From Air Transport

*Amount in '000*

| Fiscal Year | Customs | Imports_Value | Import_Share | Exports_Value | Export_Share |
|---|---|---|---|---|---|
| 2078/79 | BHAIRAHAWA | 295671051 | 15.40 | 7612248 | 3.81 |
| | TI_AIRPORT | 210592908 | 10.97 | 32265340 | 16.13 |
| 2077/78 | BHAIRAHAWA | 281616053 | 18.29 | 6623362 | 4.69 |
| | TI_AIRPORT | 143373680 | 9.31 | 25414101 | 18.01 |
| 2076/77 | BHAIRAHAWA | 198838827 | 16.61 | 3015124 | 3.09 |
| | TI_AIRPORT | 114202680 | 9.54 | 19937489 | 20.40 |
| 2075/76 | BHAIRAHAWA | 240048326 | 16.92 | 3838217 | 3.95 |
| | TI_AIRPORT | 154882347 | 10.92 | 23746350 | 24.45 |
| 2074/75 | BHAIRAHAWA | 224037171 | 17.99 | 3510935 | 4.32 |
| | TI_AIRPORT | 149160142 | 11.98 | 22723049 | 27.93 |

*स्रोत : भन्सार विभाग*

अर्ब १३ अर्ब रुपैयाँको आयात र २२ अर्ब रुपैयाँको निर्यात भएको छ। आव २०७५/७६ मा ४ खर्ब २२ अर्ब रुपैयाँको वैदेशिक ब्यापार हुँदा ३ खर्ब ९४ अर्ब रुपैयाँको आयात र २७ अर्बको निर्यात भएको छ। आव २०७४/७५ मा ३ खर्ब ९९ अर्ब रुपैयाँको वैदेशिक ब्यापार भएकोमा ३ खर्ब ७३ अर्ब रुपैयाँको आयात र २६ अर्बको निर्यात भएको छ। हरेक वर्ष कुल आयातको करिब ३० प्रतिशत हिस्सा यी दुई विमानस्थलको छ भने निर्यातमा पनि २० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ। नेपालमा लामो समयदेखि नै आयातको तुलनामा निर्यातको अंश धेरै कम छ। कुल वैदेशिक ब्यापारमा ८/९ प्रतिशत हिस्सामात्रै निर्यातको छ। अन्य माध्यमहरू जस्तैः हवाईमार्गबाट पनि आयात भन्दा निर्यात कम रहेको देखिन्छ।

**कार्गो व्यवसायका समस्या**

कोभिड- १९ का कारण कार्गो व्यवसायमा समस्या उत्पन्न हुन गएको छ। महामारीका कारण सबै क्षेत्र प्रभावित हुँदा कार्गो व्यवसायमा पनि त्यसले असर पारेको छ। एयरलाइन्सहरूको पनि त्यति राम्रो अवस्था देखिँदैन। अर्कोतर्फ, सामान पुऱ्याउने बेलामा ठाउँ नपाएर मूल्य बढ्न पुगेको छ। यसले गर्दा निर्यातलाई प्रोत्साहन भएको छैन। निर्यात गर्ने बेलामा पनि सिपोर्टहरूमा धेरै प्रतिस्पर्धाका कारण सिपिङ कम्पनीहरूले पनि ठाउँ नदिने समस्या छ।

अर्को ठूलो समस्या भनेको, विदेशी सिपिङ कम्पनीहरूले वीरगञ्जसम्म आएर डेलिभरी गर्ने गरेका छन्। विदेशीले नेपाली भूभागमै आएर ब्यापार गर्न नेपालमा नै दर्ता हुनुपर्छ। उनीहरूले काम नेपालमा गर्ने, तर पैसाको कारोबार भने भारतबाट गर्ने गरेका छन्। यो विषय ठूलो समस्या बनेको छ। यसलाई सरकारले तुरुन्त रोक्नुपर्छ। भारतीय कम्पनीहरूले रेलभाडा घटाउँदा पनि हाम्रा उपभोक्ता र आयातकर्ताले फाइदा उठाउन सकेका छैनन्। सिपिङ म्यानहरूलाई मात्रै यसले फाइदा गरेको छ। नेपालले पनि रेल चलाउने हो भने व्यवसायीलाई धेरै सुविधा हुन्छ।

**समाधानका उपाय**

पहिलो कुरा, नेपालमा काम गर्ने सिपिङ कम्पनीहरूलाई नेपालमै दर्ता गर्नुपर्ने नियम बनाउनुपर्छ। अन्य मुलुकमा दर्ता भएर नेपालमा काम गर्न दिनु हुँदैन। नेपालबाटै भुक्तानी लिने व्यवस्था गर्नुपर्छ। त्यति भयो भने अहिले देखिएका धेरै समस्या सामाधान हुन्छन्।

सरकारले ड्राइपोर्टहरूमा हेन्डलिङ चार्ज कम गर्नुपर्छ। अहिले सरकारले बनाएका कतिपय ड्राइपोर्टहरूको खर्च उठिसकेको छ। त्यसमा सरकारले शुल्क कम गरिदियो भने व्यवसायीलाई सहुलियत हुन्छ। लागत पनि कम हुन्छ। सरकारले आयातमा मात्र ध्यान नदिएर पूर्वाधारमा पनि लगानी गर्नुपर्छ। नीति निर्माण गर्दा एकीकृत बनाउनुपर्छ, छोटो समयमा नीतिहरू परिवर्तन हुनु हुँदैन। सरकारका तर्फबाट गर्नुपर्ने काम धेरै छ। सरकारले आफ्ना नीतिहरूमार्फत् नेपाली व्यवसायीलाई प्रोत्साहन गर्नुपर्छ। व्यापार सहजीकरणका पहलहरूमा निजी क्षेत्रको पूर्ण र समावेशी प्रतिनिधित्व हुनुपर्छ। आधारभूत ब्यापार सहजीकरण उपायहरूको कार्यान्वयन हुनुपर्छ। कागजविहीन ब्यापार, राष्ट्रिय र क्षेत्रीय एकल विन्डोको विकाससहित ब्यापार पोर्टलको विकास गर्नुपर्छ। राष्ट्रिय व्यापार सहजीकरण, कार्यसम्पादन, अनुगमन र संयन्त्र पहिचान गर्न आवश्यक छ। व्यापार सहजीकरणका लागि यातायात पूर्वाधारहरूको विकास तथा द्विपक्षीय र क्षेत्रीय स्वतन्त्र व्यापार सम्झौताहरूमा रहेका व्यापारका मुद्दालाई ठोस रुपमा सम्बोधन गर्नुपर्छ।





डा. राजीव सुब्बा

# आईसीटी आर्थिक रुपान्तरणको औजार

**विश्व नयाँनयाँ टेक्नोलोजी, अनुसन्धानमा निकै अघि बढिसक्दा नेपाल प्रविधिमा भर्खरै पाइला चाल्दैछ । विश्व बैंकको रिपोर्टअनुसार नेपालमा आईसीटी क्षेत्रमा पूर्वाधार निर्माणका निम्ति वार्षिक ६ अर्बको उपकरण आयात हुन्छ ।**

नेपालमा प्रविधि विकासको इतिहास लामो भए पनि सन् २०१० पछि मात्रै यसमा परिवर्तनको सुरुवात भएको हो । आजभन्दा दस वर्षअगाडि स्मार्टफोनको प्रयोग, इन्टरनेट विस्तार सुस्त नै थियो । जब हामी सन् २०१० बाट अघि बढ्यौं, नेपालको प्रविधि क्षेत्रमा थप नयाँ सुधार हुँदै गयो ।

नयाँनयाँ ई-कमर्स, स्टार्टअपहरूको कन्सेप्ट, दूरसञ्चार क्षेत्रमा पनि टुजी, थ्रिजीलगायतका थुप्रै विषयमा नेपाल अघि बढ्यो । वर्तमान अवस्थामा आइपुग्दा नेपाल टेक्नोलोजीको क्षेत्रमा हिँड्न थालेको देखिन्छ ।

विश्व नयाँनयाँ टेक्नोलोजी, अनुसन्धानमा निकै अघि बढिसक्दा नेपाल प्रविधिमा भर्खरै पाइला चाल्दैछ । विश्व बैंकको रिपोर्टअनुसार नेपालमा आईसीटी क्षेत्रमा पूर्वाधार निर्माणका निम्ति वार्षिक ६ अर्बको उपकरण आयात हुन्छ । जुन हिसाबले ब्रोन्डब्यान्ड कनेक्टिभिटीको पहुँच बढ्दै गएको छ, त्यसले पनि नेपालको प्रविधि क्षेत्रले पनि फड्को मार्दैछ भन्ने आभास दिन्छ ।

पछिल्ला वर्षहरूमा प्रत्येक नेपालीको हातमा दुईवटा स्मार्ट फोन हुने गरेको अध्ययनले देखाएको छ । भन्सार विभागको गत आर्थिक वर्षको तथ्यांक हेर्ने हो भने आब २०७८/७९मा करिब ३६ अर्ब रुपैयाँको ७५ लाख सेट मोबाइल फोन नेपाल भित्रिएको छ । यस हिसाबले हेर्दा नेपालीहरू डिजिटल टेक्नोलोजीको प्रयोगमा पनि अगाडि बढेका छन् ।

आजभन्दा १५ वर्षअगाडि फर्केर हेर्दा नेपाल भर्खरै

प्रविधि क्षेत्रमा बामे सर्दै थियो । स्मार्ट टेक्नोलोजी भित्रिएको थिएन भने मान्छे प्रविधिबारे जानकार पनि थिएनन् ।

अहिले मोबाइल ब्रोडब्यान्ड, एआई टेक्नोलोजी, फोरजी प्रविधि, रोबोटिक्सलगायतका विषयमा समेत नेपाल अघि बढेको पाइन्छ । खासगरी हामी पछिल्लो समय सबैभन्दा बढी ' फिनटेक'मा तीव्रताका साथ दौडिरहेका छौं । किनकि, सबै वर्गका मानिसले फिनटेक सहजै प्रयोग गरिरहेका छन्, जसले नेपालमा क्रान्ति नै ल्याएको छ ।

सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा दुईवटा कुरा मुख्य हुन्छन् । डिजिटाइजेसन र डिजिटलइजेसन ।

हाल नेपालमा जुन रुपमा प्रविधिमा रुपान्तरण भइरहको छ त्यसले डिजिटाइजेसन र डिजिटलाइजेसनलाई समेटेको छ ।

अनलाइन माध्यम पछिल्लो समय एउटा हतियार नै भइसकेको छ। हरेक विषय अनलाइनमै आधारित हुँदै गएको छ ।

सूचना प्रविधि क्षेत्रमा नेपाल केही अघि बढे पनि हामीसँगैका देशहरू निकै अघि पुगिसकेका छन् । कुनै समय यस्तो थियो, भारतमा समेत टेलिफोनको डिजिटल एक्सचेन्ज नभएको समयमा पहिलो डिजिटल एक्सचेन्ज नेपालले ल्याएको थियो ।

**अहिले डेटाबाट होस् अथवा फाइबरबाट इन्टरनेटको प्रयोग सबै नेपालीले गर्न पाएका छन । विगतलाई फर्केर हेर्दा इन्टरनेटको प्रयोगमा नेपालको राम्रो प्रगति भएको मान्नुपर्छ । नेपालमा कोरोना भाइरसको माहामारीपछि अधिकांश काम अनलाइनबाट हुन थाल्यो ।**

दक्षिण एसियामै छापा मिडिया पनि सबैभन्दा पहिले अनलाइनमा गएको भन्दा फरक पर्दैन । अहिले भारत सूचना प्रविधिमा अग्रणी देश बन्दै गर्दा नेपालमा देशभर इन्टरनेटको पहुँच पुग्न सकेको छैन भने मोबाइल कनेक्टिभिटको अवस्था पनि त्यस्तै छ । नेपाल र भारतमा सूचना प्रविधि पार्कको स्थापनाको विषयले सँगै चर्चा पाएको हो । नेपालमा चर्चामा मात्रै रह्यो भने चारतले बैंगलोरमा आईटी पार्क नै निर्माण गरेर काम अघि बढायो । त्यस हिसाबले नेपाल पछि परे पनि पछिल्लो समय सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा थोरै फड्को मारेको अवस्था छ ।

अन्तिरराष्ट्रिय दूरसञ्चार युनियन आईटीयूको रिपोर्ट हेर्ने हो भने नेपालको सूचना प्रविधिको इन्डेक्स बढेको छ । ई-गभर्नेन्सको क्षेत्रमा नेपाल अझ बलियो हुँदै गएको छ । सूचना प्रविधिमा पूर्वाधार विकास हुँदै गएको एउटा पाटो भयो भने नीतिगत तहमा समेत यस क्षेत्रको विकासमा उदार भएको कारणले पनि नेपालको आईटी क्षेत्रमा राम्रो विकास हुँदै गएको छ ।

अहिले डेटाबाट होस् अथवा फाइबरबाट इन्टरनेटको प्रयोग सबै नेपालीले गर्न पाएका छन । विगतलाई फर्केर हेर्दा इन्टरनेटको प्रयोगमा नेपालको राम्रो प्रगति भएको मान्नुपर्छ । नेपालमा कोरोना भाइरसको माहामारीपछि अधिकांश काम अनलाइनबाट हुन थाल्यो ।





कोभिडपछि नेपाल 'गिग इकोनोमी'मा गयो भन्दा फरक पर्दैन । कोभिडले अधिकांश संस्थाहरू अनलाइन प्ल्याटफर्ममा रुपान्तरण हुन पुगे, जसले डिजिटल प्ल्याटफर्मलाई प्रयोग गर्न बाध्य बनायो ।

शैक्षिक संस्था, सरकारी तथा गैरसरकारी संस्था, स्वास्थ्यलगायतका सबै क्षेत्र डिजिटाइजेसनको प्रक्रियामा गए । टेलिकम्युनिटिङको प्रक्रिया पनि कोभिडले नै नेपालमा स्थापित गरिदियो । अनलाइन प्ल्यार्टफर्ममै काम गर्ने र कोलाब्रेट गर्ने संस्कार भने कोभिडले नै बसालिदिएको हो ।

अनलाइन पेमन्ट, कोर बैंकिङको विषयमा विशेषगरी युवा जमातको सक्रियता उच्च छ । कोभिडपछि डिजटलाइजेसनको कुरामा नेपालका अधिकांश क्षेत्रमा निकै परिवर्तन आयो ।

अफलाइन कन्टेन्ट पढ्ने मानिस सबै अनलाइनमा गए भने शैक्षिक संस्थाले विद्यार्थीलाई अनलाइनबाटै कोर्स गराउन थाले । पैसा छोएर काम गर्ने मानिसहरूलाई महामारीपछि नजानेकाले पनि सिकेर डिजिटल पेमेन्ट प्ल्याटफर्ममा आउन बाध्य पा-यो । 'वर्क फ्रम होम'को कन्सेप्ट नै कोभिडले ल्याइदियो । वर्क कल्चर, आर्थिक कारोबार अनलाइन भए भने शैक्षिकलगायतका कन्टेन्टमा डिजिटल रुपान्तरण भयो ।

कोभिडले नेपालमा परिवर्तन ल्याएको अर्को क्षेत्र हो ईकमर्स । नेपालमा महामारीले ईकमर्स कम्पनीहरूलाई पनि टेवा दियो । ईकमर्सको माध्यमबाट ५ वटा क्षेत्रमा आमूल परिवर्तन आएको पक्कै हो ।

नेपालको समग्र आर्थिक विकासमा सूचना प्रविधिको महत्वपूर्ण भूमिका छ । आईटी सेक्टरको एउटा महत्वपूर्ण पिलर निजी क्षेत्र हो । सरकारले आईटीलगायतका क्षेत्रमा नीति बनाएअनुसार नै निजी क्षेत्र ड्राइभ हुने हो । अहिले नेपालमा क्युआरकोडको प्रचलन व्यापक रुपमा अगाडि बढेको छ, जुन निजी क्षेत्रको अग्रसरतामै भइरहेको छ ।

सूचना प्रविधि उद्योगमा नीतिगत रुपमा सबैभन्दा बढी ध्यान विदेशबाट काम ल्याउने अथवा आउटसोर्सिङ गर्नेतर्फ सरकारको ध्यान बढी गएको देखिन्छ । त्यस्तै, नेपालमा बसेर नेपालकै लागि सूचना प्रविधि क्षेत्रमा डिजिटाइजेसनमा काम गर्ने संस्थाहरूले के सहयोग गरे भन्ने प्रश्न चिह्न उभिन्छ । यस्ता कम्पनीहरूलाई सरकारले कुनै सुविधा र प्राथमिकतामा राखेको छैन् ।

नेपालमा एफडीआई (प्रत्यक्ष वैदेशिक लगानी) ल्याएर केही काम हुन्छ भने त्यो छुट्टै विषय भयो । आउटसोर्सिङ स्टार्टअपहरू नेपालमा आउने र काम गर्ने, तर प्रविधिमा भएको ट्रान्सफर्मेसनको फाइदा भने अरु देशले पाउने अवस्था छ ।

**कोभिडले नेपालमा परिवर्तन ल्याएको अर्को क्षेत्र हो ईकमर्स । नेपालमा महामारीले ईकमर्स कम्पनीहरूलाई पनि टेवा दियो । ईकमर्सको माध्यमबाट ५ वटा क्षेत्रमा आमूल परिवर्तन आएको पक्कै हो ।**

सरकारले डिजिटल फ्रेमवर्क कार्यान्वयन गर्ने भन्दै वर्षौंदेखि विभिन्न छलफल भइरहेको छ । जुनसुकै क्षेत्र ड्राइभ गर्ने निजी क्षेत्र नै हो । डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गर्नका लागि पनि निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्ने, लगानीको वातावरण बनाइदिनेजस्ता विषयमा राज्यले ध्यान दिनुपर्छ ।

भारत सरकारले बैंगलोरमा आईटी पार्क सञ्चालन गरेपछि त्यहाँ ठूलो ट्रान्सफर्मेसन आयो । नेपालमा पनि आईटी पार्क बनाउने प्रयास भयो, तर भिजन कमजोर भएको जस्तो लाग्छ ।

काभ्रेको घुलिखेलमा आईटी पार्क खोल्ने घोषणा भयो । तर त्यहाँ कम्पनी खोल्न कोही पनि इच्छुक देखिएनन्, किनकि सरकारले त्यहाँ कम्पनी खोल्न सहजीकरण नै गरेन ।

समग्रमा अहिले आईटी उद्योगलाई अगाडि बढाएको निजी क्षेत्रले नै हो । मर्कन्टाइलले सुरुमा इन्टरनेट सेवा ल्याउँदा नेपालमा कानुनी प्रावधान केही पनि थिएन । बिनाकुनै नीति मर्कन्टाइलले टेलिफोन एक्सचेन्जको प्रावधानमाथि टेकेर इन्टरनेट सेवा सुरु गरेको थियो । ईसेवा, ईकमर्स कम्पनीहरू पनि सोही हिसाबबाट सुरु भएका हुन् ।

निजी क्षेत्र भनेको राज्यको कर अशुल्ने क्षेत्र मात्रै होइन । अहिलेको परिप्रेक्ष्यमा डेटा अर्थतन्त्र महत्वपूर्ण विषय बन्दै गएको छ । यो अवस्थामा राज्यले नेपालमै सफ्टवेर उत्पादन गर्ने, सूचना प्रविधिमा काम गर्ने उद्योगहरूलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । राज्यले 'मेक इन नेपाल'को योजनालाई अघि सार्नुपर्ने अहिलेको आवश्यकता हो । सफ्टवेयर उत्पादन गर्ने कम्पनीले प्रोडक्ट निर्यात गर्नुपर्छ । हामीलाई हार्डवेयरदेखि सफ्टवेर टेक्नोलोजीसम्म आवश्यक पर्छ । यसलाई प्रोत्साहन गर्न राज्यले ५ वर्षका लागि 'ट्याक्स होलिडे'को सुविधालाई प्राथमिकता दिनुपर्छ ।

सूचना तथा सञ्चार प्रविधि क्षेत्रलाई प्रोत्साहन गर्न कम्पनी र कर्मचारीको हितमा पनि हुने गरी स्ट्यान्डर्ड तलब स्केल तोकिदिनुपर्छ । प्राइभेट कम्पनीमा कसैले १० हजार दिने त कसैले एक लाख पनि दिने परिपाटी राम्रो होइन । अमेरिकामा घण्टाको निश्चित तलब तोकिएको छ, त्यसरी नै राज्यले सो मोडल अपनाउनुपर्छ । खासगरी आउटसोर्स कम्पनीहरूलाई करको दायरामा ल्याउनुपर्छ, ताकि उनीहरूले दिएको योगदान देखियोस् । सूचना प्रविधि क्षेत्रको लागि राज्यले आईटी शिक्षामा लगाएको बन्देज हटाउनु जरुरी छ । आईटी कलेजमा एउटा सेसनमा ४८ जना मात्रै भर्ना हुने पाउने व्यवस्था छ । हदबन्दी नराखी जति विद्यार्थीले आईटी पढ्ने इच्छा गर्छन्, खुल्ला गरिदिनुपर्छ ।

अहिले साइबर सेक्युरिटी सेक्टरमा संसारभरि ३५ लाख रोजगारीको माग छ । नेपालले पनि पछिल्लो समय विभिन्न देशमा नर्स पठाउने योजना बनाउँदै आएको छ । त्यसैगरी सूचना प्रविधि क्षेत्रका मान्छेले पनि महिनाको लाखौं कमाउन सक्ने प्ल्याटफर्म बनाउन सकिन्छ । एकातिर संसारभरि उच्च माग छ, अर्कोतिर डिमान्डलाई पूर्ति नगरी कलेजमा कोटा निर्धारण गरेका छौं ! त्यसमा गुणस्तरका कुरा पनि होलान्, त्यसलाई सरकार र निजी क्षेत्रको सहकार्यमा नियमन गर्नुपर्छ ।

त्यसैगरी नेपालका विश्व-विद्यालयहरूले स्किलमा पनि ध्यान दिनुपर्ने अवस्था छ । शिक्षा मन्त्रालयको नीतिमार्फत् यो विषयलाई समेट्न सकिन्छ । कुनै पनि प्रोग्राम पढाइन्छ भने एक हप्ताको कोर्स मात्रै पढाएर हुँदैन । विद्यार्थीले कोर्स र प्रोग्रामसहित ट्रेनिङ पनि पाउनुपर्छ । स्किलमा आधारित शिक्षा प्रणाली नेपालको लागि महत्वपूर्ण विषय हो ।

नेपालको सूचना प्रविधि क्षेत्रमा आउने म्यानपावरसँग आईटी उद्योगमा आवश्यक स्किल नभएको हाम्रो अध्ययन छ। राज्यसँग जोडिएको विश्व-विद्यालयले नेपालको आईटी उद्योगलाई चाहिने स्किल्ड म्यानपावर उत्पादन गर्न सकेन।

राज्यले विश्व-विद्यालयबाट उत्पादन हुने विद्यार्थीमा सफ्ट स्किल र हार्ड स्किलमा आधारित दक्ष जनशक्ति दिने हो भने निजी क्षेत्रले यसमा लगानी गरिराख्नु पर्दैन। यस्तो प्रावधान सरकारले बनाउनुपर्छ । अब नेपालका लागि सूचना प्रविधि क्षेत्रलाई नियमन गर्ने एउटा छुट्टै निकाय आवश्यक छ । सूचना तथा सञ्चार मन्त्रालयले सबै काम गर्न सक्दैन। त्यसैले सूचना प्रविधिको शक्तिशाली निकाय बनाउनुपर्छ, जुन भारतलगायतका देशहरूमा पनि छ । सोही निकायको मातहतमा रहने गरी साइबर सुरक्षालाई पनि जोड्नुपर्छ। साइबर सुरक्षा अहिले विश्वकै ठूलो थ्रेटको रुपमा छ। एक करोड लगानी गर्ने कुनै पनि कम्पनीले साइबर सुरक्षामा निश्चित लगानी गर्नुपर्ने स्पष्ट प्रावधान हुनुपर्ने किसिमले अगाडि बढ्नुपर्छ। यसले गर्दा नेपालमा साइबर सुरक्षा उद्योग पनि बलियो भएर आउँछ।

नेपालमा अहिले भएको सूचना प्रविधि क्षेत्रको विकासका लागि प्रविधिगत पूर्वाधारहरू पर्याप्त छैनन्। सूचना प्रविधिको मुख्य हाइवे नै इन्टरनेट सेवा हो। जुन अहिले सहर केन्द्रित मात्रै छ। नेपाल दूरसञ्चार प्राधिकरणको तथ्यांक हेर्ने हो भने नेपालमा इन्टरनेको फिक्स्ड ब्रोडब्यान्ड इन्टरनेट ३१ प्रतिशतको पहुँचमा र मोबाइल ब्रोडब्यान्ड इन्टरनेट ९८ प्रतिशतसम्म पुगेको छ।

नेपालको मोबाइल ब्रोडब्यान्ड इन्टरनेट महँगो भएका कारण सबै क्षेत्रका जनताले उपभोग गर्न सक्ने अवस्था बनेको छैन । अर्को कुरा, फिक्स्ड ब्रोडब्यान्ड इन्टरनेटका सेवाप्रदायकहरू सहर केन्द्रित छन्।

नियामक दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार कोषमा जम्मा भएको रकम परिचालन गरेर स्थानीय तहहरूमा इन्टरनेट पुऱ्याउने भने पनि प्रभावकारी देखिएको छैन। नेपाल टेलिकमले देशभर टेलिकम पूर्वाधार तयार गर्ने गरी अघि बढेको देखिन्छ। निजी सेवाप्रदायकले भने जाने छाँटकाँट देखाएका छैनन्। सूचना प्रविधि क्षेत्रको इकोसिस्टम निर्माण गर्ने अप्टिकल फाइबर ब्याकबोन नेटवर्कमा १० अर्ब खर्च गरिए पनि थला परेर बसेको छ।

**सूचना प्रविधिको गेमचेन्जर प्रोजेक्टको रूपमा अघि बढाइएको डिजिटल फ्रेमवर्कको नियमन र कार्यान्वयन गर्ने निकाय नै छैन। त्यस्तै, नेपालमा सूचना प्रविधिको क्षेत्रमा वैदेशिक लगानी ल्याउन नेपालसँग पर्याप्त पूर्वाधार समेत छैन।**

एकातिर सूचना प्रविधि क्षेत्रमा पूर्वाधार कम छ र भएकाले पनि प्रभावकारी ढंगबाट काम गरिरहेका छैनन्। नेपालको सूचना प्रविधि क्षेत्रको मुख्य चुनौती नै दक्ष जनशक्तिको अभाव बन्न पुगेको छ । आईटी कम्पनीहरूले राम्रो सेवासुविधा दिने गरी भ्याकेन्सी गर्दा पनि मान्छे पाउन कठिन छ। यसको मतलब आईटी उद्योगमा दक्ष र योग्य मान्छेको कमी छ । युवाहरू यसरी नै विदेशिने हो भने नेपालको सूचना प्रविधि क्षेत्रमा काम गर्न विदेशबाट दक्ष जनशक्ति ल्याउनुपर्ने अवस्था नआउला भन्न सकिन्न। खासगरी, सरकारी निकायमा सूचना प्रविधिले सेवा प्रवाहमा के परिवर्तन ल्याउँछ भनेर कुरा बुझ्ने मान्छेको कमी नै समस्या हो। जसले गर्दा, जुन स्पिडमा सूचना प्रविधिको रुपान्तरण हुनुपर्ने हो त्यो भइरहेको छैन। सूचना प्रविधि भन्नेबित्तिकै एउटा कम्प्युटरको डब्बामात्रै भनेर बुझ्ने मानसिकता छ।



नेपालका सरकारी कार्यालयहरूमा सूचना प्रविधिको प्रयोगबाट हुने परिवर्तन र विकास नै ब्युरोक्रयाटहरूले बुझ्न सकेका छैनन्। सूचना प्रविधि क्षेत्रमा तुरुन्तै नतिजा आउँदैन। तत्काल रिजल्ट नआउने कारण हत्तपत्त आईसीटी उद्योगमा लगानी गर्न हिचकिचाउने गरेको देखिन्छ।

अहिले आईसीटी उद्योगमा पुराना मान्छे पाउन एकदमै कठिन छ, किनकि उनीहरूले त्यो सस्टेन गर्नै सकेनन्। आईटी क्षेत्र सेवामूलक क्षेत्र भएकाले पनि तत्काल रिजल्ट नआउने र आए पनि सरकारी संरक्षण नभएर पछि बिलाउने अवस्था छ । राज्यले सूचना प्रविधि क्षेत्रलाई प्रवर्द्धन र प्रोत्साहनको नीति किताबी रुपमा धेरै लिएको देखिन्छ। राज्यका कुनै पनि निकायमा सेवा लिन जानुपर्दा भौतिक रुपमा उपस्थित नभई काम हुँदैन । डिजिटल फ्रेमवर्कको अवधारणा सार्वजनिक गरेको वर्षौं भइसक्दा पनि अहिलेसम्म प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्था छ।

सबैभन्दा पहिला सरकारी कार्यालयहरूलाई डिजिटल अटोमेसनमा लग्नुपर्छ। सरकारी सेवामा लागु गरेमात्रै सेवाबारे बुझ्न सहज हुन्छ।

बाहिरबाट हेर्दा सूचना प्रविधि क्षेत्रमा धेरै नीति ल्याएको देखिए पनि कार्यान्वयन तहमा कुनै काम भएको देखिँदैन । सूचना प्रविधि क्षेत्रलाई अगाडि बढाउन सरकारसँग कुनै भिजन नै छैन।

सूचना प्रविधिको गेमचेन्जर प्रोजेक्टको रुपमा अघि बढाइएको डिजिटल फ्रेमवर्कको नियमन र कार्यान्वयन गर्ने निकाय नै छैन। त्यस्तै, नेपालमा सूचना प्रविधिको क्षेत्रमा वैदेशिक लगानी ल्याउन नेपालसँग पर्याप्त पूर्वाधार समेत छैन।

नेपालको सूचना प्रविधि क्षेत्रलाई अगाडि बढाउन सबैभन्दा पहिलो कुरा सरकारसँग स्पष्ट दृष्टिकोण हुनुपर्छ। सूचना प्रविधिबाट के भिजन लिएर अघि बढ्ने हो नीतिनिर्माणको तहमा समेत स्पष्टता हुनु अहिलेको आवश्यकता हो । आईसीटीले कुन सेक्टरमा के कस्ता रुपान्तरण ल्याउन सक्छ त्यसलाई राज्यले औंल्याउनुपर्छ । राज्य र निजी क्षेत्रको समानान्तर भिजन भएमात्रै सूचना प्रविधिको क्षेत्रलाई अब्बल बनाउन सकिन्छ । सूचना प्रविधि आर्थिक, सामाजिक, राजनीतिक र समग्र देशकै संयन्त्रलाई परिवर्तन गर्ने प्रणाली हो भन्ने राज्यले हेक्का राख्नुपर्छ।

*सुब्बा क्यानका पूर्वमहासचिव तथा सूचना प्रविधि विज्ञ हुन्।*



| ध्रुव थापा

# सिमेन्ट उद्योगमा विदेशी लगानी रोक्नुपर्छ

**निजी क्षेत्रले संविधान निर्माण र भूकम्पपछि यस क्षेत्रमा लगानी गर्नुको मुख्य कारण आर्थिक क्रान्तिको सपना हो । आर्थिक प्रगति गर्नका लागि पूर्वाधारमा लगानी गर्नुपर्ने र पूर्वाधारमा लगानी गर्न सिमेन्ट तथा डण्डी मुख्य वस्तु भएकाले यस क्षेत्रमा लगानी बढेको हो ।**

नेपालको सिमेन्ट उद्योगमा निजी क्षेत्र प्रवेश गरेको दुईदशक भयो । सुरूमा निजी क्षेत्रले लगानी गर्दा भारतबाट क्लिंकर ल्याएर ग्रान्डिङ (सिमेन्ट बनाउने र प्याकेजिङ) गर्ने उद्योग स्थापना भएको थियो । तर निजी क्षेत्रको प्रवेशपछि सिमेन्ट उत्पादनमा नेपाल आत्मनिर्भर बनेको छ । यस्तै, क्लिंकर उत्पादनमा समेत नेपाल आत्मनिर्भर बनिसकेको छ । र, यतिबेला हामी भारततर्फ सिमेन्ट निर्यातको तयारी थालिरहेका छौं ।

२०७२ सालको भूकम्पपछि संविधान बन्यो र त्यसपछिको आमचुनावमा बहुमतसहितको सरकार बन्यो । त्यसपछि, नेपालको निर्माण क्षेत्रले फड्को मार्ने प्रक्षेपणसहित निजी क्षेत्रले क्लिंकर र सिमेन्टमा झनै लगानी बढाए ।

निजी क्षेत्रले संविधान निर्माण र भूकम्पपछि यस क्षेत्रमा लगानी गर्नुको मुख्य कारण आर्थिक क्रान्तिको सपना हो । आर्थिक प्रगति गर्नका लागि पूर्वाधारमा लगानी गर्नुपर्ने र पूर्वाधारमा लगानी गर्न सिमेन्ट तथा डण्डी मुख्य वस्तु भएकाले यस क्षेत्रमा लगानी बढेको हो ।



तर निजी क्षेत्रले गरेको अपेक्षाविपरीत सिमेन्टको खपत बढ्न सकेन। नेपाल सिमेन्टमा आत्मनिर्भर बन्ने बाटोतर्फ अग्रसर बनेको करिब ६/७ वर्ष मात्रै भएको छ। २०७६ सालदेखि विश्वव्यापी महामारीका रूपमा कोरोना भाइरस आयो। यसले गर्दा सिमेन्ट क्षेत्रमा भएको लगानी अनुसार बजार पाउन सकेन। र, निजी क्षेत्रले लामो समयदेखि भारतमा सिमेन्ट निकासीको वातावरण बनाइदिन सरकारसमक्ष आग्रह गरिरहेको थियो।

आर्थिक वर्ष २०७७/७८ को बजेटमार्फत् सिमेन्टलाई निर्यातयोग्य वस्तुका रूपमा पहिचान गराउन सफल बनेका थियौं। चालु आवको बजेटमार्फत् अर्थमन्त्री जनार्दन शर्माले सिमेन्ट, डण्डी र जुत्ता निर्यातमा ८ प्रतिशतसम्म नगद अनुदान दिने व्यवस्था गरिदिएपछि केही सहज भएको छ। तर यो पनि न्यून नगद अनुदान हो। यसलाई बढाएर १० प्रतिशत बनाउनुपर्छ भन्ने हाम्रो माग छ। यद्यपि, यो व्यवस्थासँगै सिमेन्ट उद्योगीहरू उत्साहित बनेका छन्। लामो समयदेखिको उद्योगीरूको माग सुनुवाई भए पनि कार्यान्वयनको पाटो बाँकी नै छ। सिमेन्ट निर्यात गर्दा प्रोत्साहन स्वरूप दिइने ८ प्रतिशत नगद अनुदान पाएमा नेपालमा उत्पादित सिमेन्टले भारतीय बजारमा प्रतिस्पर्धा गर्न सक्छन्।

नेपालबाट भारततर्फ परीक्षणका रूपमा सिमेन्ट निर्यात सुरू भइसकेको छ। नवलपरासीको पाल्पा सिमेन्टले भारततर्फ सामान पठाइसकेको छ। अब यो निर्यात प्रक्रियालाई निरन्तरता दिनु मुख्य चुनौती बनेको छ। यदि भारततर्फ सिमेन्ट निर्यात हुन सकेको स्थितिमा भारतीय सीमानजिक रहेका उद्योगहरूले राम्रो बजार पाउने छन्। भारतको सय किलोमिटरभित्र पर्ने सहरी क्षेत्रमा पुगेर नेपाली सिमेन्ट बेच्न सकिने आकलन गरिएको छ। किनकि, भारतको बिहार र उत्तरप्रदेश राज्यको आसपास सिमेन्ट उद्योगहरू छैनन्। ती राज्यमा यतिबेला पूर्वाधारमा लगानी ह्वात्तै बढेको छ। र, ती राज्यहरूभन्दा सयौं माइल पर मात्रै सिमेन्ट उद्योग सञ्चालनमा छन्। दूरीका हिसाबमा ती दुई स्थानमा अन्य राज्यबाट सिमेन्ट ल्याउनुको साटो नेपालबाट लग्न सहज हुन्छ। सबै कुरा हाम्रो आकलनअनुसार भएमा १ खर्ब ५० अर्ब रुपैयाँसम्मको सिमेन्ट निर्यात गर्न सकिन्छ।

**नेपालबाट भारततर्फ परीक्षणका रूपमा सिमेन्ट निर्यात सुरू भइसकेको छ। नवलपरासीको पाल्पा सिमेन्टले भारततर्फ सामान पठाइसकेको छ। अब यो निर्यात प्रक्रियालाई निरन्तरता दिनु मुख्य चुनौती बनेको छ।**

भारत निर्यात गर्न सकियो भने देशको अर्थतन्त्रमा फाइदा पुग्छ। भारततर्फ निर्यातको सम्भावना अपार छ। तर त्यहाँ पनि नेपालमा जस्तै बजारमागको तुलनामा उत्पादन बढी छ। भारतमा बजारको माग तुलनामा ०.५ प्रतिशत बढी उत्पादन भइरहेको छ। यस्तै, उनीहरूको चाहना भारतीय बजारमा नेपाली सिमेन्ट नआओस् भन्ने पनि हुन सक्छ। उनीहरूको पनि नेपालतर्फ निर्यात गर्ने चाहना हुन सक्छ। यसैगरी, नेपालको उत्पादन लागत भारतीय सिमेन्टको तुलनामा बढी छ। तर गुणस्तरीय वा वातावरणीय हिसाबमा हामी भारतीय सिमेन्टसँग प्रतिस्पर्धा गर्न तयार छौं।

अहिलेसम्म सिमेन्ट क्षेत्रमा ३ खर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको छ। यो लगानीबाट ६५ वटा सिमेन्ट उद्योग र १७ वटा क्लिंकर उद्योग सञ्चालनमा छन्। यी उद्योगहरूमा ५० हजारजनाले प्रत्यक्ष रोजगारी पाएका छन्। अप्रत्यक्ष त योभन्दा ४ गुणा बढीले रोजगारी पाएका छन्। विकट गाउँबाट ढुंगा ल्याएर सहरबजारसम्म सिमेन्ट बनेर आउँदाको 'सप्लाइ चेन' ठूलो छ। चेन ठूलो भएकाले यसको अप्रत्यक्ष रोजगारी धेरै छ। सिमेन्ट उद्योगले यातायात क्षेत्रलाई काम दिएको छ। सिमेन्ट लोड/अनलोड गर्नेलाई रोजगारी दिएको छ। योबाहेक सबैभन्दा धेरै निर्माण क्षेत्रमा रोजगारी दिएको छ। देशको समग्र अर्थतन्त्रको चेनमा सिमेन्ट एउटा महत्वपूर्ण वस्तु हो। त्यसैले सिमेन्ट क्षेत्रले आर्थिक गतिविधिलाई चलायमान राख्न महत्वपूर्ण भूमिका खेलेको छ।

सिमेन्ट क्षेत्रमा होङ्सी र ह्वासिन गरी दुईवटा उद्योगमा ठूला वैदेशिक लगानी आएको छ। यससँगै नेपालको वार्षिक सिमेन्ट उत्पादन २०.५ मिलियन टन पुगेको छ। जबकि, कुल उत्पादन क्षमताको ५० प्रतिशत सिमेन्ट पनि हामीले खपत गर्दैनौं। गत आवमा नेपालमा जम्मा ९ मिलियन टन सिमेन्ट खपत भएको तथ्यांक सिमेन्ट उत्पादक संघले निकालेको छ। यो विगत ३ वर्षअघि भएको खपतको बराबर परिमाण हो। बजारको मागभन्दा उत्पादन धेरै भएकाले अहिले नेपालका सिमेन्ट उद्योगहरूले उत्पादन लागतभन्दा सस्तो मूल्यमा बिक्री गरिरहेका छन्। अहिले उद्योगीलाई सिमेन्टको मूल्यमा प्रतिबोरा ४० रुपैयाँसम्म घाटा छ।



सोहीकारण, यस वर्ष सबै उद्योगको ब्यालेन्स सिट ऋणात्मक आउँछ। अहिले विश्वव्यापी रुपमा बढेको महँगीका कारण र कोरोना महामारीका कारणसमेत सिमेन्ट उद्योग घाटामा रहेका हुन्। विश्वभर बढेको महँगीले कोइलाको मूल्य उच्च बनाएको छ। जसले गर्दा उत्पादन लागत बढेको छ। अब यही गतिमा सिमेन्ट बजार रहेमा ८/१० वटा उद्योग बन्द हुन सक्छन्। यसका लागि खपत बढ्नुपर्छ र नाफामा सिमेन्ट बेच्न पाएमा ती उद्योग बाँच्न सक्छन्।

सिमेन्ट उत्पादनमा आत्मनिर्भर भएर बजार नै नभएको स्थितिमा पनि विदेशी लगानीको ओइरो लागिरहेको छ। होङ्सी र ह्वासिन सिमेन्टबाहेक अन्य उद्योगमा पनि केही प्रतिशत विदेशी लगानी भित्रिएको छ। अब सिमेन्ट क्षेत्रमा विदेशी लगानी बन्द गर्नुपर्ने स्थिति आएको छ। हामी सिमेन्ट उद्योगीहरू सिमेन्टमा वैदेशिक लगानी आवश्यक छैन भनेर माग उठाउन थालेका छौं। हामी स्वदेशी उद्योगीले स्वदेशी पुँजीबाटै सिमेन्टलाई यो स्थितिसम्म पुऱ्याएका हौं। सिमेन्ट क्षेत्रलाइ यो स्थितिसम्म ल्याइपुऱ्याउन सानो स्केलबाट सुरू गरेर ठूलो दुःख गरेका छौं। अहिले सिमेन्ट क्षेत्रमा हामी आत्मनिर्भर बनेर निर्यात गर्ने अवस्थामा पुगेका छौं।

तर अहिले स्वदेशी उद्योगी नै विस्थापित हुने गरेर विदेशी लगानी भित्रिरहेको छ। यस्तै स्थिति रहिरहे स्वदेशी लगानीमा स्थापना भएका सम्पूर्ण सिमेन्ट उद्योग धराशायी बन्छन्। र, विदेशी लगानीसहित स्थापना भएका उद्योगहरूको एकाधिकार हुन पुग्छ। त्यसपछि सिमेन्ट क्षेत्रबाट कमाएको नाफा विदेश जान्छ। स्वदेशी लगानीले नै आत्मनिर्भर बनेको क्षेत्रमा किन विदेशी लगानी ल्याउने ? सिमेन्टभन्दा अन्य धेरै क्षेत्रमा विदेशी लगानी आवश्यक छ। तिनै क्षेत्रको पहिचान गरेर विदेशी लगानी भित्र्याउने वातावरण बनाउनुपर्छ। हामीले नेपाल लगानी बोर्ड र नेपाल सरकारलाई लिखितरूपमै पत्र पठाइसकेका छौं। सिमेन्ट क्षेत्रमा आइरहेको विदेशी लगानी रोक्नुपर्छ।

विदेशी लगानी आइरहने, सिमेन्ट उत्पादन क्षमता बढिरहने, खपत घटिरहने हो भने नेपालका सबै उद्योग धराशायी बन्छन्। यस्तो स्थितिमा कुल उत्पादन क्षमताको आधा पनि सिमेन्ट खपत नहुनु अर्थतन्त्रका निम्ति सकरात्मक सूचक होइन। खासगरी, हाम्रो देशको विकास बजेट कम हुनु र विनियोजित बजेटको ५० प्रतिशत पनि खर्च नहुनु मुख्य समस्या हो। नेपालमा सिमेन्टको खपत बढाउनका लागि सरकारले विकास बजेट बढाउनुपर्छ। र, विनियोजन गरेको विकास बजेटलाई शतप्रतिशत खर्च गर्नुपर्छ। छुट्याइएको विकास बजेटले नपुगेमा निजी क्षेत्रसँग ऋण उठाउने वा विदेशी दातृ निकायसँग समेत ऋण लिने व्यवस्था गर्नुपर्छ। यसो गर्न सकेमा उत्पादित सिमेन्टको खपत बढ्न जान्छ।

सडक कालोपत्रे गर्दा नेपालको भौगोलिक अवस्थाका कारण धेरै टिकाउ हुँदैनन्। अहिलेसम्म बनाइएका सबै सडकको स्थिति हेर्दा विकास निर्माण कार्यलाई नै 'बदनाम' बनाएको अवस्था छ। त्यसैले सडकलाई कालोपत्रे गर्नुको साटो कंक्रिटको बनाउनुपर्छ। एकपटक कंक्रिटको सडक बनाएपछि बीसौं वर्षसम्म टिक्छ। गुणस्तरीय

**विदेशी लगानी आइरहने, सिमेन्ट उत्पादन क्षमता बढिरहने, खपत घटिरहने हो भने नेपालका सबै उद्योग धराशायी बन्छन्। यस्तो स्थितिमा कुल उत्पादन क्षमताको आधा पनि सिमेन्ट खपत नहुनु अर्थतन्त्रका निम्ति सकरात्मक सूचक होइन।**

ढंगमा बनाउँदा ५० वर्षसम्म पनि टिक्छ । यसो गर्न सकेमा नेपालको अलकत्रा आयात र कालोपत्रे गर्न चाहिने वस्तुको आयात पनि घट्न जान्छ । त्यसले व्यापार घाटा पनि घटाउँछ । वर्षेपिच्छे सडक मर्मत गरिराख्नुपर्ने बाध्यताको पनि अन्त्य हुन्छ । नेपालका उच्च हिमाली र पहाडी क्षेत्रका सडक कंक्रिटको बनाउनु उत्तम हुन्छ । यसका लागि निजी क्षेत्रले लामो समयदेखि सरकारसमक्ष आवाज उठाउँदै आएको छ ।

सिमेन्ट खपत उच्चतम बिन्दुमा पुगे पनि नेपाली बजारले मात्रै हाम्रो सबै उत्पादन प्रयोग गर्न सक्दैन । त्यसैले भारतीय बजार नेपाली सिमेन्टका लागि उत्कृष्ट गन्तव्य बन्न सक्छ । छिमेकी मुलुकमा रहेको अथाह निर्यातको सम्भावनालाई सदुपयोग गर्नुपर्छ । तर नेपाली सिमेन्ट भारतीय सिमेन्टको तुलनामा महँगो भएकाले सरकारले नगद अनुदान दिनुपर्ने भएको हो । सरकारले ८ प्रतिशतसम्म नगद अनुदान दिँदा सिमेन्टलाई यति धेरै प्रोत्साहन किन भन्ने प्रश्न पनि उठिरहेको छ । सिमेन्ट नेपालमा उत्पादन हुने जलविद्युत्, सेवा र कृषिजन्य व्यवसायपछि सबैभन्दा धेरै मूल्य अभिवृद्धि हुने क्षेत्र हो । सिमेन्ट उत्पादन गर्दा ६५ प्रतिशतसम्मको मूल्य अभिववृद्धि भइरहेको छ ।

विश्वबजारमा कोइलाको मूल्य बढ्नुअघि सिमेन्टमा ७०-७५ प्रतिशतसम्म मूल्य अभवृद्धि हुन्थ्यो । अहिले कोइलाको भाउ बढ्दा पनि ६० देखि ६५ प्रतिशतसम्म मूल्य अभिवृद्धि भइरहेको छ । सिमेन्ट उत्पादन गर्नका लागि विदेशबाट कोइला, जिप्सम र पोर्टल्यान्ड पोज्जोलोना सिमेन्ट (पीपीसी)का लागि फ्लाइ एसको आयात भइरहेको छ । विदेशबाट सिमेन्टका लागि चाहिने कच्चा पदार्थका रूपमा आयात हुने मुख्य वस्तु यिनै हुन् । यीमध्ये पनि कोइला सबैभन्दा मुख्य वस्तु हो । फ्लाइ एस पीपीसी सिमेन्टका लागि मात्रै प्रयोग हुन्छ भने जिप्समको हिस्सा ५ प्रतिशत हाराहारीमात्रै हुन्छ ।

हाल विश्वबजारमा फ्लाइ एसको विकल्पको खोजी भइरहेको छ । युरोपियन मुलुकहरूमा लाइमस्टोन सिमेन्टको प्रयोग हुन थालिसकेको छ । यो भनेको नपकाएको चुनढुंगाबाट उत्पादन गरिने सिमेन्ट हो । हालसम्म नेपालमा पकाएको चुनढुंगाबाट सिमेन्ट उत्पादन हुँदै आइरहेको छ । नेपालमा पनि युरोपको जस्तै प्रविधिबाट सिमेन्ट उत्पादनका लागि पहल सुरू भइसकेको छ । निजी क्षेत्रले सरकारसँग यस प्रकारको सिमेन्ट उत्पादनका लागि छलफल गरिरहेको छ । साथै, एलसी थ्री भन्ने सिमेन्टसमेत प्रचलनमा आउन थालेको छ । यो सिमेन्टमा चुनढुंगाको साटो रातो र कमेरो मिसिएको माटोलाई कच्चा पदार्थका रूपमा प्रयोग गरिन्छ । विशेषप्रकारको माटोलाई पोलेर सिमेन्टका रूपमा प्रयोग गर्ने प्रविधिबाट उत्पादित सिमेन्टलाई एलसी थ्री भनिन्छ । फ्लाइ एसको सट्टा ती कच्चा पदार्थ प्रयोग गरेर लाइमस्टोन र एलसी थ्री सिमेन्ट उत्पादन गर्न सुरू गरियो भने मूल्य अभिवृद्धि झनै बढ्छ । हुन त अहिले पनि ओपीसीमा उच्च दरको मूल्य अभिवृद्धि भइरहेको छ ।



**सिमेन्ट खपत उच्चतम बिन्दुमा पुगे पनि नेपाली बजारले मात्रै हाम्रो सबै उत्पादन प्रयोग गर्न सक्दैन । त्यसैले भारतीय बजार नेपाली सिमेन्टका लागि उत्कृष्ट गन्तव्य बन्न सक्छ । छिमेकी मुलुकमा रहेको अथाह निर्यातको सम्भावनालाई सदुपयोग गर्नुपर्छ ।**

अब सिमेन्ट उद्योग सञ्चालन गर्दा वातावरणमा हुने प्रदूषणको कुरा गरौं । वातावरण र विकासबीच धेरथोर प्रतिस्पर्धा शदिऔंदेखि चल्दै आएको छ । अहिले सिमेन्ट उत्पादन गर्दा उच्च प्रविधिको प्रयोग हुन थालिसकेको छ । त्यसैले अहिले सिमेन्ट उद्योगबाट धुलो, धुवाँ, फोहोरमैला आउँदैन । तर सिमेन्ट उत्पादन गर्दा कार्बनडाइअक्साइड भने उत्सर्जन हुन्छ । क्लिंकर बनाउँदा क्याल्सियम कार्बोनेटलाई पोलेर क्याल्सियम अक्साइड र कार्बनडाइअक्साइड छुट्याउनुपर्छ । यसरी छुट्याउँदा वातावरणमा कार्बनडाइअक्साइड उडेर जान्छ । यसले प्रदूषण बढाउँछ । यो रोक्न सकिँदैन ।

बिजुलीबाट सिमेन्ट उत्पादन गर्दा प्रदूषण कम होला भन्ने अपेक्षा गर्न सकिन्छ । तर अहिलेसम्म सिमेन्ट उत्पादनमा कोइलाको विकल्प भेटिएको छैन । भावी दिनमा भेटिने सम्भावना भए पनि अहिले नै त्यो विकल्प हात लाग्ने सम्भावना कम छ । क्लिंकर बनाउनका लागि १४ सय डिग्रीमा पकाउनुपर्छ । उच्च तापक्रममा पकाउनुपर्ने भएकाले सिमेन्ट उत्पादनमा कोइलाको विकल्प बिजुली बन्न कठिन छ । यतिबेला बिजुलीबाट फलाम पगाल्ने प्रविधि प्रचलनमा आइसकेको छ । त्यसलाई हेर्दा भने भविष्यमा सिमेन्ट उत्पादन गर्दा पनि बिजुलीको प्रयोग हुने प्रविधि आउन सक्छ । यदि सिमेन्ट उत्पादनमा बिजुलीको प्रयोग गर्न सकियो भने ९५ प्रतिशतसम्म मूल्यअभिवृद्धि हुन सक्छ ।

*थापा नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष हुन् ।*

## सल्लाहकार समिति


अमृत खरेल


राजेन्द्र पराजुली


राजेन्द्रप्रसाद रिमाल


लोकबहादुर चापागाईं


श्रीधर खनाल


कपिल ढकाल
(कानूनी सल्लाहकार)

## नेपाल आर्थिक पत्रकार संघ (नाफिज)
### कार्यसमिति


मोदनाथ ढकाल
अध्यक्ष


सिताराम भट्टराई
निवर्तमान अध्यक्ष


भुवनप्रसाद आचार्य
उपाध्यक्ष


मेनुका कार्की
उपाध्यक्ष


नारायणप्रसाद पौडेल
महासचिव


रोयल आचार्य
सचिव


मोहम्मद अजमत अली
सहसचिव


परमेश्वर अधिकारी
कोषाध्यक्ष


गोपालचन्द्र सुवेदी
कार्य समिति सदस्य


प्रजिता कुमारी बुढाथोकी
कार्य समिति सदस्य


फणिन्द्र दाहाल
कार्य समिति सदस्य


रोविन पौडेल
कार्य समिति सदस्य


नवीन ढुंगाना
कार्य समिति सदस्य


दीपक भट्ट
कार्य समिति सदस्य


दिलु कार्की
कार्य समिति सदस्य

## NAFIJ Members

| क्र.स | नाम | कार्यरत संस्था | सम्पर्क नम्बर | ई-मेल ठेगाना |
|---|---|---|---|---|
| १ | रोविन पौडेल | - | ९८५११८१०६० | robinpaudel1@gmail.com |
| २ | रोयल आचार्य | केटीएम भ्वाइस | ९८५११४५६४१ | acharyaroyal87@gmail.com |
| ३ | शर्मिला सुवेदी | टीभी अन्नपूर्ण | ९८०२०५१२०२ | subedisharmeela@gmail.com |
| ४ | रामचन्द्र खड्का | खबर एक्सप्रेस | ९८५१२४२२६५ | ramchandra86@gmail.com |
| ५ | रामशरण न्यौपाने | फरकपत्र डटकम | ९८५१०६५७१४ | neupaneramsaran6@gmail.com |
| ६ | महेन्द्र शाही | केटीएम भ्वाइस | - | - |
| ७ | राजाराम न्यौपाने | नेपालप्रेस डटकम | ९८५११२०४९२ | merajaram700@gmail.com |
| ८ | राजन ढकाल | न्युज ट्वान्टीफोर | ९८६१५१५१९८ | dhakalrajan75@gmail.com |
| ९ | राधिका श्रेष्ठ | अर्थसरोकार डटकम | ९८६४५९०१८७ | radhika@arthasarokar.com |
| १० | रक्षा रेग्मी | क्लाउडपत्रिका डटकम | ९८५११५६६७० | ojesbi@gmail.com |
| ११ | रेस्मी मगर | कृषि टेलिभिजन | ९८०९६१६४५२ | reshmikingringmagar@gmail.com |
| १२ | रेखा श्रेष्ठ | हलोखबर | ९८४०२६०७०६ | rekhashrestha23@gmail.com |
| १३ | रेखा चन्द | अर्थसरोकार डटकम | ९८६७३१६३७७ | rekha@arthasarokar.com |
| १४ | रमेश भारती | शिलापत्र डटकम | ९८४११८७६०९ | jmcrsmedia21@gmail.com |
| १५ | रबिन पौडेल | मेरोलगानी डटकम | ९८६१६९५५१७ | poudelrabin24@gmail.com |
| १६ | रबिना खत्री | अर्थरोजगार डटकम | ९८४४०६५५२३ | rabinakhatry0@gmail.com |
| १७ | स्तुती चौधरी | न्युजपोलार डटकम | ९८६२१२९१०० | stuteechaudhary@gmail.com |
| १८ | सूसन भट्टराई | सम्पत्ति मासिक | ९८४४१८२६३३ | susan.bhattarai99@gmail.com |
| १९ | सरस्वती अधिकारी | लोकपथ डटकम | ९८४३४४९५१४ | khusiadhikari43@gmail.com |
| २० | सुरेन्द्र बजगाईं | उकेरा डटकम | ९८६१२१९०२५ | surendrabajagain73@gmail.com |
| २१ | सुरेश राउत | आर्थिक दैनिक | ९८४१४८६८०७ | aabu2051@gmail.com |
| २२ | सुरेश बिडारी | अनलाइनखबर डटकम | ९८४५१२३९५८ | chitlangnews@gmail.com |
| २३ | सुरञ्जन घिमिरे | इकागज डटकम | ९८६१४९२५५१ | ghimiresuranjan123@gmail.com |
| २४ | सुराजन रिजाल | फ्रिलेन्स | ९८६४७३१६३५ | surajanrijal@gmail.com |
| २५ | सुरज राजथला | रेडियो कान्तिपुर | ९८५१२०६०४५ | surajrajthala@gmail.com |
| २६ | सुरज प्याकुरेल | अर्थसरोकार डटकम | ९८५१०१७९१४ | Arthasarokarnews@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| २७ | सरला सुवेदी | बिजमान्डु डटकम | ९८४३६५३६५६ | saralasubedi2052@gmail.com |
| २८ | संगिता कटवाल | प्राइम टेलिभिजन | ९८६२८६५२३८ | sangita1katuwal@gmail.com |
| २९ | सुब्रत मनु | बीवर्ल्डनेपाल डटकम | ९८५१०२९०२१ | bworldnepal@gmail.com |
| ३० | सुदर्शन अर्याल | अनलाइनखबर डटकम | ९८५१०९८९०४ | ashrukiran@gmail.com |
| ३१ | सम्झना बरुवाल | नेपालअर्थ डटकम | ९८४४२५७१५० | chhetrisamjhu143@gmail.com |
| ३२ | सम्झना घिमिरे | शिलापत्र डटकम | ९८६२३१७५३४ | samjhanaghimire44@gmail.com |
| ३३ | समुन्द्रा घिमिरे | राष्ट्रिय समाचार समिति (रासस) | ९८४६४९५४८० | samundraghimire5@gmail.com |
| ३४ | सुभाष नेपाल | एभिन्युज खबर | ९८६०६२०१९० | Shubhashnepal2013@gmail.com |
| ३५ | सोमनाथ बास्तोला | बिजशाला डटकम | ९८५१०१५३९४ | bizshala@gmail.com |
| ३६ | सोनी शाही | काठमाडौंप्रेस डटकम | ९८६०३३७७४० | shahisoni123@gmail.com |
| ३७ | सोबिता रिसाल | सीआईएन | ९८४१०७४७५० | rishalsobi@gmail.com |
| ३८ | सौरभ देवकोटा | आर्थिक अभियान दैनिक | ९८६९६८५७२० | muskasturid@gmail.com |
| ३९ | साइराम उपरकोटी | देखापढी डटकम | ९७४१८५२२५५ | sairamuparkoti8@gmail.com |
| ४० | सागर न्यौपाने | नेपालखबर डटकम | ९८४१३९२०६१ | sagar.mankakura@gmail.com |
| ४१ | सुन्दर न्यौपाने | बिजशाला डटकम | ९८६३७२७६८८ | anantya.sundar@gmail.com |
| ४२ | सन्तोष रोकाया | विकासन्युज डटकम | ९८६८५७१४५८ | santoshrokaya9@gmail.com |
| ४३ | शुक्रराज गिरी | बिजमाण्डू डटकम | ९८४३७९०४२१ | shukragiri2@gmail.com |
| ४४ | सन्तोष तिमल्सिना | काभ्रे सन्देश विक्ली | ९८५१२३२९५२ | Santosh32952@gmail.com |
| ४५ | सुष्मा तिमल्सिना | कर्पोरेटनेपाल डटकम | ९८४३५२९३०८ | timalsinasushma5@gmail.com |
| ४६ | सरिशा अछामी | काठमाडौंप्रेस डटकम | ९८४९८३२१६९ | sarishaachami@gmail.com |
| ४७ | सुस्मिता उपाध्याय | आर्थिक अभियान दैनिक | ९८६२००८६०९ | bastolasumee@gmail.com |
| ४८ | सुमित्रा कार्की | कर्पोरेटनेपाल डटकम | ९८५१२७८८९६ | sumitrakarki2019@gmail.com |
| ४९ | सन्जिता आचार्य | थाहाखबर डटकम | ९८६०९५८१५६ | sanjeetaacharya2017@gmail.com |
| ५० | सुनिल कुँवर | चाणक्यपोस्ट डटकम | ९८६४६७४३१० | sunilkunwar002@ gmail.com |
| ५१ | सुनिता पुडासैनी | | ९८४३६०१२४३ | pudasainisani2018@gmail.com |
| ५२ | सविना कार्की | खबरहब डटकम | ९८४४०११८९९ | karkisabina841@gmail.com |
| ५३ | सचिन श्रेष्ठ | बाह्रखरी डटकम | ९८६००४२५४७ | Sanjeevshrestha820@gmail.com |
| ५४ | सीता श्रेष्ठ | अर्थडबली डटकम | ९८४१४६२३५६ | shresthame2@gmail.com |
| ५५ | सीता शर्मा | गोरखापत्र दैनिक | ९८४१४४८९८२ | sitagko@gmail.com |
| ५६ | सीताराम चौधरी | न्युजनेपाल टीभी एचडी | ९८४५०९३६०६ | strm.chaudhary@gmail.com |
| ५७ | सुधा देवकोटा | मेरोलगानी डटकम | ९८५१०५३४३१ | mesudhadevkota@gmail.com |
| ५८ | सुधीर भण्डारी | शिलापत्र डटकम | ९८४९९१५९५० | sudhirbhandari77@gmail.com |
| ५९ | रुपा घिमिरे | जनता टीभी | ९८४१९५२६१२ | ghimirerupa222@gmail.com |
| ६० | छविलाल सापकोटा | हिमालय टेलिभिजन | ९८५१०८१९४३ | thisischhabi@gmail.com |
| ६१ | टंक कार्की | क्रसचेक मासिक | ९८५११७५६७५ | cross.check23@gmail.com |
| ६२ | टंकप्रसाद रेग्मी | आवरटुरिजमन्युज डटकम | ९८५१२०३७३० | tpregmi25@gmail.com |
| ६३ | डोमी शेर्पा | विकासन्युज डटकम | ९८४३४५५२३५ | Domisherpa96@gmail.com |
| ६४ | बलराम बुढाथोकी | अर्थको अर्थ | ९८६०५२००१३ | balarambudhathoki22@gmail.com |
| ६५ | दीपक भट्ट | नेपालखबर डटकम | ९८४११९९७५८ | deepakbhattaji7@gmail.com |
| ६६ | दुर्गा भट्ट | नेपाल टेलिभिजन | ९८६१५२३१०७ | cooldipti273@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ६७ | दुर्गाप्रसाद हुमागाईं | सफलआवाज डटकम | ९८५६०२६५७२ | safalmedia@gmail.com |
| ६८ | अरुण पाखेन | मेरोलगानी डटकम | ९८४१५९५५४५ | pakhrena@gmail.com |
| ६९ | अञ्जना सुवेदी | नोटबजार डटकम | ९८४००३९९९७ | kristinasubedi40@gmail.com |
| ७० | अञ्जना लामिछाने | कान्तिपुर टेलिभिजन | ९८४९००८४१९ | anjanalamichhane6@gmail.com |
| ७१ | आनन्द अधिकारी | ग्यालेक्सी फोरके टीभी | ९८४१५१७०६८ | anandadh@gmail.com |
| ७२ | आशिष ढुंगाना | कर्पोरेटनेपाल डटकम | ९८६१९८०४१३ | dhuashish@gmail.com |
| ७३ | आशुतोष अर्याल | अर्थ न्युज | ९८६०९९४५८३ | ashuaryap@gmail.com |
| ७४ | अनुप आचार्य | टक्सारन्युज डटकम | ९८४३०६३२०७ | anup.taksarnews@gmail.com |
| ७५ | अर्जन भुसाल | अलनेपालखबर डटकम | ९८४३७०३०२१ | arjunbhusal180@gmail.com |
| ७६ | अर्जुन न्यौपाने | क्लाउडपत्रिका डटकम | ९८४१६५३४०७ | arjun.cloudp@gmail.com |
| ७७ | अर्जुन खनाल | कालीगण्डकीखबर डटकम | ९८५१०९५८६५ | pakariarjun@gmail.com |
| ७८ | अप्सरा गौतम | कर्पोरेटबजार डटकम | ९८५१२९७७९० | gautam.apsara674@gmail.com |
| ७९ | अरिष्मा मोक्तान | क्लिकमाण्डू डटकम | ९८४९५३७३८१ | arishma.moktan7777@gmail.com |
| ८० | अमिर भट्टराई | हाम्रोअर्थ डटकम | ९८४१०५६५१७ | amirbhattarai18@gmail.com |
| ८१ | अमिर लामा | आर्थिकप्लस डटकम | ९८५१००७६१७ | arthikplus@gmail.com |
| ८२ | अम्बिका शर्मा | टक्सारन्युज डटकम | ९८४६५६४३०३ | ambika.taksarnews@gmail.com |
| ८३ | अनिल सापकोटा | लुम्बिनीसञ्चार डटकम | ९८५१२१८८६२ | anil.lumbinisanchar@gmail.com |
| ८४ | अनिल अधिकारी | साझासबाल डटकम | ९८५११२४२४१ | sajhasabal@gmail.com |
| ८५ | लक्ष्मी शर्मा | आर्थिक अभियान दैनिक | ९७४२५२०७१९ | lsharma09850@gmail.com |
| ८६ | अनिश मिजार | केन्द्रबिन्दु डटकम | ९८४३७७७२०८ | anishabiral2072123@gmail.com |
| ८७ | अच्यूत पौडेल | एपीवान एचडी टीभी | ९८५१०७४९७४ | achyootp@gmail.com |
| ८८ | अशोक घिमिरे | राष्ट्रिय समाचार समिति (रासस) | ९८५१०००२१७ | ghimireashok977@gmail.com |
| ८९ | मेघबहादुर राउत | ईआर्थिक डटकम | ९८५११६५०९५ | mbraut70@gmail.com |
| ९० | मेनुका कार्की | हाम्रोअर्थ डटकम | ९८४१४४७९८५ | menukarki81@gmail.com |
| ९१ | मञ्जरी पौडेल | विकासन्युज डटकम | ९८६०६३४४२८ | paudelmanjari@gmail.com |
| ९२ | मोदनाथ ढकाल | दि राइजिङ नेपाल | ९८५११५५७०० | dhakalutsav@gmail.com |
| ९३ | मोहम्मद अजमत अली | बिजपाटी डटकम | ९८५११६६२६९ | ajmatali.ali1@gmail.com |
| ९४ | मानमती कुमारी पन्त | आथिकन्युज डटकम | ९८४८४९७९८७ | Pmanmati@gmail.com |
| ९५ | मनोज रेग्मी | बैंकिङसमाचार डटकम | ९८६०४७२५८५ | manojregmi54@gmail.com |
| ९६ | राजु श्रेष्ठ | द नेपालटप | ९८४१४६५७७२ | srajujeek6@gmail.com |
| ९७ | मनोज थापा | अर्थनेपाल डटकम | ९८५११९४२३९ | manojthapa049@gmail.com |
| ९८ | मीना साउद | नेपालखोज डटकम | ९८६८४२०९०४ | minasaud84@gmail.com |
| ९९ | मनिषा पुडासैनी | | ९८४३२२९४०१ | manishapudasaini16@gmail.com |
| १०० | मल्लिका घिमिरे | नयाँ पत्रिका | ९८४३३७०८२५ | ghimirmallika@gmail.com |
| १०१ | भूपराज बस्याल | नेपाल समाचारपत्र | ९८४६१२२७८२ | bbraj99@gmail.com |
| १०२ | भूमिराज पिठातोली | न्युजकारोबार डटकम | ९८५११२५८७१ | jbhumiraj803@gmail.com |
| १०३ | दिपक बिष्ट | अर्थपथ डटकम | - | - |
| १०४ | भुवन पौडेल | नोटबजार डटकम | ९८४१९५८२३६ | uniquepoudel@gmail.com |
| १०५ | भुवनप्रसाद आचार्य | रेडियो नेपाल | ९८४१९३६९४८ | bhuban2054@gmail.com |
| १०६ | सौरभ यादव | एपीवान टीभी | ९८५२८२०२५५ | - |

| | | | | |
|---|---|---|---|---|
| १०७ | भक्तराज रसाइली | बिजशाला डटकम | ९८४३५९८५४१ | bizshalamanoj@gmail.com |
| १०८ | नरहरि प्रसाद आचार्य | आर्थिक अभियान दैनिक | ९८४५०२०८०४ | naraharirajacharya@gmail.com |
| १०९ | नारायण प्रसाद अधिकारी | अनलाइनपाना डटकम | ९८५११५२४८६ | adhikarin830@gmail.com |
| ११० | नारायण प्रसाद पौडेल | सिंहदरबार डटकम | ९८४९२८६५४२ | npaudel3@gmail.com |
| १११ | नारायणी लामिछाने | ईमेज च्यानल | ९८६०९१०२६९ | narayanilamichhane88@gmail.com |
| ११२ | युकला पौडेल | केटीएम भ्वाइस | ९८२४०९२५९७ | - |
| ११३ | नवीन ढुंगाना | अनलाइनखबर डटकम | ९८४१९७९०७५ | nabs.dhungana@gmail.com |
| ११४ | नवीन पोखरेल | कर्पोरेटनेपाल डटकम | ९८४५५७३१९० | nabinpokhrel73@gmail.com |
| ११५ | जानुका रेग्मी | सन्देशदैनिक डटकम | ९८५११२६५६५ | regmijanuka65@gmail.com |
| ११६ | ज्योति शाह | मेरोलगानी डटकम | ९८४९६३२७८३ | shahjyoti47@gmail.com |
| ११७ | वसन्त अर्याल | नेपालखबर डटकम | ९८४४७०९२२१ | basantaryal90@gmail.com |
| ११८ | पूर्ण कार्की | बिजनेस जर्नल | ९८५१०९०२०९ | purnakarki333@gmail.com |
| ११९ | परमेश्वर अधिकारी | नोटबजार डटकम | ९८५११२४२७१ | pmhrad@gmail.com |
| १२० | प्रस्तुत कोइराला | बिजनेस प्लस टेलिभिजन | ९८०११६०४८९ | theprastoot@gmail.com |
| १२१ | प्रसन्न ढुंगाना | अर्थ न्युज एचडी टीभी | ९८६१९७७७८१ | Add.developmentforum@gmail.com |
| १२२ | प्रज्वल नेपाली | ग्यालेक्सी फोरके टीभी | ९८०१०८२८११ | prajjwal.nepali1@gmail.com |
| १२३ | प्रमिला खतिवडा | बिजनेस प्लस टेलिभिजन | ९८६०८९८४५१ | pramila.khatiwada@gmail.com |
| १२४ | प्रनिशा अधिकारी | नेपालखोज डटकम | ९८४६६७५१६० | adhikarip215@gmail.com |
| १२५ | प्रजिता पौडेल | कृषिपाना डटकम | ९८४३४९२०७४ | prajitapoudel74@gmail.com |
| १२६ | प्रजिता कुमारी बुढाथोकी | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८४४०४१६०८ | rjparu2043@gmail.com |
| १२७ | प्रयास श्रेष्ठ | रातोपाटी डटकम | ९८४९५०६०७४ | leojr.prayash@gmail.com |
| १२८ | प्रकाश वाग्ले | सिंहदरबार डटकम | ९८५४०३५९३७ | wagleprakash.977@gmail.com |
| १२९ | प्रकाश लम्साल | कारोबार दैनिक | ९८५५०२४६५७ | Prakashlamsalbara@gmail.com |
| १३० | प्रशान्त खड्का | आर्थिक अभियान दैनिक | ९८४८००५५६९ | prsnt1991@gmail.com |
| १३१ | विक्रम सुनुवार | अर्थपथ डटकम | - | - |
| १३२ | पुजा चन्दरा | राजधानी दैनिक | ९८०६४९४०५८ | Pujachandara123@gmail.com |
| १३३ | पुष्कर पोखरेल | न्यजुकास्ट नेपाल | ९८४१९७७४२६ | puskar.p2015@gmail.com |
| १३४ | पर्वत विश्वकर्मा | रोजगार मिडिया | ९८१९०२०८६६ | Parbatb00@gmail.com |
| १३५ | परिवर्तन देवकोटा | लोकान्तर डटकम | ९८५१२३८८७० | pariwartan73@ gmail.com |
| १३६ | पुर्णिमा विश्वकर्मा | देशसञ्चार डटकम | ९८४८४४९५०३ | purnimab880@gmail.com |
| १३७ | पवित्रा मुडभरी | दैनिकी डटकम | ९८४१५८९३३८ | mudvaripabitra1@gmail.com |
| १३८ | फणिन्द्र दाहाल | रोजगार मिडिया | ९८५१००१३२५ | phadindraonline@gmail.com |
| १३९ | पहलमान घर्ती | कान्तिपुर टेलिभिजन | ९८५७८२४८२३ | Pahalmang@gmail.com |
| १४० | रिना खत्री | बीमापोस्ट डटकम | ९८६५५५२३३१ | khatririna13@gmail.com |
| १४१ | रिता राउत | आर्थिकन्युज डटकम | ९८६२८१३९५१ | rautrita19@gmail.com |
| १४२ | सिताराम भट्टराई | आर्थिकन्युज डटकम | ९८५१०९१२९२ | sitaram.bhattarai@gmail.com |
| १४३ | बिनु लुइटेल | नेपालटप डटकम | ९८६०६७४९८४ | luitelbinu66@gmail.com |
| १४४ | बिपिन घिमिरे | देखापढी डटकम | ९८६७०५२७९०८ | ghimire98675@gmail.com |
| १४५ | पुष्पेन्द्र खड्का | फाइनान्सियल नोटिसेस | ९८४९६५४३९८ | - |
| १४६ | दिपेश घिमिरे | योहो टिभि एचडी | ९८५१११९९८८ | dipeshghimire222@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १४७ | दिलु कार्की | सिंहदरबार डटकम | ९८६२०३४७२२ | dillkshya@gmail.com |
| १४८ | मिना आचार्य | कृषि टेलिभिजन | ९८४०५७९७४१ | bplusmina@gmail.com |
| १४९ | मिलन विश्वकर्मा | आर्थिक अभियान दैनिक | ९८५७६२४५८९ | milan.shree53@gmail.com |
| १५० | मिलन खड्का | अर्थसंसार डटकम | ९८४९१३३६६७ | contactwithmilan@gmail.com |
| १५१ | मित्रबहादुर क्षेत्री | बिजशाला डटकम | ९८६०८०३६८४ | bizshala@gmail.com |
| १५२ | भिमा पन्थी | कर्पोरेटबजार डटकम | ९८६३८३२३४६ | panthibhima1998@gmail.com |
| १५३ | निर्दोश घोरसाइने | हाम्रोअर्थ डटकम | ९८५११२९०१६ | cool.nirdosh@gmail.com |
| १५४ | सिताराम चौधरी | न्युज नेपाल टीभी एचडी | ९८४५०९३६०६ | - |
| १५५ | निकेश बराल | राजधानी डट न्युज | ९८६२०४३९९१ | baralnikesh72@gmail.com |
| १५६ | निकेश खत्री | रातोपाटी डटकम | ९८५११५०४१६ | khatrinike@gmail.com |
| १५७ | निशा हुमागाई | अर्थसंसार डटकम | ९८६९२५९४१० | nishuhumagain123@gmail.com |
| १५८ | विजय दमासे | अभियान आर्थिक दैनिक | ९८५१११५१३३ | bijayadamase@gmail.com |
| १५९ | विजय पराजुली | बाह्रखरी डटकम | ९८४३७५१८४५ | Parajuli015@gmail.com |
| १६० | विजय फुयाँल | आर्थिक न्युज डटकम | ९८५१२५९८८१ | bijaya.aarthiknews@gmail.com |
| १६१ | विजया बास्कोटा | क्लिकमाण्डू डटकम | ९८१७७७९६२३ | mebijayabaskota@gmail.com |
| १६२ | निरोज कुमार थापा | बिजपाटी डटकम | ९८५१२७४२८४ | - |
| १६३ | विष्णु पोखरेल | न्युजसेवा डटकम | ९८५११९४८७० | pokhrel24@gmail.com |
| १६४ | चित्रराज भण्डारी | अर्थपथ डटकम | ९८६५७२४०३५ | chitrarajbhandary@gmail.com |
| १६५ | किरण आचार्य | टक्सार म्यागजिन | ९८५१०८२१०२ | editor.taksar@gmail.com |
| १६६ | हिम बिष्ट | टक्सार म्यागजिन | ९८५१२५४०२८ | news.lumbinisanchar@gmail.com |
| १६७ | हिमनाथ देवकोटा | उज्यालो रेडियो नेटवर्क | ९८५११५६३४१ | nep.himnathdevkota@gmail.com |
| १६८ | शिव धिताल | बिजपाटी डटकम | ९८६०००७२६१ | shiva.dhital.ois@gmail.com |
| १६९ | लछ्मी बि.सी | मुनालखबर डटकम | ९८४४८६४७७७ | laxmibudha75@gmail.com |
| १७० | लभेष प्याकुरेल | फ्रिलेन्स | ९८४१९३५६३४ | lavesh11@gmail.com |
| १७१ | लाल कुमार मोक्तान | ग्लोबल टेलिभिजन | ९८५४०४५६३० | moktanlalu@gmail.com |
| १७२ | लक्ष्मी ज्ञवाली | लुम्बिनीसञ्चार डटकम | ९८४१७१३४७१ | laxmi.lumbinisanchar@gmail.com |
| १७३ | यज्ञ राज जोशी | नेपालखबर डटकम | ९८६९३०२९४९ | yagyarajsuman@gmail.com |
| १७४ | युबराज बस्नेत (भुबन) | मेरो लगानी डटकम | ९८५११६४७१८ | bhubanbasnet514@gmail.com |
| १७५ | यमप्रसाद पौड्याल | एबीसी टेलिभिजन | ९८५१०९४९७३ | yamanpaudyal@gmail.com |
| १७६ | इन्द्र बानिया | आर्थिकन्युज डटकम | ९८५१०५६७६३ | baniyaindra2@gmail.com |
| १७७ | मिरा श्रेष्ठ | सिंहदरबार डटकम | ९८६५४४६०२४ | mirashrestha2077@gmailcom |
| १७८ | उर्बसी बस्न्यात | रेडियो सगरमाथा | ९८४९७५७४६६ | urbasi001@gmail.com |
| १७९ | एलिसा अर्याल | नेपालटप डटकम | ९८६०१७८२७२ | alishaaryal907@gmail.com |
| १८० | चुडामणी उप्रेती | न्युज कारखाना | ९८६१७०७०७७ | davilrajkumar11@gmail.com |
| १८१ | चन्द्र कुमारी कार्की | समाचारदैनिक डटकम | ९८४९१४२४४२ | chandakarki6@gmail.com |
| १८२ | पवित्रा ढकाल | नारी नेपाल | ९८४३७९७७६४ | - |
| १८३ | केशव भट्ट | सौर्य दैनिक | ९८४००२२८५१ | keshavbhatta22@gmail.com |
| १८४ | केशव भट्टराई | तेस्रोआँखा | ९८६२२१००१७ | keshavbhojpure@gmail.com |
| १८५ | केशव भुल | नेपालप्रेस डटकम | ९८५११७४२५२ | keshabbhul@gmail.com |
| १८६ | कमल धिताल | इकागज डटकम | ९८४११५२९१८ | kd152918@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १८७ | हरिशरण न्यौपाने | न्युज २४ टीभी | ९८४१८६९८६६ | - |
| १८८ | कमलमणि पोखेल | प्राइम टेलिभिजन | ९८४५२०३३१४ | kpatrakar2075@gmail.com |
| १८९ | कमला भुसाल | एटुजेड समाचार | ९८४३९१७८७८ | bhusalkamala89@gmail.com |
| १९० | कामना घिमिरे | शिलापत्र डटकम | ९८१७९९७०१७ | kamanag969@gmail.com |
| १९१ | काशीराम बजगाई | नेपालभ्यूज डटकम | ९८५१३२२००३ | krmbjg@gmail.com |
| १९२ | कविता घिमिरे | बाह्रखरी डटकम | ९८६१५०९४६९ | kabita.ghimire69@gmail.com |
| १९३ | कपिल खड्का | कृषि टेलिभिजन | ९८४१८५३१३१ | samrockkhadka@gmail.com |
| १९४ | कुलप्रसाद घिमिरे (रविन्द्र) | अनलाइनखबर डटकम | ९८४५१६८७२२ | rabindra@onlinekhabar.com |
| १९५ | कल्पना सानु भट्टराई | एबीसी टेलिभिजन | ९८४८२५८७८० | kalpuko@gmail.com |
| १९६ | तमिश गिरी | न्यु बिजनेस एज | ९८४३८००३२८ | tamish.giri@gmail.com |
| १९७ | तीर्थराज पौड्याल | नोटबजार डटकम | ९८४९६८०८३९ | paudyaltr@gmail.com |
| १९८ | तीर्थमाया तामाङ | कृषि टेलिभिजन | ९८४७३८६००७ | tmg.tirthamaya123@gmail.com |
| १९९ | तुलसी दाहाल | लगानीशुत्र डटकम | ९८५१०६४२१९ | tdahal2012@gmail.com |
| २०० | गणेश सुवेदी | - | ९८५१२२२७८९ | subedisweet@gmail.com |
| २०१ | गोपालचन्द्र सुवेदी | गोरखापत्र दैनिक | ९८५११८७९६८ | gopalsubedi@gmail.com |
| २०२ | खेम बोलखे | कर्पोरेटनेपाल डटकम | ९८४५०२२६२४ | khem2news@gmail.com |
| २०३ | खेमराज श्रेष्ठ | बिजमान्डु डटकम | ९८४३७०११८३ | krstha2016@gmail.com |
| २०४ | धर्मेन्द्र कुमार कर्ण | लुम्बिनीसञ्चार डटकम | ९८५१३१२६४७ | editor.lumbinisanchar@gmail.com |
| २०५ | धुन बहादुर बुढाथोकी | फ्रिलेन्स | ९८५११९९५७७ | dhun.struggle@gmail.com |
| २०६ | शंकर अर्याल | नेपालअर्थ डटकम | ९८४१०९७९५१ | oneofnation2015@gmail.com |
| २०७ | शम्भुराज रेग्मी | तेस्रोआँखा | ९८५१०६९३०० | shambhuraja08@gmail.com |
| २०८ | शोभा घिमिरे | नेपाल एफएम | ९८४९४३३६२९ | shovaghimire33@gmail.com |
| २०९ | शकुन्तला जोशी | जिन्दगानी डटकम | ९८४१९८१०८७ | sakun.joshi@gmail.com |
| २१० | सृष्टि पराजुली | एभिन्युज खबर टेलिभिजन | ९८४१२२४५६१ | shristyparajuli12345@gmail.com |
| २११ | विष्णुप्रसाद ढुंगाना | ग्यालेक्सी फोरके टीभी | ९८४३८९२८४० | dpbishnu3753@gmail.com |
| २१२ | मिलन भण्डारी | हिमालय पोष्ट | ९८५१००६९३३ | bhandarimilan546@gmail.com |
| २१३ | लोमस चापागाईं | हिमालय पोष्ट | ९८५१००८१२२ | hellolomash@gmail.com |
| २१४ | कृष्णराज गौतम | | ९८४१६०९३२९ | – |
| २१५ | बिनम कोइराला | लगानीशुत्र | ९८६२१७८७६६ | – |
| २१६ | शिव बस्नेत | राष्ट्रिय आर्थिक मासिक | - | – |
| २१७ | पुष्कर बस्नेत | राष्ट्रिय आर्थिक मासिक | - | – |
| २१८ | रमेश पौडेल | द नेपालटप | - | – |
| २१९ | मिना साउद | क्यापिटल एफएम | - | – |
| २२० | सुदर्शन श्रेष्ठ | अर्थ सरोकार | ९८५८४७८३३३ | – |
| २२१ | सुप्रिया आचार्य | अर्थ सरोकार | ९८४३०४५०३२ | – |
| २२२ | कृष्णप्रसाद लामिछाने | आर्थिक दैनिक | ९८५१०८२२३६ | – |
| २२३ | ममता ओली | केटीएम भ्वाइस | ९८१५७४८११६ | – |
| २२४ | रेश्मा गुरागाईं | केटीएम भ्वाइस | ९८२४७९७६५४ | – |
| २२५ | लोकेन्द्र बिक | तेस्रो आँखा | - | – |
| २२६ | रुपेश चौलागाईं | तेस्रो आँखा | - | – |
| २२७ | संगम ढकाल | तेस्रो आँखा | - | – |
| २२८ | अर्चना न्यौपाने | तेस्रो आँखा | - | – |

# Access 1300 plus airport lounges across 500 cities around the globe exclusively with **NMB VISA PLATINUM CARD**

VISA




Lounge™ KEY
FIRST TIME IN NEPAL

*ENJOY THE PRIVILEGES AND COMFORTS OF A LOUNGE, WHILE YOU TRAVEL WITH* ***NMB VISA PLATINUM CREDIT CARD.***

Only Card in Nepal to have Lounge Facility and Insurance Coverage of NPR 5 Million
Unmatched Credit Limit | Exclusive discount in premium outlets

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of Global Alliance for Banking on Values

The Banker Bank of the Year 2021 ASIA

**Bank of the Year, ASIA 2021**
Bank of the Year, Nepal
2017, 2018, 2020 & 2021

**For more info:**
Card Support: 01-5970152
Email: cardsupport@nmb.com.np

# नबिल बैंकका
# उत्कृष्ट बचत
# खाताहरू



## NABIL INDIVIDUAL

- Nabil Premium Remittance Saving Account
- Nabil General Savings Account
- Nabil Shareholders Savings Account
- Nabil Premium Nari Bachat Khata
- Nabil Bachat Yojana
- Nabil Gen-N Account
- Nabil Gold Savings
- Nabil Jestha Bachat Khata
- Nabil NRN Savings Account
- Nabil Gen Alpha Account


NABIL BANK®

FOR FURTHER, PLEASE CONTACT
**OUR COSTOMER CARE CENTRE**

+977 1 5970015
customercare@nabilbank.com